नेपाल कम्युनिस्ट पार्टी (मसाल)को मुखपत्र

# मसाल


अङ्क-८५ / २०८२ बैशाख

**प्रकाशक :**

**नेपाल कम्युनिस्ट पार्टी (मसाल)**

**केन्द्रीय कार्यालय**

**सहयोग रू. १०० /-**





## यसभित्र


| | | |
|---|---|---|
| १. | सम्पादकीय : प्रतिगामी खतराका विरूद्ध सङ्घर्ष गरौँ ! गणतन्त्रको रक्षा गरौँ !! | २ |
| २. | प्रशिक्षण भाषण – का. मोहनविक्रम सिंह | ७ |
| ३. | वार्षिक नीति र कार्यक्रमबारे कामरेड चित्रबहादुर केसीको संसद बैठकमा मन्तव्य | १३ |
| ४. | साम्राज्यवादी युद्ध र आर्थिक मन्दी – पुँजीवादको सङ्कट – का. सञ्जय | १४ |
| ५. | सङ्घीयताको खारेजी : मुलुकको अपरिहार्य आवश्यकता – का. विश्वदीप | १८ |
| ६. | राजनीतिमा बल प्रयोगको महत्त्व – का. उत्तरकुमार | २१ |
| ७. | आत्मनिर्भर पार्टी निर्माणको प्रश्न – का. सुदीप शर्मा | २४ |
| ८. | सङ्घीयता उपहार कि अभिशाप – का. रापती | २६ |
| ९. | नेपाल कम्युनिस्ट पार्टी (मसाल)का महामन्त्री मोहनविक्रम सिंहद्वारा जारी वक्तव्यहरू | २९ |
| १०. | नेपाल कम्युनिस्ट पार्टी (मसाल)का प्रवक्ता रामप्रकाश पुरीद्वारा जारी वक्तव्यहरू | ६३ |


२०८२ बैशाख २०–२६ गतेसम्म सञ्चालित हुने **"प्रतिगामी खतराका विरूद्ध सङ्घर्ष गरौं, गणतन्त्रको रक्षा गरौँ"** कार्यक्रमलाई भव्यतापूर्वक सफल पारौँ ।

**नेपाल कम्युनिस्ट पार्टी (मसाल)**

केन्द्रीय कार्यालय

■ सम्पादकीय

# प्रतिगामी खतराका विरुद्ध सङ्घर्ष गरौं ! गणतन्त्रको रक्षा गरौं !!

नेपाल कम्युनिस्ट पार्टी (मसाल)ले "प्रतिगामी खतराका विरुद्ध सङ्घर्ष गरौँ, गणतन्त्रको रक्षा गरौँ" नाराका साथ यही वैशाख २० गतेदेखि देशव्यापी रूपमा पालिका तहमा सङ्घर्ष सञ्चालन गर्ने निर्णय गरेको छ । हामीलाई विश्वास छ, ने.क.पा. (मसाल) को नजिकका मोर्चा वा जनवर्गीय सङ्गठनहरूले त्यो आन्दोलनलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने छन् र त्यसरी त्यो आन्दोलनले सबै प्रतिगामी शक्तिहरूलाई निर्णयात्मक रूपले पराजित गर्ने छ । मसालको यो अङ्क प्रकाशित हुने बेलासम्म त्यो आन्दोलन सम्पन्न भइसकेको हुने छ । तैपनि त्यो आन्दोलनले नेपालको राजनीतिक इतिहासमा नै ठूलो र ऐतिहासिक महत्त्व राख्दछ ।

अहिले देशमा गणतन्त्रको स्थापना भएको छ । त्यो नेपालको अहिलेसम्मको राजनीतिक इतिहासको नै सबैभन्दा ठूलो र ऐतिहासिक उपलब्धि हो । खड्गमानसिंह बस्नेत जेलमा परेको समयदेखिको हिसाब गर्ने हो भने नेपाली जनताले प्रजातन्त्रको लागि करिब एक शताब्दीदेखि सङ्घर्ष गर्दै आएका छन् र त्यो करिब एक शताब्दी लामो सङ्घर्षको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि हो । यदि लखन थापाको विद्रोहदेखिको समयको हिसाब गर्ने हो भने नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनको इतिहास करिब डेढ सय बर्ष लामो हुन जान्छ ।

गणतन्त्र र धर्मनिरपेक्षताका ऐतिहासिक उपलब्धिहरूलाई उल्टाउनका लागि पूर्व राजा ज्ञानेन्द्र शाहको नेतृत्वमा राजावादीहरूले अभियान चलाइरहेका छन् । त्यो अभियान संसदभित्र र बाहिर दुबैतिर चलिरहेको छ ।

यो प्रथमपल्ट होइन कि इतिहासको कुनै कालखण्डको उपलब्धिलाई उल्ट्याउनका लागि प्रतिगामी शक्तिहरूले प्रयत्न गर्ने गरेका छन् । २००७ सालको राजनीतिक परिवर्तनपछि राणाहरूले बहुदलीय व्यवस्थालाई पल्टाउनका लागि सङ्गठित रूपले प्रयत्न गरेका थिए । त्यो बेला भरत समशेरको नेतृत्वमा गोर्खा परिषद् बनेको थियो र त्यसले बीपी कोइरालाको हत्या समेत गर्ने प्रयत्न गरेको थियो । त्यो बेला उनी गृहमन्त्री थिए र उनको निवास त्रिपुरेश्वरमा थियो । गोरखा परिषद्को एउटा समूहले उनको निवाससम्म पुगेर उनलाई खुकुरीले हान्ने प्रयत्न गरेको थियो । तर बीपीको हत्या गर्ने उनीहरूको प्रयत्न असफल भएको थियो । पछि गोरखा परिषद्ले संसदमा पनि भाग लिएको थियो र केही सिटहरू पनि जितेको थियो । त्यो बेला पनि जस्तो कि अहिले राजाको शासनबारे सोचाइ पाइन्छ, एउटा ठुलो जनमत राणा शासनको पुनर्स्थापनाका पक्षमा थियो ।

राणा शासनलाई फर्काउने गोरखा परिषद्को प्रयत्न त सफल भएन । तर पछि तत्कालीन राजा महेन्द्रले बीपी कोइराला प्रधानमन्त्री भएको बेलामा बहुदलीय व्यवस्थालाई समाप्त गरेर निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था कायम गरे । त्यो शासन ३० वर्षसम्म रह्यो । २०४६ सालमा निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्थाको अन्त्य भयो । त्यसपछि पनि बहुदलीय व्यवस्थालाई समाप्त गरेर राजाको निरङ्कुश शासनको पुनर्स्थापनाका लागि राजावादीहरूको गतिविधि बढेको थियो । त्यो बेला राजतन्त्रको पुनर्स्थापनाको खतराका विरुद्ध सङ्घर्षमा जोड दिँदै हामीले लेखहरू पनि लेखेका थियौँ । बहुदलीय पक्षधर नेताहरूले प्रतिगमनको खतराको विचारलाई गम्भीर रूपमा लिएनन् । कामरेड मोहन वैद्यले ता त्यो विचारलाई हाँसोमा उडाउदै यो सम्म लेखेका थिए, 'सात कोश टाढा फलामको पिँजडामा भएको बाघबाट केको खतरा ?', यहाँ उनको त्यो भनाइलाई शब्दस: होइन, भावार्थको रूपमा नै दिइएको छ । तर त्यही 'सात कोस टाढा फलामको पिँजडामा भएको बाघ' उफ्रेर आयो र २०५९ माघ १९ गते त्यसले देशमा निरङ्कुश राजतन्त्रको स्थापना गऱ्यो । तर त्यसको एउटा राम्रो र सकारात्मक परिणाम यो भयो कि त्यसका विरुद्ध सङ्घर्षको क्रममा नै राजतन्त्रको अन्त भयो र गणतन्त्रको स्थापना भयो ।

देशमा गणतन्त्र कायम भएपछि पनि त्यसलाई

## ■ सम्पादकीय

उल्ट्याउन राजावादीहरूले सङ्गठित रूपले प्रयत्न गर्दै आएका छन् । अहिले उनीहरूको सक्रियता धेरै बढेर गएको छ । चैत्र १५ गते उनीहरूले त्रिपुरेश्वरको बीपीको हत्या गरेर राणा शासनको पुनर्स्थापना गर्न खोजे जस्तो योजना बनाएर काम गर्न खोजेका थिए । त्यो दिन आगालागी र तोडफोडका कैयौँ घटना भए । यहाँसम्म कि उनीहरूले जडिबुटीमा आगो लगाएर ठुलो विष्फोट गराउने र त्रिभुवन विमानस्थलमा तोडफोड गरेर अन्तर्राष्ट्रिय हवाई आवागमनलाई पनि अबरूद्ध पार्ने सम्मको योजना बनाएका थिए । त्यस प्रकारको कारवाही खालि आकस्मिक र सामान्य थिएन । त्रिपुरेश्वरको त्यो कारवाही बङ्गलादेशमा जस्तो तुरून्तै सत्ता कब्जा गर्ने, पूर्वराजालाई नारायणहिटी दरबारमा भित्र्याएर उनलाई गद्दीमा बसाल्ने र राजतन्त्रको पुनर्स्थापना गर्ने बृहत्तर योजनाको अङ्ग थियो । त्यो, चैत्र १४ गते निर्मल निवासमा चैत्र १५ का लागि पूर्व राजाद्वारा मनोनित कमाण्डरसित बसेर बनाइएको योजना नै थियो । तर उनीहरूको त्यो योजना असफल भयो । त्यसपछि पनि उनीहरूले आफ्नो गतिविधिलाई अगाडि बढाउँदै लगिरहेका छन् । उनीहरूले यो सम्म दाबी गरिरहेका छन् कि एकाध महिनाभित्र नै उनीहरू गणतन्त्रलाई समाप्त गर्न र राजतन्त्रको पुनर्स्थापना गर्न सफल हुने छन् ।

> अहिले देशमा गणतन्त्रको स्थापना भएको छ । त्यो नेपालको अहिलेसम्मको राजनीतिक इतिहासको नै सबैभन्दा ठुलो र ऐतिहासिक उपलब्धि हो । खड्गमानसिंह बस्नेत जेलमा परेको समयदेखिको हिसाब गर्ने हो भने नेपाली जनताले प्रजातन्त्रको लागि करिब एक शताब्दीदेखि सङ्घर्ष गर्दै आएका छन् र त्यो करिब एक शताब्दी लामो सङ्घर्षको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि हो ।

चैत्र १५ गतेका लागि उनीहरूले जुन योजना बनाएका थिए, त्यो बन्दुक उल्टो पड्कियो । त्यो घटनाले उनीहरूको शक्ति र जनाधारलाई धेरै नै कमजोर बनाइदिएको छ । त्यसपछि उनीहरूमा एक प्रकारले हतोत्साह र निराशा बढेर गएको छ । त्यो स्वभाविक पनि हो । जस्तो कि माथि उल्लेख गरियो, एकपल्ट राणा शासनलाई पुनर्स्थापना गर्ने कार्य पनि जोडतोडले अगाडि बढेको थियो, पछि त्यो सेलाएर गयो । राजावादीहरूको इतिहासको पनि त्यही प्रकारको पुनरावृत्ति हुने कुरा निश्चित छ ।

वास्तवमा भन्ने हो भने गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरू र गणतन्त्रको जनाधारको तुलनामा उनीहरूको शक्ति नगण्य छ । तैपनि तीनवटा कारणले उनीहरूलाई केही न केही बल पुग्ने गरेको छ । प्रथम, जनप्रियतावाद, जनतामा पाइने जनप्रियतावादी सोचाइहरूले जहिले पनि प्रतिक्रियावादी शक्तिहरूलाई बल पु¥याउने गर्दछ । त्यस प्रकारका सोचाइहरू पिछडिएका र अराजनीतिक हुन्छन् र विभिन्न देशहरूमा कायम हुने प्रतिक्रियावादी वा फाशिष्ट शासनको मूलस्रोत त्यस प्रकारको जनप्रियतावादी सोचाइ नै हुन्छ । राणा शासनको अन्त्य पछि पनि त्यस प्रकारको सोचाइ देखा परेको थियो र अहिले राजतन्त्रको अन्त्य पछि पनि त्यस प्रकारको सोचाइ देखा परेको छ । त्यस प्रकारको जनप्रियतावादी सोचाइले पनि नेपालमा राजावादीहरूलाई केही न केही मद्दत पुग्ने कुरालाई अस्वीकार गर्न सकिन्न ।

द्वितीय, देशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना वा गणतन्त्रको स्थापनापछि सत्तामा आएका विभिन्न राजनीतिक दलहरूका गलत वा जनविरोधी नीति र क्रियाकलापबाट जनतामा उत्पन्न असन्तोष वा निराशाबाट पनि राजावादीहरूलाई केही न केही बल पुग्ने गर्दछ । यो थाहा भएकै कुरा हो कि, अहिले देशमा कुशासन र भ्रष्टाचार धेरै नै बढेर गएको छ । त्यसले गर्दा देशको विकास धेरै नै अवरूद्ध भएर गएको छ र जनजीवन पनि धेरै नै कष्टकर हुँदै गएको छ । त्यसले गर्दा पैदा भएको असन्तोष वा निराशालाई राजावादीहरूले उपयोग गर्ने प्रयत्न गरिरहेका छून । उनीहरूले जनतालाई यो भ्रम दिने प्रयत्न गरिरहेका छन् कि राजाको शासन कायम भएमा देशमा सुशासन कायम हुनेछ, भ्रष्टाचारको अन्त्य हुनेछ र देशको दिगो विकास हुनेछ । तर प्रथमतः राजाको शासनकाल कस्तो हुनेछ ? त्यो कुरा ३० वर्षको

निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्थाले देखाइसकेको छ । दोस्रो, अहिले राजावादीहरूले राजाको शासन निरङ्कुश नभएर वैधानिक र प्रजातान्त्रिक प्रकारको हुनेछ भन्ने कुरा बताइरहेका छन् । तर नेपालमा २००७ सालमा कायम भएको वैधानिक राजतन्त्र २०१७ सालमा निरङ्कुश शासनमा बदलिएको थियो भने २०४६ सालमा कायम भएको वैधानिक राजतन्त्र २०५९ सालमा निरङ्कुश राजतन्त्रमा बदलिएको थियो । जुन ज्ञानेन्द्र शाहको वैधानिक राजतन्त्रलाई निरङ्कुश राजतन्त्रमा बदलेको इतिहास छ, उनी नै पुन: राजा भएमा उनको शासनकाल वैधानिक र प्रजातान्त्रिक प्रकारको हुनेछ भनेर विश्वास गर्नु कहाँसम्म निराधार कुरा हो ? त्यो कुरा स्वयम् प्रष्ट छ ?

तृतीय, भारतका कट्टर हिन्दुवादीहरूबाट पनि राजावादीहरूलाई केही मद्दत पुग्ने गरेको छ । पूर्वराजा ज्ञानेन्द्र शाह उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीलाई भेट्न गोरखपुर गएका थिए । उनको आड पाएर नै उनी उत्साहित भएका थिए र त्यहाँबाट आएर पोखराबाट फागुन ७ गतेको भिडियो वक्तव्य जारी गरेका थिए, जसमा उनलाई साथ दिनका लागि जनतालाई आह्वान गरेका थिए । काठमाडौँमा आउँदा राजाको स्वागतमा उपस्थित भएको भीडले पनि राजाका साथै आदित्यनाथको फोटो सहित प्रदर्शन गरेका थिए । त्यसबाट अहिले पूर्व राजा वा राजावादीहरूको सक्रियताका पछाडि भारतका कट्टर हिन्दुवादी शासक वर्गको समर्थनले नै मुख्य रूपले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन । जुन राजावादीहरूले राजाको शासन कायम भएमा देशमा विदशी हस्तक्षेप कम हुनेछ वा राष्ट्रियताको रक्षा हुनेछ भनेर हल्ला मच्याइरहेका छन्, उनीहरूले नै उत्तर प्रदेशका मुख्यमन्त्रीको तस्विर लिएर प्रदर्शन गरेको कुराबाट उनीहरूको चरित्र कति धेरै अराष्ट्रिय रहेछ ? त्यो बुझ्न गाह्रो पर्दैन । कालापानीमा भारतले गरेको कब्जाका विरुद्ध पूर्व राजा वा राजावादीहरूले अहिलेसम्म एक शब्द पनि उच्चारण गरेका छैनन् । त्यसले बताउँछ, उनीहरूमा राष्ट्रियताको रक्षाका लागि कुनै स्प्रिट नभएको र विदेशी शक्तिहरूको आडमा नै पुन: सत्ता प्राप्त गर्न खोजेको कुरामा कुनै शङ्का रहन्न ।

माओले यो बताएका छन्, कतिपय राजाहरूमा देशभक्तिको भावना पनि हुन्छ । पृथ्वीनारायण शाह एउटा सामन्ती राजा नै थिए । तैपनि उनी देशभक्त थिए र नेपाल राज्यको एकीकरणमा उनको ठुलो योगदान रहेको थियो । त्यही प्रकारले राजा महेन्द्र निरङ्कुश भएपनि उनमा देशभक्तिको भावना पनि थियो । उनले एक प्रकारले भारतका अगाडि अडान पनि लिएका थिए । त्यसैले हामीले निरङ्कुश शासनको विरुद्ध सम्झौताहीन प्रकारले सङ्घर्ष गर्दै उनका देशशक्तिपूर्ण कार्यहरूको समर्थन गरेका थियौँ, जसमा पूर्वपश्चिम र कोदारी राजमार्गको निर्माणलाई हामीले दृढतापूर्वक समर्थन गरेको कुरा पनि आउँछ । तर पूर्व राजा ज्ञानेन्द्रमा राजाको चरित्र नै  छैन । उनी एउटा व्यापारी हुन् । त्यसैले उनले देशका राष्ट्रिय हितलाई केन्द्रमा राखेर होइन, आफ्ना लाभ-हानीको लेखाजोखा गरेर नै कुनै नीति वा आफ्नो कर्तव्य निर्धारित गर्दछन् । सुरुदेखि नै उनको चरित्र त्यही प्रकारले बनेको छ । त्यसैले आफ्नो फाइदाको लागि भारत वा कुनै साम्राज्यवादी देशसित देशको राष्ट्रियता वा राष्ट्रिय हितको सौदावाजी गर्न पनि उनलाई कुनै सङ्कोच लाग्ने छैन । भारतीय साम्राज्यवादले नेपालप्रतिको आफ्नो साम्राज्यवादी रणनीति, जसले पहिलो चरणमा तराईलाई भारतमा मिलाउने र, दोस्रो चरणमा पूरै नेपाललाई सिक्किमलाई जस्तै भारतीय सङ्घमा गाभ्ने रणनीतिअन्तर्गत काम गर्दै आएको छ । त्यसले आफ्ना साम्राज्यवादी उद्देश्य पूरा गर्न नै पूर्व राजालाई पनि उपयोग गर्न प्रयत्न गर्ने कुरा प्रस्ट छ । त्यसकारण देशमा राजाको शासन कायम हुने छ भने त्यसबाट नेपालमा निरङ्कुश शासन कायम हुनु र देश प्रतिगमनको दिशामा जानुका साथै नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा समेत गम्भीर आँच पुग्ने कुरा निश्चित छ । त्यसैले खालि गणतन्त्र र धर्मनिरपेक्षता मात्र होइन, देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षा समेतका लागि देशमा बढिरहेको प्रतिगामी खतराका विरुद्ध सङ्घर्ष गर्नु अहिलेको नेपालको ऐतिहासिक र राष्ट्रिय महत्त्वको जिम्मेवारी बन्न गएको छ । अर्का शब्दमा त्यो नेपालका लागि एउटा जीवन-मरणको प्रश्न बन्न गएको छ ।

माथि प्रतिगमनलाई बल पुर्‍याउने जुन कारणहरूको चर्चा गरियो, त्यो बाहेक अन्य कतिपय कारणहरूले पनि

प्रतिगमनलाई बल पुऱ्याउने गरेका छन् । ती कारणहरूमध्ये सर्वप्रथम त नेपाली काङ्ग्रेसभित्रको राजापरस्त र धर्मनिरपेक्षताका विरुद्धको जनमत नै हो । नेपालमा गणतन्त्र र धर्मनिरपेक्षता ल्याउनमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेकाले पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो । तर अहिले नेकाभित्र राजतन्त्रको पुनर्स्थापनालाई समर्थन गर्ने र धर्मनिरपेक्षताको विरोध गर्ने एउटा ठुलो जनमत छ । नेकाको इतिहासमा तुलसी गिरी र विश्वबन्धु थापा जस्ता नेताहरू पनि थिए जो निरङ्कुश राजतन्त्रलाई समर्थन गरेर पञ्चायती व्यवस्थाअन्तर्गत उच्च पदमा पुगेका थिए । अहिले पनि नेकाभित्र राजतन्त्रको पुनर्स्थापना, प्रधानमन्त्री बन्न खोज्ने तुलसी गिरी र विश्वबन्धु थापा जस्ता कुनै महत्वाकाङ्क्षी व्यक्ति ता छैनन् ? त्यो सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यस प्रकारका तत्त्वहरूले बीपी कोइरालाको राष्ट्रिय मेलमिलापको नीतिलाई आफ्नो पथ प्रदर्शक सिद्धान्त बनाएको पाइन्छ । बीपीको त्यो नीतिको हामीले त्यही बेला नै विरोध गरेका थियौँ । तैपनि उनले त्यो बेलाको परिस्थितिजन्य बाध्यता खास गरेर भारतमा निर्वासित भएर बस्न नसक्ने अवस्थाका कारणले नै उनले राजासित मेलमिलापको नीति लिएको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । तर पछिको बदलिएको स्थितिमा, खास गरेर राजाले नेकालाई वैधानिक रूपले पनि काम गर्न नदिएको अवस्थामा गिरिजाले गणतन्त्रको नीति अपनाए, त्यही प्रकारको अवस्थामा बाँचेको भए बीपीले पनि गणतन्त्रलाई समर्थन गर्ने सम्भावनालाई पनि अविकार गर्न सकिँदैन । तर उनले एउटा विशेष परिस्थितिजन्य बाध्यताले गर्दा लिएको राजासितको मेलमिलापको नीतिलाई नै आधार बनाएर अहिलेको बदलिएको परिस्थितिमा पनि ने.का.भित्रको एउटा पक्षले जुन राजापरस्त नीति अपनाइरहेको छ, त्यो, निश्चित रूपले प्रतिक्रियावादी सोचाइ हो । त्यस प्रकारको नीतिले नेकाको प्रजातान्त्रिक आन्दोलनमा बीपी, गणेशमान, गिरिजा समेतको जुन गौरवमय भूमिका रहेको छ, त्यसमा कालो दाग लगाउने छ ।

नेकामा जस्तै कम्युनिस्ट पार्टीभित्र पनि राजाको पक्ष लिएर उच्च पदहरू प्राप्त गर्ने प्रवृत्तिको कमी छैन । डा. केशरजंग रायमाझी त्यस प्रकारका एउटा प्रमुख पात्र हुन् । त्यो बाहेक हाम्रो पार्टीका त्यो बेलाको केन्द्रीय समिति वा प्रान्तीय र जिल्ला स्तरका थुप्रै नेता वा कार्यकर्ताहरूले पनि पञ्चायती व्यवस्थामा प्रवेश गरेका थिए । अहिले नेपालको कम्युनिस्ट आन्दोलनले धेरै नै अवसरवादको बाटो समातिसकेको छ । त्यस सन्दर्भमा माओवादी र एमालेका उम्मेदवारहरू विशेष रूपमा उल्लेखनीय छन् । हाम्रा अगाडि राजाको निरङ्कुश सत्ता कायम भएपछि समष्टि रूपमा नै एमाले त्यसमा सामेल हुन गएको उदाहरण पनि छ । अहिले पनि त्यसभित्र एक वा अर्को प्रकारले प्रतिगमनको पक्ष लिएर व्यक्तिगत महत्त्वाकाङ्क्षा पूरा गर्न चाहने सोचाइहरू कुनै न कुनै रूपमा भएको सम्भावनालाई अस्वीकार गर्न सकिन्न ।

प्रकट रूपले नै अवसरवादको बाटो समातेका समूहहरू बाहेक नेपालको कम्युनिस्ट आन्दोलनमा एउटा "वामपन्थी" सङ्कीर्णवादी पङ्क्ति पनि छ । जसले बाह्य रूपमा क्रान्तिकारीताको चर्को कुरा गरेर एक वा अर्को प्रकारले राजाको समर्थन गर्ने वा गणतन्त्रको विरोध गर्ने काम गर्दछ । तिनीहरूमध्ये कतिपय वामपन्थीहरूले ता घोषित रूपले धर्मतिरपेक्षताको विरोध गरेर हिन्दु राष्ट्रको समर्थन गरेका छन् भने नेपालमा कायम भएको गणतन्त्र पनि नेपाली जनताको आन्दोलनबाट आएको नभएर विदेशी शक्तिहरूको दबाबबाट नै कायम गरिएको बताएर त्यसको (गणतन्त्रको) अवमूल्यन गर्दैछन् । त्यसरी उनीहरूले प्रत्यक्ष रूपले नै गणतन्त्रलाई अस्वीकार गर्दैछन् । त्यसपछि त्यसको रक्षाका लागि सङ्घर्ष गर्ने कार्य उनीहरूका लागि गौण महत्त्वको कार्य बन्न जान्छ । यहाँसम्म कि उनीहरूले राजावादीहरूको गणतन्त्र र धर्मनिरपेक्षताको सङ्घर्षमा ऐक्यवद्धता पनि प्रकट गरेको पाइन्छ । त्यसरी उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले डा. केशरजंग रायमाझीको विरासतलाई नै अगाडि बढाउन खोजेको कुरामा कुनै शङ्का रहन्न । कम्युनिस्ट पार्टीको नाममा त्यो कति धेरै पतन हो ? कसैले पनि त्यो कुराको अनुमान गर्न सक्दछ ।

कतिपयले वामपन्थी पक्षहरूले तत्कालका लागि नयाँ जनवादी गणतन्त्रका लागि सङ्घर्ष गर्ने कुरा गरेर विद्यमान गणतन्त्र 'रहे पनि वा गएपनि' उनीहरूलाई कुनै मतलव नभएको बताउँछन् । अहिले राजावादीहरूले गणतन्त्रमाथि

हमला बढाइरहेको अवस्थामा उनीहरूको त्यस प्रकारको सोचाइले राजावादीहरूको गणतन्त्रमाथिको हमलालाई नै मदत पुऱ्याउने कुरा दिनको उज्यालो झैँ छर्लङ्ग छ । त्यही प्रकारले उनीहरूले देशमा बढिरहेको प्रतिगमनको खतरालाई पनि अस्वीकार गर्दछन् र त्यसका विरुद्ध सङ्घर्ष गर्नुपर्ने कार्यलाई अस्वीकार गर्दछन् ।

उपर्युक्त परिस्थितिमा, प्रस्ट छ, हामीले प्रतिगमनका विरुद्ध मात्र सङ्घर्ष गरेर पुग्दैन । हामीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रतिगमनलाई मद्दत पुऱ्याउने सबै सोचाइहरूको पनि विरोध गरेर जनताको चेतनाको स्तर उठाउने प्रयत्न गर्नुपर्छ वा जनतालाई जागृत गर्नुपर्छ । त्यसरी नै अहिले देशमा देखा परेको राजावादी खतरालाई रोक्न सकिने छ र रोक्नु पनि पर्दछ ।

अहिले बाह्य वा प्रकट रूपले हेर्दा राजावादीहरू केही शक्तिशाली भएजस्तो पनि देखिन्छन् तर त्यो सत्य होइन । माओले भनेका छन्, सबै प्रतिक्रियावादीहरू कागजी बाघ हुन । त्यो कुरा अहिले देशमा देखा परेको प्रतिगामी खतराबारे पनि सत्य हो । हालसालै पूर्व राजा र राजावादीहरूको नीति वा कार्य प्रणालीको सुक्ष्म अध्ययन गर्ने हो भने उनीहरू अन्यौल र निराशाको अवस्थामा पुगेको देखिन्छ । उनीहरूले आफ्नो कुनै कार्यदिशा नै निर्धारित गर्न सकिरहेका छैनन् । राप्रपाले लगातार राजतन्त्रको पुनर्स्थापना र हिन्दु राज्यको स्थापनाका लागि संसदभित्र वा बाहिर सङ्घर्ष गर्दै आएको थियो । तर पूर्व राजाले तिनीहरूमाथि पनि विश्वास गर्न सकेनन् र एउटा पुरानो पूर्व पञ्चको संयोजकत्वमा सङ्घर्ष समितिको गठन गरे । त्यो समिति स्वयं राप्रपाका नेताहरूलाई स्वीकार थिएन र उनीहरू मध्ये कतिपय प्रमुख नेताहरू त्यसबाट अलग भए । पछि पूर्व राजाले त्यो समितिमाथि पनि विश्वास गरेनन् र एउटा मेडिकल व्यवसायीलाई चैत्र १५ गतेको कार्यक्रमको कमाण्डर बनाइदिए । तर त्यो दिन जब उनका तोडफोड, आगलागी समेतका कार्यहरूद्वारा प्रत्यक्ष रूपले सत्ता कब्जा गर्ने र नारायणहिटी दरबारमा गएर गद्दीमा बस्ने उनको योजना असफल भयो, उनले त्यो दिनको हिंसात्मक कारबाही वा त्यो दिनको कमाण्डरसित आफ्नो कुनै सम्बन्ध नभएको कुरा बताए । पछि उनले एउटा वृद्ध प्रोफेसरलाई त्यो आन्दोलनको सञ्चालनको जिम्मा सुम्पिदिए । पछि उनलाई लाग्यो, त्यसपछि पनि उनको राजावादी गतिविधि शक्तिशाली बन्न सकेन । त्यसपछि उनले विभिन्न राजावादी नेताहरूलाई निर्मल निवासमा बोलाएर उनीहरूलाई एकत्रित भएर आन्दोलन सञ्चालन गर्ने जिम्मा दिए । तर प्रष्ट छ, अहिले पनि प्रतिगामी प्रकारको गतिविधिले जोड पक्रन सकेको छैन । तैपनि प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिहरूको बिचमा फुट भएको हुनाले नै पूर्व राजाले त्यो स्थितिबाट केही फाइदा उठाउने आशा गरेको हुन सक्दछ । तर यदि प्रतिगमनको खतरा केही मात्र अगाडि बढ्दछ भने, निश्चित छ, गणतन्त्रका पक्षमा भएको जनसागर देशव्यापी रूपमा उर्लिने छ । देशले प्रतिगमनका विरुद्धको त्यस प्रकारको जनसागरलाई धेरैपल्ट देखिसकेको छ र त्यसले प्रतिगामी शक्तिहरूलाई बारम्बार पराजित गर्दै आएको छ । त्यस प्रकारको स्थितिमा अहिले विभाजित भएका प्रतिगमनका विरुद्ध भएका शक्तिहरू पनि एक अर्काका नजिक आउनेछन् । प्रतिगमनका विरुद्धको त्यस प्रकारको संयुक्त आन्दोलनका देशमा कैँयौ महत्त्वपूर्ण उपलब्धिहरू रहेका छन् र आउने दिनहरूमा पनि त्यही प्रकारको इतिहास अगाडि बढ्दै जानेछ । त्यसरी अन्तत्वगत्वा प्रतिगमनको पराजय अवश्यमभावी छ । निश्चय नै अहिले देशमा जुन प्रकारको बहुदलीय व्यवस्था र गणतन्त्र छ, त्यसले जनताको आवश्यकता पूरा गर्दैन र हामीले अरू उन्नत प्रकारको गणतन्त्र ल्याउनका लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकता छ । हामीलाई विश्वास छ, करिब १ वर्षको आन्दोलनको परिणामस्वरूप देशमा जुन बहुदलीय व्यवस्था कायम भएको छ, त्यसमाथि खतरा पैदा भएको अवस्थामा हामीले देशलाई बचाउनको लागि वा देशलाई प्रतिगमनको बाटोमा जानुबाट रोक्नका लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकता छ । त्यो अहिलेको हाम्रो तात्कालिक मुख्य जिम्मेवारी बन्न जान्छ । तर इतिहास यहीँसम्म मात्र आएर रोकिने छैन र अरू अगाडि, अरू उच्च, उन्नत र क्रान्तिकारी दिशामा अगाडि बढ्दै जानेछ । इतिहासलाई त्यसरी अगाडि बढाउने जिम्मेवारी, हाम्रो काँधमा आएको छ । •

# प्रशिक्षण भाषण

– का. मोहनविक्रम सिंह

(सङ्घीयता विरोधी राजधानी केन्द्रित आन्दोलनको २०८१ साल चैत्र २८ गते काठमाण्डौंको एउटा हलमा समापन भएको थियो । त्यो समापन कार्यक्रममा ने.क.पा (मसाल) का महामन्त्री का. मोहनविक्रम सिंहले दिएको प्रशिक्षण वक्तव्यको पूर्ण पाठ यहाँ दिइएको छ।)

नेपालमा सङ्घीयता खारेजीका लागि जुन आन्दोलन सुरु भएको छ, त्यो ऐतिहासिक महत्त्वको कार्यक्रम हो । सङ्घीयताका विरुद्धको राजधानी केन्द्रित आन्दोलनलाई तपाईंहरूले सफलतापूर्वक सम्पन्न गर्नुभएको छ । त्यसरी तपाईंहरूले नेपालको राजनीतिक इतिहासमा एउटा सुनौलो पाना जोड्नु भएको छ । यो प्रक्रिया अगाडि बढ्दै जानेछ । हामीलाई विश्वास छ, अन्तमा नेपाली जनताले राजतन्त्रको पुनर्स्थापनाका सबै षड्यन्त्रहरूलाई असफल बनाएर गणतन्त्र र धर्मनिरपेक्षतालाई सुदृढ बनाउने छन् र सङ्घीयतालाई खारेज गर्ने छन् । तपाईंहरूले नेपालमा सङ्घीयताको विरुद्धको आन्दोलनमा जुन सुनौला पाना जोड्नुभएको छ, त्यसको लागि तपाईंहरू सबै बधाईका पात्र हुनुहुन्छ ।

नेपालमा सङ्घीयता खारेजीका लागि जुन आन्दोलन सुरू भएको छ, त्यो ऐतिहासिक महत्त्वको कार्यक्रम हो । सङ्घीयताका विरूद्धको राजधानी केन्द्रित आन्दोलनलाई तपाईंहरूले सफलतापूर्वक सम्पन्न गर्नुभएको छ । त्यसरी तपाईंहरूले नेपालको राजनीतिक इतिहासमा एउटा सुनौलो पाना जोड्नु भएको छ ।

सुरुमा हाम्रो कार्यक्रम खाली सङ्घीयताका विरुद्ध सङ्घर्ष गर्ने मात्र थियो । हामीले त्यही प्रकारको कार्यक्रम बनाएका थियौं । तर बिचमा स्थितिमा केही परिवर्तन भयो । राजावादीहरूले गणतन्त्रलाई समाप्त गरेर त्यसको ठाउँमा राजाको शासन कायम गर्ने योजना बनाए । चैत्र १५ गतेको उनीहरूको कार्यक्रम त्यही उद्देश्यद्वारा निर्देशित थियो । बङ्गलादेश र श्रीलङ्कामा जस्तो भएको थियो, त्यही प्रकारको आतङ्क मच्चाएर, तोडफोड गरेर, गणतन्त्रलाई समाप्त गर्ने र त्यही दिन राजालाई नारायणहिटी दरबारमा भित्र्याएर राजाको शासनको घोषणा गर्ने उनीहरूको योजना थियो । त्यसैले चैत्र १५ गते नेपालको इतिहासको कालो दिन हो । नेपाली जनताले गणतन्त्रका विरुद्धको त्यो षड्यन्त्रलाई असफल पारिदिए । तर प्रतिगमनको खतरा अहिले पनि छ । त्यसकारण गणतन्त्रको रक्षाको लागि हामीले हाम्रो आन्दोलनलाई अरू अगाडि बढाउनु पर्दछ । त्यसैले सङ्घीयताका विरुद्ध सुरु गरिएको हाम्रो कार्यक्रमले नयाँ चरणमा प्रवेश गरेको छ । त्यो आन्दोलन सङ्घीयताको खारेजीका साथै गणतन्त्रको रक्षा र राष्ट्रियताको रक्षाका लागि पनि गर्नु परेको छ । चैत्र १५ गते उनीहरू असफल भए । तर उनीहरूले आफ्नो योजना जारी राखेका छन् । त्यसकारण राजावादी खतराका विरुद्ध हामीले आन्दोलनलाई निरन्तरता दिनु परेको छ । त्यसैले हाम्रो पार्टीले वैशाख २० गतेदेखि २६ गतेसम्म राजावादी खतराका विरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ । त्यो आन्दोलन पालिका तहमा नै केन्द्रित हुनेछ । त्यस प्रकारको सङ्घर्ष पालिका तहमा सञ्चालन गर्ने हाम्रो पार्टीले निर्णय गरेको छ । त्यसको विस्तृत कार्यक्रम हामीले तपाईंहरूलाई पछि पठाउनेछौं ।

सङ्घीयताका विरुद्धको राजधानी केन्द्रित आन्दोलनमा आएर नेपालको राजनीतिक इतिहासमा एउटा सुनौलो अध्याय थप्नुका साथै तपाईंहरूले एउटा अर्को महत्त्वपूर्ण काम पनि गर्नुभएको छ, यहाँ जुन साथीहरू आउनुभएको छ, सामान्य प्रकारले आउनुभएको छैन । करिब १५ वर्ष पहिले पनि हामीले सङ्घीयताका विरुद्ध राजधानी केन्द्रित आन्दोलन गरेका थियौं । त्यो बेला शान्तिपूर्ण वातावरणमा हामीले त्यो आन्दोलन गरेका थियौं । तर त्यो बेलाको स्थिति र अहिलेको स्थितिमा धेरै फरक छ । अहिले काठमाडौंमा कैयौं आन्दोलनहरू चलिरहेका छन् ।

वातावरण धेरै तातेको छ । राजावादीहरूले राजाको शासन फर्काउन सङ्घर्ष गरिरहेका छन् । जुलुस पर्दशन गरिरहेका छन्, तोडफोड, आगजनी गर्ने काम गरेका छन् । माओवादी, विप्लव, माधवहरू सहितको 'समाजवादी मोर्चा'ले गणतन्त्रको रक्षाका लागि सङ्घर्ष गरिरहेको छ, शिक्षकहरूले आफ्ना न्यायपूर्ण मागहरूका लागि सङ्घर्ष गरिरहेका छन् । यसरी अहिले देशमा एकसाथ कैयौं सङ्घर्षहरू चलिरहेका छन् ।

अर्को कुरातर्फ जाउँ । जब चैत्र १५ गतेको घटना घट्यो, राजावादीहरूले तोडफोड गरे । आगजनी गरे, गोली चल्यो, एकजना आन्दोलनकारीको मृत्यु भयो, अर्को एकजना पत्रकारको मृत्यु भयो । कैयौंजना अहिले पनि घाइते छन् । कैयौंजना गोली लागेर अहिले पनि अस्पतालमा छन् । गोली चलेको, मान्छे मरेको हल्ला देशभरी गयो । यो अवस्थामा काठमाडौं केन्द्रित आन्दोलनमा आउन थालेका हाम्रा साथीहरूलाई घरपरिवार, आफन्त र इष्टमित्रहरूले भनेका थिए, 'काठमाडौंमा गोली चलिरहेको छ, आगलागी भएको छ, मान्छेहरू मरेका छन् त्यसकारण आन्दोलनमा नजाऊ' भनेर रोक्न खोजेका थिए । त्यस प्रकारको वातावरणमा पनि तपाईंहरू आउनुभयो । त्यसकारण तपाईंहरूले ठुलो साहस देखाउनुभएको छ, आँट देखाउनुभएको छ । करिब १५ वर्ष पहिले शान्तिपूर्ण रूपले चलेको आन्दोलनमा आउनुभएको बेलाभन्दा अहिले आएको बेलाको ठुलो महत्त्व छ । यसबाट नेपालको इतिहासमा तपाईंहरूले एउटा सुनौलो पाना मात्र जोड्नु भएको छैन, आफ्नो चरित्र, आफ्नो व्यक्तित्वलाई पनि धेरै माथि उठाउनुभएको छ । गोली चलेको बेलामा, आगलागी र तोडफोडका घटनाहरू भइरहेका बेलामा, मान्छेहरू घाइते र मृत्यु भइरहेको बेलामा पनि तपाईंहरू जसरी आन्दोलनमा सहभागी हुनुभयो, त्यसको सामना गर्नका लागि तयार हुनुभयो, त्यसका लागि तपाईहरूलाई धेरै धन्यवाद छ, धेरै बधाई छ ।

अर्को कुरा त्यस प्रकारको स्थितिको सामना गरेर तपाईँहरूले आफ्नो व्यक्तित्वलाई धेरै माथि उठाउनुभएको छ । जुन बेलामा तपाईंहरू आफ्नो गाउँबाट आफ्नो जिल्लाबाट यहाँ आउनुभएको थियो, अब त्यस्ता मान्छे हुनुहुन्न । तपाईंहरू इस्पात जस्तै खारिनु भएको छ । डर त्रासबाट मुक्त हुनुभएको छ । यहाँ बस्दा, खाँदा तपाईँहरूलाई धेरै दुःख, कष्ट भयो । त्यस प्रकारका सबै दुःख, कष्टको सामना गरेर तपाईहरूले आफ्नो सङ्घर्षलाई अगाडि बढाउनु भयो । त्यसबाट तपाईंहरूको स्तर धेरै माथि उठेको छ । तपाईहरू धेरै परिपक्व हुनुभएको छ । तपाईहरूको आफ्नो राजनीतिक स्तर धेरै माथि उठेको छ । दिनदिनैका जुलुस, सभा र आन्दोलनका कार्यक्रमहरूले तपाईँहरूलाई धेरै परिपक्क बनाएको छ । यसको परिणाम के हुनेछ ? यसको परिणाम आउने दिनहरूमा हाम्रो आन्दोलनलाई अगाडि बढाउनका लागि धेरै मद्दत पुग्ने छ । आउने दिनहरूमा हामीले अझै ठुलठुला आन्दोलन उठाउनुपर्ने छ ।

राजावादीहरूले राजालाई नारायणहिटीमा राखेरै छाड्ने, गणतन्त्रलाई समाप्त गरेरै छाड्ने प्रतिज्ञा गरेका छन्, त्यो चुनौतिको सामना गर्न त्यसबाट गणतन्त्रको पक्ष वा राजतन्त्रका विरुद्ध व्यापक जनमत तयार पार्नुपरेको छ । प्रतिगमनका विरुद्धको आन्दोलनलाई माथि उठाउनु परेको छ । त्यसैले हाम्रो पार्टीले, आगामी वैशाख २० देखि २६ गतेसम्म देशव्यापी रूपमा पालिका तहमा गणतन्त्र र धर्मनिरपेक्षताको रक्षाको लागि सङ्घर्ष गर्ने कार्यक्रम बनाएको छ । हामी यसबारे स्पष्ट हुनुपर्दछ कि अब इतिहास पछाडि फर्कदैन, अगाडि बढ्छ । जनवादतिर, समाजवादतिर अगाडि नै बढ्दछ । त्यसका लागि देशमा ठुलो शक्ति पैदा गर्नुछ । जनतामा ठुलो शक्ति छ । इतिहासमा जनताको शक्तिबाट धेरै ठुला ठुला परिवर्तनहरू हुने गरेका छन् । जनताको शक्तिबाट नै राणशासनको अन्त्य भएको थियो । जनताको शक्तिबाट नै निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था समाप्त भएको थियो । जनताकै शक्तिले राजतन्त्रलाई खतम गरेर गणतन्त्रको स्थापना गरेको थियो । हामीलाई थाहा छ, जब देशमा २०६२-६३ को आन्दोलन भयो, राजतन्त्र खतम भयो । त्यो त्यसै खतम भएको होइन । हामीले त्यसका लागि लामो र कठिन सङ्घर्ष गर्नुपरेको थियो । कैयौं जना सहिद हुनु परेको थियो । हजारौं मान्छे जेलमा जानु परेको थियो । गोली खानु परेको थियो । लाखौं जनता सडकमा उत्रेका थिए । अनि मात्र राजतन्त्र गएको हो । जनतामा अजेय शक्ति हुन्छ । तर कसरी पैदा हुन्छ त्यो शक्ति ? जङ्गलमा प्रत्येक रूखमा प्रत्येक घाँसमा आगो छ । त्यसमा झिल्को लाग्नु पर्दछ । जब आगोको एउटा सानो फिलिङ्गो उठ्छ त्यसबाट सारा जङ्गलमा आगो लाग्छ । ठिक त्यसै गरेर जनतामा पनि असीम शक्ति छ । अमोघ शक्ति छ । तर त्यो शक्ति सुतेको छ, दबेको छ, हाम्रो काम त्यो शक्तिलाई जगाउने हो । जब त्यो शक्ति जाग्छ, ढुङ्गाबाट आगो पर्दछ, काठबाट आगो उत्पन्न हुन्छ, पानीबाट अग्नि पैदा हुन्छ । जनताको बिचबाट शक्ति

जागेपछि त्यसले सारा संसारमा उथलपुथल ल्याउँछ । ठुलाठुला क्रान्तिहरू हुन्छन् । त्यसकारण, काठमाडौँको यो आन्दोलनमा आएर तपाईंहरूको जुन प्रकारको चेतना निर्माण भएको छ, तपाईँहरूमा जुन प्रकारको उत्साह पैदा भएको छ, जुन राजनीतिक परिपक्वता आएको छ, यसलाई गाउँमा गएर सुतेको जनतालाई जगाउने कार्यमा प्रयोग गर्नुपर्दछ । यसरी नै हामीले गणतन्त्र, राष्ट्रियतामाथिको खतराका विरुद्ध तथा सङ्घीयताका विरुद्ध सङ्घर्षलाई माथि उठाउनु पर्दछ, त्यसका लागि विभिन्न साम्राज्यवादी शक्तिहरूका विरुद्ध पनि हामीले सङ्घर्ष गर्नु पर्दछ ।

ठिक त्यसै गरेर अर्को सङ्घर्षको मैदानमा पनि हामी जुट्नु परेको छ । त्यो हो चुनावको मैदान । तपाईँहरूले देख्नुभएको छ नेपालमा धेरैपटक चुनाव भएका छन् । जनताले भन्छन्, एउटा चुनाव भयो । सांसद चुनिए । सरकारहरू बने । तर देशमा विकास पछाडि पर्‍यो । भ्रष्टाचार बढ्यो । सुशासन हरायो । त्यो किन भएको छ ? जनताले पार्टीहरूलाई दोष दिन्छन् । सरकारलाई दोष दिन्छन । त्यो कुरा सत्य हो । पार्टीहरूका गलत नीतिका कारणले यस्तो भयो । उनीहरूले सबै पार्टीहरूलाई एउटै ठान्दछन् । तर सबै पार्टी एउटै हुँदैनन् । तपाईं देख्नुहुन्छ, राष्ट्रिय जनमोर्चा त्यस्तो पार्टी होइन, राष्ट्रिय जनमोर्चाका नेताहरू पनि संसदमा चुनिएका छन्, मन्त्री बनेका छन् । उपप्रधानमन्त्री भएका छन् । कामरेड चित्रबहादुर के.सी. हाम्रा अगाडि हुनुहुन्छ । उहाँ उपप्रधानमन्त्री पनि बन्नुभयो । तर उहाँले मन्त्री भएको बेलामा एक पैसा पनि घुस खाएको कुरा विरोधीले भन्न सक्दैनन् । त्यसकारण सबै पार्टीहरू एउटै हुँदैनन् । देशमा राम्रा पार्टी पनि छन् नराम्रा पार्टीहरू पनि छन् । उहाँ लेखा समितिको सभापति पनि हुनुभयो । करोडौँ रूपैयाँ घुस दिन आए । तर उहाँले एक पैसा पनि लिनुभएन । कामरेड चित्रबहादुर केसी मात्र होइन, गत ३० वर्षको अवधिमा हाम्रा धेरै साथीहरू सांसद बन्नुभयो । तपाईंहरूले समाचारहरू सुन्नु भएको होला । अरू पार्टीका सांसदहरूले घुस खाए । विकासको लागि गएको रकमबाट ठेकदारसँग मिलेर, उपभोक्तासित मिलेर उनीहरूले करोडौँ रूपैयाँ घुस खाए । यसरी विकासको लागि आएको रकमबाट करोडौँ रूपैयाँ घुस खान्छन् । त्यही रकम खर्च गरेर चुनाव जित्छन् त्यही प्रकारको खेल चलिरहेको छ । गत दशकहरूमा हाम्रा कैयौँ साथीहरू संसदमा जानुभएको छ, तर उहाँहरूलाई एक पैसा पनि घुस खाएको कुरा कसैले भन्न सक्दैन । कैयौँ साथीहरूले पछि हाम्रो पार्टी छाडेर गए । तर जबसम्म उनीहरू हाम्रो पार्टीमा थिए, हाम्रा सांसद थिए, उनीहरूले एक पैसा पनि घुस खाएनन् । विरोधीहरूले हामीमाथि अरू धेरै आक्षेप लगाउँछन् । तर राष्ट्रिय जनमोर्चाका सांसदहरूले मन्त्रीहरूले घुस खाएको भनेर कसैले भन्न सक्दैनन् । त्यसकारण ती भ्रष्ट पार्टीहरूको बिचमा राष्ट्रिय जनमोर्चा जस्तो निष्कलङ्क पार्टी पनि छ जसले कहिले घुस खाएन । जहिले पनि दृढतापूर्वक जनताको सेवाको पक्षमा काम गर्‍यो ।

> कुनै पनि कुराको फैसला गर्ने अधिकार जनतामा छ । यदि जनताले राम्रो फैसला गरे भने राम्रो परिणाम आउँछ, नराम्रो फैसला गरे, नराम्रो फैसला आउँछ । राम्रो वा नराम्रो फैसला गर्ने अधिकार जनताको हातमा छ । जनता निर्णयात्मक शक्ति हो । तर जनताले गलत निर्णय गरे नराम्रो हुन्छ । जनताले सही निर्णय गरे राम्रो हुन्छ ।

त्यसकारण हामीले जनतालाई यो बताउनु छ, देशको विकास पछाडि पर्दछ, भ्रष्टाचार हुन्छ, कुशासन बढ्छ । यस्तो किन हुन्छ ? यसको कारण हामीले जनतामा पनि खोज्नुपर्दछ । कुनै पनि कुराको फैसला गर्ने अधिकार जनतामा छ । यदि जनताले राम्रो फैसला गरे भने राम्रो परिणाम आउँछ, नराम्रो फैसला गरे, नराम्रो फैसला आउँछ । राम्रो वा नराम्रो फैसला गर्ने अधिकार जनताको हातमा छ । जनता निर्णयात्मक शक्ति हो । तर जनताले गलत निर्णय गरे नराम्रो हुन्छ । जनताले सही निर्णय गरे राम्रो हुन्छ । बारम्बार देशमा जुन मन्त्री बनेका छन्, जुन सांसद बनेका छन्, ती आफैं चुनिएका होइनन् । जनताकै भोटले चुनिएका हुन् । यदि नराम्रा मान्छेहरू सांसद बन्छन्, मन्त्री बन्छन् र भ्रष्टाचार गर्छन् भने त्यसको दोष जनतालाई पनि जान्छ । जनताले त्यस्ता मान्छेलाई किन चुनेर पठाए ? उनीहरूमा चेतना नभएर, भ्रममा परेर । राजनीतिक दल वा तिनका नेताहरूले धेरै भ्रम दिन्छन् । हामीले राम्रो गर्छौं भन्छन्, विकास गर्छौं भन्छन् त्यति मात्र होइन, उनीहरूले पैसा बाँड्छन्, भतेर लगाउँछन्, रक्सी र मासु खुवाउँछन् । एउटै भोटका लागि

हजार, दुई हजार दिन्छन् । कसैलाई त १० हजारसम्म दिन्छन् । कसैलाई एक लाखसम्म पनि दिन्छन् । अरू बेला जनताले गलत तत्त्वको विरोध गर्छन् । राम्रो कुरा गर्छन् । तर जनताले पनि भोट दिने बेलामा पैसा सम्झन्छन् । रक्सी र मासु सम्झन्छन् । अनि त्यस्ता भ्रष्ट मान्छेहरूलाई भोट दिन्छन् । तिनै मान्छेहरू सांसद बन्छन्, अनि मन्त्री बन्छन् । त्यसकारण हामीले जनतालाई चेतना दिनुपर्दछ - त्यसो नगर्नुहोस्, पैसाको लागि नबिक्नुहोस्, रक्सी, मासु र पैसामा तपाईंले आफूलाई भेडा बाख्रालाई जस्तै नबेच्नुहोस् हामीले जनतालाई यो चेतना दिनुपर्छ । तपाईंले चेतना दिन सक्नुभयो भने जनता जाग्दछन्।

त्यसकारण अब २०८४ मा चुनाव हुँदैछ । अब हामीले चुनावलाई सफल पार्न पनि ध्यान दिनुपर्ने आवश्यकता छ । चुनावमा राम्रा मान्छे चुनिउन्, पैसा, मासु र रक्सीमा मतदाताहरू नबिकुन् । यसको लागि तपाईंले जनतामा चेतना दिनु पर्दछ ।

हामीले दुई प्रकारले चुनाव लड्ने गरेका छौं, कुनै बेला हाम्रो पार्टीले एक्लै चुनाव लडेको छ । कुनै बेला गठबन्धन गरेर चुनाव लडेको छ । एक्लै चुनाव लड्दा पनि हामीले धेरै सिट जित्ने गरेका छौं । नजितेका ठाउँहरूमा पनि राम्रो भोट ल्याएका छौं । त्यसरी हामीमा एक्लै चुनाव लडेको पनि धेरै अनुभव छ । पछि देशमा एउटा समस्या पैदा भयो, प्रतिगमनको खतरा बढ्यो । राजावादीहरूले गणतन्त्रलाई खतम पार्ने षडयन्त्र गर्न थाले, अभियान चलाए । त्यस्तो अवस्थामा गणतन्त्रको पक्षमा रहेका पार्टीहरूसँग मिलेर चुनाव लड्नुपर्ने बाध्यता पऱ्यो । पछि ओलीले प्रतिगमनको बाटो समाते । उनले दुई, दुई पल्ट संसदको विघटन गरे । त्यसका विरुद्ध हामीले पाँच दलीय गठबन्धन बनाएर सङ्घर्ष गऱ्यौं । गठबन्धन पक्षधर शक्तिहरूसँग मिलेर चुनाव लड्नुपर्ने आवश्यकता पऱ्यो । त्यसकारण हामीमा एक्लै चुनाव लडेको अनुभव पनि छ, गठबन्धन गरेर चुनाव लडेको अनुभव पनि छ ।

हामीले जुन गठबन्धन गर्छौं, जुन समझदारी गर्छौं वा जुन सहमति गर्छौं त्यसलाई इमान्दारितापूर्वक लागू गर्ने काम गर्छौं । तर अरूले त्यसो गरेनन् । काङ्ग्रेस, माओवादी, समाजवादीहरूले त्यसो गरेनन् । साझा उम्मेदवार खडा गरेको छ, सहमतिको उम्मेदवार खडा गरेको छ । तर उनीहरूले त्यसलाई हराउने कोसिस गरे । कैयौं अन्तरघातहरू गरे । उनीहरूमा इमानदारिता छैन । मसालमा इमान्दारिता छ । परस्पर राजनीतिक शक्तिहरूका बिचमा जुन सहमति हुन्छ, त्यसलाई हामीले अक्षरश: पालन गर्छौं । गठबन्धन गर्दा जुन नीति बनाउँछौं, त्यसलाई हामीले दृढतापूर्वक पालन गर्दछौं । यदि हाम्रा कुनै नेता तथा कार्यकर्ताहरूले पार्टीको नीतिको उल्लङ्घन गरे भने हामीले उनीहरूलाई कारबाही गर्छौं । ने.क.पा. (मसाल)को त्यही नीति छ, राष्ट्रिय जनमोर्चाको त्यही नीति छ । तर अरू पार्टीमा त्यस्तो छैन । कुरा एउटा, सल्लाह एउटा, सहमति एउटा । तर व्यवहार अर्को । सहमति उल्लङ्घन गर्नेलाई उनीहरूले कुनै कारबाही गर्दैनन् । त्यसकारण अब आउने चुनाव कस्तो हुने छ ? त्यसबारे केही विचार गरौं ।

अर्को चुनाव अब हामीले एक्लै लड्नुपर्ने छ । राष्ट्रिय स्तरमा कसैसँग गठबन्धन हुने सम्भावना छैन । काङ्ग्रेसले त्यही कुरा भनिरहेको छ । एमालेले त्यही कुरा गरिरहेको छ । माओवादीले पनि एक्लै चुनाव लड्ने कुरा गरिरहेको छ । त्यसकारण हामीले पनि एक्लै चुनाव लड्नुपर्छ भनेर आत्तिनुपर्ने आवश्यकता छैन । विगतमा एक्लै चुनाव लडेर पनि हामिले कैयौं सफलता प्राप्त गर्ने गरेका छौं । त्यसकारण हामी पनि अब एक्लै चुनाव लड्न तयार हुनुपर्दछ । कुनै जिल्लामा वा स्थानीय तहमा अरू पार्टीसँग राम्रो सल्लाह भयो, समझदारी भयो, हाम्रा साथीहरूलाई पनि विश्वास गर्ने वातावरण बन्यो भने त्यहाँ गठबन्धन गर्ने कुरालाई हामीले रोक्दैनौं । केन्द्रसँग सहमति गरेर गठबन्धन गर्न सकिन्छ । तर राष्ट्रिय स्तरमा एक्लै चुनाव लड्ने हाम्रो नीति छ र नवौं महाधिवेशनले पनि त्यही प्रकारको नीति निर्धारण गरेको छ । एक्लै चुनाव लड्दा हामीलाई धेरै फाइदा छ । प्रथम त गठबन्धन गर्दा हामीले धेरै भोट पाउने सम्भावना भएका क्षेत्रहरू पनि अन्य पक्षलाई छोड्नु पर्ने हुन्छ । तर एक्लै चुनाव लड्यो भने, देशभरि हामीले हाम्रा आफ्नै उम्मेदवारहरूलाई भोट हाल्न सक्छौं । हाम्रो पार्टीको चुनाव चिन्हमा भोट हाल्न सक्छौं । कुनै जिल्लामा हामीले जितौंला, कुनै जिल्लामा कडा प्रतिस्पर्धा गरौंला । कुनै जिल्लामा कम भोट होला । तैपनि हाम्रो भोट सुरक्षित हुने छ । त्यसो गर्दा हामीले हाम्रो आफ्नो राजनीतिलाई देशव्यापी रूपमा लैजान सक्नेछौं । विरोधी पार्टीहरूका गलत नीति र कार्यप्रणालीको भण्डाफोर गर्न सक्छौं । जनतालाई पनि प्रशिक्षण गर्न सक्छौं । हाम्रा कार्यकर्ताहरूलाई व्यापक रूपमा परिचालन गर्न सक्छौं । एकछिनको लागि मानौं जुम्ला जस्तो ठाउँ होला, त्यहाँ हाम्रो भोट कम होला, जित्ने सम्भावना कम होला ।

तैपनि त्यहाँ हामीले आफ्नो उम्मेदवार उठाएर प्रतिस्पर्धा गर्न सक्छौँ ? अर्को मुस्ताङ जस्तो ठाउँमा जहाँ हाम्रो पार्टीको आधार छैन, त्यस्तो ठाउँमा पनि उम्मेदवार खडा गरेर चुनाव लडेका थियौँ त्यस्ता धेरै ठाउँ छन् । जहाँ हामी चुनाव लड्न सक्छौँ । हाम्रो भोट सुरक्षित गर्न सक्छौँ । हाम्रा कार्यकर्ता पनि परिचालन हुन्छन् । विरोधीहरूसँग भिड्छन् र अझ परिपक्व हुन्छन् ।

अर्को कुरा त्यसले गर्दा देशव्यापी रूपमा समानुपातिक तर्फ पनि हामीलाई केही बढी भोट प्राप्त हुन सक्दछ । समानुपातिक चुनावको कुरा गर्दाखेरि अहिले उनीहरूले सकेसम्म समानुपातिक चुनाव प्रणालीलाई खारेज गर्ने, त्यसमा अन्य साना पार्टीहरूलाई प्रतिनिधित्व गर्न नदिने कोशिस गरिरहेका छन् । थ्रेस होल्डलाई अरू बढाउने कोसिस गरिरहेका छन् । हाम्रा साथीहरूको पनि एउटा कमजोरी रहने गरेको छ । जब हाम्रा साथीहरू चुनावमा जान्छन्, उनीहरूले प्रत्यक्षतर्फ उम्मेदवारहरूलाई जिताउन पूरा कोशिस गर्छन् । तर समानुपातिक चुनावलाई उनीहरूले कम महत्त्व दिने प्रयत्न गर्दछन् । केन्द्रमा पनि त्यस्तो हुने गरेको छ । प्रदेशमा पनि त्यस्तो हुने गरेको छ । हामी प्रत्यक्ष निर्वाचनमा जति भोट ल्याउँछौँ, समानुपातिकमा त्यही भोट ल्याउँदैनौं । त्यो कमजोरीलाई हामीले सुधार्नुपर्छ । समानुपातिक चुनावको पनि धेरै महत्त्व हुन्छ । त्यसकारण अरू चुनावमा समानुपातिक उम्मेदवारलाई मद्दत गर्ने हामीले पूरा प्रयत्न गर्नुपर्दछ ।

अहिले तपाईंहरूले यो आन्दोलनमा आएर सामान्य शान्तिपूर्ण अवस्थामा होइन, अत्यन्तै गम्भीर अवस्थामा, मान्छे मरिरहेको अवस्थामा, गोली चलिरहेको अवस्थामा, आगजनी भइरहेको अवस्थामा, घरबाट आफ्ना इष्टमित्रहरूले आन्दोलनमा आउनबाट रोकिरहेको अवस्थामा, हामी देश र जनताको लागि मरे पनि मर्छौं भनेर आउनु भएको छ ।

चुनावलाई हामीले कुनैबेला बहिष्कार गर्छौं, कुनैबेला उपयोग गर्छौं । उपयोग वा बहिष्कार जुनसुकै बेलामा पनि हामीले चुनावलाई महत्त्व दिनु पर्दछ । बहिष्कार गर्दा पनि वा उपयोग गर्दा पनि ।

अन्तमा एउटा अर्को कुराप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । एकातर्फ हाम्रो लडाइँ गणतन्त्रलाई रक्षा गर्न, राष्ट्रियतालाई रक्षा गर्नका लागि छ । अर्कोतर्फ प्रतिगमनलाई परास्त गर्ने कुरामा पनि छ । प्रतिगमनबारे हाम्रो नीति सधैँ स्पष्ट रहने गरेको छ । अरूको नीति त्यस विषयमा ढुलमुल रहने गरेको छ । निश्चय नै गणतन्त्र ल्याउने कुरामा काँग्रेसको पनि महत्त्वपूर्ण भूमिका रहेको थियो । काँग्रेसभित्र एउटा ठूलो पङ्क्ति छ जसले राजालाई ल्याउने र हिन्दूराष्ट्र चाहिन्छ भन्छ । त्यसकारण त्यसको पनि कुनै स्पष्ट नीति छैन । माओवादीहरूको सधैंभरी ढुलमुल नीति रहेको छ । सत्ता प्राप्त हुने स्थिति भयो भने, सरकारमा जाने वा प्रधानमन्त्री बन्ने स्थिति भयो भने उसले बारम्बार आफ्ना घोषित नीतिलाई परित्याग गर्ने गर्दछ । जुन दिन हाम्रो पार्टीको आन्दोलनको उद्घाटन भइरहेको थियो, त्यो बेला बैद्यहरूको पनि सभा भइरहेको थियो । त्यो बेला उनीहरूको भनाइ थियो - यो गणतन्त्रसँग हाम्रो कुनै मतलब छैन । यो गए पनि जाओस् रहेपनि रहोस् । हामीलाई त नयाँ जनवादी गणतन्त्र चाहिन्छ । उनीहरूको दस्तावेजमा पनि त्यही कुरा आएको छ । राजावादीहरू भनिरहेका छन्, यो गणतन्त्र फाल्नुपर्छ ।

अनि हाम्रा यी क्रान्तिकारी वामपन्थी साथीहरूले भन्छन्, गणतन्त्र गए पनि हामीलाई मतलब छैन, गए जाओस् । अनि उनीहरूको यो भनाइले कसको सेवा गरिरहेको छ ? प्रतिगमनको सेवा गरिरहेको छ । हाम्रो पार्टीमा पनि केही त्यस प्रकारका साथीहरू थिए, जसले राजाबाट पनि खतरा छैन, प्रतिगमनको पनि खतरा छैन भन्ने सोचाइ राख्थे । उनीहरू हामीबाट फुटेर त्यतैतिर मिल्न पुगे । अर्कोतिर, कतिपय वामपन्थी शक्तिहरू छन् । जसले आफ्नो कार्यालयमा पृथ्वीनारायण शाहको फोटो राख्दछन् र भन्दछन् - धर्मनिरपेक्षता हामीलाई चाहिँदैन, हिन्दु राष्ट्र चाहिन्छ । त्यस प्रकारका वामपन्थीहरू पनि छन् । त्यसकारण हामीले यस्ता भ्रमहरूलाई चिर्नु पर्दछ ।

कामरेडस्, अब म तपाईँहरूको धेरै समय लिन्न । मैले सुरुमा नै तपाईँहरूलाई भनेको थिएँ, अहिले तपाईंहरूले यो आन्दोलनमा आएर सामान्य शान्तिपूर्ण अवस्थामा होइन, अत्यन्तै गम्भीर अवस्थामा, मान्छे मरिरहेको अवस्थामा, गोली चलिरहेको अवस्थामा, आगजनी भइरहेको अवस्थामा, घरबाट आफ्ना इष्टमित्रहरूले आन्दोलनमा आउनबाट रोकिरहेको अवस्थामा, हामी देश र जनताको लागि मरे पनि

मर्छौं भनेर आउनु भएको छ । एकजना कपिलवस्तुबाट आएका ८० वर्षीय बृद्ध चौधरी साथीसँग भेट भयो । उहाँले भन्नुहुन्थ्यो कि उहाँ यता हिँड्ने बेलामा उहाँका परिवारहरूले रूवाबासी गरिरहेका थिए । आन्दोलनमा जान रोकिरहेका थिए । तर उहाँले 'म मरे मर्छु, म जान्छु' भनेर आएको कुरा बताउनुभयो । ती साथीको अहिले हामी परिचय गराउने छौं । अरू पनि कैयौंले आफ्ना पतिपत्नी, छोराछोरीहरूलाई रोक्ने काम गरिरहेका थिए । तैपनि तपाईँहरू आउनुभयो र एउटा इतिहासको निर्माण गर्नुभयो । त्योभन्दा ठुलो अर्को कुरा तपाईँले आफूलाई धेरै माथि उठाउनुभयो । पहिले तपाईंहरू गाउँबाट जिल्लाबाट यहाँ आउँदा जस्तो हुनुहुन्थ्यो, अब त्यस्तो हुनुहुन्न । त्यो भन्दा धेरै माथि उठ्नु भएको छ । परिपक्व हुनुभएको छ । साहसी हुनुभएको छ । त्यसैले हामीलाई आगामी सङ्घर्षलाई अगाडि बढाउन मद्दत पुग्ने छ । हामीले वैशाखमा एक हप्ताको सङ्घर्षको कार्यक्रमको घोषणा गरेका छौं । तपाईँहरूको यो हिम्मत, साहस र गणतन्त्रको रक्षाका लागि प्रतिगमनको खतराका विरुद्ध जुध्न काम लाग्ने छ । सङ्घीयताका विरुद्ध सङ्घर्ष गर्न काम लाग्ने छ र ठीक त्यसैगरी भोलि चुनावमा पनि काम लाग्ने छ । अब राजावादीहरूले भारतीय कट्टर हिन्दूवादीहरूको मद्दत लिएर चुनावमा दुई तिहाई बहुमत प्राप्त गर्ने र दुई तिहाई बहुमत प्राप्त गरेपछि राजालाई ल्याउँछौ भनेर घोषणा गरेका छन् । हामीले राजावादीहरूको त्यो योजनालाई असफल पार्नु छ । उनीहरूले यो पनि भनेका थिए - सके हामीले शान्तिपूर्ण आन्दोलनको माध्यमबाट राजा ल्याउँछौं, नभए हिंसात्मक आन्दोलन पनि गर्छौं भनेर धम्की दिएका थिए । चैत्र १५ गतेको योजना असफल भएपछि पनि हामीले राजालाई ल्याउँछौं भनेर धम्की दिइरहेका छन् । त्यसका विरुद्ध हामीले लड्नुपरेको छ । अहिले त हामीले एक हप्ताको मात्रै कार्यक्रम बनाएका छौं । जरूरत पर्‍यो भने हामीले लामो लडाई पनि लड्नुपर्ने छ । अरू १० वर्ष लड्नुपर्ला, २० वर्ष लड्नुपर्ला । अहिले हामी भन्न सक्दैनौं । यसैगरी चुनावको बेलामा पनि सबै भ्रष्ट पार्टीहरूलाई, प्रतिगामीहरूलाई हामीले हराउनु छ र जनतालाई हामीले यो पनि भन्नुपर्दछ कि पार्टीहरूले जनतालाई धोका दिए, कुशासन गरे, भ्रष्टाचार गरे । त्यसका लागि ती ठुला पार्टीहरू जिम्मेवार छन् । तर, तिनीहरूलाई भोट दिने त जनताले हो नि । त्यसकारण अब जनताले पनि त्यस्तो गल्ती दोहोर्‍याउनु हुँदैन । जनताले इमान्दार र सही पार्टी र नेतालाई भोट दिनुपर्छ । अनि मात्र देशमा सही शासन हुन सक्छ । देशको दिगो विकास हुनसक्छ । भ्रष्टचारको अन्त हुन सक्छ । तर चुनावमा पहिले झै भ्रष्ट तत्त्वहरूको नै विजय भयो भने अहिलेको जस्तो स्थिति नै कायम रहनेछ । ठिक छ, भोलि हामीले सरकार बनाउन नसकौंला, त्यही पनि संसदमा १० जना, २० जना, ४० जना सांसदहरू पठाउन सक्यो भने सरकारलाई नियन्त्रण गर्न सक्छौं, त्यही प्रकारले प्रदेश वा स्थानीय पालिकाहरूमा पनि केही बढी सङ्ख्यामा प्रतिनिधिहरू पठाउन सक्यौं भने अहिलेको स्थितिमा केही न केही सुधार हुन सक्नेछ । अहिले हामी एक्लै चुनाव लड्नु छ त्यसका लागि धेरै शक्ति चाहिन्छ । त्यसका लागि हामीले धेरै कोशिस गर्नुपर्दछ । यो सङ्घर्षले हामीलाई जनाधार निर्माण गर्न धेरै मद्दत गर्ने छ ।

आगामी चुनावबारे अगाडि जुन कुरा भनियो, त्यसको अर्थ चुनाव वा संसदीय प्रणालीद्वारा नै देश र जनताका आधारभूत समस्याहरूको समाधान हुने छ भन्ने गलत सोचाइबाट पनि हामी बच्नु पर्दछ । अन्तमा नयाँ जनवादी क्रान्ति भएपछि नै जनताका आधारभूत समस्याको समाधान हुन सक्ने छ र वास्तविक अर्थमा देशको दिगो विकास हुन सक्नेछ । त्यसकारण हाम्रो मुख्य ध्यान जनवादी क्रान्ति सफल पार्नेतिर नै हुनुपर्दछ । तर त्यसका लागि हामीले लामो क्रान्ति सफल पार्नेतिर नै हुनुपर्दछ । तर त्यसका लागि हामीले लामो सङ्घर्ष गर्नु पर्दछ । तैपनि तात्कालिक र कार्यनीतिक रूपमा विद्यमान गणतन्त्रको रक्षाका लागि सङ्घर्ष गर्दै संसदीय प्रणालीलाई पनि जनवादी क्रान्तिका लागि आधार र परिस्थिति तयार पार्नका लागि बढी भन्दा बढी उपयोग गर्ने हाम्रो कार्यनीति हुनुपर्दछ ।

अन्तमा, तपाईँहरूले यो सङ्घर्षमा भाग लिन आउनुभयो त्यो भन्दा पहिले हाम्रा स्वयंसेवक साथीहरूले आएर सङ्घीयता विरुद्धको आन्दोलनको प्रचार वा आर्थिक सङ्कलनमा पनि महत्त्वपूर्ण योग्दान दिनुभएको छ । एक महिनासम्म महत्त्वपूर्ण योगदान दिनुभएको छ । हाम्रा सञ्चार माध्यमहरूले पनि महत्त्वपूर्ण योगदान दिएका छन् । रक्तिम सांस्कृतिक अभियानले पनि त्यो आन्दोलनमा महत्त्वपूर्ण योगदान दिएको छ । हाम्रा सञ्चार माध्यमहरूले पनि महत्त्वपूर्ण योगदान दिएका छन् । यसका लागि तपाईँहरू सबै धन्यवाद र बधाईका पात्र हुनुहुन्छ ।•

# वार्षिक नीति र कार्यक्रमबारे कामरेड चित्रबहादुर के.सी.को संसद बैठकमा मन्तव्य

२०८२ वैशाख २१ गते सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति र कार्यक्रमबारे २०८२ बैशाख २२ गते राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य कामरेड चित्रबहादुर के.सीले संसद बैठकमा दिएको मन्तव्य

सम्माननीय सभामुख महोदय,

१. नेपाल सरकारको आर्थिक वर्ष २०८२-८३ को वार्षिक नीति र कार्यक्रम परम्परागत प्रकारको छ । दशकौँदेखि विभिन्न विषयमा अगाडि सारिएका नीति र कार्यक्रम कार्यान्वयन हुँदैन वा कार्यान्वयनका लागि कुनै प्रयास सरकारबाट हुँदैन । तिनै नीति हरेक वर्षका वार्षिक नीति तथा कार्यक्रममा दोहोरिने गरेका छन् । अहिलेको सरकारको नीति र कार्यक्रम पनि त्यसको अपवाद हुन सकेन ।

सभामुख महोदय,

२. कार्यान्वयन गर्नुनपर्ने तर लोकरिझ्याइँका लागि ती नीति र कार्यक्रमलाई दोहोर्‍याइ रहनुपर्ने सरकारी रवैयाका कारण यो पटकको नीति र कार्यक्रमको कार्यान्वयनमा आम नेपाली जनता र संसदले शङ्का गर्नु स्वाभाविक नै हो ।

३. २०६२-६३ सालको जनआन्दोलनका उपलब्धिलाई खतम गर्न, प्रतिगामी तथा पुनरूत्थानवादी शक्तिले पूरा जोड लगाइरहेका छन् । त्यसमा विदेशी शक्तिले पनि साथसहयोग दिइरहेका छन् । यो स्थिति पैदा हुनुमा गणतन्त्रवादीको अदूरदर्शिता, सत्तालिप्सा र कुशासनले काम गरेको छ । गणतन्त्रमाथि गम्भीर खतरा पैदा भएको विद्यमान अवस्थामा २०६२-६३ का उपलब्धिको रक्षा तथा प्रतिगामी पुनरूत्थानवादी गतिविधिको प्रतिपादन गर्ने सरकारको प्रतिबद्धता ठिक छ । त्यसलाई हाम्रो दल राष्ट्रिय जनमोर्चाले समर्थन गर्दछ ।

४. सरकारको नीति र कार्यक्रमले संविधान संशोधनमा जोड दिएको छ । संविधान संशोधनको कुरालाई हाम्रो दल राष्ट्रिय जनमोर्चाले पनि समर्थन गर्दछ । राष्ट्रिय जनमोर्चाले संविधानमा भएको सङ्घीयता तथा जन्मको आधारमा नागरिकता प्राप्त गरेका सन्तानले वंशजको नागरिकता पाउने प्रावधानसहितका गलत कुराको खारेजीमा जोड दिन्छ ।

५. सरकारको वार्षिक नीति तथा कार्यक्रमले समाजवादउन्मुख अर्थतन्त्रमाथि जोड दिएको छ तर भूमिमाथि सामन्ती स्वामित्व कायम राखेर सार्वजनिक संस्थालाई कौडीको मूल्यमा व्यक्तिविशेषलाई बिक्री गरेर निजीकरण, उदारीकरण र खुला अर्थतन्त्रमा जोड दिएर समाजवादोन्मुख अर्थतन्त्रको मिठो सपना जनतालाई देखाउने काम गरिएको छ । कुतीको बाटो प्रयोग गरेर काशी पुगिदैंन सभामुख महोदय ।

६. मुलुकमाथि बढ्दो प्रशासनिक खर्चको भारलाई घटाउन विगतदेखि सरकारले विभिन्न उपाय अगाडि सार्दै आएको छ । सभामुख महोदय, ती टालटुले उपाय मात्र हुन् । नेपाल राष्ट्र बैङ्कले मुलुक सङ्घीयतामा गएपछि वार्षिक बजेटको ८३ प्रतिशत रकम प्रशासनिक क्षेत्रमा खर्च हुने गरेको बताएको छ । यसको अर्थ हुन्छ- जम्मा १७ प्रतिशत रकम मात्र पुँजीगत खर्चका लागि विनियोजन हुने गर्दछ । त्यो १७ प्रतिशत पुँजीगत खर्च पनि कार्यान्वयन हुने गरेको छैन । प्रदेशको शासकीय स्वरूपलाई कायम राखेर केही थान सरकारी संरचना वा कर्मचारीको कटौती वा एउटा कार्यालयको काम अर्को कार्यालयमा गाभेर मुलुकलाई प्रशासनिक खर्चको मारबाट जोगाउन सकिँदैन । त्यसैले मुलुकलाई ठूलो पैमानाको प्रशासनिक खर्चको मारबाट जोगाउनुछ भने प्रदेशको शासकीय स्वरूप खारेज गर्नुको विकल्प छैन ।

७. हाम्रो मुलुकको संविधानले नै समावेशिताको सिद्धान्तलाई स्वीकार गरेको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिकोणले पछाडि परेका दलित समुदायका पक्षमा सरकारको वार्षिक नीति र कार्यक्रममा नअटाउनु निकै खेदजनक रहेको छ । ५६ पृष्ठ लामो सम्माननीय राष्ट्रपतिको भाषणमा दलितले स्थान नपाउनु सिङ्गो दलित समुदायलाई उपेक्षा गर्नु हो ।

८. सार्वजनिक संस्थालाई बिक्री गरेर निजीकरणमा नीति र कार्यक्रमले जोड दिएको छ, जुन गलत छ । नवलपुरको हुप्सेकोटस्थित धौवादीको फलामखानीलाई पनि सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालन गर्ने कुरा नीति र कार्यक्रममा परेको छ । दैलेखको पेट्रोलियम खानी र नवलपुरको धौवादी फलाम कम्पनी सार्वजनिक मोडेलमा नै सञ्चालन गर्नुपर्छ ।

९. नीति र कार्यक्रम राष्ट्रियताको रक्षाको सवालमा मौन छ । कालापानीमा भारतीय सेना अहिले पनि तैनाथ छन् । कालापानीसहितको भूभागलाई आफ्नो नक्सामा सामेल गरेर सर्वसम्मतले संसद्ले पारित गरेको थियो । उक्त नक्सालाई संयुक्त राष्ट्र सैसहित नेपालको कूटनीतिक सम्बन्ध भएका मुलुकमा पठाउनेबारेमा समेत सरकारको कुनै नीति र कार्यक्रम देखिएन ।

१०. सरकारले प्रवासी नेपालीको मताधिकारको विषयमा समेत कुनै नीति र कार्यक्रम अगाडि सारेको छैन । बौद्धिक तथा विद्यार्थीको विदेश पलायनलाई रोक्न कुनै कार्यक्रम छैन । •

# साम्राज्यवादी युद्ध र आर्थिक मन्दी - पुँजीवादको सङ्कट

– का. सञ्जय

कार्ल मार्क्सले सन् १८६७ मा दास क्यापिटलमा लेखेका थिए : "पुँजीवादले आफ्नो चिहान आफै खन्नेछ ।" वर्तमान समयका अर्थशास्त्री थोमस विकेटीले आफ्नो पुस्तक 'क्यापिटल इन द ट्वान्टिफस्ट सेन्चुरी'मा लेखेका छन् : "सम्पत्तिको असमान वितरणले पुँजीवादलाई मार्ने छ ।" आज विश्व पुँजीवाद वास्तवमा आफ्नै कारणले जटिल मोडमा पुगेको छ । आर्थिक मन्दी र बजार कब्जा गर्न गरिने साम्राज्यवादी युद्ध पुँजीवादका प्रमुख कमजोरीहरू हुन् । वर्तमान विश्व परिस्थितिमा यी दुई वटै खतरा बढेर गएका छन् । नयाँ साम्राज्यवादी देशहरूको उदयले प्राकृतिक स्रोत, साधन र उत्पादित सामान बेच्नका लागि बजार कब्जा गर्ने होड तीव्र बन्दै गइरहेको छ । जलबायु परिवर्तन, उर्जा सङ्कट र मुद्रास्फिर्तिका कारण पुँजीवादी अर्थतन्त्रलाई थप अस्थिर बनाउन बल पुऱ्याएको छ । जलबायु परिवर्तनका कारण आर्टिक क्षेत्रको बाक्लो हिउँ पग्लिन थालेपछि आर्टिक क्षेत्रको जमीनको महत्त्व बढेको छ । ग्रिनल्याण्ड जस्ता भूमिको रणनीतिक महत्त्व बढेर गएको छ । आधुनिक हतियार र अन्य उपकरणमा अति आवश्यक पर्ने दुर्लभ खनिजको महत्त्व र माग विश्व बजारमा व्यापक रूपमा बढेर गएको छ । त्यस्ता स्थानहरूको कब्जा गर्ने होडले आणविक शक्ति सम्पन्न साम्राज्यवादी देशहरूको बिचमा युद्धको स्थिति बनिरहेको छ । यसबाट आणविक युद्ध हुने र पृथ्वीमा मानवजातिको अस्तित्व नै खतरामा पर्ने सम्भावना समेत बढेर गएको छ । विश्व पुँजीवादको नेतृत्व गर्दै विश्व बजारमा एकछत्र राज गर्दै आएको अमेरिकालाई चीन, युरोप, रूस, भारत, ब्राजिल, दक्षिण अफ्रिका जस्ता उदियमान साम्राज्यवादी देशहरूले टक्कर दिइरहेका छन् । ब्रिक्स राष्ट्र लगायत कैयन देशहरूका बिचमा अन्य मुद्रामा गरिने कारोबार बढ्दै गएको छ । यसबाट अमेरिकाको महत्त्वपूर्ण हतियारको रूपमा रहेको अमेरिकी डलरको प्रयोग विश्वव्यापी रूपमा घट्दै गइरहेको छ । अमेरिकी नेतृत्वमा रहेका पश्चिमा साम्राज्यवादका विरुद्ध रूस, चीन, उत्तरकोरिया र इरानको रणनीतिक र सैन्य साझेदारी बढाउँदै गइरहेको अवस्था छ । यी सबै कुराले साम्राज्यवादी शक्तिहरूको युद्धको खतरा बढेर गएको देखिन्छ ।

> आर्थिक मन्दी र साम्राज्यवादी युद्धको खतराको स्थितिले मार्क्सले भने जस्तै पुँजीवादले आफ्नो चिहान आफै खन्दै गइरहेको छ । त्यसैले पुँजीवाद रहँदासम्म मानवजाति सुखी र समृद्ध हुन सक्दैन भन्ने कुरा झन्पछि झन् स्पष्ट हुँदै गइरहेको छ । अतः पुँजीवादकै कारणले पुँजीवादको अन्त हुने र साम्यवादी समाजको निर्माण हुने कुरा अवश्यम्भावी छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्प दोस्रो पटक निर्वाचित भएसँगै ग्रिनल्याण्ड र क्यानडालाई अमेरिकामा गाभ्ने अभिव्यक्ति दिएका थिए । पानामा नहरलाई पनि अमेरिकी नियन्त्रणमा लिने घोषणा गरेको थिए । नेटो प्रमुख मार्क्स रूटेको अमेरिका भ्रमणका समयमा पनि ग्रिनल्याण्ड कब्जा गर्न अमेरिकालाई सहयोग गर्न नेटो प्रमुखलाई अनुरोध गरे । ट्रम्पको यस प्रकारको घोषणाले विश्वव्यापी तरङ्ग पैदा गऱ्यो । तीन वर्षदेखि युक्रेनमा युद्ध चलिरहेको छ । त्यो युद्ध रूस र युक्रेनको जस्तो देखिएता पनि वास्तवमा यो नेटो र रूसका बिचको युद्ध नै हो तर त्यसको मूल्य युक्रेनले चुकाइरहेको छ । युक्रेन युद्धको असर विश्वव्यापी रूपमा परिरहेको छ । त्यो युद्ध जसले जिते पनि युक्रेन र युक्रेनी जनतालाई कुनै लाभ हुने छैन र आफ्नो देशको प्राकृतिक स्रोत र

साधनहरूमा उनीहरूको अधिकार गुम्ने कुरा निश्चित छ । अमेरिका, युरोप र रूस सबैका आँखा युक्रेनको उब्जाउ जमीन, ठूलो मात्रामा त्यहाँ रहेको दुर्लभ खनिज पदार्थ लगायतका प्राकृतिक साधन र स्रोतमाथि गडेको देखिन्छ । बेलायत र फ्रान्सले युक्रेनको जमीनमा आफ्ना सेना तैनाथ गर्ने कोशिस गरिरहेका छन् भने अमेरिकाले आफूले गरेको सैन्य मद्दतका बदलामा युक्रेनको खनिज सम्पदामा अमेरिकी नियन्त्रण कायम हुने गरी खनिज सम्पदासम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न दबाब दिइरहेको छ ।

डोनाल्ड ट्रम्पले घोषणा गरेको क्यानडालाई अमेरिकाको ५१ औं राज्य बनाउने, ग्रिनल्याण्ड र पानामा नहर कब्जा गर्ने जस्ता ठाडो हस्तक्षेपको विषय ट्रम्पको व्यक्तिगत कुरा मात्र होइन । वास्तवमा अमेरिकाले बाँकी विश्वका बारेमा कसरी सोच्छ र कस्ता नीतिहरू अवलम्बन गर्छ भन्ने विषयलाई उनले सतहमा मात्र ल्याएका हुन् । विगतमा अमेरिकाले यस प्रकारका हस्तक्षेपकारी कार्यलाई प्रजातन्त्र, मानवीय विकास, आर्थिक र सैन्य सहयोग जस्ता आवरणले ढाक्ने गर्दथ्यो । ट्रम्पले ती विषयहरूलाई सिधा र सबैले बुझ्ने गरी भनेका मात्र हुन् । उसको साम्राज्यवादी मूल नीति हिजो पनि त्यही थियो र आज पनि उही छ । विगतमा विश्व मञ्चमा अमेरिकाको एकछत्र साम्राज्यवादी बर्चस्व कायम थियो । अहिले परिस्थिति फेरिएको छ । नयाँ साम्राज्यवादी देशहरूको उदय भइरहेको छ । चीन, रूस, युरोप, भारत लगायतका देशहरूले विश्व बजारमा अमेरिकाको हिस्सा खोसिरहेका छन् ।

खाडी क्षेत्रमा त्यहाँको पेट्रोलियम खनिजमाथि नियन्त्रणका लागि एकातिर इजरायललाई खडा गरेर ठूलो मात्रामा सैन्य र हातहतियारको सहयोग गरिरहेको छ भने अर्कातर्फ, त्यहाँ अमेरिकाले पहिलेदेखि नै ठूलो मात्रामा सैन्य तैनाथी गरिरहेको छ । युरोप, रूस र चीनले पनि आफ्नो उपस्थिति बढाउँदै लगिरहेका छन् । खाडी क्षेत्रको ठूलो मात्रामा रहेको पेट्रोलियमको भण्डार नै त्यहाँका जनताका लागि अभिशाप बन्न पुगेको छ । जसका कारण लगातार युद्धको अवस्था बनिरहेको छ । एसिया प्रशान्त क्षेत्रमा अमेरिका र चीन बिचमा तनाब बढ्दै गइरहेको छ । अमेरिका र चीन, युरोप, क्यानडा, मेक्सिको लगायतका देशहरूका बिचमा व्यापारिक युद्ध समेत सुरू भएको अवस्था छ । यी सबै परिस्थितिले तेस्रो विश्वयुद्ध र आणविक युद्धको समेत खतरा बढेर गएको छ । यस प्रकारको परिस्थितिका लागि अमेरिका, चीन, रूस, युरोप लगायतका देशहरूको साम्राज्यवादी स्वार्थले नै काम गरेको छ । संसारभरिको कच्चा पदार्थ र बजारमाथिको कब्जाका लागि नै साम्राज्यवादी शक्तिहरूका बिचमा टकराब बढ्दै गइरहेको अवस्था छ ।

सन् १९८० मा अमेरिकी उत्पादनले विश्व बजारमा २६ प्रतिशत हिस्सा ओगटेको थियो भने सन् २०२२ सम्ममा आइपुग्दा अमेरिकी उत्पादनको विश्व बजारमा त्यो हिस्सा सङ्कुचन हुँदै गएर १८ प्रतिशतभन्दा तल झरेको छ भन्ने आँकडाले देखाउँछ । एलन मस्कको टेस्ला कम्पनीले उत्पादन गर्ने विद्युतीय गाडीको बजारलाई चीन र जर्मनीका विद्युतीय गाडीहरूले टक्कर मात्र दिएका छैनन्, चीनको उत्पादनले टेस्लालाई धेरै पछि पारिसकेको छ । अमेरिकाको औद्योगिक उत्पादनमा ठूलो ह्रास आएको छ । औद्योगिक उत्पादनमा संलग्न मजदुरहरूको रोजगारी समेत गुमेको छ ।

केही दिन अगाडि अमेरिकी उपराष्ट्रपति जेडी भ्यान्सले ‘अमेरिकी डाइनामिजम’ समिटमा बोल्दै नवउदारवादी नीति असफल भइसकेको र ट्रम्प प्रशासन अब नव प्रवर्तनलाई प्राथमिकता दिएर विश्वव्यापी उत्पादन प्रतिस्पर्धा जित्ने र औद्योगिक विरासत पुनर्जागरण गर्ने लक्ष्यका साथ अघि बढेको बताएका थिए । यसबाट अमेरिकाको औद्योगिक विरासत खस्केको र विश्वव्यापी उत्पादन प्रतिस्पर्धामा अमेरिका पछि पर्दै गएको कुरा बुझ्न सकिन्छ । औद्योगिक उत्पादन प्रतिस्पर्धामा मुख्य रूपमा चीन र युरोप लगायतले अमेरिकालाई टक्कर दिइरहेका छन् विश्वव्यापी रूपमा उत्पादन ठूलो परिणाममा भइरहेको छ । त्यसको तुलनामा खपत बढ्न सकिरहेको छैन । पुँजीवादको यो एउटा मुख्य कमजोरी पनि हो । खपत बढ्नका लागि श्रमिकहरूमा बढी खर्च गर्नुपर्ने हुन्छ । तर पुँजीपतिहरू श्रमिकमा बढी खर्च गर्न चाहन्नन् । श्रमिकमा गरिने खर्च घटाएर नाफा बढाउने कार्यले उत्पादनको खपत घट्दै जान्छ र आर्थिक मन्दिको सामना गर्नुपर्ने हुन्छ । उदाहरणका लागि अमेरिकाको वासिङ्टनमा केन्द्रीय कार्यालय रहेको बहुराष्ट्रिय प्राविधिक कम्पनी अमेजनले सन् २०२२ मा १८ हजार कर्मचारी कटौति गरेको थियो । तर त्यही वर्ष अमेजनको नाफा ११ प्रतिशतले बढेर १२.२ बिलियन डलर पुगेको थियो ।

अमेरिकामा सन् २०२३ मा औसत ज्याला केही बृद्धि भएको देखिएता पनि महङ्गी र मुद्रास्फिर्तिको तुलनामा त्यो कैयन गुना कम रहेको छ । वास्तवमा विश्व पुँजीवाद १९ औँ शताब्दीको कठोर औद्योगिक पुँजीवादबाट वित्तिय पुँजीवाद, प्रविधिमा आधारित अर्थतन्त्र र विश्वव्यापीकरणको युगमा प्रवेश गरेको छ । तर साम्राज्यवादको मुख्य चरित्रमा कुनै अन्तर आएको छैन, त्यो हो नाफा अर्थात् अतिरिक्त मूल्यको शोषण, तेस्रो विश्वका देशहरूमाथिको हस्तक्षेप र नियन्त्रण आदि । सन् २०२५ मा पनि पुँजीपतिहरूले नाफा बृद्धिका लागि उत्पादन, यातायात र सेवाका क्षेत्रमा मेसिनहरूको प्रयोग बढाएर मानव श्रमलाई प्रतिस्थापन गर्ने कार्य तिब्र पारेका छन् । यसबाट श्रमिकमा गर्ने खर्च कटौति हुने र नाफा बृद्धि हुने छ । तर श्रमिकमा लगानी घटाउँदा उनीहरूको क्रयशक्ति घटेको छ । यसबाट उत्पादित सामानको खपत पनि घटेको छ । सन् २००८ पछिको अर्को मन्दी शुरू भएको आशङ्का गरिएको छ । पछिल्ला वर्षहरूमा धनी र गरिबहरूको बिचको अन्तर डरलाग्दो गरी बढेको तथ्याङ्कहरूले देखाएका छन् । संसारका १ प्रतिशतभन्दा कम धनाढ्यहरूको हातमा विश्वको ९९ प्रतिशत सम्पत्ति रहेको देखिएको छ । बहुराष्ट्रिय कम्पनीहरूले विकासशील देशहरूमा सस्तो श्रमको शोषण गर्ने क्रम बढिरहेको छ । उत्पादनमा प्रविधि र कृतिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स)को प्रयोगले लाखौँ श्रमिकहरूको रोजगार गुमिरहेको छ । यी सबै कारणले विश्वव्यापी आर्थिक मन्दीको अवस्था सृजना गरिरहेका छन् ।

अमेरिकी उपराष्ट्रपति जेडी भ्यान्सले अमेरिकी डाइनामिजम समिटमा उपस्थित अमेरिकी अरबपतिहरूलाई खुशी पार्न कर्पोरेशनहरूमाथि ट्याक्स घटाएर निजी क्षेत्रलाई प्रोत्साहन गर्ने घोषणा गरे । ट्रम्प प्रशासनको उक्त कदमले सिलिकन भ्यालीका उलीगारहरूलाई पोस्ने काम त गर्ने छ तर बहुसङ्ख्यक जनताको सुविधाका लागि राज्यले गर्नुपर्ने खर्चमा कमी आउने निश्चित छ । श्रमिकहरूको अवस्था झनै बिग्रदै जाने छ र उत्पादित सामानको खपत झनै घट्ने छ । यतातिर ट्रम्प प्रशासनले ध्यान दिएको देखिँदैन । सामान खपत नहुनु भनेको मानिसहरूमा सामान खरिद गर्ने क्षमता नहुनु हो । जसलाई आर्थिक मन्दी भनिन्छ । खपत बढाउनका लागि सन् २०२१ मा अमेरिकी सरकारले १.९ ट्रिलियन डलरको राहत प्याकेज ल्याएको थियो । उक्त प्याकेजले तत्कालका लागि अमेरिकी अर्थतन्त्र उकासे पनि त्यसले दीर्घकालीन समाधान दिन सकेन । चीनले सन् २०२४ मा ४ बिलियन डलरको उपभोक्ता योजना ल्याएको थियो । तर त्यहाँ पनि मानिसहरूले खर्च गर्नभन्दा बचत गर्न थाले । नागरिकहरूलाई भविष्यको अनिश्चयको चिन्ताले त्रसित बनाएको थियो ।

सन् १९३६ मा बेलायतका पुँजीवादी अर्थशस्त्री जोन मेनार्ड किन्सले आर्थिक मन्दीबाट उम्कन राज्यले हस्तक्षेप गर्नुपर्ने विचार अगाडि सारेका थिए । सन् १९३० मा विश्वव्यापी आर्थिक महामन्दीबाट उम्किन अमेरिकी सरकारले सडक, पुल जस्ता पूर्वाधारको परियोजनामा व्यापक लगानी गरेको थियो । त्यतिबेला त्यो नीतिले तत्कालका लागि केही हदसम्म काम गरेको थियो । पछिल्लो समय अमेरिका र चीनले घोषणा गरेका राहत प्याकेजहरू किन्सको अवधारणामा आधारित थिए । वर्तमान परिस्थितिमा पुँजीवाद यति जटिल अवस्थामा पुगेको छ कि अब कुनै सिद्धान्तले काम गर्न छाडेको छ । वर्तमान समयमा किन्सको सिद्धान्तले न अमेरिकामा काम गऱ्यो न त चीनमा नै । आजको सङ्कटग्रस्त पुँजीवादी संरचनामा कुनै सिद्धान्तले काम गरेको देखिँदैन । श्रमिकहरूको ज्याला र सुविधा बृद्धि गर्न पुँजीवादको चरित्रले दिँदैन । श्रमिकहरूको क्रयशक्ति बृद्धि नभए पुँजीपतिहरूले ठूलो पैमानामा उत्पादन गरेका सामानहरूको खपत हुन सक्दैन । जसको परिणामस्वरूप पुँजीवादी सङ्कट यतिबेला चरम बिन्दूमा पुगेको छ ।

पुँजीवादलाई टिकाइराख्ने उद्देश्यले सन् १९८० को दशकबाट शुरू गरिएको नव उदारवादी नीति असफल भइसकेको निष्कर्ष अमेरिकाले नै निकालिसकेको छ । यतिबेला विश्व पुँजीवाद १९ औँ शताब्दीको औद्योगिक पुँजीवादबाट वित्तिय पुँजीवाद, प्रविधिमा आधारित अर्थतन्त्र र विश्वव्यापीकरणको चरणमा छ । तर साम्राज्यवादको आधारभूत चरित्रमा कुनै अन्तर आएको छैन । अधिकाङ्श विश्वका धनाड्यहरू प्रविधि कम्पनीसँग जोडिएका छन् । एलन मस्क, बिलगेट्स, बेजोस जस्ता धनाढ्यहरू प्रविधि कम्पनीसँग नै जोडिएका छन् । उनीहरूले प्रविधि उद्योगमा एकाधिकार जमाएका छन् । जसले गर्दा साना व्यवसायहरू

नष्ट भएका छन् । नवउदारवाद असफल भइसकेको निष्कर्ष निकालेको अमेरिकाले अब सिधै प्रत्यक्ष हस्तक्षेपमा उत्रिनसक्ने बढी नै सम्भावना छ । क्यानडालाई संयुक्त राज्य अमेरिकाको ५१ औं राज्य बनाउने, ग्रिनल्याण्ड र पानामा नहरलाई जसरी पनि कब्जा गर्ने घोषणा आदिबाट आगामी दिनमा विश्व सामु अमेरिकी साम्राज्यवाद कसरी प्रस्तुत हुनेछ भन्ने कुरा बुझ्न मुस्किल पर्दैन । हालैका दिनहरूमा ट्रम्प प्रशासनले पुर्व सोभियत सङ्घले निर्माण गरेका युरोपकै सबैभन्दा ठुलो पावर प्लान्ट जेपुरिजिया न्यूक्लियर पावर प्लान्ट अमेरिकालाई दिनका लागि रूस र युक्रेनलाई दबाब र धम्की, युक्रेनको खनिज सम्पदामाथि अमेरिकी नियन्त्रण हुने गरी खनिज सम्पदा सम्बन्धी सम्झौताका लागि युक्रेनको जेलेन्सकी सरकारलाई दिएको दबाब र धम्कीबाट अमेरिकी नीतिलाई बुझ्न गाह्रो पर्दैन ।

माथिका कुराबाट पुँजीवादभित्रको सङ्कट कति गहिरो बन्दै गइरहेको छ भन्ने कुरा सजिलै बुझ्न सकिन्छ । विश्वको शक्ति सन्तुलन तिब्र रूपमा बदलिँदै गइरहेको छ । अन्तर्राष्ट्रिय घटनाक्रमहरू तिब्र रूपमा विकास भइरहेका छन् । पछिल्लो समय अमेरिकाद्वारा भारी मात्रामा गरिएको भन्सार महसुलको बृद्धिबाट शुरू गरिएको व्यापार युद्धले वर्तमान वितरण प्रणालीलाई नै अवरूद्ध गर्ने र पुँजीवादलाई थप सङ्कटमा पार्ने छ । उक्त कदमले विश्व व्यापार सङ्गठनको अस्तित्व नै जोखिममा पारेको छ । संयुक्त राष्ट्रसङ्घको भूमिका निष्प्रभावी बन्दै गइरहेको छ । विश्व स्वास्थ्य सङ्गठनबाट अमेरिका अलग भएपछि उक्त संस्थाको भूमिका धेरै नै कमजोर बनेको छ । विश्व पर्यावरण सम्बन्धी सम्झौताबाट अमेरिका अलग भइसकेको छ । आणविक अप्रसार सन्धि समाप्त प्राय: भएको छ । संसारका शक्तिशाली सबै देशहरूले रक्षा बजेटमा तिव्र बृद्धि गरिरहेका छन् । युरोपका सबैजसो देशहरूले आफ्नो सेनाको सङ्ख्या उल्लेख्य बृद्धि गर्ने घोषणा गरेका छन् र जर्मनी, फ्रान्स लगायतका कैयन् देशहरूले ठुलो सङ्ख्यामा नयाँ सैनिक भर्ती कार्य सुरू गरिसकेका छन् । घोषित/अघोषित रूपमा आणविक शक्ति राष्ट्रहरूको सङ्ख्यामा बृद्धि भइरहेको छ । यसबाट तेस्रो विश्वयुद्ध र आणविक युद्धको खतरा समेत विश्वसामु बढेर गएको छ । विश्व पुँजीवाद अपूर्व सङ्कटमा फस्दै गइरहेको छ । आर्थिक मन्दी र साम्राज्यवादी युद्धको खतराको स्थितिले मार्क्सले भने जस्तै पुँजीवादले आफ्नो चिहान आफै खन्दै गइरहेको छ । त्यसैले पुँजीवाद रहँदासम्म मानवजाति सुखी र समृद्ध हुन सक्दैन भन्ने कुरा झन्पछि झन् स्पष्ट हुँदै गइरहेको छ । अत: पुँजीवादकै कारणले पुँजीवादको अन्त हुने र साम्यवादी समाजको निर्माण हुने कुरा अवश्यम्भावी छ । •

क्रमश: पेज २५ बाट

हुँदै गएको दृष्टिकोणलाई पुनर्स्थापित गर्न पार्टी सदस्यहरूलाई प्रशिक्षित गर्न पनि उत्तिकै आवश्यक छ ।

अन्तमा कम्युनिस्ट पार्टीले आफ्नै योजना, व्यवस्थापन र निर्देशनमा आर्थिक क्षेत्रको विकास गर्नु पर्दछ । पार्टीभित्रका सीमित स्रोतहरूलाई व्यवस्थित परिचालन गर्दै उत्पादनलाई पार्टीको अनिवार्य दीर्घकालीन स्रोतको रूपमा विकास गर्न ध्यान दिनु आवश्यक छ । चन्दा र सहयोगलाई पार्टीको मुख्य आर्थिक आधार मान्ने परिपाटीको अन्त्य हुनुपर्दछ । सबल र सक्षम पार्टी बनाउन कार्यकर्तालाई श्रमसँग जोड्ने र श्रम गर्नु भनेको गौरव र आत्मसम्मानको विषय हो भन्ने बोध गराउन अति जरूरी देखिन्छ जसका कारण जनताले कम्युनिस्ट पार्टीको सदस्य देख्ने बित्तिकै सम्मानको भावना जागृत हुन सकोस्, समाजका सच्चा सहयोगी र उच्च आदर्श नेताको रूपमा जनताले ग्रहण गर्न सकुन् ।

कम्युनिस्ट पार्टीमा सीमित स्रोत साधनको सीमाभित्र रहेर पार्टीका आवश्यकता पूरा गर्नुपर्ने बाध्यता हुन्छ । त्यसैमा पनि कहिलेकाहीँ उपभोग र वितरण प्रणालीमा अनियमितता भएका गुनासाहरू पनि आउने गर्दछन् । कतिपय अवस्थामा पार्टीको पैसा लुकाउने, हिनामिना गर्ने प्राविधिक कारणले व्यक्तिको नाममा रहेको सम्पत्ति हड्पने, पार्टीले सञ्चालन गरेका पत्रिका पार्टीले गरेको निर्णय अनुसार गर्न अस्वीकार गर्ने र पार्टीको हित विपरीत प्रयोग गर्ने गरेका कटु अनुभव हाम्रा अगाडि छन् । यस्ता क्रियाकलापले पार्टीप्रति जनताको नकारात्मक धारणा बन्दै जाने खतरा हुन्छ । पार्टीको सम्पत्ति निर्णय र अनुमति बिना खर्च गर्ने परिपाटीलाई कडाइपूर्वक नियन्त्रण गर्न ढिला गर्नु हुँदैन । अर्थ उपार्जनका नाममा बिचौलिया बन्ने, दलाली गर्ने, तस्करी गर्ने, हुने नहुने सबै काम गर्ने भनेको अनैतिक कार्य हो भन्ने ज्ञान हुन जरूरी छ । •

■ लेख

# सङ्घीयताको खारेजी : मुलुकको अपरिहार्य आवश्यकता

– का. विश्वदीप

सङ्घीयताको खारेजीको प्रश्न मुलुकको अपरिहार्य आवश्यकता बनेको छ । सङ्घीयताको खारेजीको राष्ट्रिय कार्यभारलाई पूरा गर्न ने.क.पा. (मसाल) र राष्ट्रिय जनमोर्चाले विभिन्न प्रकारले योगदान गर्दै आएका छन् । त्यस सिलसिलामा सङ्घीयताको खारेजीका लागि ने.क.पा. (मसाल) र राष्ट्रिय जनमोर्चाले विगतमा दुई दुईवटा राजधानी केन्द्रित आन्दोलनको आव्हान गर्दै त्यसलाई सफल पारेका छन् । सङ्घीयताको खारेजीका लागि क्षेत्रीय आमहड्ताल, मेची-महाकाली अभियान लगायतका सैयौं कार्यक्रमहरू सञ्चालन गरिसकेको छ । सङ्घीयताका विरुद्ध राजधानीकेन्द्रित आन्दोलन, क्षेत्रीय आमहड्ताल, मेची-काली कार्यक्रम, सभा, अन्तरक्रिया, संसदीय मञ्चको प्रयोगले नेपाली जनताका बिच सङ्घीयताको विपक्षमा जनमतलाई फराकिलो बनाउँदै लगेको छ । नेपालमा सङ्घीयताको ७/८ वर्षको व्यवहारिक अभ्यास र अनुभवबाट समेत सङ्घीयता निक्कै खर्चिलो व्यवस्था भएको कुरा जनताले प्रत्यक्ष महशुस गरेका छन् । सङ्घीयता विरुद्ध जनतामा निर्माण भएको जनमतलाई सङ्घीयताको खारेजीको तहसम्म पुऱ्याउनुपर्ने आवश्यकता छ ।

विश्वमा भएका सङ्घीयताको प्रयोग र अभ्यासले दुईटा कुरा स्पष्ट देख्न पाइन्छ । विश्वमा एकातिर सङ्घीयताको प्रयोग र अभ्यास विभिन्न राज्य वा मुलुकका बिच एकीकरणको उद्देश्यले सङ्घीयताको मोडेल अपनाएका छन् । त्यस प्रकारका मुलुकमा सङ्घीयताले एकीकरण र संयोजनको काम गरेको छ । अर्कोतर्फ केही मुलुकहरू विदेशीहरूको दबाब थेग्न नसकेर वा सङ्घीयतामा जाने कुनै आधार नभएर पनि सङ्घीयतामा गएका छन् । ती मुलुकहरू कि त सङ्घीयता विघटन गरेर पुन: एकात्मकमा विना कुनै दुर्घटना, क्षति वा विखण्डनको मूल्य नचुकाई फर्केका छन् वा ती मुलुकहरूले विखण्डनको नियती भोगेर एकात्मकमा फर्केका छन् वा राज्य टुक्रिएका छन् वा आन्तरिक राष्ट्रिय एकता गम्भीर रूपमा खल्बलिएको छ । गृहयुद्धका कारण लाखौं मान्छेको मृत्यु भइसकेको छ । तर गृहयुद्ध रोकिन्न । ३ वटा प्रदेशबाट सुरू भएर ३६ वटा प्रदेश बनिसक्दा पनि थप प्रदेश निर्माणको भोक शान्त भएको छैन । दिनप्रतिदिन थप प्रदेशका लागि गृहयुद्ध जारी छ ।

जहाँसम्म नेपालको सवाल छ, नेपालमा सङ्घीयता विभिन्न राज्य बिच एकीकरण वा संयोजनको उद्देश्यद्वारा आएको छैन । नेपालको आन्तरिक राष्ट्रिय एकता टुक्राउने र अन्तत: नेपाललाई नै विभाजन गर्ने उद्देश्यद्वारा विदेशीको दबाबमा भित्राइएको हो । विश्वका कतिपय मुलुक जुन कारण र आधारमा सङ्घीयतामा गएका थिए त्यसमध्ये कुनै कारण वा आधार नेपालमा विद्यमान छैनन् । विना आधार नेपालमा कृतिम प्रकारले सङ्घीयता लाद्ने काम भएको छ । त्यसैले सङ्घीयता कुनै पनि दृष्टिकोणले नेपालका लागि उपयुक्त छैन । नेपाललाई सङ्घीयतामा लैजानुपर्ने कुनै कारण वा आधार हिजो विद्यमान थिएन र अहिले पनि छैन ।

निश्चित रूपले नेपालको केन्द्रिकृत सामन्ती सत्ताले सम्पूर्ण वर्ग, समुदाय, लिङ्ग, भाषा, संस्कृति, क्षेत्रमाथि विभेद र उत्पीडन गरेको थियो । केन्द्रिकृत सामन्ती सत्ताले दलित, महिला, जनजाति, मधेशी, सुदुरपश्चिम, कर्णालीमाथि विभिन्न प्रकारका दमन र भेदभाव गरेको थियो । यी वर्ग समुदाय, क्षेत्र र लिङ्ग अधिकारविहीन र उपेक्षित थिए । ती वर्ग, समुदाय, क्षेत्र, भाषा, संस्कृति, लिङ्गको हक अधिकार स्थापित गर्न सामन्ती केन्द्रिकृत सत्ताको अन्त आवश्यक थियो । सामन्ती केन्द्रिकृत सत्ताबाट शोषित उत्पीडित वर्ग, समुदाय, लिङ्ग, क्षेत्रले अधिकार मागेको थियो । तर विदेशीहरूको घुसपैठको परिणाम भूगोल प्राप्त गरेपछि मात्र अधिकार सुनिश्चित हुन्छ भन्ने विखण्डनकारी दिशातर्फ डोऱ्याउने काम भयो । विदेशी शक्तिहरूले उक्त कुरा स्थापित गर्न खुल्ला रूपमा आम अभियान चलाउनुका साथै अर्बौंको धनराशी खर्च गरेका थिए ।

नेपालको संविधानमा सङ्घीयता लादेदेखि अहिलेसम्म यसका दुईटा गम्भीर नकारात्मक सहउत्पादनसँग हामी जुध्नु परिरहेको छ । सङ्घीयताको कारण सुरूवाती अवस्थामा नेपालले राष्ट्रियता र सार्वभौमसत्तामाथि प्रत्यक्ष हस्तक्षेप र दबाब झेल्नु पर्‍यो ।

मुलुकको आन्तरिक एकतालाई टुक्राउन थुप्रै प्रकारका प्रत्यक्ष र छद्म प्रकारका गतिविधिहरू अगाडि बढाउने काम भए । पहाडी र मधेशी, हिन्दू र मुश्लिम, पहाडी र थारू, जनजाति र गैर जनजाति, पहाड र मधेशका बिच घृणा फैलाउने, काटमार गराउने एउटा जातिलाई अर्को जातिसँग योजनाबद्ध ढङ्गबाट लडाउने कामहरू भए ।

नेपाललाई जातीय तथा क्षेत्रीय राज्यमा लैजान भारत र पश्चिमाहरूका बिच साँठगाँठ नै भएको थियो । पहाडी भेगमा खडा गरिने कथित जातीय प्रदेशलाई भारत र तराईमा खडा गरिने एक मधेश एक प्रदेश वा दुई प्रदेशलाई पश्चिमाहरूले समर्थन गरेका थिए । नेपालमा सङ्घीयता लाद्न र जातीय तथा क्षेत्रीय आधारमा नेपाललाई सङ्घीयतामा लैजान विदेशी शक्तिहरूको बिच प्रत्यक्ष प्रतिस्पर्धा नै देखिएको थियो । नेपालको हकमा सङ्घीयताको इस्यु वा नारा नेपालको सङ्घीयता पक्षधरहरूको मात्र नभएर त्यससँग भारत लगायतका पश्चिमा शक्तिहरू समेत जोडिएका छन् । तर आ-आफ्नो स्वार्थका लागि नेपाललाई सङ्घीयतामा कायम राखी राख्ने सवालमा अन्तर्राष्ट्रिय शक्तिहरू एक ठाउँमा छन् ।

> विश्वमा भएका सङ्घीयताको प्रयोग र अभ्यासले दुईटा कुरा स्पष्ट देख्न पाइन्छ । विश्वमा एकातिर सङ्घीयताको प्रयोग र अभ्यास विभिन्न राज्य वा मुलुकका बिच एकीकरणको उद्देश्यले सङ्घीयताको मोडेल अपनाएका छन् । त्यस प्रकारका मुलुकमा सङ्घीयताले एकीकरण र संयोजनको काम गरेको छ । अर्कोतर्फ केही मुलुकहरू विदेशीहरूको दबाब थेग्न नसकेर वा सङ्घीयतामा जाने कुनै आधार नभएर पनि सङ्घीयतामा गएका छन् ।

सङ्घीयताको शुरूवाती अवस्थामा यसको राजनीतिक पक्ष अर्थात् नेपालको राष्ट्रियता र अखण्डतालाई खण्डित गर्ने दुष्कार्य बढी मुखर भएर देखा परेको थियो अर्थात् राजनीतिक पक्ष प्रधान बनेको थियो । विदेशीहरू नेपालमा जातीय तथा क्षेत्रीय आधारमा प्रदेशको निर्माण गराउन धेरै हदसम्म असफल भएका छन् । तर विभिन्न बहानामा पहाडमा थुप्रै जातीय राज्य र तराईमा सकभर एक प्रदेश नभए एक मधेश दुई प्रदेशमा वा पहाड हिमाललाई तराईबाट अलग्याएर प्रदेश निर्माणको नीतिबाट विदेशी प्रतिक्रियावादीहरू पछाडि हटेका छैनन् । अहिले पनि विभिन्न प्रदेशमा जातीय घृणा फैलाउने कार्य जारी छ । त्यो कार्य संविधान निर्माणको क्रममा देखा परेको भन्दा केही कम वा मत्थर छ । तर सङ्घीयता रहिरहेसम्म यो सवाल पुन: चर्को रूपमा देखा पर्ने खतरा विद्यमान नै छ ।

मुलुक सङ्घीयतामा गइसकेपछि राज्य सञ्चालनमा अत्यधिक व्ययभारमा बुद्धि भएको छ । त्यसैपनि सङ्घीयता खर्चिलो शासन प्रणाली हो । राज्य सञ्चालनमा बढेको अत्यधिक व्यय भारको मारमा जनता प्रत्यक्ष परेका छन् । राज्य सञ्चालनमा परेको व्ययभारलाई व्यहोर्न राज्यले विभिन्न प्रकारका कर र करको दायरा बढाउँदै लगेको छ । कर लगाउने क्षेत्र वा श्रोतको खोजी गर्दा पनि ती क्षेत्र वा स्रोत पाउन राज्यलाई गाह्रो भइसकेको स्थिति छ । राज्य सञ्चालनमा बढेको अत्यधिक व्ययभार व्यहोर्न एकातर्फ आन्तरिक रूपमा जनतामाथि करको बोझ बढाउँदै लैजाने काम भइरहेको छ । अर्कोतर्फ बाह्य र आन्तरिक ऋण लिनु परिरहेको छ । जसको परिणाम सार्वजनिक ऋणको आयतनमा भारी बृद्धि भएको छ । सार्वजनिक ऋणको व्याज तिर्नका लागि मात्रै प्रत्येक वर्ष बजेट थुप्रै रकम छुट्याउनु परिरहेको छ । जनताबाट राज्य सञ्चालनका लागि करमा बृद्धि गर्दै लगे पनि त्यसको अनुपात जनताले कुनै सुविधा पाइरहेका छैनन् । करमा बृद्धि गर्नु तथा आन्तरिक वा बाह्य ऋण उठाउनुका पछाडि सङ्घीयता धान्ने बाहेक सरकारको अन्य उद्देश्य देखिन्न ।

सातवटै प्रदेशको ८ वर्षको आम्दानी र खर्चको विवरण हेर्दा कुनै पनि प्रदेश आफ्नै राजश्व वा आम्दानीको बलबुतामा सञ्चालन हुन सक्ने सम्भावना नै छैन । यहाँसम्म कि कुनै प्रदेशको वार्षिक खर्चको अनुपातमा कम्तिमा ३० प्रतिशत पनि आम्दानी वा आर्थिक रूपले सक्षम छैनन् । प्रदेश संरचना निर्माण भएदेखि अहिलेसम्म प्रदेशको ९० देखि ९९ प्रतिशतसम्म बजेट केन्द्रको अनुदानमाथि आश्रित छ ।

सातवटा मध्ये कुनै प्रदेशले पनि सङ्घीय सञ्चिती कोषमा ३० प्रतिशत सम्मको पनि योगदान गर्न सक्ने हैसियत वा अवस्थामा छैनन् । कर लगाउने क्षेत्र वा स्रोत खोज्न अनेक प्रयत्न गर्दा पनि सम्भव भइरहेको छैन । त्यसैले प्रदेशलाई आर्थिक रूपमा धान्न सक्ने नेपालको आर्थिक स्थिति छैन । धेरै समयसम्म विदेशी र आन्तरिक ऋण उठाएर वा करको मारमा जनतालाई पारेर सङ्घीयता सञ्चालन गर्न खोज्दा नेपाल विदेशीहरूको ऋणको पासोमा पर्ने र त्यसबाट मुलुकको राष्ट्रियता र सार्वभौमसत्तामा समेत गम्भीर असर पुग्ने देखिन्छ ।

विभिन्न राज्य मिलेर एकीकरणको उद्देश्यद्वारा नेपाललाई सङ्घीयतामा लगिएको होइन । जुन मुलुक विभिन्न राज्य मिलेर सङ्घीयतामा गएका छन् त्यहाँ त्यो प्रणाली सञ्चालन गर्न लाग्ने खर्च पूर्तिका विभिन्न स्रोतको एकीकृत परिचालन भएको पाइन्छ । राज्यहरूका बिच कानुनी रूपमा एकीकरण हुनुका साथै एकीकरणमा आबद्ध हुने राज्यहरूले आफ्नो आर्थिकको मुख्य स्रोत प्राकृतिक स्रोतको पनि एकीकरण गरेको हुन्छ । तर त्यसको ठिक विपरीत विभिन्न राज्य मिलेर नेपाल सङ्घीयतामा गएको होइन । एकीकृत नेपाललाई र उसको प्राकृतिक स्रोतलाई विभाजन गरेर सातवटा बेग्लाबेग्लै राज्य खडा गरिएको हो । एकीकृत नेपालको प्राकृतिक स्रोतलाई विभिन्न प्रदेशमा विभाजन गरेर त्यसबाट हुने आम्दानीलाई प्राकृतिक स्रोतको बाँडफाँटको आधारमा वितरण गरेर प्रदेशलाई सञ्चालन गर्न खोजिएको छ । जुन सम्भव नै छैन । प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजश्व सङ्कलनको क्षमताको आधारमा केन्द्रीय सरकारले वित्तिय अनुदान दिनुपर्ने संवैधानिक व्यवस्था गरेको छ । तर प्रदेश र स्थानीय तहले उठाउन पाउने राजश्व र करको सूची दोहोरो प्रकारका छन् । मुलुकभरिबाट सङ्कलन हुने राजश्वलाई प्रदेश र स्थानीय तहको खर्चको आवश्यकताका आधारमा वितरण गर्न सक्ने सम्भावना नै छैन । प्रदेशको प्रशासनिक र साधारण खर्चमा अत्यधिक बृद्धि भएर गएको छ । तर त्यसको तुलनामा आम्दानी बढ्नु त टाढाको विषय भयो । स्वयं केन्द्रकै आम्दानीका क्षेत्र र स्रोत खुम्चिरहेका छन् । त्यसैले आर्थिक दृष्टिकोणले सङ्घीयता सञ्चालन गर्न सक्ने नेपालको स्थिति नै छैन । त्यसको प्रत्यक्ष अनुभूति अहिले जनतालाई भएको छ । त्यसैले अहिले सङ्घीयताको कारण उत्पन्न आर्थिक समस्या प्रमुख रूपमा देखा परेको छ ।

केन्द्रीय सरकारले वार्षिक रूपमा सङ्कलन गर्ने राजश्वको अनुपात वा रकम घट्दै जानुको परिणाम केन्द्रले प्रदेशलाई दिने अनुदानमा विगत ३/४ वर्षदेखि कटौति गर्न थालेको छ । केन्द्रले र प्रदेशलाई दिने अनुदान कटौति हुन थालेपछि प्रदेशले पनि आफ्नो बजेटको आकार घटाउँदै लगेका छन् । प्रदेशको खर्च निश्चित छ तर आम्दानी छैन । त्यस्तो अवस्थामा प्रदेशले पनि आन्तरिक ऋण उठाउने तथा केन्द्रलाई अनुदानमा बृद्धि गर्न दबाब दिने र सर्वसाधारणमाथि कर वृद्धिको सहारा लिनु परेको छ । वृद्धि भएको करबाट मुलुकको विकास कार्य अगाडि बढाउने भन्दा प्रदेशको शासकीय स्वरूप धान्नमा बढी केन्द्रित छ । नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार पनि मुलुक राष्ट्रिय बजेटको ८३ प्रतिशत रकम प्रशासनिक, १७ प्रतिशत रकम विकासका लागि विनियोजन गर्नु परिरहेको छ । यसबाट पनि मुलुक सङ्घीयतामा गएपछि विकासको काम निकै पछाडि पर्दै गएको तथ्य नै स्थापित भएको छ ।

सङ्घीयताको कारण वृद्धि भएको व्ययभारको मारमा नेपाली जनता परेका छन् । जसको कारण नेपाली जनतामा सङ्घीयताको विरुद्ध व्यापक असन्तोष बढिरहेको छ । सङ्घीयताको विरुद्ध जनतामा बढ्दो असन्तोषलाई राजावादीहरूले गणतन्त्रका विरुद्ध प्रयोग गर्न खोजिरहेका छन् । सङ्घीयताको खारेजीको नारा अगाडि सारेर गणतन्त्रलाई खतम गर्न षड्यन्त्र गरिरहेका छन् । त्यसैले सङ्घीयताको कारण गणतन्त्र समेत कमजोर हुने अवस्था पैदा भएको छ । सङ्घीयता खारेजीको नाराका पछाडि राजावादीहरूको उद्देश्य राजतन्त्रको पुनर्स्थापना गर्नु र मुलुकलाई पुनः केन्द्रिकृत सामन्ती एकात्मक प्रणालीमा फर्काउनु नै हो । त्यसैले राजतन्त्रको पुनर्स्थापनाका लागि नभएर गणतन्त्रको रक्षाका लागि सङ्घीयता खारेज हुनु आवश्यक छ ।

हामीले केन्द्रिकृत सामन्ती एकात्मक राज्यप्रणालीको खारेजीमा जोड दिएका छौं । केन्द्रिकृत एकात्मक राज्य प्रणालीलाई खारेज गरेर त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रीयताको सिद्धान्तमाथि आधारित एकात्मक राज्य प्रणाली कायम गरिनु पर्दछ । विद्यमान प्रदेशको शासकीय स्वरूपलाई खारेज गरेर केन्द्र र जिल्लाका बिच समन्वय कायम गर्न प्रदेशको प्रशासनिक संरचना निर्माण गर्ने र स्थानीय स्वशासनलाई मौलिक हक अन्तर्गत राख्नु पर्दछ । •

■ लेख

# राजनीतिमा बल प्रयोगको महत्त्व

- का. उत्तरकुमार

राजनीति गर्ने भनेको वर्गसङ्घर्ष गर्ने हो । वर्गसङ्घर्ष गर्नलाई पहिले वर्ग हुनुपर्छ । त्यसपछि वर्ग अनुशासन र वर्ग चेतनाको कुरा आउँछ । वर्गसङ्घर्ष गर्ने भनेको वर्गले लड्ने लडाई हो । यो बल प्रयोगको उद्देश्य सहित हुन्छ । जनतालाई राजनीतिक चेतनाबाट एकतावद्ध गराउन सकियो भने त्यो भौतिक शक्ति बन्न जान्छ । राजनीति यसकारणले महत्त्वपूर्ण हुन्छ कि त्यहाँ वर्गीय मुक्ति सम्मिलित हुन्छ । वर्गले लडाई लडेर आफ्नो वर्गीय मुक्तिसम्म पुग्न राजनीतिक रूपको सङ्घर्ष गरेको हुन पर्छ । सङ्घर्षका रूपहरू आर्थिक सङ्घर्ष राजनीतिक सङ्घर्ष र वैचारिक सङ्घर्ष हुन्छन् । वर्गसङ्घर्षको पहिलो रूप आर्थिक सङ्घर्ष हो । शोषितहरूले शोषकहरूका विरुद्ध ज्याला बढाउने, कामको घण्टा घटाउने, स्थायित्व र छुट्टी आदि जस्ता उद्देश्यका लागि गरिने आन्दोलन आर्थिक सङ्घर्षकाअन्तर्गत पर्ने आन्दोलनहरू हुन् । ती आन्दोलन गर्दा उनीहरूलाई जानकारी हुन्छ कि ती आन्दोलन या सङ्घर्षको सम्बन्ध राजनीतिसँग सम्वन्धित हुन्छन् । राजनीतिक सङ्घर्ष विना आर्थिक सङ्घर्षअन्तर्गतका मागहरू पूरा हुन सक्दैनन् । त्यो अनुभवबाट उनीहरू राजनीतिक आन्दोलनसँग सम्बन्धित काम गर्नु पर्ने वास्तविकता महसुस गरेर राजनीतिक पार्टीहरू पहिल्याउने र राजनीतिक आन्दोलन गर्ने कामका लागि प्रेरित हुन्छन् । राजनीतिक आन्दोलनमा, हडताल, नेपाल बन्द, संसद् घेराउ, ज्ञापन पत्र, जुलुस, सभा गर्दै सशस्त्र सङ्घर्षको तैयारी र प्रयोग गर्ने काम पर्दछन् । राज्य सत्तालाई खुसी पार्ने भन्दा बढी बल प्रयोग गरेर बाध्य बनाउन यी तरिकाहरूले राज्यसत्तामा आमूल परिवर्तन गर्ने र जनताको पहुँच भएको राज्यसत्ता निर्माण गर्ने उद्देश्यको सेवा गर्छन् । राज्य सत्ता सञ्चालकहरूले पनि आन्दोलनको तागतको स्थिति मूल्याङ्कन गरेर वार्ता, छलफल, आश्वासन आदि हल्का तरीकाको प्रयोग गर्दै अश्रुग्याँस, पानीका फोहोरा, गर्दै आन्दोलनलाई बल प्रयोग गर्दै अगाडि बढ्छन् । बल प्रयोग सत्ता पक्षको बढी हुन्छ अथवा प्रतिपक्षको बढी हुन्छ नाप, जाँच, जोख, तौल आदि गर्दै राजनीति अगाडि बढी रहन्छ ।

दास व्यवस्थामा सशस्त्र विद्रोह दास व्यवस्था विरुद्ध बल प्रयोग थियो । नेपालको राणा शासन विरुद्धको बल प्रयोग, चार जनाले आफ्नो ज्यान उत्सर्ग गरेर मर्न तैयार हुने, तर राणा शासन ठिक छ भनेर स्वीकार नगर्ने गरी प्रयोग गरिएको बल थियो । आमूल परिवर्तनको लागि गर्ने बल प्रयोग त्यो सबैभन्दा उच्च स्तरको बल प्रयोग आवश्यक हुन्छ । हडताल जुलुस नेपालका सामान्य प्रकारका बल प्रयोगका अभ्यासहरू हुन् । राज्यसत्ता चलाउने भन्दा चलाउन बढी महत्त्वका काम हो । राज्यसत्ता चलाउन सक्ने अनुशासित जनशक्ति नभईकन एकातिर राज्यसत्ता भत्काउन सकिन्न । अर्कोतिर व्यवस्थित किसिमले सञ्चालन गर्न नसकेर प्रतिगमन हुन्छ । राज्यसत्ता भत्काउन होस् अथवा चलाउन होस दुवै अवस्थामा जनताको साथ र सहयोग आवश्यक हुन्छ । त्यसकारण जनताको राजनीतिक चेतना स्तर उच्च बनाउने काम बल प्रयोगका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । राज्यसत्ता चलाउन सक्ने गरी सङ्गठित शक्ति तैयार पार्दा समाजमा शोषण उत्पीडनमा परेका किसान मजदुरहरूका सचेत र सङ्गठित शक्तिको सबैभन्दा उच्च महत्त्व हुन्छ । कुनै पनि समाजमा शोषण उत्पीडन कति बढी छ भन्दा पनि शोषित उत्पीडित वर्गको राजनीतिक क्रियाकलाप कति बढी छ भन्ने कुराले बढी महत्त्व राख्दछ । समाजमा सामाजिक अस्तित्व प्रथम महत्त्वको र व्यक्तिको चेतना त्यसको मातहतको हुन्छ । सामाजिक अस्तित्वमा प्रचलित व्यवस्था, समाजको परम्परा, समाजको संस्कृति, आदि कुराले निर्माण गरेका हुन्छन् । अधिकारको कुरा प्रचलित व्यवस्था र सांस्कृतिक अवस्था भन्दामाथि हुन सक्दैन । प्रचलित व्यवस्था तत्कालीन समाजको बौद्धिक शक्ति पनि हो । तत्कालीन समाजका उत्पादक शक्तिको राजनीतिक चेतना र राजनीतिक सङ्गठनको अवस्था जहाँ छ सामाजिक व्यवस्थाको स्थान पनि त्यहीं भएको हुन्छ । महत्त्वका हिसाबले राजनीतिक सिद्धान्त पहिलो हुन्छ । त्यो सिद्धान्त अनुसार कामगर्ने राजनीतिक लाइन दोस्रो महत्त्व हुन्छ र राजनीतिक सङ्गठन तेस्रो महत्त्वका हुन्छ । महत्त्वको हिसाबले तेस्रो स्थानमा रहेको भए पनि सङ्गठनले निर्णायका पछि मात्र सङ्गठनको अवस्था त्यस्तै हो जस्ता हिमालमा हिउँ जमेको हुन्छ । हिमाल सबैभन्दा अग्लो हुन्छन् । बिहान सबेरै हिमालमा घाम झुल्किन्छ बेलुकी अबेरसम्म हिमालमा घाम लागिरहेको हुन्छ तापको स्रोत घाम हो । तर त्यही हिमालमा हिउँ जन्मनुको कारण हिमालमा हावाको घनत्व कम हुन्छ । सूर्यको प्रकाशबाट आएको ताप

लिनेका लागि हावाको घनत्व बढी भएको हुन आवश्यक हुन्छ । तराई होचो ठाउँमा छ त्यहाँ हावाको घनत्व बढी छ त्यसकारण बढी गर्मी हुन्छ हिउँ जम्न पाउन्न । ठिक त्यस्तै गरी सङ्गठनले पनि त्यस्तै भूमिका खेलेर राजनीतिक अस्तित्व कायम गरेको हुन्छ । राज्य सत्तामा आमूल परिवर्तन गर्न बल प्रयोग अनिवार्य हुन्छ । त्यति मात्र होइन प्रतिपक्षको बल प्रयोग बढी भएर सत्ता पक्षले थाम्न नसक्ने बनाउन अनिवार्य हुन्छ । जनताको शक्ति बढी भए पछि मात्र सत्ता पक्षको बल प्रयोग हार खाने हो । २०६२-२०६३ को १९ दिने आन्दोलनमा जनताको बल प्रयोग सत्ता पक्षको बल प्रयोग भन्दा बढी भएर नै राजाको कमान्डमा रहेको एकलाख सशस्त्र जत्थाबाट हुन सक्ने बल प्रयोग नभएको अवस्था आएको थियो । राजतन्त्रले हार स्वीकार गर्न बाध्य भएको थियो । भोलि हुने जनवादी क्रान्तिका लागि जनताको आन्दोलन बढ्दै गएपछि सत्तापक्षले बल प्रयोग अवश्य गर्छ । तर सशस्त्र सेनाका टुकडीहरूले पनि आफ्नो विवेक प्रयोग गर्नुपर्ने अवस्था अवश्य आउँछ । उनीहरू पनि जनताकै छोरा भएका कारण आफ्नो कमान्डरको निर्देशन अवज्ञा गरेर जनताका पक्षपाती भई त्यही राज्यसत्ताको विरुद्ध हतियार चलाउन सुरु गर्छन् । त्यस्तो अवस्थामा पक्ष, विपक्ष बिचको बल प्रयोगमध्ये जनताको पक्षमा र राज्यसत्ताको विपक्षमा हुने शक्तिबाट नै राज्य सत्तामा विजयी भएर जनताका पक्ष लिने पार्टी सत्तासीन हुने हो । त्यसकारण राज्यसत्ता परिवर्तनमा बल प्रयोग अनिवार्य शर्त हुन्छ । राज्यसत्तामा आमूल परिवर्तन गर्न बल प्रयोगको महत्त्व बढी भएपनि समाज परिवर्तनमा बल प्रयोगले काम गर्न सक्दैन । राजनीतिक चेतनास्तर उच्च बनाउने राजनीतिक पार्टीको भूमिका मुख्य हुन्छ ।

राज्यसत्ता मानव समाजमा बल प्रयोगबाट र बल प्रयोग गर्नकै लागि सुरु भएको थियो । सुरुमा जनताले आफ्नो जिम्मेवार प्रतिनिधिलाई आफ्ना भौतिक शक्तिका सामग्रीहरू जिम्मा लगाएको थियो । त्यतिखेर जनताको प्रतिनिधित्व गर्ने जिम्मेवारी पाएको व्यक्ति पनि समाजका अरू सदस्य जस्तै त्यही समाजको सदस्य थियो । तर समय र परिस्थिति अनुसार बल प्रयोग गर्ने, एकातिर र समाजका अरू सदस्य जस्तै सामान्य व्यक्ति हुनुको सट्टा बल प्रयोग गर्ने अधिकारी र शासक बन्ने अर्कोतिर भएर समाजमा वर्ग विभाजन भई सम्पत्ति र शक्ति सम्पन्न मालिक वर्ग भई बल प्रयोगको इतिहास सुरु भएको हो । त्यो बल प्रयोगमा निरन्तरता र उच्च स्तरको हुँदै अहिलेको अवस्थासम्म आइपुगेको छ । एकातिर जनसङ्ख्याको एक प्रतिशत सङ्गठित भई बल प्रयोग गर्ने राज्यसत्ता र अर्कोतिर उनान्सय प्रतिशतमध्ये सबैभन्दा बढी शोषित उत्पीडित श्रमजीवी वर्गका जनता भई बढी विभाजन भएको समाजमा हामी छौँ । अबको हाम्रो जिम्मेवारी भनेको शोषित उत्पीडित श्रमजीवी वर्गका जनताको जिम्मेवार प्रतिनिधि बन्ने हो । त्यो जिम्माको काम हो, जनताको राजनीतिक चेतनास्तर उच्च बनाएर बल प्रयोग गर्न सक्ने बनाउने । एकातिर, त्यो जिम्मेवारीमा विचलित नभईकन जनताको तर्फवाट जनताका विरोधी शक्तिलाई हराउने साथै उनीहरूको प्रतिरोधलाई असफल बनाउने काम गर्नै पर्छ । अर्कोतिर, जनता सचेत र सङ्गठित भई आन्दोलन गर्दा राज्यसत्ताको बल प्रयोगलाई निस्तेज पार्नै पर्छ । राज्यसत्ताका अङ्गहरू, सेना, प्रहरी, कर्मचारी र नेतागण वा राजनीतिक पार्टीहरू पनि कुनै न कुनै रूपमा जनतासित सम्बन्धित हुन्छ । उनीहरू राज्यसत्ताका अङ्ग भएर पनि जनताको पक्षमा काम गर्न लालायित शक्ति पनि त्यहाँ हुन्छ । परिस्थिति सधैँ एकै नास भइरहने अवस्था हुन्न । परिस्थितिको परिवर्तनसँगै उनीहरूले पनि सोच्नैपर्ने अवस्था आउँछ । हजारौँ हजार जनतालाई गोली चलाउनुभन्दा मुट्ठीभर प्रतिक्रियावादीहरूका विरुद्ध कार्वाही गर्न कस्सिनु पर्ने र त्यसो गर्दा आफ्नो, आफ्ना आफन्तजनको र देश र जनताको पक्षमा हुने विश्लेषण आफैले गर्नुपर्ने अवस्था आएको उनीहरू आफैले पनि महसुस गर्न सक्छन् ।

जसरी दासहरूमाथि बल प्रयोगले काम गर्न सकेन, राणा शासन, राजतन्त्र, पञ्चायती व्यवस्था आदि बल प्रयोगबाट अडिन सकेनन् त्यसैगरी व्यक्तिगत सम्पत्ति प्रथाका मालिकहरू पनि एक दिन बल प्रयोगबाट आफ्नो अस्तित्व बचाउन नसक्ने अवस्थामा पुग्ने छन् । किनभने व्यक्तिगत सम्पत्ति समाजका धेरै मान्छेको सक्रियताबाट उनीहरूकहाँ जम्मा भएको हो । त्यो न्यायसङ्गत छैन । प्रकृति विरुद्धको सङ्घर्षमा सबै मान्छे एक भई लाग्न र मान्छे मान्छे बिच वर्गीय विभाजन गर्न त्यही बल प्रयोगले काम गरेको छ । बल प्रयोगलाई बल प्रयोगबाट नै हराउनुपर्ने आजको आवश्यकता हो । अबको बल प्रयोग अहिलेसम्मका बल प्रयोगहरूभन्दा भिन्न र उच्च स्तरको हुने छन् । मान्छेको ठन्डा दिमागले सोचेर पक्षमा वा विपक्षमा आफैले फैसला गर्नु पर्ने अवस्था आउने छ । माओत्सेतुङलाई पक्रेका सशस्त्र जवानहरू च्याङकाइसेकप्रतिभन्दा माओत्सेतुङप्रति बफादार हुन चाहेको कारणले नै चिनियाँ क्रान्ति सफल पार्न सहयोग पुगेको थियो । नेपाली सेना राजा ज्ञानेन्द्रप्रतिभन्दा नेपाली जनताप्रति बफादार हुन चाहेकै कारणले गणतन्त्र स्थापित भएको थियो । त्यसरी नै बल प्रयोग निस्तेज भई जनवादी गणतन्त्र स्थापित हुने हो ।

बल प्रयोगबाट सुरु भएको राज्यसत्ता बल प्रयोगबाट काम गर्न नसक्ने अवस्थामा पुगेपछि साम्यवाद स्थापना हुने हो । सुरुमा जसरी बल प्रयोग बिना आफ्ना इमानदार सदस्यलाई आफ्नो प्रतिनिधि बनाएका थिए । लामो अवधिको बल प्रयोग अब काम नलाग्ने महसुस भई आफ्ना जिम्मेवार प्रतिनिधिको हातमा राज्यसत्ता सुम्पने र राज्यसत्तालाई नै पुराना सामग्री रहेको सङ्ग्रहालयमा सुरक्षित गर्ने अवस्था ल्याउने अबको बल प्रयोगको उद्देश्य हुने छ । त्यसपछिको समाजका नागरिक श्रमप्रति र समाजप्रति जबाफदेही हुने छन् । व्यक्तिगत स्वामित्वको सम्पत्तिप्रति होइन । आदिम साम्यवादी समाजका सदस्यहरू बिहानदेखी बेलुकीसम्म काममा लगातार खटिरहने गर्दथे । तर अहिलेको समाजलाई आफू बाहेकका व्यक्तिहरूको पनि स्वार्थ ख्याल गर्न हामी चौबिसै घण्टा खट्नुपर्ने छैन । हामीलाई मनोरञ्जनको, लागि पनि समय पुग्ने छ । त्यो काम समाजका श्रमजीविको श्रमले भएको हो ।

राजनीतिमा बल प्रयोगको उच्च महत्त्व छ । राजनीतिक पार्टीहरूको निर्देशनमा जनता सडकमा आउँछन् । जनता आँधी बनेर सडकमा आउने हो भने कसैले रोक्न सक्दैन । जनता जहिलेसुकै र राजनीतिक पार्टीले चाहने बित्तिकै पनि सडकमा आएर आन्दोलनमा सहभागी हुन्नन् । जनतालाई तताउने राजनीतिक पार्टीहरूले नै हो । खासखास समयमा र खासखास परिस्थितिमा जनता सडकमा उत्रन्छन् । जनता सडकमा आएर बलप्रयोग गर्ने कुरा महिला सुत्केरी समयमा सुडेनीले सहयोग गर्ने जस्तै हो । सुडेनीले बच्चा जन्माउन होइन । बच्चा जन्माउने तिनी महिलाले नै हो जसले नौ महिनासम्म बच्चा पेटमा हुर्काइरहेकी हुन्छिन् । सुडेनीहरूको काम बच्चा जन्माउन सजिलो बनाउने हो । ठिक त्यस्तै गरी जनताको भीडले राज्यसत्ता सञ्चालन गर्ने होइन । राज्यसत्ता सञ्चालन गर्ने तिनै पार्टीहरूले हो जसले धेरै समय पहिलेदेखि जनताको बिचमा राजनीतिक काम गरिरहेका हुन्छन् । जनता सडकमा उत्रेर बल प्रयोग गर्दा जनताका बिचमा काम गरिरहेका राजनीतिक पार्टीहरूलाई राज्यसत्तामा आमूल परिवर्तन गरेर जनताको राज्यसत्ता स्थापना गर्न र सञ्चालन गर्न सहयोग पुऱ्याउने काम हुन्छ । त्यो काम इतिहास रचना गर्ने काम हो र इतिहासका निर्माता जनता हुन् । जनताले राजनीतिक कामको मूल्याङ्कन गर्छन् । राजनीतिक पार्टीहरू समाजका झगडिया जस्तै हुन् । झगडियाहरू झगडा गर्छन् । मुद्दा मामिला गर्छन् । मुद्दा फैसला गर्ने न्यायाधीशले हो । झगडियालाई जस्तो रिस न्यायाधीशलाई उठ्ने हो भने एकै दिनमा मुद्दा फैसला हुने थियो तर न्यायधीशले साक्षी प्रमाण, सर्जमिन - नजिर, परिस्थिति आदि सबैको मुल्याङ्कन गरेर मात्र मुद्दा फैसला गर्दा धेरै समय लाग्छ ठिक त्यस्तै गरी जनताले राजनीतिक पार्टीहरूको मुल्याङ्कन गर्छन् र गरिरहेका हुन्छन् तब मात्रै सडकमा निस्कन्छन् जब सबै कुराबाट उनीहरू परिस्थिति अनुकूल भएको महसुस गर्छन् । अनि मात्रै राजनीतिक फैसला हुन्छ । नयाँ इतिहास सुरु हुन्छ र अगाडि बढ्छ ।

राजनीतिक कार्यकर्ता, जनताभन्दा बढी सचेत, बढी अनुशासित र बढी सङ्गठित हुन्छन् । जनतालाई सचेत, अनुशासित र सङ्गठित बनाउन काम राजनीतिक कार्यकर्ताहरूको हो । कार्यकर्ता सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक तिनवटै किसिमले जनताभन्दा उच्च अवस्थामा हुन आवश्यक पर्छ । तब मात्रै जनताले उनीहरूको सिको गर्न सक्छन् । आफू पनि सचेत र सङ्गठित हुने प्रयत्न गर्छन् । कम्युनिस्ट पार्टीले आफ्ना कार्यकर्ताहरूलाई पूर्णकालीन राजनीतिक कार्यकर्ता बनाउने र सर्वहाराकरण गर्ने दुईवटा महत्त्वपूर्ण काम गर्ने उद्देश्य सहित, कार्यकर्ता परिचालन गर्दछ । अनुशासित र मिलिटेन्ट कार्यकर्ता त्योभन्दा उच्चस्तरको नेतृत्व पङ्क्तिको नक्कल गर्ने प्रयत्न गर्छन् । तब मात्र यस्तो राजनीतिक टिम तयार हुन्छ जसले आमूल परिवर्तनमा जनताको नेतृत्व गर्न सक्छ । जनताले आफ्नो ज्यान भन्दा राजनीतिक परिवर्तनलाई बढी महत्त्वपूर्ण काम माने भने मात्र आफ्नो छातीमा गोली थाप्न तयार हुन्छन् । त्याग र बलिदानको महत्त्व बुझाउने राजनीतिक पार्टीले आफ्नो इतिहास र परम्पराको पनि ख्याल गरेको हुन्छ र त्यही इतिहास रचना गर्न जनता बिच विश्वास बढाउँछ तब मात्रै जनताका बलमा राजनीतिक परिवर्तन सम्भव हुन्छ । जनताले याम टाइममा बल प्रयोगमा सहयोग पुऱ्याउने हुन् । आफूहरू निरन्तर राजनीतिक कार्यकर्ता बनेर लाग्न सक्दैनन् । त्यसको मुख्य कारण उनीहरू आफ्ना दैनिक आवश्यकता पूरा गरेर समय निकाल्न सक्दैनन् । एकातिर र आफ्नो भूमिकाको महत्त्व बुझेका हुन्नन् अर्कोतिर तिनै कारणले धेरै पुस्तासम्म अत्याचार र शोषणका बोझ सहेर जीवन बिताइरहेका हुन्छन् । आफ्नो जीवनका महत्त्व र योगदानका आवश्यकता बुझाउने पनि राजनीतिक पार्टीले नै हो । निरन्तरको अध्ययन, निरन्तरको प्रशिक्षण, निरन्तरको सङ्घर्ष बिना राजनीतिक कार्यकर्ता बन्ने र आमूल परिवर्तनमा आफ्नो योगदान बढीभन्दा बढी थप्न सक्ने अवस्थामा कम्युनिस्ट पार्टीका कार्यकर्ता पुग्न सक्दैनन् र जनताले बल प्रयोग गन सक्ने अवस्थामा पुऱ्याउन पनि नसक्ने कारण त्यही हो । •

# आत्मनिर्भर पार्टी निर्माणको प्रश्न

– का. सुदीप शर्मा

आर्थिक दृष्टिले आत्मनिर्भर पार्टी कसरी बनाउन सकिन्छ ? कम्युनिस्ट पार्टीको लागि यो प्रश्न अहम् महत्त्वको प्रश्न हो । यसको उचित समाधान बिना पार्टीले आफ्नो लक्ष्य हासिल गर्न सम्भव हुन्न । आर्थिक रूपमा सक्षम, सबल र आत्मनिर्भर पार्टीले मात्र सफलताको शिखर चुम्न सक्छ । कम्युनिस्ट पार्टीको मात्र नभएर जुनसुकै पार्टी आर्थिक रूपले आत्मनिर्भर हुनु अनिवार्य हुन्छ । यहाँ बुर्जुवा पार्टीको कुरा गर्न खोजिएको होइन । उनीहरूका आर्थिक स्रोतहरू अनेक हुन सक्छन् । अनेकन अपारदर्शी स्रोतको प्रयोग गरेर पार्टीका गतिविधि सञ्चालन भएका कैयौँ उदाहरणहरू हाम्रो सामु उजागर भएका छन् ।

आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्छ भनेर चर्चा गर्न खोजिएको आमूल परिवर्तनकारी पार्टी कम्युनिस्ट पार्टीको हो । विशेषत: नेपाल कम्युनिस्ट पार्टी(मसाल)को हो । कुरा सोचिए जति सजिलो छैन । पार्टी अरूको भरमा नपरेर आफ्नो बलबुतामा काम गर्न सक्षम बनाउने कार्य अत्यन्तै जटिल विषय हो । जटिल हो भनेर आर्थिक विषयलाई गम्भीरतापूर्वक नलिएर काम चल्नेवाला छैन । पार्टीका हरेक गतिविधिहरूको सफलता वा असफलता पार्टीको आर्थिक पक्ष कति सबल वा दुर्बल छन् भन्ने कुरामा निर्भर हुन्छ ।

जुनबेलासम्म पार्टीका नियमित कामहरू सामान्य रूपमा चल्दछन् त्यतिबेला पार्टीको आयस्रोतको दायरा पनि सीमित र कमजोर भएर गतिविधिहरू चलिरहन मुस्किल हुँदैन । जनतासँग सहयोग लिएर पनि सामान्य गतिविधि सुचारू हुन्छन् । जब आन्दोलनले गति लिन थाल्दछ, सङ्गठनको आकार विस्तार हुन्छ, जनसम्बन्ध तीव्र गतिले फैलिन्छ तब आर्थिक स्रोतको वृद्धि गर्नुपर्ने आवश्यकता बढ्दै जान्छ । आन्दोलन धान्नका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्नुपर्ने आवश्यकता हुन्छ । कम्युनिस्ट पार्टीका आर्थिक स्रोतहरू सीमित हुन्छन् । लेवी, सदस्यता शुल्क र जनस्तरबाट प्राप्त चन्दा सहयोग कम्युनिस्ट पार्टीका आय आर्जनका स्रोतहरू हुन् । । पार्टीका लागि यी स्रोतहरू पर्याप्त हुँदैनन् । चन्दा सहयोग पार्टी कार्यकर्तामा मात्र सीमित गरियो भने पनि त्यसलाई भरपर्दो स्रोतका रूपमा लिन सकिँदैन । सहयोगलाई मूल स्रोत मान्दा सहयोगका लागि अन्य पक्षसँग भर पर्नुपर्ने हुन जान्छ । अन्य पक्ष भन्नाले वर्ग वैरीहरूको समेत अन्तरनिर्भरता भन्ने हुन सक्छ । उनीहरूको अन्तरर्भिरताले सङ्घर्षमा बाधा अड्चन सृजना हुन सक्छ ।

चन्दा सहयोगको भरमा आर्थिक गतिविधि सीमित गरियो भने वर्ग वैरीका विरुद्धको सङ्घर्ष शिथिल हुने सम्भावना रहन्छ । त्यसैले पार्टीलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन कार्यकर्तालाई श्रमसँग जोडेर लैजान आवश्यक छ । कार्यकर्तालाई श्रमसँग जोड्नु भनेको पार्टीले उत्पादनका कार्यमा जोड दिनुपर्छ भनेको हो ।

उत्पादनसँग सम्बन्धित कार्यहरू जस्तै व्यापार व्यवसाय, उद्योग र विभिन्न परियोजनाहरू सञ्चालन गर्दै पार्टीको आय स्रोत बढाउन प्रयत्न गर्नुपर्छ । पार्टीले कयौँपटक आयआर्जनका कार्यहरू गर्दै आएको छ । तर पार्टीले अपनाएका आय आर्जनका कार्यको इतिहास सुखद छैन । पार्टीले अगाडि सारेका आर्थिक योजनाहरू मूल रूपमा असफल हुने गरेका छन् । पार्टीले अगाडि सारेका आर्थिक योजना किन सफल भइरहेका छैनन् ? गम्भीर समीक्षा हुन जरूरी छ । त्यही आयोजना व्यक्तिले जिम्मा लिने बित्तिकै सफल हुनुको पछाडिको रहस्य के हो ? हाम्रा अगाडि कयौँ उदाहरणहरू छन् । पार्टीको स्वामित्वमा हुने बेलासम्म घाटामा रहेको व्यवसाय व्यक्तिगत स्वामित्वमा जाने वित्तिकै नाफामा चल्न थाल्दछ । जब कि दुवै अवस्थामा सञ्चालनको जिम्मा लिने व्यक्ति एउटै हुन्छ । पार्टीले सारेका आर्थिक योजनाहरू सफल नहुनुको मूल कारण पार्टीका नेता तथा कार्यकर्ताको आर्थिक दृष्टिकोण स्पष्ट नहुनु नै हो । त्यसप्रतिको लगन, समर्पण र पहलकदमीको अभावलाई पनि आय आर्जनका योजना सफल नहुनको कारण मान्न सकिन्छ ।

यो निर्विवाद विषय हो कि आमूल परिर्वनको लक्ष लिएको पार्टी आर्थिक रूपमा सबल सक्षम र आत्मनिर्भर

हुनुको विकल्प छैन । आर्थिक विषय जटिल र गम्भीर हुन्छ भन्ने विषयमा पनि विवाद रहेन । तर आर्थिक समस्या कसरी हल गर्ने ? यो प्रश्न महत्त्वपूर्ण हो । पार्टीको स्वतन्त्र अस्तित्व र पहिचानका लागि आत्मनिर्भर अर्थतन्त्र अनिवार्य हुन्छ । पार्टीका नियमित र दीर्घकालिन कार्य सम्पन्न गर्नका लागि आम कार्यकर्ताले "आफ्नो पार्टी आफैले चलाउनु पर्छ" भन्ने सूत्र प्रयोग गर्नुपर्छ । आफूले नदिनेले अरूलाई देऊ भन्ने नैतिक साहस राख्दैन । त्यसको अलावा पार्टीले बनाएका योजना सफल नहुनुमा नेता तथा कार्यकर्ताको वर्ग आधार, श्रमप्रतिको नकारात्मक भावना, अर्थ सम्बन्ध र आर्थिक आधार जस्ता फ्याक्टरहरूले काम गरेको हुन सक्छ ।

अहिलेको समाजमा जसरी पनि पैसा कमाउनु पर्छ भन्ने प्रवृत्ति हाबी हुँदै गइरहेको छ । बिना परिश्रम अर्थ उपार्जन गर्ने पक्ष हाबी हुनु भनेको राम्रो सङ्केत होइन । जुनसुकै तरिकाले पनि पैसा कमाउने प्रवृत्तिलाई जायज र गौरवको विषय मान्नु, श्रम गर्नेलाई हेय भावले हेर्नु भनेको अत्यन्तै हानिकारक प्रवृत्ति हुन । कम्युनिस्ट नैतिकताले पार्टी, राज्य र सार्वजनिक सम्पत्तिमा कुनै पनि प्रकारको योगदान बिना बाँच्नु भनेको अनैतिक कार्य हो । यहाँसम्म कि आफ्नै पैतृक सम्पत्ति पनि श्रम नगरीकन लिने कार्यलाई जायज मानिँदैन । त्यसैले अवैधानिक तरिकाले अर्थ उपार्जनको कार्यलाई सही मान्ने दृष्टिकोणलाई बदलेर श्रमलाई सम्मान गर्ने भावनाको विकासमा जोड दिनु आवश्यक छ । श्रममा भाग लिनु भनेको आत्म सम्मानको विषय हो । पुँजीवादीहरूले शारीरिक श्रम गर्ने वर्गलाई अपमानित गर्दछन् । श्रम गर्ने कार्यलाई निरूत्साहित गर्नु उनीहरूको धर्म हो । कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्तामा पनि यो प्रवृत्ति छ ।

अहिलेसम्म पार्टीको आर्थिक समस्याको हल लेवी सदस्यता शुल्क र जनस्तरबाट प्राप्त सहयोगबाट हुने गरेका छन् । पार्टी सदस्य, समर्थक र शुभचिन्तकहरूले पार्टीलाई निरन्तर आर्थिक तथा भौतिक सहयोग गरिरहेका हुन्छन् । यो पक्ष अत्यन्तै राम्रो र सकारात्मक कार्य हो । भविष्यमा पार्टीलाई अझ उच्च प्रकारको सहयोग गर्नुपर्ने पनि हुन सक्छ । जति बेलासम्म समाजमा विभेद शोषण र दमन कायम रहन्छ त्यति बेलासम्म पार्टीलाई निरन्तर सहयोग गर्न तयार रहनु पर्छ । पार्टीले बनाएका आर्थिक योजना सफल पार्न भूमिका निर्वाह गर्नु पार्टी सदस्यको कर्तव्य हो । तर लेवी, सदस्यता शुल्क र जनस्तरको सहयोगको भरमा मात्र पार्टीका गतिविधि सीमित गरियो भने हाम्रो उद्देश्य र लक्ष्यमा पुग्न सक्ने छैनौं । दिन प्रतिदिन खर्चका स्रोतहरू बढ्दै गइरहेको अवस्था छ । सूचना र प्रविधिको विकाससँगै तिनीहरूको प्रयोग पार्टी हितको पक्षमा गर्नुपर्ने आवश्यकता बढेर गएको छ । जसका कारण पार्टीका आय आर्जनका स्रोतहरूको वृद्धि गर्नुपर्ने बाध्यता छ ।

कम्युनिस्ट पार्टीले आफ्नै योजना, व्यवस्थापन र निर्देशनमा आर्थिक क्षेत्रको विकास गर्नुपर्दछ । आर्थिक रूपले आत्मनिर्भर हुनको लागि उत्पादन सम्बन्धको फेरबदल र उत्पादन शक्तिको विकास अनिवार्य हुन्छ । आर्थिक योजनाहरू स्थायी र अस्थायी, आन्तरिक र बाह्य, अल्पकालीन र दीर्घकालिन र चलायमान आदि हुन सक्छन् ।

लेवी र सदस्यताबाट प्राप्त हुने आय नियमित र स्थायी स्रोत हुन । जनस्तरबाट प्राप्त हुने सहयोग अल्पकालीन र अस्थायी स्रोत हुन । उत्पादनसित सम्बन्धित जस्तै व्यापार, व्यवसाय, उद्योग, र अन्य परियोजनाहरूबाट प्राप्त हुने आम्दानी दीर्घकालीन र भरपर्दा स्रोतहरू हुन । नियमित र आवधिक स्रोतलाई परिचालित गर्दै दीर्घकालिन प्रकृतिका स्रोतहरू व्यवस्थित गर्न जोड दिनु अहिलेको आवश्यकता हो । तब मात्रै पार्टीलाई आत्मनिर्भर गराउन सकिन्छ । पार्टीलाई आत्मनिर्भर बनाउन नेता तथा कार्यकर्ताले मिहिनेत, निष्ठा, लगन समर्पण, त्याग र बलिदानी पूर्ण भावनाले काम गर्नुपर्छ ।

अहिलेसम्मको अनुभवले यो बताएको छ कि स्पष्ट आर्थिक दृष्टिकोणको विकास भएको र आर्थिक अनुशासन कायम राख्न सक्ने, विभिन्न वैकल्पिक उपायहरूको खोजी गरी योजना बनाउने र कार्यान्वयनको लागि तदारूकताका साथ काम गर्न सक्ने क्षमता भएको र वैचारिक, व्यवहारिक र प्राविधिक दक्षता भएको टिम तयार गरेर आर्थिक परिचालन र व्यवस्थापनको जिम्मा दिए मात्र पार्टी सक्षम, सबल र आत्मनिर्भर हुन सक्छ । पार्टीलाई आत्मनिर्भर बनाउनको लागि अर्को महत्त्वपूर्ण पक्ष आर्थिक प्रणाली चुस्त दुरूस्त राख्नु हो । आर्थिक व्यवस्थापनलाई चुस्त दुरूस्त राख्न आर्थिक कारोबार पारदर्शी वैज्ञानिक लेखा प्रणालीमा आधारित, खर्च नियन्त्रणको उचित प्रबन्ध मिलाउनु पर्छ । पार्टीभित्र उत्पादन र श्रम संस्कृतिको विकासमा जोड दिनुपर्छ । आज कम्युनिस्ट पार्टीमा आर्थिक दृष्टिकोण, आर्थिक सम्बन्ध र श्रमप्रतिको दृष्टिकोणमा स्खलन आएको छ । स्खलित बाँकी १७ पेजमा

# सङ्घीयता उपहार कि अभिशाप

- का. रापती

१- अर्थतन्त्रका मानकहरूको आधारमा पनि राजनीतिक व्यवस्थाको सफलता/असफलता र प्रभावको जाँच गर्न सकिन्छ । २०७४ मा सङ्घीयता घोषणा गर्दा नेपालको सार्वजनिक ऋण ७ खरब मात्र थियो । चालु आर्थिक वर्ष २०८१/८२ मा आइपुग्दा नेपालमा सङ्घीयताको अभ्यास गरेको सात वर्ष पूरा भएको छ । यस सन्दर्भमा, सङ्घीयताले आर्थिक क्षेत्रमा पारेको प्रभावलाई समीक्षा गर्नु उपयुक्त होला । नेपाल राष्ट्र बैंकको आँकडा अनुसार चालू आर्थिक वर्षको तेस्रो चौमासिक सम्म आइपुग्दा देसको सार्वजनिक ऋण २६.६७ खर्ब पुगेको छ । यस आ.व.मा ५.५ खर्ब ऋण लिने सरकारको योजना रहेको जनाइएको छ । यो कुल ग्राहस्थ्य उत्पादनको ४६.७६ प्रतिशत हुन आउँछ । यस वर्ष वैदेशिक ऋणको साँवा र ब्याज तिर्नको लागि २.५२ खर्ब बुझाइसकिएको छ भनें असार मसन्तसम्म यो रकम साढे तीन खरब भुक्तान गर्नुपर्नेछ । देशको १० खर्ब आसपासको राजस्वले १२ खर्ब बढीको चालु खर्च समेत धान्न नसक्ने स्थिति रहेको छ। सङ्घीयताकै कारण स्थानीय तहमा जाने यस वर्षको बजेट २५ प्रतिशतले कटौती गरिसकिएको छ । नेपालको वैदेशिक व्यापार घाटा वार्षिक १६ खरबभन्दा बढी छ । आयात निर्यातको अवस्था ९१.९ रहेको अवस्था छ । सातवटा प्रदेशको लागि आवश्यक पर्ने २६ हजार कर्मचारीमध्ये अहिलेसम्म जम्मा १६ हजार मात्र उपलब्ध गराइएको छ । प्रदेश प्रहरीको माग ५४ हजार रहेको छ, जुन सम्बोधन गरिएकै छैन । सङ्घीय प्रणाली भनिएपनि आर्थिक रूपमा आत्मनिर्भर प्रदेशहरू कुनै छैनन् । सबै प्रदेशहरू केन्द्रीय बजेटको मुख ताकिरहेका छन् ।

२- नेपालको सन्दर्भमा सङ्घीय शासन प्रणाली उपयुक्त हुन्न भन्ने विषयमा राष्ट्रिय जनमोर्चा संविधानसभाको पहिलो निर्वाचनकै समयदेखि स्पष्ट थियो । नेपाल अधिराज्यको क्षेत्रफल, भूराजनीतिक अवस्था, कमजोर अर्थतन्त्र र इतिहासको अध्ययन गर्दा नेपालमा विकेन्द्रीयता सहितको एकात्मक राज्यप्रणाली नै उपयुक्त हुन्छ भन्ने हाम्रो दृढ विश्वास रहिआएको छ । नेपालको राजनीतिक इतिहासमा सङ्घीयताको खाँचो कहिल्यै महसुस गरिएको थिएन । राणाकाल, पञ्चायत, काँग्रेस वा कम्युनिस्ट आन्दोलनका घोषणापत्र निर्माण गर्ने नेताहरू वा राजनीतिक विश्लेषकहरू कसैले पनि नेपालको लागि सङ्घात्मक राज्यप्रणालीको आवश्यकता कहिल्यै महसुस गरेको दृष्टान्त छैन । स्थानीय सरकार मानिने पालिकाहरूको बजेट, अधिकार र क्षमता बढाएर नै जनताको जीवनस्तरमा केही सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । यो धेरैले महसुस गरेको कुरा हो ।

३- तराईबासीहरूलाई राज्यले लामो समयदेखि कयौं विभेद गरिआएको छ । तराईबासीप्रति सम्मानजनक दृष्टिकोण र सन्तुलित विकास हुन सकिरहेको छैन । २०६३ साल माघ १ गते जारी गरिएको नेपालको अन्तरिम संविधानलाई उपेन्द्र यादवको नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम भनिने सामाजिक संस्थाको नामबाट विरोधको अगुवाई गर्दै संविधान जलाइयो । संविधान जलाएको विषयलाई लिएर राज्यले केही मानिसहरूलाई गिरफ्तार गर्‍यो । त्यसलाई आधार बनाएर तराईमा भारतीय इच्छाअनुसार सङ्घीयता चाहिन्छ भन्दै तथाकथित मधेस आन्दोलन गराइयो । तराईमा भएको सो आन्दोलनमा २६ जना नागरिकहरूको ज्यान गएको थियो । मधेसी जनअधिकार फोरमको वीरगञ्जमा भएको अधिवेशनमा भारतीय गुप्तचर संस्था "र" का व्यक्तिहरूको खुल्ला उपस्थिति भएको थियो । जसको कारण मधेस आन्दोलन र जनाधिकार फोरमको उद्देश्यबारे भारतीय भूमिका प्रष्टसँग देखा पर्‍यो । भारतीय शासकहरूलाई खुसी बनाएर नेपालमा शासन गर्ने राजनीतिक शक्तिहरूको लामो र बदनाम इतिहास हामीलाई थाहा छ । त्यसैको एउटा उदाहरण हो, नेपालमा जबरजस्ती थोपरिएको सङ्घीयतालाई स्वीकार गर्नु । भारतको स्वार्थ अनुकूलको सङ्घीयतामा नेपाली शासकहरूले सम्झौता गर्नु र त्यसैमा आफ्नो भविष्य देख्नु अर्को कारण बनेको थियो । भारतको स्वार्थ अनुरूप एक मधेश, एक प्रदेशको नारामा तराईलाई विखण्डन गरेर आफ्नो राज्य विस्तार गर्ने कुत्सित मनसायले सङ्घीयताको विजारोपण गरिएको थियो। सङ्घीयताको नारामा आफ्ना धेरै कार्यकर्ताहरूलाई प्रदेशमा व्यवस्थापन गर्ने स्वार्थ पनि ठूला दलहरूमा जोडिएको थियो ।

४- २०६५ सालमा संविधानसभामा सङ्घीयता सम्बन्धी छलफल सँगै "नयाँ नेपाल निर्माण"को नाममा जातीय सङ्घीयताको तीव्र प्रचारप्रसार भएको थियो । जातीय नाराको आधारमा पार्टीको जनाधार विकास गर्न सकिन्छ भन्ने ठूलो

भ्रम माओवादीमा रहेको थियो । माओवादीको प्रायोजित नाराको पछिपछि ठुला दलहरू पनि दौडिरहेका थिए । थारूहट, ताम्सालिङ, नेवा:, खसान, तमुवान, लिम्बुवान, खुम्बुवान... जस्ता जातीय प्रदेशको मागमा भ्रामक जातीय आन्दोलन अगाडि बढिरहेको थिए । भारतीय दबाबमा नेपाली वाम विचारधाराभित्र जातीय राज्यको भ्रामक वैचारिकी देखा परेको थियो । त्यसबेला नेपालमा अभूतपूर्व रूपमा जातीय विग्रह जोडतोडका साथ भडि्करहेको थियो। भर्खर चर्चामा आएको सङ्घीयताको दुष्प्रभाव बारे २०६६ मा नेपाली जनतालाई कुनै स्पष्ट जानकारी थिएन । विभिन्न सञ्चार माध्यमहरूबाट “नयाँ नेपाल निर्माण” हुने र त्यसमा सङ्घीयताले देशको कायापलट गर्ने भ्रामक प्रचारप्रसार भइरहेको थियो । देशमा जबरजस्ती सङ्घीयता लाद्नको लागि विदेशीहरूले नेपाली मिडियालाई पनि भरपुर प्रयोग गरेका थिए । भारत, युरोपियन युनियन र अमेरिकीहरूले नेपाललाई जातीय/सङ्घीय नारामा वामपन्थी आन्दोलनलाई समाप्त गर्न जोड दिइरहेका थिए । कुरा त्यतिमा मात्र सीमित थिएन । जातीय राज्यभित्र पनि “आत्मनिर्णयको अधिकार सहितको जातीय राज्यको नारा” अगाडि सारिएको थियो । यसको अर्थ, कुनै पनि प्रदेशले आफूलाई स्वतन्त्र राष्ट्रको रूपमा घोषणा गर्न पाउने अधिकार अन्तरनिहित हुनु हो । हामीले अनुमान गर्न सक्छौँ “आत्मनिर्णयको अधिकारसहितको जातीय राज्यको नारा” यदि कार्यान्वयन भएको भए नेपालको स्थिति के हुन्थ्यो ? आज नेपाल रहन्थ्यो या विभाजन भएर अनेक टुक्रामा परिणत हुन्थ्यो ?

सङ्घीयता विरोधी प्रचारप्रसारको क्रममा प्यूठानका कामरेड सूर्य नेपालीको डिल्लीबजारमा २०६६ पुस २६ गते जातिवादीहरूले सामूहिक आक्रमण गरेर नाक काटिदिएका थिए । २०६६ सालमा राष्ट्रिय जनमोर्चाले नेपालमा जतिय सङ्घीयता मात्र होइन कुनै प्रकारको सङ्घीयताको औचित्य छैन भनेर देशव्यापी अभियान सहितको आन्दोलन चलाएको थियो। अभियानको क्रममा पार्टीले २०६६ साल वैशाखमा राजधानी काठमाडौँ केन्द्रित १० दिने सङ्घीयता विरोधी आन्दोलन चलाएको थियो । राजधानीका महत्त्वपूर्ण स्थानहरूमा जुलुस प्रदर्शन र विरोध सभाहरू गरिरहेको थियो । यसबाट सिङ्गो देशवासीको ध्यान केन्द्रित भएको थियो । आन्दोलनकै क्रममा प्युठानका कामरेड राम पहाडीको भद्रकालीमा २०६६ वैशाख ६ गते प्रहरीले हानेको लाठीको कारण खुट्टा भाँचिएको थियो । राष्ट्रिय जनमोर्चाले संविधानसभाभित्र र देशव्यापी रूपमा जातीयता र सङ्घीयताको औचित्यहीनताको बारेमा व्यापक आन्दोलन र निरन्तर सचेतना फैलाइरहेको थियो ।

५- यसैबीच २०६९ मा दोस्रो संविधानसभाको निर्वाचन भयो । निर्वाचनमा जातीय राज्यका पक्षधरहरूको ठुलो पराजय भयो । निर्वाचनको परिणामले देशमा जातीय आधारमा १४/१५ वटा जातीय प्रदेश बनाउने योजना विफल भएको थियो । त्यसबेला जातीय सङ्घीयता जस्तो आत्मघाती अवस्थाबाट देश डिलमै पुगेर फर्कियो । जातीय नाराले देशलाई कहाँ पुर्‍याउँछ हामीले अफ्रिकी देश नाइजेरियालाई हेर्न सक्छौं । त्यहाँ जातीय राज्यको अन्ध नाराले गर्दा ३६ प्रदेश र एउटा सङ्घीय जिल्लामा परिणत भएको थियो । २५० भन्दा बढी जातिहरू बस्ने नाइजेरियामा अझै थप जातीय प्रदेशको मागको विग्रह चलिरहेको छ ।

६- २०७२ असोज ३ गते संविधानसभाद्वारा संविधान जारी भएको थियो । २०७२ को संविधान जारी गर्नमा भारतले पुर्‍याएको अवरोध र नाकाबन्दी हामी सबैलाई ताजै छ । त्यसको विरोधमा असोज ६ गतेबाट, नेपालमा छ महिना लामो भारतद्वारा अघोषित नाकाबन्दी गरियो । एक मधेश एक प्रदेश हुनुपर्ने कुरामा भारतीय शासकको नेपालमाथि ूलो दबाब थियो । आफ्नो स्वार्थ अनुकूलको संविधान नबनेपछि भारतले नेपाललाई झुकाउन सकिन्छ कि भनेर नै यो नाकाबन्दी गरेको थियो । नेपालमाथि औषधि, ग्याँस, पेट्रोलियम पदार्थ, विद्युत र खाद्य पदार्थ समेत नाकाबन्दी गरिएको थियो । भारतले २०१९, २०२७, २०४५ मा पनि यस प्रकारको नेपालमा नाकाबन्दी गरेको थियो । भूपरिवेष्ठित राष्ट्रको लागि अन्तर्राष्ट्रिय सन्धि सम्झौता विपरीत २०६३ मा गरेको अमानवीय नाकाबन्दी चौथो नाकाबन्दी थियो । संविधानसभाले पारित गरेको संविधान लागू गर्न पनि छिमेकीहरूको अनुमति लिनुपर्ने यो कस्तो विडम्बना हो । यस्तो भयावह नाकाबन्दीको बेलामा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले राष्ट्रियतामाथि आइपरेको कठिनाइलाई आधार बनाएर नेपाल सरकारको उपप्रधानमन्त्री बन्नुभएको थियो । तत्कालीन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २०७२ को संविधानलाई अन्तर्राष्ट्रिय जगतमा नेपालको अत्यन्तै निम्नस्तरको बदनामी गरेका थिए । अमेरिका लगायतका पश्चिमाहरू चीन विरोधी गतिविधि गर्नको लागि नेपालमा बढी भन्दा बढी अस्थिरता चाहन्थ े। नेपालको संविधान २०७२ जारी गर्दा नेपालको आवश्यकता नहुँदा नहुँदै पनि ५५० सांसदहरू सात प्रदेश सभामा रहने गरी जबरजस्त देशलाई सात राज्यमा परिणत गरियो । नेपालको संविधान २०७२ जारी गर्दा राष्ट्रिय जनमोर्चाले सङ्घीयताको विषयमा संसदमा दृढतापूर्वक असहमति राखेको थियो । समयसँगै सङ्घीयताको कयौँ वास्तविकता हाम्रो सामु छर्लङ्ग भएका छन् । सङ्घीयता कार्यान्वयनमा आयो भने

"देशको उन्नति हुन्छ र अर्थतन्त्रलाई माथि उठाउँछ" भन्ने झुट्टा भ्रमहरू दिनप्रतिदिन प्रष्ट हुँदै गएका छन् ।

७- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा आएको पहिलो हप्तामा उनले आक्रोशित हुँदै भनेका थिए "नेपालमा सङ्घीयता लागू गर्न अमेरिकाबाट ५ अर्ब रूपैयाँ ाचबगम (ठगी) गरिएको थियो।" त्यो ठगी प्रकरणमा को कसरी संलग्न थिए त्यो विस्तृत रूपमा आउन भने बाँकी नै छ । नेपाल जस्तो सानो देशको लागि अमेरिकीहरूको नजरमा सङ्घीयता किन यति बिघ्न चासोको विषय बनेको थियो त ? अमेरिकाको चीनसँग सामरिक र आर्थिक युद्ध नै यसको मुख्य कारण हो । नेपालको अस्थिरताबाट फाइदा उठाएर चीन विरोधी गतिविधि गर्ने अमेरिकी मनसुवा प्रष्ट बुझ्न सकिन्छ ।

८- ६ महिना पहिला नै राष्ट्रिय जनमोर्चाले २०८१ चैत २४ देखि एक हप्तासम्म सङ्घीयता विरोधी राजधानी केन्द्रित आन्दोलन सञ्चालन गर्ने यसै बीच वार्ड स्तरदेखि लिएर पालिकाहरू र जिल्लास्तरमा व्यापक प्रचारप्रसार तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका थिए । पर्चा वितरण क्लास प्रशिक्षण भेटघाट यसबाट हामीले देशव्यापी रूपमा सङ्घीयताले देशमा पारेको दुष्प्रभावको विषयमा व्यापक प्रचारप्रसार गरेका थियौं ।

काठमाडौँमा हुने आन्दोलनमा विभिन्न जिल्ला र प्रवासबाट आउने साथीहरूको तयारी भइरहेको थियो। सङ्घीयता विरोधी आन्दोलनको मुखैमा आएर चैत १५ गते राजावादीहरूद्वारा काठमाडौँमा भएको आन्दोलनमा गोली चल्यो र दुईजनाको मृत्यु, ८८ जना घाइते र १०० जनाभन्दा बढीलाई गिरफ्तार गरिएको थियो । नेपालमा राजाको शासन पुनर्स्थापना गर्न प्रतिगामीहरूले पूरा प्रयत्न गरिरहेका थिए। उनीहरूले तोडफोड, लुटपाट , चोरी र आगजनी गरेका थिए । एकजना पत्रकारलाई त जिउँदै जलाएका थिए । राजधानीको स्थिति निकै भयावह बनेको थियो । आन्दोलनमा दमन र मृत्यु हुन सक्छ भन्ने सन्त्रास देशैभरि फैलिएको थियो । जसको कारण आम जनतामा डरको भावना सिर्जना भएको थियो । यस्तो अवस्थामा सङ्घीयता विरोधी काठमाडौँ केन्द्रित आन्दोलन कसरी अगाडि बढाउने हामीलाई गम्भीर बनाएको थियो । साथीहरूलाई आन्दोलनमा जाउँ भन्दा, उनीहरूका परिवार र शुभचिन्तकहरूले ज्यान जोखिममा पारेर आन्दोलनमा नजान दबाब दिइरहेका थिए । प्रवास र विभिन्न जिल्लाहरूले आन्दोलनकारी साथीहरू राजधानी उतार्नको लागि प्रतिकुल अवस्थाको महसुस गरिरहेका थिए ।

९- प्रतिकुलताको बाबजुद पनि राजधानी काठमाडौँमा प्रदेशहरू खारेजको लागि राष्ट्रिय जनमोर्चाको सङ्घीयता विरोधी आन्दोलनमा जनताको व्यापक समर्थन रहेको हामीले महसुस गऱ्यौं । २०८१ चैत्र २४ गतेदेखि काठमाडौंमा गगनभेदी नारा जुलुस सहित रत्नपार्कको शान्तिवाटिका, चाबहिल, प्रदर्शनी मार्ग, माइतीघरमा सङ्घीयता विरोधी ठुला विरोधसभाहरू सम्पन्न भएका छन् । आन्दोलनको क्रममा हामीले उच्च अनुशासन पालना गर्दै तोडफोड वा आवेगजन्य गतिविधि गर्नु हुँदैन भन्ने कुरामा प्रशिक्षित थियौं । आन्दोलनको कारण सहरलाई फोहर गर्नुहुन्न भन्ने कुरामा पनि हामी सचेत थियौं । सङ्घीयता विरोधी राजधानी केन्द्रित आन्दोलनले देशमा नयाँ किसिमको जागरण सिर्जना गरेको छ ।

१०- नेपालको राजनीतिक आन्दोलनमा उज्ज्वल छवि बनाएको रक्तिम सांस्कृतिक अभियानले राजधानी काठमाडौँमा दुई हप्ता लामो सांस्कृतिक जागरणको अभियान चलाएको थियो । जसको कारण काठमाडौँका गल्लीगल्लीमा सङ्घीयता सम्बन्धी भ्रमहरूलाई हटाउनको लागि धेरै नै मद्दत गरेको थियो । गीत संगीतको माध्यमबाट मानिसहरूलाई विषय सन्दर्भ बुझाउन धेरै सजिलो हुँदो रहेछ । रक्तिम परिवारले आन्दोलनको क्रममा पनि आफ्नो उच्च प्रकारको क्रान्तिकारी विचार र सङ्घीयताको दुष्प्रभावको विषयमा जनतालाई महत्त्वपूर्ण सन्देश दिएको थियो।

११- सङ्घीयता विरोधी आन्दोलन २०८१ को समापनसँगै प्रश्न उठ्छ, के सङ्घीयता खारेज भयो त ? २०६६ सालको सङ्घीयता विरोधी आन्दोलनसँग तुलना गर्ने हो भने त्यतिबेला सङ्घीयता नेपालीहरूको "मुक्तिमार्ग" नै हो भनेर जनतामाथि ठुलो भ्रम दिइएको थियो। तर अहिले जनतामा सङ्घीयताबारे धेरै स्पष्टता आइसकेको छ । त्यो स्पष्टता आउनुमा राष्ट्रिय जनमोर्चाको आन्दोलनको धेरै ठूलो महत्त्व रहेको छ । हामीलाई आशा छ पञ्चायत फाल्नको लागि लामो समय धैर्यतापूर्वक आन्दोलन गर्नुपरेको थियो । सङ्घीयता जस्तो विदेशीले हामीमाथि थोपरेको गलत प्रणालीलाई फाल्नको लागि अझै केही समय धैर्यतापूर्वक आन्दोलनलाई सङ्गठित गर्दै जनताको चेतनास्तर माथि उठाउँदै जानुपर्छ । सङ्घीयताको खारेजीको विषयमा व्यापक जनमत तयार हुँदै गएको छ, जसको कारण कुनै दिन सङ्घीयताले नेपालबाट विदा लिनेछ ।

जनताको चेतनास्तर जति माथि उठ्छ देशमा त्यति राम्रो शासनव्यवस्था आउने सम्भावना रहन्छ । शासकहरूले जनतालाई भ्रम दिइराखे र जनताको चेतनास्तर पनि माथि उठेन भने राणा शासन जस्तो कुशासन पनि जनताले सयौँ वर्षसम्म बेहोरिरहनु पर्दछ त्यो कुरा सङ्घीयताको लागि पनि सत्य हो । •

# नेपाल कम्युनिस्ट पार्टी (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा जारी वक्तव्यहरू

२०८२ वैशाख २१ गते उपलब्ध पीवीएम र सीसीएम सहित बसेको केन्द्रीय कार्यालयको बैठकले गरेका निर्णयहरूका आधारमा यो प्रेस वक्तव्य जारी गरिएको छ ।

१. नेपाल सरकारले पेश गरेको नीति र कार्यक्रममा सर्वप्रथम ने.क.पा. (मसाल)को ध्यान त्यसको प्रारम्भमा नै लेखिएको यो वाक्यप्रति गएको छ : "नेपाली जनताको बलिदान, सङ्घर्ष र आन्दोलनले ल्याएको दुरगामी महत्त्वका उपलब्धिहरूको रक्षा गर्न यो सरकार दृढ छ ।" त्यस सिलसिलामा त्यसमा अगाडि लेखिएको छ : "कुनै पनि प्रकृतिका प्रतिगामी पुनरुत्थानवादी, अराजक गतिविधिको प्रतिवाद गर्ने ।" नीति र कार्यक्रममा लेखिएको उक्त भनाइलाई ने.क.पा. (मसाल)ले दृढतापूर्वक समर्थन गर्दछ र त्यो दिशामा उठाइने सरकार वा सत्तारूढ तथा प्रतिपक्ष पार्टी वा सङ्गठनहरूका सबै कदमहरूसित ऐक्यबद्धता कायम गर्ने हाम्रो नीति हुने छ । प्रतिगमनका विरुद्धको सङ्घर्षमा कायम हुने सत्ता वा विपक्ष वा संसद वा त्यस बाहिर भएका राजनीतिक शक्तिहरू र जनताको व्यापक एकता पछि नै प्रतिगमनलाई पराजित गर्नु सम्भव हुने छ । नेपालको गलकालको राजनीतिक इतिहासले पनि यही बताउँदै र प्रमाणित गर्दै आएको छ कि जुन बेला प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिहरू एकजुट भएका छन्, त्यो बेला प्रतिगमन पराजित भएको छ । तर जुनजुन बेला प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिहरू फुट्ने वा पारस्पारिक विरोध सङ्घर्षमा लाग्ने गरेका छन्, प्रतिगमनको सक्रियता बढ्ने गरेको छ । इतिहासको त्यो अनुभवबाट हामीले शिक्षा लिनुपर्दछ र आपसका कैयौँ मतभेदहरूका बावजुद प्रतिगमनका विरुद्ध व्यापक एकता कायम गर्ने हाम्रो प्रयत्न हुनुपर्दछ ।

२. प्रतिगमनका विरुद्धको एकतामा जोड दिने बेलामा प्रतिगमनका विरुद्ध भएका विभिन्न राजनीतिक शक्तिहरू वा सरकारसित पनि भएका मतभेदहरू वा त्यस सिलसिलामा उनीहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्ने आवश्यकतालाई पनि पूरै उपेक्षा गर्ने कुरा आउँदैन र त्यसो गर्नु सही हुने छैन । तर हामीले मतभेद र एकताका साथै सङ्घर्ष गर्ने नीति अपनाउनु पर्छ । त्यसले हाम्रो राजनीतिक परिपक्वता बताउने छ र त्यसले नै प्रतिकूल भन्दा प्रतिकूल अवस्थामा पनि देशमा कुनै पनि सङ्कट आएको बेलामा हामीलाई एकताबद्ध हुन मद्दत गर्ने छ ।

३. प्रतिगमनका विरुद्ध भएका सबै राजनीतिक शक्तिहरूसित सङ्घीयताको प्रश्नमा सुरुदेखि नै हाम्रो मतभेद रहँदै आएको छ । अहिले नीति र कार्यक्रममा सङ्घीयता र गणतन्त्रलाई एकैसाथ राखेर प्रस्तुत गरिएको छ । त्यस प्रकारको परिस्थितिसित हाम्रो तीव्र मतभेद छ । गणतन्त्र नेपालको राष्ट्रिय महत्त्वको विषय हो र नेपाली जनताको करिव एक शताब्दीदेखि चल्दै आएको आन्दोलनको उपलब्धि हो भने सङ्घीयता विदेशीद्वारा लादिएको अनावश्यक बोझ हो । त्यसैले हामीले सुरुदेखि नै गणतन्त्रको समर्थन गर्दै र सङ्घीयताको विरोध गर्दै आएका छौँ । त्यो नीतिमा हामी अहिले पनि दृढ र कटिबद्ध छौँ । हाम्रो त्यही नीतिका कारणले प्रतिगमनका विरुद्ध वा गणतन्त्रको पक्षमा हुने प्रत्येक आन्दोलनलाई समर्थन गर्ने वा त्यससित ऐक्यवद्धता कायम गर्ने हाम्रो नीति वा प्रयास हुँदै आएको छ र आगामी दिनमा पनि हुने छ ।

४. अहिले देशमा आर्थिक सङ्कट लगातार बढ्दै गएको छ र त्यो धेरै नै गम्भीर भएको छ भने पनि अतियुक्ति हुने छैन । आर्थिक अभावका कारणले विकासको रकम घट्दै गइरहेको छ । विकास वा सामाजिक सुरक्षाका लागि रकम कम हुँदै गइरहेको छ । विकासको लागि ता बजेटको करिव १७ प्रतिशत मात्र छुट्याइएको छ । जो पहिले विकासका लागि छुट्याउने गरेको रकमभन्दा धेरै नै कम हो । प्रशासनका लागि खर्च हुने रकम पूरा गर्न पनि सरकारलाई धौ-धौ हुँदै गइरहेको छ । सरकारले विभिन्न रकमहरूमा कटौती गरेर खर्च पूरा गर्ने प्रयत्न गर्दै छ तर मुख्य आवश्यकता सङ्घीयताको प्रादेशिक संरचनामा भएको

अनावश्यक खर्च नै हो, जहाँ प्रत्येक वर्ष खरबौं रुपैयाँ खर्च हुन्छ । प्रादेशिक संरचनालाई खारेज गर्ने बित्तिकै शिक्षा र स्वास्थ्यलाई पूरै निस्शुल्क गराउन सकिने छ र गर्नु पनि पर्दछ । त्यो बाहेक देशको औद्योगिकरण, कृषि, उद्योग र दिगो विकासमा समेत धेरै मद्दत पुग्ने छ । तर सरकारले देशको आवश्यकतामाथि ध्यान दिएर होइन, विदेशी दबाबमा नै सङ्घीयतालाई बोक्ने काम गरिरहेको छ । त्यसकारण त्यसलाई खारेज गर्न देशमा अरू शक्तिशाली आन्दोलनको आवश्यकता छ ।

५. देशको विकास नभइकन देशमा रोजगारी बढ्न सक्दैन । जनताका समस्याहरूको समाधान पनि हुन सक्दैन । तर सरकारले विकासका लागि खालि १७ प्रतिशत मात्र बजेटको रकम छुट्याएको छ । स्वयं सरकारका आधिकारिक रिपोर्टहरूबाट पनि थाहा हुन्छ । त्यसको पनि अत्यन्त कम प्रतिशत मात्र खर्च हुन्छ । जति प्रतिशत खर्च हुन्छ भनेर देखाइएको हुन्छ, त्यसको पनि ठुलो अंश विभिन्न स्तरको भ्रष्टाचारमा खर्च हुन्छ । त्यसैको परिणाम हो कि देशको विकास नगण्य रूपमा नै भइरहेको छ ।

६. भ्रष्टाचार अहिले देशको अत्यन्त गम्भीर समस्या भएको छ । भ्रष्टाचारको छानविन गर्ने अन्तर्राष्ट्रिय आयोगले पनि नेपाललाई चरम प्रकारको भ्रष्टाचार भएको देशहरूको सूचीमा राखेको छ । नेपालमा सुनतस्करी, नक्कली भूटानी शरणार्थी, ललिता निवास जग्गा प्रकरण, गिरिबन्धू टि स्टेट आदि जस्ता भ्रष्टाचारका घटनाहरूको नै परिणाम हो कि नेपाललाई ग्रे स्टेटको सूचीमा राखिएको छ । स्वीस बैङ्कमा पनि नेपालीहरूको ठुलो रकम जम्मा भएको कुरा बाहिर आएको छ । पोखरा विमानस्थलमा अरबौं रुपैयाँ भ्रष्टाचार भएको कुरा संसदीय लेखा समितिको उपसमितिले नै बाहिर ल्याएको छ । यी केही बाहिर आएका भ्रष्टाचारका घटनाहरू बाहेक देशमा यस प्रकारका अझै प्रकाशमा नआएका अनगिन्ती भ्रष्टाचारका काण्डहरू हुन सक्दछन् । यो लुकेको कुरा होइन कि यस प्रकारका भ्रष्टाचारहरूमा उच्च तहको राजनीतिक नेतृत्वको पनि संलग्नता रहने गरेको छ र राजनीतिक संरक्षणका कारणले नै देशमा भ्रष्टाचार मौलाउन सकिरहेको छ । भ्रष्टाचारका सानातिना घटनाहरूबारे केही छानवीन वा कारवाही हुन्छ । तर ठुला घटनाहरूलाई राजनीतिक नेतृत्व वा उच्च पदाधिकारीहरूको बलमा दबाएर नै राखिन्छ । अहिलेको नीति र कार्यक्रममा पनि देशमा तलदेखि माथिसम्म त्यति गहिरो जरा हालेको भ्रष्टाचारको निवारणको लागि कुनै कार्यक्रम ल्याइएको छैन ।

७. नेपालको संविधानमा समाजवाद उन्मुख राज्यको निर्माणको कुरा गरिएको छ । तर नीति र कार्यक्रममा त्यसको पक्षमा एउटा पनि नीति र कार्यक्रम प्रस्तुत गरिएको छैन । समाजवाद उन्मुख राज्यको निर्माणको लागि सार्वजनिक क्षेत्रमा उद्योगहरूको निर्माण, सामन्ती भूस्वामित्वको अन्त्य, हदभन्दा बढी जमिन बिना क्षतिपूर्ति अपहरण, त्यो जमिन भूमिहीन किसानहरूमा निशुल्क वितरण, शिक्षा र स्वास्थ्यमा नि:शुल्क पहुँच, शिक्षा र स्वास्थ्यमा निजीकरणको अन्त्य आदि कुराहरू प्रारम्भिक महत्त्वका कुराहरू हुन् । तर नीति र कार्यक्रममा त्यस प्रकारका कुनै पनि कुराहरू सामेल गरिएका छैनन् । त्यसले के बताउँछ भने राज्य पूरै समाजवादको विपरित पुँजीवादी वा दलाल र विदेशी पुँजीको सेवामा नै उन्मुख भएको देखिन्छ । त्यसबाट के प्रस्ट हुन्छ भने देशमा केही विकास भयो भने पनि त्यो नेपाली जनताको लागि नभएर पुँजीवाद वा दलाल र नोकरशाही पुँजीको सेवाका लागि नै हुने छ ।

८. नेपालमा सार्वजनिक क्षेत्रमा हुने उद्योगहरू छैनन् भने पनि हुन्छ । पहिले सार्वजनिक क्षेत्रमा भएका उद्योगहरू या त रुग्ण अवस्थामा पुगे वा तिनीहरूलाई निजीकरण गरियो । देशमा कुनै नयाँ उद्योगहरूको विकासको सम्भावना भए पनि सरकारको जोड तिनीहरूलाई सार्वजनिक क्षेत्रमा संचालन गर्ने होइन, निजी क्षेत्रलाई नै हस्तान्तरण गर्नेतर्फ हुन्छ । त्यो, सरकारमा पुँजीपति, दलाल र पुँजीपति विदेशी पुँजीपति वा बिचौलियाको पूर्ण प्रभाव हुनुको नै परिणाम हो । नवलपुरको धौवाडी फलाम खानीबाट देशको फलामको सम्पूर्ण आवश्यकता पूरा हुने सम्भावना छ । तर त्यसलाई सरकारले निजी क्षेत्रमा दिने सम्भावना देखा पर्दै गइरहेको छ । दैलेखको पेट्रोल खानीको काम सुरु भयो भने पनि त्यसलाई निजी क्षेत्रलाई दिने नै बढी सम्भावना रहने छ । सरकारको नेतृत्वमा रहेका उच्चनेताहरूले ठुलो रकम लिएर त्यस प्रकारका सबै सम्भावित उद्योगहरू निजी क्षेत्रलाई दिने नीति नै अपनाउने गरेको पाइन्छ । देशको दिगो विकास वा

समाजवाद उन्मुख राज्यको निर्माणका लागि सरकारका त्यस प्रकारका सबै नीति र कार्यक्रमहरूका विरुद्ध व्यापक जनमत र आन्दोलन उठाउन जोड दिनुपर्ने आवश्यकता छ ।

९. नीति र कार्यक्रममा समाजको सबैभन्दा शोषित र उत्पीडित दलित समूहबारे कुनै पनि कार्यक्रम ल्याइएको छैन । त्यो अत्यन्त गम्भीर र चिन्ताजनक कुरा हो । नेपालका सबै न्यायप्रेमी जनता र दलितहरूको पनि त्यसप्रति गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ । त्यसै गरेर महिलाको हक र हितको प्रश्नमा पनि नीति र कार्यक्रमले कुनै खास कार्यक्रम ल्याएको छैन । संयुक्त राष्ट्रसङ्घको घोषणा, नेपाल सरकारले महिलाहरूको हक र हितको लागि बनाएका कैयौँ कानुन र सर्वोच्च अदालतले त्यसबारे गरेका फैसलाहरूको कार्यान्वयनका लागि प्रभावशाली कदमहरू उठाउनुपर्ने आवश्यकता छ । तर अहिले प्रस्तुत नीति र कार्यक्रमले त्यो प्रश्नबारे एकदम उपेक्षाको नीति अपनाएको छ ।

१०. माओवादी र तत्कालीन नेपाल सरकारका बिचमा शान्ति सम्झौता भएपछि दशवर्षे द्वन्द्वकालमा दुवै पक्षले एकअर्काका विरुद्ध गरेका हिंसात्मक कार्यहरूका लागि कुनै कारबाही गर्नुपर्ने आवश्यकता रहन्न । तर त्यो सशस्त्र द्वन्द्वको कालमा माओवादी वा सत्तापक्षद्वारा नि:शस्त्र वा निरपराध जनतामाथि गरिएका अपराधजन्य वा महिलाहरूमाथि भएका कारबाहीहरूका लागि दुवै पक्षहरूका जिम्मेवार शक्तिहरूमाथि उच्चस्तरीय छानबिन गरेर अपराधअनुसार दण्ड सजाय दिनुपर्दछ । अन्तर्राष्ट्रिय कानुनले पनि त्यसमा जोड दिन्छ । गतकालमा त्यो कार्य गर्नका लागि कैयौँ आयोग पनि बने । विभिन्न आयोगहरूमा पीडित जनताका साठी हजारभन्दा बढी उजुरीहरू परेका छन् । तर त्यसबारे अहिलेसम्म कुनै छानबिन वा कारबाही भएको छैन । माओवादी वा सत्तापक्ष दुवै पक्षहरूले त्यस प्रकारका उजुरीहरूबारे निष्पक्ष र न्यायोचित प्रकारले छानबिन र कारबाही गर्ने भन्दा तिनीहरूलाई दबाउनेतिर नै बढी जोड गरेको पाइन्छ । त्यस अनुसार नै उनीहरूले अन्तर्राष्ट्रिय कानुन र सर्वोच्च अदालतका फैसला समेतसित मेल नखानेगरी कानुन बनाउने वा कुनै न्यायपूर्ण निष्कर्षमा पुग्ने गरेर होइन, मुद्दाहरूमा आलटाल गर्ने र दबाउने गरेर नै आयोगहरूको गठन गर्दै आएका छन् । त्यही कारण हो कि साठीहजार भन्दा बढी उजुरीहरू बिना कारबाही फाइलहरूमा दबेर बसेका छन् र १७ वर्षदेखि कुनै आयोगले कुनै कारबाही गरेको छैन । यद्यपि बारम्बार नयाँ कानुन बनाउने र नयाँ आयोग बनाउने प्रक्रिया चल्दै आएको छ । अहिलेको नीति र कार्यक्रममा पनि सरकारले त्यसबारे कुनै ठोस नीति ल्याएको छैन ।

११. कालापानीको प्रश्न नेपालको गम्भीर राष्ट्रिय प्रश्न बनेको छ, संसदले त्यो क्षेत्रलाई नेपालको नक्सामा सामेल गर्ने ऐतिहासिक कार्य गरेको थियो । तर त्यो भूमि नेपालमा सामेल गर्नेबारे नेपाल सरकारले अहिलेसम्म कुनै ठोस कदम चालेको छैन । पहिलेका नीति र कार्यक्रमहरूमा, कमसे कम, त्यो जमिन फिर्ता लिनका लागि कुटनीतिक पहल गर्ने कुरा उल्लेख गरिएको हुन्थ्यो । अहिले त्यसबारे कुनै कुरा उल्लेख नै गरिएको छैन । के त्यसको अर्थ कालापानीको प्रश्नलाई नेपाल सरकारले औपचारिक रूपले नै त्यागेको हो ? के आफ्नो सत्ता जोगाउन भारतीय शासक वर्गको समर्थन प्राप्त गर्नको लागि सरकारले कालापानी सम्बन्धी नीति त्यागेको नै हो ? यदि सरकारले त्यसो गरेको भए त्यो गम्भीर प्रकारको देशद्रोहको नीति नै हुने छ । हामीले नीति र कार्यक्रममा कालापानीको प्रश्नलाई उल्लेख नगरेको कुराप्रति गम्भीर विरोध जनाउँदै त्यो मुद्दालाई अन्तर्राष्ट्रिय अदालतमा लगेर वा अन्तर्राष्ट्रियकरण गरेर भारतले कब्जा गरेको कालापानी क्षेत्रलाई नेपालमा सामेल गर्न ठोस पहल गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौँ ।

१२. वर्तमान सरकार बन्नुका पछाडिको एउटा मुख्य विषय संविधानमा संशोधन हो । हामीले पनि संविधानमा संशोधनको आवश्यकतालाई स्वीकार गर्दछौँ । खास गरेर अहिलेको संविधानमा संशोधन गरेर सङ्घीयतालाई खारेज गर्नुपर्छ भन्ने कुरामा हाम्रो माग छ । तर देशमा कतिपय पक्षहरूले गणतन्त्र र धर्मनिरपेक्षतालाई हटाउन, प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीको व्यवस्था गर्न अहिलेको मिश्रित चुनाव प्रणालीलाई खारेज गरेर पूरै समानुपातिक वा प्रत्यक्ष निर्वाचन प्रणाली कायम गर्न, जातीय आधारमा प्रदेशहरूको पुनर्गठन गर्न वा देशको राष्ट्रियता र अखण्डतामा आँच पुग्ने गरी संविधानमा संशोधन गर्न

पनि देशमा आवाज उठिरहेका छन् । हामीले संविधानमा गणतन्त्र र धर्मनिरपेक्षता खारेज गर्ने, प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री, मिश्रित चुनाव प्रणालीको खारेजी, जातीय आधारमा प्रदेशहरूको गठन वा देशको राष्ट्रियता र अखण्डतामा आँच पुग्ने प्रकारका कुनै पनि संशोधनहरूको मागलाई दृढतापूर्वक अस्वीकार गर्दछौँ र विरोध गर्दछौँ । नीति र कार्यक्रममा संविधानमा संशोधन सम्बन्धी स्पष्ट नीति नल्याएकोमा हामीले सरकारको आलोचना गर्दछौँ ।

१३. नेपालीहरूको मतदानको अधिकारबारे नेपाली जनता वा विदेशस्थित प्रवासी नेपालीहरूले पनि लामो समयदेखि आवाज उठाउँदै आएका छन् । सर्वोच्च अदालत र निर्वाचन आयोगले समेत त्यसबारे सकारात्मक निर्देशनहरू दिइसकेका छन् र सरकारले पनि पहिलेका कतिपय नीति र कार्यक्रममा त्यसलाई कार्यान्वयन गर्ने प्रकारका अभिव्यक्तिहरू दिइसकेको छ । तर अहिलेको नीति कार्यक्रममा त्यसबारे कुनै उल्लेख नगर्नु गम्भीर चिन्ता, दुःख र आश्चर्यको कुरा हो । संसारका कैयौँ देशहरूले आफ्ना देशका प्रवासी नागरिकहरूलाई उनीहरू रहेकै देशमा चुनावमा मतदिन पाउने तथा समानुपातिक उम्मेदवार हुन पाउने व्यवस्था गर्दै गएका छन् । पहिले सरकारले सार्क क्षेत्र बाहेक संसारका अन्य देशहरूका लागि त्यस प्रकारको व्यवस्था गर्ने विचारहरू सार्वजनिक गरेको थियो र सार्क क्षेत्रका देशहरूमा बसोवास गर्ने नेपालीहरूलाई त्यस प्रकारको अधिकारबाट बञ्चित गर्ने कुराको हाम्रो पार्टीले विरोध गरेको थियो । हामीले सार्क सहित संसारका सबै देशहरूका नेपालीहरूलाई मताधिकार र समानुपातिक चुनावमा समेत भाग लिन पाउने अधिकार दिन र त्यसका लागि आवश्यक कानुनको निर्माण र बजेटको समेत व्यवस्था गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

१४. नेपालको युवा शक्ति विद्यार्थीहरू तथा बौद्धिक र प्राविधिक व्यक्तित्वहरूको समेत लगातार र बढ्दो मात्रामा विदेश पलायन देशको एउटा गम्भीर चिन्ताको विषय भएको छ । सरकारले अहिले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा त्यो विषयको समाधानका लागि कुनै कार्यक्रम प्रस्तुत गरिएको छैन । आजको युगमा अन्तर्राष्ट्रिय आवागमनमाथि पूरै रोक लगाउनु सम्भव हुन्न र त्यसो गर्नु सही पनि हुन्न । शिक्षा वा प्राविधिक ज्ञान प्राप्त गर्नका लागि विकसित देशहरूमा जाने कुरालाई गलत मान्न सकिन्न । तर त्यसरी प्राप्त गरेको ज्ञानलाई आफ्नै देशमा प्रयोग गरेर देशको विकासमा मद्दत पुऱ्याउने कोसिस हुनुपर्दछ । तर देशमा त्यसको विपरित विदेशमा गए पूरै नै उतै बस्ने प्रवृत्ति अत्यन्त खतरनाक र आत्मघाती कार्य समेत हो । त्यसले दीर्घकालमा नेपाललाई अँध्यारो भविष्य वा अधोगतितिर लैजाने छ । त्यसका लागि सर्वप्रथम ता सबै युवा वर्ग, बुद्धिजीवी नयाँ पीढीमा समेत देशभक्तिको भावना विकसित गर्नेतिर हाम्रो ध्यान जानुपर्दछ । त्यो बाहेक नेपालको भ्रष्ट र नोकरशाही शासन व्यवस्थाले गर्दा विदेशमा उच्च शिक्षा वा प्राविधिक ज्ञान प्राप्त गरेका व्यक्तिहरूलाई पनि देशभित्र आएर काम गर्नको लागि प्रोत्साहन मिल्दैन । देशमा उद्योगधन्दा र कृषिको विकास गरेर रोजगारीको अधिकतम सम्भावनाहरू पैदा गरेर पनि यो समस्याको केही हदसम्म समाधान हुन सक्नेछ । अहिले सरकारले प्रस्तुत गरेको नीति र कार्यक्रममा देशमा बढ्दो विदेश पलायनको समस्याको समाधानको लागि कुनै कार्यक्रम ल्याइएको पाइँदैन ।

१५. नीति र कार्यक्रममा सरकारले परराष्ट्र सम्बन्धी स्पष्ट नीति पनि ल्याउन सकेको छैन । आज विभिन्न साम्राज्यवादी देशहरू भूमिकाका कारणले विश्वमा तेस्रो युद्धको खतरा बढ्दै गएको छ र साम्राज्यवादी शक्तिहरूको युद्ध नीतिको विरोध गर्दै विश्वशान्तिको पक्षमा काम गर्नु अहिलेको अन्तर्राष्ट्रिय आवश्यकता भएको छ । तर नीति र कार्यक्रममा त्यसबारे केही पनि उल्लेख गरिएको छैन । युक्रेनमा भइरहेको युद्धको सन्दर्भमा नेपाल सरकारले खालि रूसको मात्र आलोचना गरेको थियो, जब कि त्यो युद्धका लागि अमेरिकी साम्राज्यवाद र नाटो समेत गम्भीर रूपले जिम्मेवार छन् । संयुक्त राष्ट्रसङ्घमा गाजामाथि इजरायलले गरिरहेको आक्रमणका सन्दर्भमा संयुक्त राष्ट्रसङ्घको साधारण सभामा युद्ध बिरामको प्रस्ताव आउँदा नेपाल तटस्थ बसेको थियो । अहिले काश्मीरको पहलगाममा भएको हिंसात्मक घटना निश्चित रूपले आतङ्कवादी घटना नै हो । किनभने संसारमा जहाँ पनि, नेपालमा पनि निःस्वार्थ र नेपाली जनतामाथि हिंसात्मक आक्रमण गर्नु आतङ्कवाद नै हो । तर त्यस सन्दर्भमा काश्मिरका जनताले संयुक्त

राष्ट्र सङ्घको मध्यस्थतामा स्वयं भारत र पाकिस्तानको समर्थनमा भएको सहमतिअनुसार त्यहाँ जनमत सङ्ग्रह गराएर काश्मीरका जनतालाई आफ्नो भाग्यको फैसला गर्न आत्मनिर्भरको अधिकार दिने जुन निर्णय भएको थियो, त्यो निर्णय कार्यान्वयन नहुँदा नै काश्मीरमागत सात दशकदेखि काश्मीर अशान्त बन्न गएको छ । त्यही कारणले त्यहाँ कैयौँपल्ट पाकिस्तान र भारतका बिचमा युद्धहरू पनि भएका छन् । खास गरेर भारतले आफ्नो समेत सहमतिमा भएको काश्मीरका जनताको जनमत सङ्ग्रहको मागलाई दबाएको हुनाले नै त्यहाँको स्थिति अशान्त बन्न गएको छ । काश्मीरका जनताको जनमत सङ्ग्रहको माग न्यायपूर्ण हो । यद्यपि त्यहाँका कतिपय आतङ्कवादी सङ्गठनहरूले काश्मीरका जनताको न्यायपूर्ण आन्दोलनलाई आतङ्कवादी रूप दिने प्रयत्न पनि गर्दै आएका छन् । हामीले आतङ्कवादी गतिविधिको विरोध गर्नुपर्छ । तर त्यो कारणले काश्मीरका जनताको जनमत सङ्ग्रहद्वारा आफ्नो भाग्यको फैसला गर्ने न्यायपूर्ण आन्दोलनलाई गलत बताउनु वा त्यसलाई दबाउने प्रयत्न गर्नु अवश्य पनि सही हुने छैन । त्यसबारे नीति र कार्यक्रममा कुनै स्पष्ट नीति अगाडि ल्याइएको छैन ।

१६. नेपालको विकासका लागि पर्यटनको विकास एउटा सबैभन्दा महत्त्वपूर्ण विषय हो । नेपालका अग्ला हिमशिखर, पहाड, पर्वत र जङ्गल नदी नाला र झरनाहरू, हरियो जङ्गल नेपालका महत्त्वपूर्ण ऐतिहासिक, पुरातात्त्विक र धार्मिक स्थलहरू समेतमाथि ध्यान दिँदा नेपालमा पर्यटनको विकासका लागि असीम सम्भावनाहरू छन् । त्यो बाहेक पर्यटनको सन्दर्भमा एउटा महत्त्वपूर्ण पक्ष उपेक्षित हुने गरेको छ, त्यो हो ग्रामीण पर्यटनको पक्ष । नेपालमा ग्रामीण क्षेत्र वा जनजीवनमा भएका विविधता, चाडवाडहरू, मेलापर्वहरू, सांस्कृतिक विविधता आदि पर्यटनको लागि अत्यन्त महत्त्वपूर्ण विषयहरू हुन सक्ने छन् । त्यो विषयमा ध्यान दिने हो भने नेपालको पर्यटनमा नयाँ र उच्च आयाम थपिने छ । त्यसरी नेपालको पर्यटनमा अहिलेभन्दा कैयौँ गुणा बढी प्रवर्द्धन हुन सक्नेछ । कतिपय ऐतिहासिक, पुरातात्त्विक वा ग्रामीण क्षेत्रमा भएका सांस्कृतिक क्षेत्रहरूको पनि मानवशास्त्रीय, समाजशास्त्रीय अध्ययन, अनुसन्धान वा आवश्यकतानुसार उत्खनन् गरेर पनि कैयौँ महत्त्वपूर्ण जानकारी बाहिर आउन सक्नेछ र त्यसबाट नेपालको पर्यटनको विकासमा धेरै मद्दत पुग्ने छ । तर त्यो दिशामा नीति र कार्यक्रम कुनै खास ध्यान दिएको पाइँदैन । रूपन्देही प्रदेश लुम्बिनी र तिलौराकोटका बौद्ध स्थानहरूका लागि अन्तर्राष्ट्रिय रूपमा नै प्रसिद्ध छ । ती बौद्ध स्थानहरूको अवलोकनको लागि संसारभरिबाट लाखौं पर्यटकहरू आउने गर्दछन् । तर लुम्बिनी र तिलौराकोटको कारणले त्यो क्षेत्र विश्वमा जति प्रसिद्ध भएको छ, त्यो क्षेत्रको गर्भमा लुकेको पुरातात्त्विक बौद्धिक सभ्यता प्रकाशमा आउने हो भने त्यो क्षेत्रको महत्त्व सयकडौं गुणा बढी बढ्ने छ । कपिलवस्तु, रूपन्देही र पश्चिम नवलपुर क्षेत्रमा सयकडौंको सङ्ख्यामा प्राचीन बौद्धिक पुरातात्त्विक वा ऐतिहासिक अवशेषहरू प्राप्त भएका छन् । यो भन्ने गरिन्छ । बौद्धकालभन्दा प्राचीन सभ्यताका कैयौं अवशेषहरू पनि त्यहाँ पाइएका छन् । ती तीनवटै जिल्लाहरूका प्राचीन, बौद्धकालीन वा त्योभन्दा पहिलेका सभ्यताका अवशेषहरूलाई मिलाएर तयहाँ एउटा बृहत्तर बौद्ध पुरातात्त्विक सहरको निर्माण गर्ने हो र त्यहाँ उत्खनन् गरेर प्राप्त भएका ऐतिहासिक सामग्रीहरूलाई सङ्कलन गरेर बृहत्तर बौद्ध सङ्ग्रहालयको निर्माण गर्ने हो भने त्यो अन्तर्राष्ट्रिय महत्त्वको पुरातात्त्विक सहर बन्ने छ । त्यो सहरको निर्माणबाट नेपालको प्राचीन सभ्यता भव्य रूपले उजागार हुनुका साथै त्यसबाट नेपालको पर्यटनको विकासमा पनि अद्वितीय मद्दत पुग्ने छ । हामीले उक्त विषयमा कैयौँपल्ट संसदमा आवाज उठाउनुका साथै पहिलेका नीति र कार्यक्रमको छलफल हुँदा पनि त्यो कुरा उठाउँदै आएका थियौँ । तर यति महत्त्वपूर्ण विषयमा सरकारले अहिलेसम्म ध्यान दिन सकेको छैन ।

१७. नेपालको सर्वाङ्गिण विकासका लागि हवाई मार्गका साथै सडक मार्गले ठुलो महत्त्व राख्दछन् । तिनीहरूको सङ्ख्यमा केही बृद्धि अवश्य भएको छ । तर तिनीहरूको अवस्था वा स्तर सन्तोषजनक छैन । बरु हवाईयात्रामा पनि लगातार दुर्घटनाहरू भइरहन्छन् । त्यही कारणले युरोपेली युनियनले नेपालको हवाई यात्रालाई अहिलेसम्म पनि कालो सूचीबाट हटाएको छैन । पोखरा र भैरहवाका अन्तर्राष्ट्रिय हवाई यात्रा अहिलेसम्म राम्ररी सुचारु हुन सकेका छैनन् । भारतले हवाई मार्ग नदिएको हुनाले

पनि त्यसको विकासमा अवरोध पुगेको छ । त्यो अवरोधलाई हटाउन सरकार अहिलेसम्म सफल भएको छैन । निजगढको अन्तर्राष्ट्रिय हवाई अड्डाको निर्माणको कार्य पनि अनिश्चित जस्तै छ । हवाई वा बस दुर्घटनामा मृत्यु वा घाइते हुने व्यक्तिहरूको लागि क्षतिपूर्ति पनि नियमित रूपले हुने गरेको छैन । प्रशासनको नोकरशाही व्यवहारले गर्दाखेरी ती सबै न्यायपूर्ण सुविधाहरूमा पनि बाधा पुग्ने गरेको छ ।

१८. शिक्षा र स्वास्थ्यमा भएको अत्यधिक निजीकरणका कारणले पनि जनताले शिक्षा र स्वास्थ्य सुलभ प्रकारले प्राप्त गर्न सकेका छैनन् । सरकारले पनि ठुला शिक्षा वा स्वास्थ्य सम्बन्धी माफियाहरूको दबाबले गर्दा शिक्षा, स्वास्थ्यको निजीकरणमाथि आवश्यक नियन्त्रण गर्न सकिरहेको छैन । अर्कातिर सार्वजनिक क्षेत्रका शिक्षा र स्वास्थ्यको गुणस्तर पनि धेरै नै तल्लोस्तरको छ । त्यसले गर्दा सार्वजनिक क्षेत्रका शिक्षा र स्वास्थ्यबाट जनतालाई पुग्ने लाभ निम्नस्तरको हुन्छ । त्यसकारण सरकारले शिक्षा र स्वास्थ्यको निजीकरणमाथि रोक लगाउँदै सार्वजनिक क्षेत्रमा तिनीहरूको विकासमाविशेष ध्यान दिनुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौँ । त्यस सन्दर्भमा हालै सरकारसित भएको सम्झौता अनुसार शिक्षा ऐनको निर्माणमा शिक्षकहरूले गर्नुपरेको लामो र कठिन आन्दोलनप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । स्वयं सरकारले नै गरेको सम्झौता अनुसार शिक्षकहरूलाई त्यति लामो आन्दोलन गर्न किन बाध्य गराइयो ? त्यसले सरकारको अत्यन्त गैह्रजिम्मेवार चरित्रलाई बताउँछ । त्यस प्रकारको चरित्रमा सुधार नभइकन देशमा कुनै पनि क्षेत्रमा सन्तोषजनक रूपले विकास हुन सक्दैन । नीति र कार्यक्रममा सरकारको त्यस प्रकारको चरित्र वा कार्यशैलीमा सुधारको लागि कुनै उल्लेख गरिएको छैन । शिक्षकको आन्दोलन तथा उनीहरूले स्वयं सरकारसित भएको सम्झौता अनुसार ऐनको निर्माणका लागि आन्दोलन गर्नुपर्ने बाध्यताता एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो । त्यस प्रकारको ग्रैहजिम्मेवार कार्यशैलीका अरू पनि थुप्रै उदाहरणहरू छन् । त्यसमा सुधारको लागि हामीले विशेष जोड दिन्छौँ ।

१९. सरकारले आफ्नो नीति, कार्यक्रममा भूमि बैङ्कको जुन उल्लेख गरेको छ, त्यो कुनै पनि अवस्थामा किसानको हित अनुकूल छैन र हामीले त्यसलाई खारेज गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौँ ।

२०. नीति र कार्यक्रम परम्परावादी प्रकारको र लोकप्रियतावादी प्रकारको छ । त्यसबाट देशको विकासमा कुनै मद्दत नपुग्ने कुरा प्रस्ट छ । गतकालमा प्रस्तुत गरिएका नीति र कार्यक्रमहरूमा जुन प्रतिबद्धता प्रकट गर्ने गरिएको छ, तीमध्ये धेरैजसोको कार्यान्वयन नै हुँदैन र तिनीहरूमध्ये कैयौँलाई पुन: नयाँ प्रस्तुत गरिएका नीति र कार्यक्रमहरूमा दोहोऱ्याउने गरिन्छ । त्यसैले अहिलेको नीति र कार्यक्रममा प्रस्तुत गरिएका कैयौँ प्रतिबद्धताहरू पनि बढी अर्थहीन नै हुन जान्छन् । त्यसैले हामीले सरकारले प्रतिगमनका विरुद्ध ठोस रूपले काम गर्न गरेका प्रतिबद्धतालाई दृढतापूर्वक समर्थन गर्दै समग्ररूपमा नीति र कार्यक्रमलाई अस्वीकार गर्दछौँ र त्यसलाई विरोध गर्दछौँ ।

२०८२ वैशाख २२ गते ।

----

शिक्षकहरूमाथि सरकारले गरेको कुटपिटलाई ने.क.पा. (मसाल)ले गम्भीर रूपमा लिन्छ र त्यसका लागि सरकारको कडा शब्दमा भर्त्सना गर्दछ । त्यसले सरकारको गैह्र जिम्मेवार चरित्रलाई बताउँछ । त्यो घटनाबाट खाली शिक्षकहरूका मागहरू पूरा गर्ने प्रश्नमा मात्र होइन, सम्पूर्ण देशको लागि नै वर्तमान सरकार अत्यन्त अनुत्तरदायी भएको देखिन्छ ।

यो सामान्य कुरा होइन कि शिक्षकहरूले हजारौँको सङ्ख्यामा राजधानीमा आएर आन्दोलन गर्दैछन् । पहिले उनीहरूले पालिका तहबाट सुरु गरेर प्रदेश तह हुँदै राजधानीमा आएर आफ्नो आन्दोलन सुरु गरेका हुन् । राजधानीमा पनि उनीहरूले प्रदर्शन सुरु गरेको पुग-नपुग एक महिना भइसक्यो । त्यो अवस्थामा सरकारले उनीहरूका माग पूरा गर्नुको सट्टा उनीहरूप्रति दमनको नीति अपनाउँदै छ । हाम्रो पार्टीले उनीहरूका मागहरूलाई शीघ्र पूरा गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

शिक्षकहरूका माग सही र न्यायपूर्ण छन् । उनीहरूका माग त्यो सहमतिमाथि नै आधारित छन्, जो पहिले शिक्षकहरू र सरकारका बिचमा भएको थियो । अहिलेको आन्दोलनको जुन स्थिति पैदा भएको छ, त्यो

सरकारले स्वयं गरेको सम्झौताअनुसार ऐन नबनाएको हुनाले नै उत्पन्न भएको हो । सरकारले कतिपय विरोधी पक्षहरूले उचालेको हुनाले नै शिक्षकहरू आन्दोलनमा उत्रेको बताइरहेको छ । त्यस प्रकारको आलोचना पूरै गलत छ । जस्तो कि माथि भनियो, शिक्षकहरूले विरोधी पार्टीहरूले उचालेर होइन, पालिका तहदेखि नै उनीहरूले आफ्ना मागहरूलाई उठाउँदै आएका छन् र विभिन्न विरोधी पक्षहरूले उनीहरूका न्यायपूर्ण मागहरूलाई नै समर्थन गरिरहेका छन् । सरकारले शिक्षकहरूलाई विरोधी पक्षहरूसित जोडेर आफ्नो ग्रैहजिम्मेवार चरित्रमाथि पर्दा हाल्ने प्रयत्न गरिरहेको छ । सरकारको त्यस प्रकारको चरित्रले गर्दा खाली शिक्षकहरूबारे मात्र होइन, देशको सम्पूर्ण स्थिति र भविष्यबारे पनि गम्भीर आशङ्का उत्पन्न भएको छ । त्यसबारे गम्भीर हुन हाम्रो पार्टीले सम्पूर्ण देशभक्त र न्यायप्रेमी जनताको ध्यान आकर्षित गर्न चाहन्छ ।

पोखरा विमानस्थलको निर्माणबारे करिब १० अर्ब रूपियाँ भ्रष्टाचार भएको तथ्य संसदको सार्वजनिक लेखा समितिको उपसमितिले बाहिर ल्याएको छ । त्यो समाचारप्रति पनि हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ । कुरा यो मात्र होइन कि त्यो अत्यन्त ठुलो पैमानाको भ्रष्टाचार हो । त्यससित सम्बन्धित त्यो भन्दा ठुलो र गम्भीर कुरा यो हो कि त्यो घटनाले देशमा भ्रष्टाचारले कति गहिरो जरा हालेको छ, त्यो कुरालाई उदाङ्गो बनाउँदछ । त्यस प्रकारको भ्रष्टाचारमा संलग्न उच्च अधिकारी र उच्च राजनीतिक नेतामाथि निष्पक्ष र उच्चस्तरीय छानविन र कारवाही हुनु ता आवश्यकता छ नै तर विद्यमान भ्रष्ट प्रणालीमाथि ध्यान दिँदा त्यो कारवाही पनि कहाँसम्म हुने छ ? त्यो कुरामा शङ्का नै छ । पोखराको विमानस्थल भ्रष्टाचार काण्डबाट प्रशासन र उच्च राजनीतिक तहमा व्याप्त त्यस प्रकारका भ्रष्टाचारले गर्दा नै देशको विकास हुन नसकेको कुरा प्रस्ट भएको छ । त्यो अवस्थामा भ्रष्टाचारका विरुद्ध उच्च जनचेतना उठाउनुपर्ने आवश्यकतामा हाम्रो पार्टीले विशेष जोड दिन्छ ।

काश्मिरको पहलगामको हिंसात्मक घटनापछि भारत र पाकिस्तानका बिचमा गम्भीर प्रकारको तनावको स्थिति उत्पन्न भएको छ र त्यहाँ युद्ध हुने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यस सन्दर्भमा भारतले पाकिस्तान र भारतका बिचमा भएको सिन्धुजल सन्धि खारेज गर्ने घोषणा समेत गरेको छ । स्थानीय रूपमा भएको एउटा घटनाका लागि पाकिस्तानका लाखौँ जनताको जीवनसित सम्बन्धित सम्झौतालाई खारेज गर्नु अवश्य पनि सही होइन र त्यो चरम प्रकारको अमानवीय कार्य हो । त्यसका पछाडिको मोदीको उद्देश्य पाकिस्तानका विरुद्ध उग्रराष्ट्रवादी वा हिन्दुवादी भावना पैदा गरेर भारतमा आफ्नो राजनीतिक स्थिति मजवुत पार्ने तथा छिट्टै हुन थालिरहेको विहारको चुनावलाई प्रभावित गर्ने उद्देश्यले पनि काम गरेको सम्भावनालाई अस्वीकार गर्न सकिन्न ।

त्यस सिलसिलामा पाकिस्तानले भारतका विरुद्ध एटम बम प्रयोग गर्ने धम्की पनि दिन थालेको छ । भारत र पाकिस्तान दुवै आणविक शक्ति सम्पन्न राष्ट्रहरू हुन् । उनीहरूका बिचमा आणविक युद्ध भएमा त्यसको असर खाली ती दुई देशहरूसम्म मात्र सीमित रहने छैन । तर आणविक युद्धको कुरा गर्न जति सजिलो छ, त्यति सजिलो त्यसलाई सुरु गर्नु अवश्य पनि सजिलो छैन जेहोस्, बिना एटम बम पनि, जस्तै कि गतकालमा कैयौँपल्ट हुने गरेको छ, ती दुई देशका बिचमा युद्ध सुरु भयो भने त्यसको असर सम्पूर्ण दक्षिण एसियामा र केही हदसम्म पूरै विश्वमा पनि पर्ने छ ।

पहलगामको घटना सामान्य आतङ्कवादी घटना मात्र होइन, भारतबाट अङ्ग्रेज गएपछि भारत र पाकिस्तान दुईवटा देशहरू बने । काश्मिरको प्रश्नलाई लिएर पाकिस्तान र भारतको बिचमा युद्ध भयो । संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा काश्मिरमा जनमत सङ्ग्रह गराउने, उनीहरू भारत र पाकिस्तान मध्ये कुनमा मिल्न चाहन्छन् वा स्वतन्त्र हुन चाहन्छन्, त्यो कुराको स्वयं काश्मिरका जनतालाई नै फैसला गर्न दिने निर्णय भएको थियो । भारत र पाकिस्तान दुवै त्यसका लागि सहमत भएका थिए । तर पछि भारतले त्यो फैसलालाई कार्यान्वयन गर्न अस्वीकार गऱ्यो र सम्पूर्ण काश्मिरमा आफ्नो अधिकार भएको दाबी गऱ्यो ।

भारतको त्यस प्रकारको नीतिका कारणले नै गत करिब साढे सातदशकदेखि काश्मिर अशान्त छ । त्यहाँका जनताले संयुक्त राष्ट्र सङ्घमा भएको सहमति अनुसार जनमत सङ्ग्रहको माग गर्दछन् र त्यसका

लागि आन्दोलन गरिरहेका छन् । पहिले काश्मिरलाई स्वायत्त शासनको अधिकार दिइएको थियो । पछि मोदी सरकारले त्यो अधिकारलाई पनि समाप्त गरेर त्यसलाई पूरै भारतीय सङ्घमा सामेल गऱ्यो । त्यो कारणले पनि त्यहाँका जनतामा धेरै नै असन्तोष बढिरहेको छ । भारतले उनीहरूको आन्दोलनलाई आतङ्कवादी गतिविधि बताउँछ र शक्तिद्वारा त्यसलाई दबाउने कोशिस गर्दै आएको छ । यो सत्य हो कि काश्मिरमा कैयौँ आतङ्कवादी सङ्गठनहरू पनि छन् र उनीहरूले आतङ्कवादी तरिकाहरू अपनाएर निर्दोष जनताको पनि हत्या गर्ने गर्दछन् । निश्चित रूपले, पहलगामको हिंसात्मक घटना एउटा आतङ्कवादी घटना नै थियो, किनभने त्यहाँ निरपराध र निःशस्त्र जनताको हत्या गरिएको थियो, जसमा काश्मिरमा घुम्न गएका एकजना नेपालीको पनि हत्या गरिएको थियो । काश्मिरको समस्याको समाधान एउटै तरिकाले हुन सक्दछ, संयुक्त राष्ट्रसङ्घमा भएको सम्झौताअनुसार त्यहाँ जनमत सङ्ग्रह गराएर त्यहाँका जनतालाई आफ्नो भाग्यको फैसला गर्ने अधिकार दिनु पर्छ । काश्मीरबारे भारतले जुन नीति अपनाएको छ, त्यो साम्राज्यवादी नीति हो ।

पहलगामको घटनापछि भारत र पाकिस्तानका बिचमा पैदा भएको धमिलो पानीमा पूर्व राजाले “हिन्दुकरण”को कार्ड फ्याँकेर माछा मार्ने प्रयत्न गरेका छन् । यो बुझ्न गाह्रो पर्दैन कि त्यसका पछाडिको उनको उद्देश्य आफूलाई पक्का हिन्दुवादी र मोदीको हिन्दुवादी नीतिको पक्षमा भएको देखाएर नेपालमा राजतन्त्रको पुनर्स्थापनाका लागि भारतका कट्टर हिन्दुवादी शासकवर्गको अनुग्रह प्राप्त गर्नु नै हो । त्यसैले उनले पहलगाममा भएको हत्याकाण्डलाई हिन्दुहरूमाथि भएको हत्याकाण्ड भनेर त्यसलाई हिन्दुकरण गर्ने प्रयत्न गरेका छन् । भारतका मोदीले हिन्दुस्तानका प्रत्येक घटनालाई हिन्दुत्वको रङ्ग दिने प्रयत्न गर्दछन् र त्यही प्रकारले पूर्व राजाले पनि आफूलाई पक्का हिन्दुवादीको रूपमा प्रस्तुत गरेर मोदीको समर्थनद्वारा नेपालमा राजतन्त्रको पुनर्स्थापनाको सपना पूरा गर्न पासा फ्याँकेका छन् । पूर्वराजाको त्यो नीतिअनुसार नै राजावादीहरूले पाकिस्तानको काठमाडौँ स्थिति राजदुतावासका अगाडि पहलगाममा हिन्दुहरूको हत्या भएको बताएर विरोध प्रदर्शन पनि गरेका छन् । राजावादीहरूको त्यस प्रकारको प्रयत्नले नेपालमा राजतन्त्रको पुनर्स्थापनाका लागि उनीहरूले बारम्बार गरेका प्रयत्नहरू, जसमध्ये चैत्र १५ गतेको तोडफोड र आगलागी समेतको हिंसात्मक कारबाही पनि आउँछ, को असफलतापछि उनीहरूमा पैदा भएको निराशालाई नै बताउँछ ।

२०८२ वैशाख १५ गते ।

----

आज १९ औं लोकतन्त्र दिवस हो । आज भन्दा १८ वर्ष पहिले संयुक्त आन्दोलनपछि तात्कालिक राजा ज्ञानेन्द्रको निरंकुश सत्ता समाप्त भएको थियो र देशमा बहुदलीय व्यवस्था कायम भएको थियो । त्यसको केही समयपछि राजतन्त्र नै समाप्त भएको थियो । पूर्व राजा ज्ञानेन्द्रले बारम्बार यो बताउने गरेका छन् कि उनले ठुलो त्यागको प्रदर्शन गरेर राजसत्ता जनतालाई सुम्पेका थिए । तर वास्तविकत ात्यो होइन, उनले ता वैधानिक राजतन्त्रलाई समाप्त गरेर निरङ्कुश सत्ता कायम गरेका थिए । जनताको आन्दोलनको दबाबका कारणले नै राजतन्त्र समाप्त भएर देश गणतन्त्रमा गएको थियो ।

आज उनी फेरि राजतन्त्रको पुनर्स्थापनाका लागि सङ्गठित रूपले प्रयत्न गरिरहेका छन् । आज लोकतन्त्र दिवसको अवसरमा नेपाली जनताले देशलाई प्रतिगमनतिर लैजाने सबै प्रयत्नहरूको दृढतापूर्वक र एकताबद्ध भएर सङ्घर्ष गर्ने प्रतिबद्धता प्रकट गर्नुपर्दछ ।

आफ्ना न्यायपूर्ण मागहरूका लागि शिक्षकहरूले लामो समयदेखि आन्दोलन गरिरहेका छन् । उनीहरूले पहिले सरकारसित भएको सम्झौताअनुसार नै शिक्षा ऐनको निर्माणको माग गर्दै आन्दोलन गरिरहेका छन् । स्वयं आफै सहमत भएका विषयहरूमा शिक्षा ऐन बनाउनु सरकारको नै जिम्मेवारी हो । त्यस अनुसार शिक्षा ऐन नबनाएर सरकारले गम्भीर प्रकारको गैरजिम्मेवारीपन देखाएको छ । हामीले सरकारको त्यस प्रकारको गैरजिम्मेवारपनको कडा शब्दमा आलोचना गर्दै सीघ्र उनीहरूका माग पूरा गरेर शिक्षा ऐन जारी गर्न माग गर्दछौँ ।

यहाँ यो पनि उल्लेखनीय छ कि अहिले उनीहरूले जुन आन्दोलन गरिरहेका छन्, त्यो ठुलो ऐतिहासिक महत्त्वको आन्दोलन हो । नेपालमा यति धेरै दिनसम्म हजारौँ मानिसहरूले

राजधानीमा आएर लगातार आन्दोलन गरिरहेको उदाहरण नेपालको इतिहासमा नै कमै पाइन्छ । त्यो अवस्थामा हामीले आन्दोलनप्रति शिक्षकहरूले देखाएको अद्वितीय प्रकारको धैर्यताका लागि उनीहरूलाई अभिनन्दन गर्दछौँ । यसका लागि पनि हामीले गम्भीर दुःख र क्षोभ प्रकट गर्दछौँ कि आज सरकारले खाली शिक्षकहरू मात्र होइन, निजामती कर्मचारी वा शिक्षकहरूका न्यायपूर्ण मागहरूप्रति पनि उपेक्षाको नीति अपनाएको छ । त्यसबाट जनतामा ठुलो पैमानामा असन्तोष पैदा भइरहेको छ । त्यस प्रकारको जनअसन्तोषबाट प्रतिगामी शक्तिहरूले नै लाभ उठाउने छन् । त्यसकारण, त्यस्तो स्थिति उत्पन्न हुन नदिन हाम्रो पार्टीले शिक्षकहरू सहित विभिन्न पेशागत समूहहरूका मागहरूलाई सिघ्र पूरा गर्नका लागि सरकारको गम्भीर ध्यान आकर्षण गर्न चाहन्छौं ।

वुटवल निवासी सुदिप न्यौपानेको भारतको काश्मिरको एउटा हिंसात्मक घटनामा मृत्यु भएकोमा हामीले सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

भारतको सीपीआइएमएल (मास लाइन) का नेता कामरेड सञ्जय सिंघवीको निधनप्रति ने.क.पा.(मसाल) ले गम्भीर दुःख प्रकट गर्दै उहाँप्रति श्रद्धाञ्जली तथा उहाँको परिवारका सदस्यहरू र उहाँको पार्टीका सबै नेता र कार्यकर्ताहरूप्रति हार्दिक समवेदना प्रकट गर्न चाहान्छ । उहाँ पहिले आइसीओआरको सहायक संयोजक हुनुहुन्थ्यो भने अहिले आइसीओआरको एसियन कोअर्डिनेशनको कोअर्डिनेटर पनि हुनुहुन्थ्यो । उहाँ भारतको एउटा प्रशिद्ध अधिवक्ता र मजदुर नेता पनि हुनुहुन्थ्यो । हाम्रो पार्टीका, आइसीओआरका अन्तराष्ट्रिय र एसियनका `अर्डिनेशनका कैयौं कार्यक्रमहरूको सिलसिलामा उहाँ धैरैपल्ट नेपालमा पनि आउनु भएको थियो । त्यसरी हाम्रो पार्टी र उहाँका बिचमा धेरै नै मैत्रीपूर्ण र भाइचारा सम्बन्ध पनि रहेको थियो । उहाँको निधनबाट अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन र भारतको कम्युनिस्ट आन्दोलनलाई पनि धेरै क्षति पुगेको छ । त्यसका साथै हाम्रो पार्टीले एउटा नेपालको कम्युनिस्ट आन्दोलनको एउटा घनिष्ट मित्रलाई पनि गुमाएको छ र त्यसका लागि हामीलाई धेरै दुःख छ ।

२०८२ बैशाख ११ गते ।

----

लेनिन जयन्ती र पार्टीको स्थापना दिवस सम्बन्धी विशेष वक्तव्य

आज वैशाख ९ गते तदनुसार अप्रिल २२, १५६ औं लेनिन जयन्ती र हाम्रो पार्टीको ७७ औं स्थापना दिवस पनि हो । त्यसैले आजको दिनले विश्व र नेपालको पनि कम्युनिस्ट आन्दोलनका लागि ठुलो ऐतिहासिक महत्त्व राख्दछ ।

लेनिनको नेतृत्वमा नै मार्क्सवादमा उच्च सिर्जनात्मक विकास भएको थियो र उनको नामबाट नै अहिलेको युगलाई लेनिन युग पनि भनिन्छ । उनको नेतृत्वमा नै मानवजातिको इतिहासमा पहिलोपल्ट समाजवादी क्रान्ति सम्पन्न भएको थियो । त्यसै गरेर नेपालमा पनि नेपाल कम्युनिस्ट पार्टीको इतिहास धेरै नै महत्त्वपूर्ण रहेको छ । आफ्नो जन्मकालदेखि अहिलेसम्म, एकातिर, देशभित्र सामन्तवाद र, अर्कातिर, साम्राज्यवादका विरुद्ध गणतन्त्र र राष्ट्रियताका पक्षमा त्यसले लगातार महत्त्वपूर्ण ऐतिहासिक सङ्घर्ष गर्दै आएको छ । पहिले राणा शासन तथा पछि पञ्चायती तानाशाही व्यवस्था र राजतन्त्र समेतका विरुद्धको सङ्घर्षमा त्यसको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । त्यसै गरेर भारतीय साम्राज्यवाद र अमेरिकी साम्राज्यवाद समेतका विरुद्ध त्यसले लगातार सङ्घर्ष गर्दै आएको छ । त्यसरी नेपालको प्रजातन्त्रका साथै देशको राष्ट्रियताको रक्षाका लागि पनि त्यसले सँधैं सम्झौताहीन प्रकारले सङ्घर्ष गर्दै आएको छ ।

कम्युनिस्ट आन्दोलनमा देखा पर्ने विभिन्न प्रकारका भड्कावहरूका विरुद्ध सङ्घर्ष नगरिकन कम्युनिस्ट आन्दोलन अगाडि बढ्न सक्दैन । विश्व कम्युनिस्ट आन्दोलनद्वारा त्यो कुरा प्रमाणित भएको छ । मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले आफ्नो समयका विभिन्न प्रकारका अवसरवादका विरुद्ध लगातार र सम्झौताहीन प्रकारले सङ्घर्ष गरेको लामो इतिहास हाम्रो अगाडि छ । हाम्रो पार्टीले पनि त्यसका लागि लगातार सङ्घर्ष गर्दै आएको छ । हाम्रो पार्टीले देशभित्र पार्टीमा देखा पर्ने विभिन्न प्रकारका दक्षिणपन्थी, “मध्यपन्थी” वा उग्र“वामपन्थी” भड्कावहरूका विरुद्ध लगातार सङ्घर्ष गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न प्रकारका भड्कावहरू, खास गरेर सोभियत संशोधनवाद, चीनिया संशोधनवाद वा रिमको नव-ट्रास्कीवाद, का विरुद्ध लामो सङ्घर्ष गर्दै आएको छ । त्यस प्रकारको गौरवपूर्ण अन्तर्राष्ट्रिय

र राष्ट्रिय क्रान्तिकारी इतिहासको पृष्ठभूमिमा नै आज हामीले लेनिन जयन्ती र पार्टीको स्थापना दिवस मनाइरहेका छौँ । नेपालको कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी इतिहासलाई अरू अगाडि बढाउन, हाम्रो जिम्मेवारी हुन्छ भन्ने विश्व क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा पनि बढीभन्दा बढी योगदान दिने हाम्रो अन्तर्राष्ट्रिय दायित्व हुन्छ ।

नेपाल र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनप्रतिका जिम्मेवारीहरू पूरा गर्ने बेलामा आजको नेपालको र विश्वको कम्युनिस्ट आन्दोलनको वस्तुस्थितिप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । नेपाल र विश्वको कम्युनिस्ट आन्दोलनको इतिहास अत्यन्त गौरवपूर्ण भएपनि समग्र रूपमा आज त्यसको स्थिति अत्यन्त कमजोर अवस्थामा छ । आखिरमा किन र कसरी त्यो कमजोर भएको हो ? त्यो कुरा पत्ता लगाएपछि वा लगाउन सकेपछि नै कम्युनिस्ट आन्दोलनलाई शक्तिशाली बनाउन र नेपालमा नयाँ जनवादी क्रान्ति तथा सम्पूर्ण विश्वमा समाजवादी क्रान्ति सफल पार्नु सम्भव हुने छ । त्यो कार्य कठिन अवश्य छ । तर असम्भव अवश्य पनि छैन । मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराको अजेय हतियारका आधारमा त्यो दिशामा बढ्नु सम्भव छ । मार्क्सवादी-लेनिनवादी सिद्धान्त भौतिक परिस्थितिको ठोस विश्लेषण तथा क्रान्तिकारी आन्दोलनको लामो अनुभवपछि नै अगाडि आएको हो र विश्वको इतिहासद्वारा त्यो लगातार सही सिद्ध हुँदै आएको छ । आज विश्वको र नेपालको पनि कम्युनिस्ट आन्दोलन किन कमजोर भएको छ भने कम्युनिस्टहरू त्यो दार्शनिक सिद्धान्तबाट विमुख हुँदै गएका छन् र उनीहरूको झुकाव मार्क्सवादी-लेनिनवादी दर्शन भन्दा पुँजीवादतिर बढेर गएको छ । कम्युनिस्ट आन्दोलनको जग मार्क्सवादी-लेनिनवादी दर्शनमाथि नै बनेको थियो । त्यो जग नै हल्लिएपछि कम्युनिस्ट आन्दोलन कमजोर हुनु स्वाभाविक हो र त्यो भएको पनि छ । कम्युनिस्ट आन्दोलनलाई शक्तिशाली बनाउने कार्य त्यही विन्दुबाट पूरा गरेर नै सम्पन्न गर्नुपर्दछ, जुन कारणले त्यसको जग हल्लिएको छ । त्यो कार्य हो कम्युनिस्ट आन्दोलनलाई पुन: मार्क्सवादी-लेनिनवादी सिद्धान्तका आधारमा पुनर्स्थापित गर्नु । कम्युनिस्ट आन्दोलनलाई पुन: शक्तिशाली बनाउनका लागि अन्य कुनै उपाय छैन ।

मार्क्सवादी-लेनिनवादी सिद्धान्तबाट विचलन भएपछि कम्युनिस्ट आन्दोलन कसरी धराशायी हुँदै जान्छ ? सोभियत सङ्घ, चीन र संसारका कैयौँ देशहरूका समाजवादी व्यवस्थाहरू धराशायी भएका वा संसारका लामो गौरवपूर्ण र क्रान्तिकारी इतिहास भएका ठुला-ठुला कम्युनिस्ट पार्टीहरूको पतन भएको थुप्रै उदाहरणहरू हाम्रा अगाडि छन् । त्यस प्रकारको पतनको प्रक्रिया यो हदसम्म पनि अगाडि बढ्दछ कि उनीहरूले त्यस प्रकारको पतनलाई आदर्श मान्न थाल्दछन् र त्यसमा आनन्द मान्न वा त्यसैमा गौरवान्वित हुन पनि थाल्दछन् । हामीले चीनको उदाहरण लिन सक्दछौँ । त्यो देश पूरै पुँजीवादी मात्र भएको छैन, त्यो साम्राज्यवादी अवस्थामा पनि पुगेको छ । तर त्यहाँको पार्टीले आफ्नो पार्टीलाई अझै पनि कम्युनिस्ट पार्टी मान्दछ र त्यहाँको व्यवस्थालाई उच्च र परिष्कृत समाजवादी व्यवस्था मान्दछ । पहिले समाजवादबाट पतनको चरम अवस्थामा पुगिसकेपछि पनि सोभियत सङ्घको कम्युनिस्ट पार्टीले लामो समयसम्म त्यहाँको पार्टी कम्युनिस्ट पार्टी भएको मात्र दावी गर्दैनथ्यो, त्यो देशको व्यवस्थालाई पनि समाजवादी नै भएको बताउँथ्यो । त्यो, विश्वका थुप्रै कम्युनिस्ट पार्टीहरूलाई त्यस प्रकारको भ्रम दिन पनि सफल भएको थियो । नेपालमा डा. केशरजङ्ग रायमाझीले पनि राजावादी लाइन समातिसकेपछि पनि लामो समयसम्म आफूलाई सच्चा कम्युनिस्ट भएको नै दाबी गर्दथे । तर पछि उनले कम्युनिस्ट पार्टीको विघटन गरेर आफ्नो सक्कली रूपको प्रदर्शन गरे । कुनै लुकेको कुरा होइन कि अहिले नेपालका पनि कतिपय समूहहरूले आफूलाई कम्युनिस्ट आन्दोलनको मूलधार नै भएको दाबी गर्दछन् । उनीहरूले आफ्नो सदस्यको ठुलो सङ्ख्या सङ्गठनको ठुलो आकार वा संसद वा सत्तामा समेत महत्त्वपूर्ण स्थान भएको आधारमा त्यस प्रकारको दाबी गर्दछन् र उनीहरू त्यसरी आम जनता मात्र होइन, वामपन्थी जगतमा पनि ठुलो भ्रम दिन सफल भएका छन् । तर मार्क्सवादी-लेनिनवादी दृष्टिकोण, राजनीतिक लाइन वा सङ्गठनात्मक प्रणाली समेतका आधारमा मूल्याङ्कन गर्दा उनीहरू मार्क्सवादी-लेनिनवादी दर्शनबाट धेरै नै टाढा पुगेको र कम्युनिस्ट पार्टी नरहेको कुरामा कुनै शङ्का रहन्न । तैपनि सही मार्क्सवादी-लेनिनवादी दृष्टिकोणको अभावमा

थुप्रै मानिसहरूले उनीहरूलाई कम्युनिस्ट नै मान्दछन् र उनीहरूका पछि पनि लाग्दछन् । त्यसरी दिग्भ्रमित भएका विश्व र नेपालका पनि थुप्रै उदाहरणहरू हाम्रा अगाडि छन् र त्यो कारणले विश्व कम्युनिस्ट आन्दोलनलाई ठुलो क्षति पुगेको छ । त्यही कारणले नै आज विश्व कम्युनिस्ट आन्दोलन धेरै नै कमजोर र रक्षात्मक अवस्थामा पुगेको छ । मार्क्सवादी-लेनिनवादी दर्शनको सही समझदारी र त्यसको प्रकाशमा नै त्यस प्रकारको भ्रमलाई साफ गर्न सकिने छ । त्यसरी नै विश्वको र नेपालको पनि कम्युनिस्ट आन्दोलनले सही, सशक्त र क्रान्तिकारी दिशा लिन सक्ने छ ।

आज यो लेनिन जयन्ती र पार्टीको स्थापना दिवसको अवसरमा हामीले आफूलाई मार्क्सवादी-लेनिनवादी दर्शनद्वारा सही प्रकारले प्रशिक्षित गर्ने प्रतिबद्धता गर्नुपर्दछ र त्यसरी नै नेपालको कम्युनिस्ट आन्दोलनलाई सही र क्रान्तिकारी दिशामा अगाडि बढाउन र विश्व कम्युनिस्ट आन्दोलनमा पनि बढी भन्दा बढी योग्दान दिन सम्भव हुने छ ।

माथि हामीले अहिलेको विश्व र नेपालको पनि कम्युनिस्ट आन्दोलनको आधारभूत समस्या र त्यसको पुनर्स्थापनाको आवश्यकताबारे चर्चा गर्‍यौं । त्यसका साथै आज लेनिन जयन्ती र पार्टीको स्थापना दिवसको अवसरमा हामीले देशको वर्तमान स्थिति र त्यसप्रतिको हाम्रो दायित्वबारे पनि विचार गर्नुपर्ने आवश्यकता छ । आज हाम्रो देश गम्भीर प्रकारको सङ्कटको मुखमा उभिएको छ । अझ अर्को शब्दमा भन्ने हो भने आज देश चौतर्फी सङ्कटको मुखमा उभिएको छ । त्यस प्रकारको अवस्थामा हाम्रो नीति के हुनुपर्दछ ? त्यसबारे पनि हामी स्पष्ट हुनुपर्दछ । आजको देशभित्रको एउटा मुख्य समस्या के हो भने गणतन्त्र र धर्मनिरपेक्षताका विरुद्ध राजावादीहरूले लगातार हमला गरिरहेका छन् । त्यो अवस्थामा गणतन्त्र र धर्मनिरपेक्षताको रक्षाका लागि सङ्घर्ष गर्नु अहिलेको ऐतिहासिक र राष्ट्रिय आवश्यकता भएको छ । तर अहिले देशमा प्रतिगामी शक्तिहरूको गतिविधि जसरी बढेर गएको छ, त्यसका लागि राजावादीहरूलाई मात्र दोष दिनु सही हुने छैन । नेपालमा बहुदलीय व्यवस्था वा गणतन्त्र आएपछि सत्तामा पुगेका गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूको भूमिका, उनीहरूको शासन कालमा बढेको भ्रष्टाचार र कुशासन समेतका कारणले जनतामा बढेको निराशा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूप्रति बढेको अविश्वास तथा असन्तोषका कारणले पनि राजावादीहरूलाई यो व्यवस्था वा गणतन्त्रमाथि हमला गर्नका लागि बहाना मिलेको छ । जनतामा देखा परेको त्यस प्रकारको निराशा, असन्तोष वा अविश्वासलाई पूरै नै गलत पनि भन्न सकिन्न । वास्तवमा हामीले प्रतिगामी खतराको कडा र सम्झौताहीन प्रकारले प्रतिरोध गर्दै गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूका सबै गलत नीति र क्रियाकलापका विरुद्ध पनि सङ्घर्ष गर्दै जानु पर्दछ । उनीहरूका विरुद्ध त्यस प्रकारको सङ्घर्ष गर्नुका साथै प्रतिगामी खतराका विरुद्ध उभिने राजनीतिक शक्तिहरूसित तालमेल, सहकार्य वा गठबन्धन गर्ने पनि हाम्रो नीति हुनु पर्दछ । हामीले जनतालाई यो चेतना दिनु पर्दछ कि आज देशमा जुन समस्याहरू छन, त्यसको समाधान प्रतिगमन नभएर अग्रगमन नै हो र, त्यसैले, जनतालाई प्रतिगमनको पक्षमा लागेर देशलाई प्रतिगमनको दिशामा जानको लागि बल पुर्‍याउने होइन, अग्रगमनको पक्षमा नै सङ्घर्षलाई अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ ।

भारतीय साम्राज्यवादले लामो समयदेखि नेपालमा आफ्नो प्रभुत्व कायम गर्न योजनावद्ध प्रकारले प्रयत्न गर्दै आएको छ । आफ्नो नेपालप्रतिको त्यस प्रकारको साम्राज्यवादी दृष्टिकोणका कारणले नै त्यसले अहिलेसम्म नेपालको संविधानलाई स्वीकार गरेको छैन र त्यसको निर्देशनमा नै कतिपय मधेशवादी सङ्गठनहरूले त्यसमा (संविधानमा) संशोधन गर्न खोजेका छन् । हामीले पनि विद्यमान संविधानमा संशोधन गरेर सङ्घीयतालाई खारेज गर्न चाहन्छौं । त्यसरी संविधानमा संशोधनको हाम्रो विचार अग्रगामी प्रकारको छ । तर उनीहरूले नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा नै आँच पुग्ने गरी त्यसमा संशोधन गर्न चाहन्छन् ।

भारतले नेपालमा भारतीयहरू बहुसङ्ख्यक हुने गरी नागरिकता ऐनमा संशोधन गर्न दबाब दिँदै आएको छ र भारतीय दबाबमा नेपालका विभिन्न सरकारहरूले संविधानमा त्यसरी संशोधन गर्दै आएका छन् । त्यसका पछाडिको उनीहरूको उद्देश्य फिजी वा सिक्किममा झैं नेपालको संसदमा भारतीयहरूको बहुमत गराएर नेपाललाई

भारतमा मिलाउनु नै हो । त्यसरी उनीहरूको रणनीति प्रथम चरणमा तराईलाई भारतमा मिलाउनु र अन्तमा पूरै नेपाललाई भारतमा गाभ्नु हो । त्यसरी भारतीय साम्राज्यवाद नेपालको अस्तित्वको लागि नै गम्भीर खतरा बनेको छ । भारतका कट्टरपन्थी हिन्दू शासक वर्गले नेपालका राजावादी शक्तिहरूलाई प्रोत्साहित गर्ने तथा नेपालमा साम्प्रदायिकता फैलाउने काम पनि गरिरहेका छन् ।

अमेरिकाले चीनका विरुद्धको आफ्नो रणनीतिक मोर्चावन्दी वा तिब्बतमा दलाई लामाको पुनर्स्थापनाका लागि तिब्बतमाथि कब्जा गर्नका लागि नेपाललाई आफ्नो युद्धभूमिका रूपमा प्रयोग गर्न चाहन्छ । त्यही रणनीति अन्तर्गत नै अमेरिकाले दबाब दिएर नेपालको संसदद्वारा एमसीसी पनि पारित गर्न लगाएको छ । त्यसरी नेपाल विश्वका महाशक्तिहरूका बिचको युद्धको चक्रव्यूहमा पर्ने पनि ठुलो खतरा उत्पन्न भएको छ । नेपालमा युरोपियन साम्राज्यवादीहरूको प्रभाव पनि निकै बढ्दै गइरहेको छ । उनीहरूले एनजीओ वा इसाई धर्मका आधारमा पनि नेपालमा आफ्नो गतिविधि बढाउँदै लगिरहेका छन् । त्यसले गर्दा नेपालमा जातिवादको लहर पनि बढ्दै गइरहेको छ । विभिन्न साम्राज्यवादी शक्तिहरूको दबाबमा नै नेपालले सङ्घीयतालाई स्वीकार गरेको छ र त्यो आज नेपालको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता तथा देशको दिगो विकासको लागि पनि गम्भीर खतरा बन्दै गइरहेको छ ।

माथि हामीले प्रतिगमन वा विभिन्न साम्राज्यवादी शक्तिहरूका कारणले देशमा गम्भीर प्रकारको सङ्कटको स्थिति उत्पन्न भएको अवस्थाको जुन चर्चा गऱ्यौँ, देशका कैयौँ सम्झौतापरस्त राजनीतिक शक्ति वा विभिन्न सामाजिक तप्काहरूका कारणले पनि त्यो सङ्कट झन बढेर गएको छ । यहाँसम्म कि कतिपय वामपन्थी शक्तिहरूमा पनि एक वा अर्को रूपमा त्यस प्रकारका सम्झौतापरस्त सोचाइहरू देखा पर्ने गरेको पाइन्छ । त्यसकारण त्यस प्रकारका प्रवृत्तिहरूको भण्डाफोर गरेर प्रतिगामी वा साम्राज्यवादी शक्तिहरूका विरुद्ध जनताको चेतना बढाउनेतिर हाम्रो निश्चित ध्यान जानुपर्ने आवश्यकता छ । त्यसैले नै हामीले देशी वा विदेशी प्रतिक्रियावादी शक्तिहरूको सशक्त प्रकारले सङ्घर्ष गर्न सक्ने छौँ । उपर्युक्त प्रकारको स्थितिमा प्रतिगामी खतराबाट गणतन्त्र र धर्मनिरपेक्षताको रक्षा, विभिन्न साम्राज्यवादी शक्तिहरूबाट देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षा गर्नु, नेपाललाई साम्राज्यवादीहरूको युद्धको मैदान बनाउने कार्यबाट रोक्नु, देशलाई जातिवादको दलदलबाट बचाउन तथा सङ्घीयतालाई खारेज गर्नु पनि अहिलेका हाम्रा तात्कालिक जिम्मेवारीहरू बन्न गएका छन् । जनताका विभिन्न समस्याहरूको समाधानका लागि वा उनीहरूका न्यायपूर्ण मागहरू पूरा गर्न सङ्घर्ष गर्नुपर्ने हाम्रो अहिलेको जिम्मेवारी हुन गएको छ । ती सबै जिम्मेवारीहरू हामीले त्यो बेला नै पूरा गर्न सक्ने छौँ, जब हामी सही अर्थमा कम्युनिस्ट बन्ने छौँ वा अर्को शब्दमा, कम्युनिस्ट जस्ता कम्युनिस्टहरू बन्ने छौँ । मार्क्सवादी-लेनिनवादी शिक्षाको आधारमा नै हामी कम्युनिस्ट जस्ता कम्युनिस्ट बन्न सक्नेछौँ । त्यसपछि नै हामी देश र जनताप्रतिका जिम्मेवारीहरू वा अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलनप्रतिको दायित्व पनि पूरा गर्न सफल हुने छौँ । आज यो लेनिन जयन्ती र पार्टीको स्थापना दिवसको अवसरमा हामीले कम्युनिस्ट जस्तो कम्युनिस्ट बन्ने प्रतिबद्धता प्रकट गरौँ ।

२०८२ वैशाख ०९ गते ।

----

१. २०८२ को नयाँ दिनको अवसरमा ने.क.पा. (मसाल)ले सम्पूर्ण नेपाली जनताप्रति मङ्गलमय शुभकामना प्रकट गर्न चाहन्छ । आज, एकातिर, देशमा प्रतिगमनको खतरा बढ्दै गएको छ । त्यो अवस्थामा नेपाली जनताले करिव एक शताब्दीसम्म त्याग, बलिदान र सङ्घर्ष गरेर प्राप्त गरेका महान् उपलब्धिहरू, खास गरेर गणतन्त्र, धर्मनिरपेक्षताको रक्षा गर्ने जिम्मेवारी हाम्रा अगाडि छन् भने, अर्कोतिर, विश्वस्तरमा साम्राज्यवादका कारणले बढ्दै गएको युद्ध खतराबाट शान्तिको रक्षाका लागि बढी भन्दा बढी योगदान दिने जिम्मेवारी पनि हाम्रा अगाडि छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा उक्त जिम्मेवारी पूरा गर्दै नयाँ जनवादी क्रान्तिको लागि आधार तयार पार्ने जिम्मेवारी पनि हाम्रा अगाडि छ । हामीलाई आशा र विश्वास छ, नयाँ वर्षमा हामी उक्त जिम्मेवारी पूरा गर्न बढी भन्दा बढी सफल हुने छौं ।

२. ने.क.पा. (मसाल)को केन्द्रीय समितिको बैठक हालै सम्पन्न भएको छ । त्यसले राष्ट्रिय जनमोर्चाका तर्फबाट

हालै आयोजित सङ्घीयताका विरुद्धको राजधानी केन्द्रित आन्दोलनको समीक्षा गऱ्यो । हामी आन्दोलनको तयारीमा रहेको बेलामा नै चैत्र १५ गते काठमाडौँमा राजावादीको हिंसात्मक प्रदर्शन भएर प्रतिगमनको खतरा गम्भीर हुन गएको थियो । त्यो अवस्थामा गणतन्त्रको रक्षाका लागि पनि सङ्घर्षलाई तीव्र पार्नुपर्ने आवश्यकता हुन गयो । त्यसैले सङ्घीयताका विरुद्ध केन्द्रित आन्दोलनलाई गणतन्त्र र राष्ट्रियताको रक्षाका लागि पनि अगाडि बढाउनुपर्ने आवश्यकता हुन गयो । त्यसैले पहिले सङ्घीयताका विरुद्ध मात्र केन्द्रित आन्दोलनको नारालाई परिमार्जन गरेर "गणतन्त्र र राष्ट्रियताको रक्षा तथा सङ्घीयताको खारेजी" नाराको आधारमा सङ्घर्ष गर्ने निर्णय गरियो । त्यस अनुसार उक्त आन्दोलन भव्य रूपमा सफल भएको केन्द्रीय समितिको निष्कर्ष रहेको छ ।

३. उक्त आन्दोलन अत्यन्त कठिन र प्रतिकूल परिस्थितिमा सम्पन्न भएको थियो । देशभरि र प्रवासबाट समेत ठुलो सङ्ख्यामा प्रदर्शनकारीहरू काठमाडौँमा आउनु र पुग-नपुग एक हप्तासम्म काठमाडौँमा बस्नु सामान्य कुरा थिएन । त्यही बेलामा प्रदुषण बढेर काठमाडौँ संसारको नै एक नम्बरको प्रदुषित सहर बनेको थियो । त्यो स्थितिमाथि ध्यान दिँदै पहिले चैत्र २४ गतेदेखि ३० गतेसम्मका लागि निर्धारित गरिएको कार्यक्रमलाई २ दिन घटाएर २८ गतेसम्म सञ्चालन गर्ने निर्णय गरिएको थियो । तैपनि आर्थिक स्थिति, खाने, बस्ने व्यवस्था तथा मौसमको प्रतिकुलताको अवस्थामा पनि आन्दोलन भव्य रूपमा सफल हुनु कार्यकर्ताहरूको उच्च प्रकारको चेतनाका कारणले नै सम्भव हुन गएको हो । त्यसका लागि आन्दोलनमा सहभागी सबै कार्यकर्ताहरू र उनीहरूलाई सहयोग पुऱ्याउने देशभित्र, प्रवास र विदेशका समेत सम्पूर्ण जनतालाई हाम्रो पार्टीले धन्यवाद दिन चाहन्छ ।

४. सङ्घीयता विरुद्धको उक्त आन्दोलन हाम्रो लागि यस कारणले पनि धेरै कठिन थियो कि देशका अन्य सबैजसो राजनीतिक पार्टीहरूले सङ्घीयतालाई नै समर्थन गर्दछन् । त्यसकारण ती सबै हाम्रो आन्दोलनका विरुद्ध थिए । राप्रपाले पनि सङ्घीयताको विरोध गर्दछ । तर उसको उद्देश्य सङ्घीयताको ठाउँमा राजाको निरङ्कुश शासन कायम गर्नु हो । त्यसैले उसले सङ्घीयताको विरोध गरेपनि त्यसको उद्देश्य पुरानो प्रकारको केन्द्रिकृत सामन्ती र नोकरशाही प्रकारको एकात्मक प्रणाली कायम गर्नु हो । त्यसकारण त्यसले कायम गर्ने एकात्मक प्रणालीको प्रकृति प्रतिगामी प्रकारको भएको कुरा प्रष्ट छ । त्यसको विपरित हामीले सङ्घीयतालाई समाप्त गरेर कायम गर्न खोजेको एकात्मक प्रणाली प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमाथि आधारित हुने छ । त्यसैले राप्रपासित सङ्घीयताका विरुद्धको आन्दोलनमा एकता हुन नसक्ने कुरा प्रष्ट नै थियो ।

५. अन्य सबै राजनीतिक शक्तिहरू ता हाम्रो सङ्घीयता विरोधी आन्दोलनका विरोधी नै थिए । त्यसैले हामीले चौतर्फी विरोधका बिचमा सङ्घीयताको आन्दोलन सञ्चालन गर्नु परेको थियो । तैपनि त्यो आन्दोलन भव्य रूपमा सफल भएको कुराले देशमा सङ्घीयताका विरुद्ध व्यापक जनमत भएको कुरालाई बताउँछ ।

६. जुन बेला सङ्घीयताका विरुद्धको आन्दोलन चलिरहेको थियो, त्यही बेला गणतन्त्र र धर्मनिरपेक्षताका विरुद्ध राजावादीहरूको गतिविधि पनि भइरहेको थियो र अहिले पनि उनीहरूको त्यस प्रकारको गतिविधि बढिरहेको छ । त्यसले देशमा प्रतिगमनको खतरा अत्यन्त गम्भीर भएको कुरालाई बताउँछ । त्यो कुरामाथि ध्यान दिँदै हाम्रो पार्टीले वैशाख २० देखि २६ गतेसम्म प्रतिगमनका विरुद्ध देशव्यापी रूपमा आन्दोलन संचालन गर्ने निर्णय गरेको छ । आन्दोलनलाई जनताको तल्लो तहसम्म पुऱ्याउनको लागि त्यो आन्दोलनलाई पालिका तहमा नै केन्द्रित गरिने छ । वैशाख २० गते भन्दा पहिले आन्दोलनको प्रचारात्मक कार्य र आन्तरिक सङ्गठनात्मक तयारीमा लगाइनेछ र २० गतेदेखि २६ गतेसम्म आन्दोलनमा जोड लगाइने छ । पूर्व राजाको नेतृत्वमा राजावादीहरूले राजतन्त्रको पुनर्स्थापनाका लागि घोषित र सङ्गठित रूपले प्रयत्न गरिरहेका छन् । त्यसकारण गणतन्त्र र धर्मनिरपेक्षताको रक्षाका लागि पूरा जोड लगाउनु अहिलेको राष्ट्रिय आवश्यकता भएको छ । त्यसरी नै देशलाई प्रतिगमनको दिशामा जानुबाट रोक्न सकिन्छ र रोक्नु पनि पर्दछ ।

७. यो खुसीको कुरा हो कि अहिले देशमा गणतन्त्रको रक्षाका लागि सत्ता वा प्रतिपक्षका धेरै राजनीतिक शक्तिहरू

अगाडि आएका छन् । त्यस प्रकारका राजनीतिक शक्तिहरू मध्ये माओवादी, एकीकृत समाजवादी, एमाले, ने.का. आदि उल्लेखनीय छन् । प्रतिगमनका विरुद्ध र गणतन्त्रका पक्षमा उनीहरूका त्यस प्रकारका कदमहरूलाई हाम्रो पार्टीले समर्थन गर्दछ । हाम्रो नीति सत्ता वा विपक्षमा भएका विभिन्न राजनीतिक शक्तिहरूसित हाम्रा विगतमा वा अहिले पनि विभिन्न प्रकारका मतभेदहरू भएपनि हाम्रो नीति उनीहरूका प्रतिगमनका विरुद्धका सङ्घर्षहरूलाई समर्थन गर्ने, उनीहरूका त्यस प्रकारका आन्दोलनहरूसित सामञ्जस्यता कायम गर्ने वा केन्द्र र स्थानीय स्तरमा सम्भव भएसम्म सहकार्य वा कार्यगत एकता गर्ने नै हुने छ । निश्चय नै, त्यसो गर्दा उनीहरूसितका मतभेदहरूलाई राजनीतिक रूपले संचालन गर्ने हाम्रो नीति कायम रहने छ ।

८. नेपालको राजनीतिक इतिहासमा वामपन्थी वा प्रजातान्त्रिक पक्षका कतिपय नेताहरूले आफ्ना महत्त्वकाङ्क्षा वा पद प्राप्तिका लागि आफ्नो सिद्धान्त वा नीतिहरूलाई त्यागेर राजासित मिलेका कैयौं उदाहरणहरू छन् । त्यस सन्दर्भमा कम्युनिस्ट पार्टीका डा. केशरजङ्ग रायमाझी र नेपाली काङ्ग्रेसका तुलसी गिरी र विश्वबन्धु थापाका उदाहरणहरूलाई विशेष रूपले चर्चा गर्न सकिन्छ । अहिले पनि नेका वा कतिपय कम्युनिस्ट नेताहरूले दिएका अभिव्यक्तिहरूबाट त्यस प्रकारका घटनाहरूको पुनरावृत्ति हुने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । व्यक्तिगत महत्त्वाकाङ्क्षा वा पदलोलुपताका कारणले नेपालका धेरै नेताहरूको पतन हुने गरेको छ । त्यसकारण त्यस प्रकारको घटनाको पुनरावृत्ति तथा त्यसबाट देशको राजनीतिमा असर पर्ने सम्भावनातिर पनि हाम्रो गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ ।

९. यो थाहा भएको कुरा हो कि नेपालका प्रतिगामी शक्तिहरूले एकातिर, पिछडिएका वा जनप्रियतावादी सोचाइहरूलाई आधार बनाएर तथा, अर्कातिर, विभिन्न वामपन्थी वा प्रजातान्त्रिक सङ्गठनहरूमा क्रियाशील अवसरवादी तत्त्वहरूलाई उपयोग गरेर नै आफ्ना प्रतिगामी नीतिहरूलाई सफल पार्ने प्रयत्न गर्ने गरेका छन् । अहिले पनि विभिन्न वामपन्थी वा प्रजातान्त्रिक शक्तिहरूका प्रतिगमनप्रति सम्झौतापरस्त दृष्टिकोण राख्ने नीतिहरूबाट प्रतिगमनलाई बल पुग्ने गरेको पाइन्छ । अहिले नेकाभित्रको एउटा ठूलो पङ्क्ति राजतन्त्रको पुनर्स्थापना वा हिन्दु राष्ट्रको स्थापनाको पक्षमा छ । माओवादीले पनि पदको लागि विभिन्न पक्षहरूसित सिद्धान्तहीन प्रकारले सौदावाजी गर्ने गरेका उदाहरणहरू हाम्रा अगाडि छन् । अहिले एमालेले प्रतिगमनका विरुद्ध स्पष्ट नीति लिएको देखिन्छ । तर गतकालमा त्यसले प्रतिगामी शक्तिहरूप्रति बारम्बार सम्झौतापरस्त नीतिहरू अपनाएको तथा धर्मनिरपेक्षताका विरुद्ध काम गरेका कैयौँ उदाहरणहरू छन् । कतिपय वामपन्थी शक्तिहरूले पनि गणतन्त्र र धर्मनिरपेक्षता वा प्रतिगमनको खतराको प्रश्नमा ढुलमुल र अवसरवादी वा सम्झौतापरस्त नीति अपनाएको पाइन्छ । यी सबै कारणहरूले पनि प्रतिगमनलाई एक वा अर्को प्रकारले बल पुर्‍याउने गरेका छन् । त्यसकारण देशमा प्रतिगमन विरुद्धको सङ्घर्षलाई सशक्त रूपले अगाडि बढाउनको लागि विभिन्न राजनीतिक शक्तिहरूमा भएका त्यस प्रकारका गलत सोचाइहरूको आलोचना गर्ने र त्यसबाट आम जनतामा पर्न गएको भ्रमलाई साफ गर्न हाम्रो विशेष ध्यान जानुपर्ने आवश्यकता छ । त्यस प्रकारको कमजोरीहरूका बाबजुद उनीहरूले जुन हदसम्म गणतन्त्र र धर्मनिरपेक्षताको पक्षमा वा प्रतिगमन विरुद्धको सङ्घर्षमा सकारात्मक भूमिका खेल्दछन्, हाम्रो नीति उनीहरूसित तालमेल गर्ने नै हुनेछ वा हुनुपर्दछ ।

१०. अन्तमा आज विश्वस्तरमा साम्राज्यवाद र युद्ध तथा नेपालमा प्रतिगमनको खतरा धेरै नै गम्भीर भएपनि विश्वस्तरमा र नेपालमा पनि जनताको उच्च चेतनाका कारणले साम्राज्यवादका युद्धका नीतिहरूलाई पराजित गरेर युद्धलाई रोक्नु र शान्ति कायमगर्नु, नेपालमा प्रतिगमनको खतराबाट देशमा गणतन्त्र र धर्मनिरपेक्षताको तथा राष्ट्रियताको समेत रक्षा गर्नु सम्भव हुनेछ भन्ने हामीले आशा गरेका छौं । त्यसका साथै विश्वस्तरमा पनि साम्राज्यवादका विरुद्ध र शान्तिका पक्षमा बढीभन्दा बढी योगदान दिने हाम्रो प्रयत्न हुनेछ । त्यसैले आगामी वर्ष समग्र रूपमा उज्ज्वल हुनेछ भन्ने कुरामा हामीलाई पूर्ण विश्वास छ ।

२०८२ बैशाख ०१ गते ।

----

गणतन्त्र र धर्मनिरपेक्षता विरुद्धको राजावादीहरूको खतरालाई हाम्रो पार्टीले पहिलेदेखि नै गम्भीर रूपमा लिँदै

आएको छ र त्यो अब अरू गम्भीर भएको छ भन्ने हाम्रो निष्कर्ष छ । त्यसैले हामीले त्यो राजावादी खतराका विरुद्धको सङ्घर्षलाई अरू तिव्र बनाउनुपर्ने निर्णय गरेका छौँ । त्यस सिलसिलामा आजै बसेको उपलब्ध पीबीएम समेतको केन्द्रीय कार्यालयको बैठकले २०८२ साल वैशाख २० गते देखि २६ गतेसम्म देशव्यापी रूपमा पालिका तहमा गणतन्त्र र धर्म निरपेक्षताको रक्षाका लागि सङ्घर्षको सञ्चालन गर्ने निर्णय गरेको छ । प्रतिगामी खतराका विरुद्ध भएका सत्ता वा प्रतिपक्षका अन्य पक्षहरूसित पनि कार्यगत एकता वा सहकार्य गर्नको लागि हाम्रो नीति खुला रहने छ ।

२०८१ चैत्र २८ गते ।

----

समय अनुकूलको शिक्षा ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउन सरकारले देखाएको उदासिनता र ढिलासुस्तीका कारण शिक्षकहरूको पेशागत हक हितमा गम्भीर समस्या उत्पन्न भएका छन् । त्यो अवस्थामा विगतमा शिक्षकहरूले आन्दोलन गरेपछि सरकार र शिक्षकहरू बिच त्यस प्रकारको ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने सम्झौता भएको थियो । तर सरकारले शिक्षकहरूसित भएका सम्झौतालाई कार्यान्वयन नगरेका कारणले शिक्षकहरू पुन: सडक आन्दोलनमा उत्रिएको जगजाहेर छ । सरकारको त्यस प्रकारको कार्यशैलीको विरोध गर्दै शिक्षकहरूले आफ्नो पेशागत हक हित सहित गरेको आन्दोलनप्रति हाम्रो पार्टीले ऐक्यबद्धता प्रकट गर्दछ । यसका साथै शिक्षकहरूसँग भएको सम्झौतालाई तुरून्त कार्यान्वयन गर्नका लागि हामीले सरकारको ध्यान गम्भीर रूपले आकर्षित गर्दछौँ । शिक्षा ऐन ल्याउँदा निजी शिक्षा क्षेत्रलाई कानुनको दायरामा व्यवस्थित गरी शिक्षा र स्वास्थ्यलाई नि:शुल्क गर्ने संवैधानिक व्यवस्था गरिनुपर्दछ । स्थानीय तहका क्षेत्राधिकारलाई सुदृढ गरिनुपर्ने भएपनि शिक्षकको सरूवा, बढुवा र विभागीय कारवाही गर्ने अधिकार केन्दलाई हुनुपर्नेमा हामीले जोड दिन चाहन्छौँ ।

२०८१ चैत्र २७ गते ।

----

वरिष्ठ पत्रकार भैरव रिसालको २०८१ चैत्र २४ गते भएको मृत्युप्रति हामीले गहिरो दु:ख व्यक्त गर्दै सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ । नेपालको वामपन्थी आन्दोलनलाई अगाडि बढाउन उहाँले पत्रकारिताको क्षेत्रबाट दिनुभएको योगदान महत्त्वपूर्ण रहेको छ । उहाँको मृत्युबाट नेपालको पत्रकारिता जगत तथा वामपन्थी आन्दोलनमा गम्भीर क्षति पुगेको छ ।

अन्तमा हामीले उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

२०८१ चैत्र २६ गते ।

----

कामरेड कमल कोइरालाको निधन भएकोमा हामीले उहाँप्रति श्रद्धाञ्जली प्रकट गर्दै उहाँको शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछौँ ।

उहाँ एउटा इमान्दार कम्युनिस्ट हुनुहुन्थ्यो। उहाँ जीवनभरि नै त्यही रूपमा बाँच्नुभयो र त्यही प्रकारले आफ्नो जिम्मेवारी पूरा गर्ने प्रयत्न गर्नुभयो ।

उहाँसित मेरो धेरै लामो सम्बन्ध रहेको छ । नेपालका कम्युनिस्टहरू मध्ये मेरो सबैभन्दा पहिलो सम्बन्ध उहाँसित नै भएको थियो । उहाँ प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको पुत्र हुनुहुन्थ्यो । मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएको बेलामा म प्रायजसो उहाँको निवासमा जाने गर्दथेँ र त्यही बेला कमल कोइरालासित पनि परिचय भएको थियो । त्यो बेला पनि उहाँ कम्युनिस्ट हुनुहुन्थ्यो, तर म अझै पार्टीमा सामेल भएको थिइन । २०१० सालमा मैले कम्युनिस्ट पार्टीमा प्रवेश गरेँ । २०१४ सालमा काठमाडौँको फोहरा दरबारमा भएको पार्टीको द्वितीय महाधिवेशनमा उहाँ र म दुवै जना प्रतिनिधि थियौँ ।

२०१७ सालमा राजा महेन्द्रले बहुदलीय व्यवस्थालाई समाप्त गरेर निरङ्कुश शासन र पञ्चायती तानाशाही व्यवस्था कायम गरेपछि हाम्रो पार्टीको ऐतिहासिक दरभङ्गा प्लेनम भएको थियो । त्यो प्लेनममा कमरेड निर्मल लामा, कमरेड भरतमोहन, कमरेड हिरण्यलाल आदि हामी सबैले डा. केशर जङ्ग रायमाझीको राजावादी लाइनका विरुद्ध र संविधान सभाको लाइनको पक्षमा सङ्घर्ष गरेका थियौँ । म पहिले तौलिहवामा गिरफ्तार भएको थिएँ र पछि मलाई कतिपय जेलहरूमा हुँदै काठमाडौँको भद्रगोल जेलमा पुर्‍याइएको थियो । त्यो बेला कमल कोइराला पनि त्यही जेलमा हुनुहुन्थ्यो । त्यो बेला तृतीय महाधिवेशनद्वारा

सम्पन्न केन्द्रीय कमिटीको विघटन भइसकेको थियो र पार्टी कैयौँ टुक्रामा विभाजित भइसकेको थियो ।

त्यो बेला भद्रगोल जेलमा पार्टीको करिब १५ जना साथीहरू एकैसाथ हुनुहुन्थ्यो, जसमा कामरेड निर्मल लामा, कामरेड भक्तबहादुर, कामरेड गोविन्द ढुंगाना, कामरेड बाबुकाजी गोसाई, कामरेड सिन्धुनाथ प्याकुरेल आदि हुनुहुन्थ्यो । त्यो बेला हामीले पार्टीको त्यो बेलाको स्थितिको समग्र मूल्याङ्कन गरेर ३ वटा प्रस्तावहरू तयार पारेका थियौँ, : माओत्सेतुङ विचारधाराबारे, जनक्रान्ति र संयुक्त मोर्चाबारे तथा कोअर्डिनेशनबारे । त्यही बैठकले नै पार्टीको इतिहासमा पहिलो पटक त्यो बेलासम्म पार्टीले अपनाएको नेपाली काँग्रेसलाई राष्ट्रिय पुँजीपतिवर्गको पार्टी र नयाँ जनवादी क्रान्तिको मित्रशक्ति मान्ने विश्लेषणलाई बदलेर त्यसलाई राजा सरह सामन्त, दलाल, नोकरशाही पुँजीपतिवर्गको पार्टी तथा दुश्मनशक्ति मान्ने विश्लेषण गरेको थियो । त्यो बेला नै पार्टीले माओविचारधारालाई मान्ने निर्णय पनि गरेको थियो । हामीले ती तीन वटै दस्ताबेजहरू जेल बाहिर पठाएका थियौँ । ती दस्तावेजहरू अहिले उपलब्ध छैनन् ।

हामी जेलबाट छुटेपछि २०२८ साल मङ्सिर २० गते काठमाडौँमा भूमिगत रूपले पार्टीको एउटा भेला भयो र त्यसले एकीकृत पार्टीको निर्माणका लागि एउटा केन्द्रीय न्यूक्लसको गठन गऱ्यो । त्यो न्यूक्लसमा कमरेड भरतमोहन अधिकारी र का. कमल कोइराला पनि हुनुहुन्थ्यो । न्यूक्लसले २०३० सालको फागुनमा सिराहामा पार्टीको चौथो महाधिवेशन गर्ने निर्णय गरेको थियो ।त्यो न्यूक्लसमा चौथो महाधिवेशनमा पेश गर्नका लगि कैयौं दस्तावेजहरू तयार पारिएका थिए । ती दस्तावेजहरूमा प्रस्तावित कैयौं विचारहरू, मुख्यत: माओ विचारधारा र नेकाको नयाँ विश्लेषण सम्बन्धी विचारहरूमा का. मनमोहनको मात्र मतभेद थियो र कमल कोइराला सहित हामी सबैका बिचमा सहमति थियो । तर मनमोहन अधिकारीले महाधिवेशन गर्ने समाचार बाहिर लगिदिएपछि केन्द्रीय न्यूक्लसको आकस्मिक बैठक सिराहामा बस्यो । त्यो बैठकले महाधिवेशन सम्बन्धी गोप्यतालाई भङ्ग गरिदिएको हुनाले मनमोहनजीलाई सर्वसम्मतिले पार्टीबाट निष्कासित गर्ने निर्णय गऱ्यो, जसमा भरतमोहन अधिकारी र कमल कोइरालाको पनि सहमति थियो । त्यो बैठकले नै २०३१ को आषाढमा बनारसमा पार्टीको चौथो महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर त्यो महाधिवेशनमा भरतमोहनजी र कमलजी दुवै जना उपस्थित हुनुभएन । त्यसपछि उहाँहरूसितको हाम्रो पार्टीको सम्बन्ध टुट्यो र पछि उहाँहरू दुवै जना एमालेमा सामेल हुनुभयो ।

कमलजी बेग्लै पार्टीमा भएपनि व्यक्तिगत रूपमा उहाँसित मेरो मैत्रीपूर्ण सम्बन्ध रहि नै रह्यो । काठमाडौँका कतिपय कार्यक्रमहरूमा उहाँसित प्रायश: मेरो भेट भइरह्यो । पछि उहाँ केही अस्वस्थ हुँदै जानुभयो । मैले उहाँको घरमा भेट्न जानका लागि कैयौँपल्ट फोन गरेँ । उहाँले एकपटक मलाई भेट्न म कहाँ आउने बताउनु भएको थियो । तर उहाँ आउन सक्नु भएन । मैले पछि उहाँलाई भेट्न आउन कैयौँपल्ट फोन गरेँ । तर फोन उठेन । मैले उहाँको घरको ठेगाना पत्ता लगाउन सकिन र उहाँलाई भेट्न जान पनि सकिन । भेट्न जाने विचार गर्दै थिएँ अकस्मात् उहाँको मृत्यु भएको समाचार सुनेँ । त्यसबाट मलाई धेरै दु:ख लागेको छ । खास गरेर उहाँलाई भेट्न जान नपाएकोमा र उहाँ सिडीबाट झर्दा लोटेर अस्पतालमा भर्ना भएको समाचार समेत थाहा नभएर उहाँको मृत्युपछि नै मलाई त्यो समाचार प्राप्त भएकोमा पनि मलाई धेरै दु:ख लागेको छ । त्यो बेला स्टालिन सम्बन्धी एउटा अन्तर्राष्ट्रिय विचार गोष्ठीमा भाग लिन म विदेश गएको थिएँ । सायद त्यसैले पनि उहाँको दुर्घटना भएर अस्पतालमा भर्ना भएको समाचार मलाई प्राप्त नभएको हुन सक्छ । जेहोस्, उहाँ पार्टीको मेरो सबभन्दा पुरानो र पहिलो परिचित मित्र हुनुहुन्थ्यो । पार्टीको इतिहासमा बेग्लाबेग्लै कालखण्डमा हामीले सँगसँगै काम वा सङ्घर्षहरू पनि गरेका थियौँ । उहाँको आकस्मिक र असामयिक मृत्युबाट मलाई धेरै नै दु:ख लागेको छ ।

जेहोस्, एकीकृत समाजवादी पार्टीको केन्द्रीय कार्यालयमा सम्पन्न उहाँको श्रद्धाञ्जली कार्यक्रममा म पुग्न पाएको थिएँ र त्यसको लागि मलाई सन्तोष लागेको छ । त्यो कार्यक्रमको पनि समाचार नपाएर उपस्थित हुन नपाएको भए मलाई धेरै दु:ख लाग्ने थियो ।

अन्तमा, कामरेड कमल कोइरालाप्रति पुन: हार्दिक श्रद्धाञ्जली ।

२०८१ चैत्र २२ गते ।

----

यही चैत्र १७ गते प्रधानमन्त्री केपी शर्मा ओलीको आव्हानमा भएको सर्वदलीय बैठक र त्यसले प्रतिगमनका विरुद्ध प्रकट गरेको ऐक्यवद्धतालाई ने.क.पा. (मसाल) ले स्वागत गर्दछ । चैत्र १८ गते पनि संसदमा सत्तामा वा प्रतिपक्षमा भएका राजनीतिक दलहरूले चैत्र १५ गतेको राजावादीहरूको हिंसात्मक गतिविधिका विरुद्ध प्रकट गरेका विचारहरूलाई पनि हाम्रो पार्टीले समर्थन गर्दछ । १७ गतेको सर्वदलीय बैठक वा १८ गतेको संसदमा समेत १५ गतेको राजावादीहरूको हिंसात्मक गतिविधिको भ्रर्त्सना गर्दै त्यस प्रकारको गतिविधिका लागि मुख्य रूपमा पूर्व राजा नै जिम्मा भएको विचार पनि प्रकट गरिएको थियो र उनको त्यस प्रकारको गतिविधिका लागि उनका विरुद्ध कानुन अनुसार कारबाही गर्ने कुरामा पनि जोड दिइएको थियो । त्यस प्रकारका विचारहरूलाई हाम्रो पार्टीले समर्थन गर्दछ ।

हाम्रो पार्टीले लामो समयदेखि नै देशमा प्रतिगमनको गम्भीर खतरा भएको कुरामा जोड दिँदै आएको छ र त्यसका विरुद्ध गणतन्त्र र धर्मनिरपेक्षताका पक्षमा भएका राजनीतिक शक्तिहरूको ऐक्यवद्धतामा जोड दिँदै आएको छ । चैत्र १५ गतेको घटनाक्रमबाट हाम्रो त्यस प्रकारको सोचाइको औचित्यता अरू प्रमाणित भएको छ र १७ गतेको सर्वदलीय बैठक र १८ गते सत्ता वा प्रतिपक्षका राजनीतिक शक्तिहरूद्वारा प्रकट गरिएका विचारहरूबाट त्यो दिशामा प्रतिगमनका विरुद्धको संघर्षको आवश्यकतामा आम सहमति बन्दै गएको थाहा हुन्छ । त्यो स्वागतयोग्य कुरा हो ।

यो कुरा स्पष्ट छ कि त्यो दिनको त्यस प्रकारको हिंसात्मक कारबाही निर्मल निवासमा भएको सल्लाह र त्यहाँको निर्देशन अनुसार नै भएको थियो । त्यसकारण त्यो दिनको घटनालाई हामीले उनीहरूको गणतन्त्र, धर्मनिरपेक्षतामाथि योजनावद्ध हमलाको रूपमा नै लिनुपर्ने आवश्यकता छ ।

सत्ता र विपक्षमा राजनीतिक दलहरूका बिचमा सैद्धान्तिक वा राजनीतिक रूपमा कैयौँ मतभेदहरू भएको कुराप्रति हाम्रो ध्यान छ । त्यही प्रकारले सङ्घीयताको प्रश्नमा अन्य पक्षहरूसित हाम्रो गम्भीर मतभेद भएको कुरा पनि आम रूपमा थाहा नै छ । तर हाम्रो त्यो मतभेद भएपनि त्यसबारे आफ्नो सङ्घर्षलाई बेग्लै सञ्चालन गर्दै प्रतिगमनको विरुद्धको सङ्घर्षमा समान विचारधारा राख्ने अन्य पक्षहरूसित संयुक्त भएर सङ्घर्षमा सहभागी हुने हाम्रो नीति रहँदै आएको छ र आउने दिनहरूमा पनि त्यो नीति कायम रहनेछ । हामीले अन्य पक्षहरूसित पनि आपसका बेग्लाबेग्लै मतभेदका बावजुद प्रतिगमनको सङ्घर्षमा ऐक्यवद्धता कायम गर्न अपील गर्दछौँ ।

अन्त्यमा १५ गतेको आफ्नो हिंसात्मक र समाजविरोधी गतिविधिका कारणले पूर्व राजा र राजावादीहरू धेरै नै बदनाम र कमजोर भएर गएका छन् । तर उनीहरूले संसदभित्र वा बाहिर प्रकट गरेका विचार वा उनीहरूको गतिविधिबाट उनीहरूले गणतन्त्र र धर्मनिरपेक्षताप्रतिको विरोध तथा राजतन्त्रको पुनर्स्थापना गर्ने सोचाइलाई परित्याग गरेका छन् भन्ने निष्कर्ष निकाल्नु सही हुने छैन । प्रतिगमनको खतरा अहिले पनि विद्यमान छ र त्यो गम्भीर रूपमा छ । त्यसकारण प्रतिगमनका विरुद्ध व्यापक एकता कायम गर्न विभिन्न राजनीतिक शक्तिहरूसित अपील गर्दै प्रतिगमनको खतराका विरुद्ध जनताको पनि गम्भीर ध्यान आकर्षित गर्न चाहन्छौँ । यो वास्तविकताप्रति हामीले आफ्नो ध्यान हटाउन हुने छैन कि लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता समेतका जुन ऐतिहासिक उपलब्धिहरू हामीले प्राप्त गरेका छौँ, त्यसका लागि नेपाली जनताले करिब १ शताब्दी लामो सङ्घर्ष तथा त्याग र बलिदान गर्नु परेको छ । त्यसकारण तिनीहरूको रक्षा गर्नु सम्पूर्ण नेपाली जनताको जिम्मेवारी हुन्छ ।

२०८१ चैत्र २० गते ।

----

यही चैत्र १७ गते प्रधानमन्त्री केपी शर्मा ओलीको आव्हानमा भएको सर्वदलीय बैठक र त्यसले प्रतिगमनका विरुद्ध प्रकट गरेको ऐक्यवद्धतालाई ने.क.पा. (मसाल) ले स्वागत गर्दछ । चैत्र १८ गते पनि संसदमा सत्तामा वा प्रतिपक्षमा भएका राजनीतिक दलहरूले चैत्र १५ गतेको राजावादीहरूको हिंसात्मक गतिविधिका विरुद्ध प्रकट गरेका विचारहरूलाई पनि हाम्रो पार्टीले समर्थन गर्दछ । १७ गतेको सर्वदलीय बैठक वा १८ गतेको संसदमा समेत १५ गतेको राजावादीहरूको हिंसात्मक गतिविधिको भ्रर्त्सना गर्दै त्यस प्रकारको गतिविधिका लागि मुख्य रूपमा पूर्व राजा नै जिम्मा भएको विचार पनि प्रकट गरिएको थियो र उनको त्यस

प्रकारको गतिविधिका लागि उनका विरुद्ध कानुन अनुसार कारबाही गर्ने कुरामा पनि जोड दिइएको थियो । त्यस प्रकारका विचारहरूलाई हाम्रो पार्टीले समर्थन गर्दछ ।

हाम्रो पार्टीले लामो समयदेखि नै देशमा प्रतिगमनको गम्भीर खतरा भएको कुरामा जोड दिँदै आएको छ र त्यसका विरुद्ध गणतन्त्र र धर्मनिरपेक्षताका पक्षमा भएका राजनीतिक शक्तिहरूको ऐक्यवद्धतामा जोड दिँदै आएको छ । चैत्र १५ गतेको घटनाक्रमबाट हाम्रो त्यस प्रकारको सोचाइको औचित्यता अरू प्रमाणित भएको छ र १७ गतेको सर्वदलीय बैठक र १८ गते सत्ता वा प्रतिपक्षका राजनीतिक शक्तिहरूद्वारा प्रकट गरिएका विचारहरूबाट त्यो दिशामा प्रतिगमनका विरुद्धको संघर्षको आवश्यकतामा आम सहमति बन्दै गएको थाहा हुन्छ । त्यो स्वागतयोग्य कुरा हो ।

यो कुरा स्पष्ट छ कि त्यो दिनको त्यस प्रकारको हिंसात्मक कारबाही शीतल निवासमा भएको सल्लाह र त्यहाँको निर्देशन अनुसार नै भएको थियो । त्यसकारण त्यो दिनको घटनालाई हामीले उनीहरूको गणतन्त्र, धर्मनिरपेक्षतामाथि योजनावद्ध हमलाको रूपमा नै लिनुपर्ने आवश्यकता छ ।

सत्ता र विपक्षमा राजनीतिक दलहरूका बिचमा सैद्धान्तिक वा राजनीतिक रूपमा कैयौँ मतभेदहरू भएको कुराप्रति हाम्रो ध्यान छ । त्यही प्रकारले सङ्घीयताको प्रश्नमा अन्य पक्षहरूसित हाम्रो गम्भीर मतभेद भएको कुरा पनि आम रूपमा थाहा नै छ । तर हाम्रो त्यो मतभेद भएपनि त्यसबारे आफ्नो सङ्घर्षलाई बेग्लै सञ्चालन गर्दै प्रतिगमनको विरुद्धको सङ्घर्षमा समान विचारधारा राख्ने अन्य पक्षहरूसित संयुक्त भएर सङ्घर्षमा सहभागी हुने हाम्रो नीति रहँदै आएको छ र आउने दिनहरूमा पनि त्यो नीति कायम रहनेछ । हामीले अन्य पक्षहरूसित पनि आपसका बेग्लाबेग्लै मतभेदका बावजुद प्रतिगमनको सङ्घर्षमा ऐक्यवद्धता कायम गर्न अपील गर्दछौँ ।

अन्त्यमा १५ गतेको आफ्नो हिंसात्मक र समाजविरोधी गतिविधिका कारणले पूर्व राजा र राजावादीहरू धेरै नै बदनाम र कमजोर भएर गएका छन् । तर उनीहरूले संसदभित्र वा बाहिर प्रकट गरेका विचार वा उनीहरूको गतिविधिबाट उनीहरूले गणतन्त्र र धर्मनिरपेक्षताप्रतिको विरोध तथा राजतन्त्रको पुनर्स्थापना गर्ने सोचाइलाई परित्याग गरेका छन् भन्ने निष्कर्ष निकाल्नु सही हुने छैन । प्रतिगमनको खतरा अहिले पनि विद्यमान छ र त्यो गम्भीर रूपमा छ । त्यसकारण प्रतिगमनका विरुद्ध व्यापक एकता कायम गर्न विभिन्न राजनीतिक शक्तिहरूसित अपील गर्दै प्रतिगमनको खतराका विरुद्ध जनताको पनि गम्भीर ध्यान आकर्षित गर्न चाहन्छौँ । यो वास्तविकताप्रति हामीले आफ्नो ध्यान हटाउन हुने छैन कि लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता समेतका जुन ऐतिहासिक उपलब्धिहरू हामीले प्राप्त गरेका छौँ, त्यसका लागि नेपाली जनताले करिब १ शताब्दी लामो सङ्घर्ष तथा त्याग र बलिदान गर्नु परेको छ । त्यसकारण तिनीहरूको रक्षा गर्नु सम्पूर्ण नेपाली जनताको जिम्मेवारी हुन्छ ।

२०८१ चैत्र २० गते ।

----

आज २०८१ साल चैत १५ गतेका दिन भएको राजावादीहरूको प्रदर्शनले जुन हिंसात्मक रूप लिएको छ, त्यसलाई ने.क.पा. (मसाल) ले तिव्र शब्दमा निन्दा र भ्रर्त्सना गर्दछ । त्यस प्रकारको गतिविधिबाट उनीहरूको आन्दोलनको उद्देश्य देशमा गणतन्त्र मात्र होइन, सम्पूर्ण रूपले लोकतन्त्रलाई समाप्त गर्ने तथा निरङ्कुश र फासिष्ट शासन कायम गर्ने नै भएको कुरामा कुनै शङ्का रहन्न । उनीहरूको आजको प्रदर्शनको प्रकृतिबाट देशमा राजतन्त्रको पुनर्स्थापना भएमा त्यसको परिणामस्वरूप देशमा कुन प्रकारको आतङ्क र दमनको स्थिति उत्पन्न हुनेछ ? त्यसको स्पष्ट चित्र हाम्रा अगाडि आएको छ । त्यो अवस्थामा देशमा राजतन्त्रको पुनर्स्थापनाको प्रयत्नलाई सम्पूर्ण रूपले पराजित गर्न लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षताका पक्षपातीहरू एकतावद्ध भएर सङ्घर्षमा उत्रनुपर्ने आवश्यकतामा ने.क.पा. (मसाल) ले जोड दिन्छ ।

आजको हिंसात्मक प्रदर्शनको क्रममा राजावादीहरूले गणतन्त्र पक्षधर शक्तिहरूका कार्यालय र निवासमा समेत तोडफोड गरेका छन् । त्यस सिलसिलामा एकिकृत समाजवादी पार्टीको कार्यालय तथा त्यसका नेता कामरेड माधव नेपालको भाइको घरमा समेत भएको तोडफोडको हाम्रो पार्टीले कडा शब्दमा निन्दा गर्दछ र त्यस प्रकारको कार्यविधिप्रति गम्भीर क्षोभ प्रकट गर्दछ । उनीहरूले कतिपय

पत्रपत्रिकाका कार्यालयहरूमा आगजनी पनि गरेका छन् र त्यस प्रकारको आगजनीबाट एउटा पत्रकारको मृत्यु भएको कुरा पनि थाहा भएको छ ।

उनीहरूको त्यस प्रकारको कारबाही यहाँसम्म निम्न, असामाजिक रूपमा देखा परेको छ कि उनीहरू स्वास्थ्य सम्बन्धी संस्थानमा आगलागी गर्न र तोडफोड गर्न समेत पछाडि परेका छैनन् । उनीहरूको त्यस प्रकारको कार्यविधिको जति निन्दा गरेपनि कम हुनेछ । वास्तवमा उनीहरूको त्यस प्रकारको कार्यविधि नेपालको इतिहासमा लामो समयदेखि देखा पर्दै आएको राजतन्त्रको नै अभिव्यक्ति हो ।

हामीलाई विश्वास छ, उनीहरूको त्यस प्रकारको प्रतिक्रियावादी, अराजकतावादी वा आतङ्कवादी गतिविधिलाई नेपाली जनताले अवश्य पनि समर्थन गर्ने छैनन् र उनीहरू त्यसका विरुद्ध कडा सङ्घर्षमा उत्रने छन् । करिब एक शताव्दीदेखि निरङ्कुश राजतन्त्र वा विभिन्न प्रकारका प्रतिगमनका विरुद्ध सङ्घर्ष गर्दै आएका नेपाली जनताले राजतन्त्रको पुनर्स्थापनको कुचेष्टालाई कुनै पनि अवस्थामा सफल हुन दिने छैनन् । उनीहरूको प्रतिक्रियावादी र अराजकतावादी गतिविधिका बिरूद्ध अहिलेदेखि नै जनताका विभिन्न समुहहरूबाट जुन प्रकारका कडा प्रतिक्रियाहरू अगाडि आउन थालेका छन्, त्यसबाट नेपाली जनताले राजतन्त्रको पुनर्स्थापनाको कडा प्रतिरोध गर्ने कुरामा कुनै शङ्का रहँदैन । नेवार समुदायले आजै नै उनीहरूका लागि हिन्दु राष्ट्र र राजतन्त्र सह्य नहुने प्रकारको अभिव्यक्ति सार्वजनिक गरिसकेका छन् । हामीले उनीहरूको त्यस प्रकारको अभिव्यक्तिको उच्च रूपले समर्थन गर्दै देशका अन्य जनसमुदायहरू पनि गणतन्त्र र धर्मनिरपेक्षताका पक्षमा अगाडि आउँदै जानेछन् भन्ने कुरामा अगाध विश्वास प्रकट गर्दछौं ।

आज राजावादीहरूले गरेको हिंसात्मक प्रदर्शनबाट उत्साहित भएर उनीहरूले करिब एक शताब्दीदेखि नेपाली जनताले राजतन्त्र, निरङ्कुश शासन वा विभिन्न प्रकारका प्रतिगमनका विरुद्ध गर्दै आएको सङ्घर्षको गौरवपूर्ण इतिहासलाई विर्सछन् भने त्यो उनीहरूको ठुलो गल्ती हुनेछ ।

हाम्रो पार्टीले प्रतिगमनको खतरालाई बारम्बार गम्भीर रूपमा लिदैं आएको छ र त्यसका विरुद्ध जनतामा उच्च प्रकारको चेतना तथा गणतन्त्र र धर्मनिरपेक्षता पक्षधरहरूका बिचमा बलियो ऐक्यवद्धतामा जोड दिँदै आएको छ । त्यस प्रकारको ऐक्यवद्धताका कैयौं ऐतिहासिक उपलब्धिहरू पनि हुने गरेका छन् । तर दुःखको कुरा हो कि त्यस प्रकारको ऐक्यवद्धतामा एक वा अर्को प्रकारले बारम्बार खलल पुग्ने गरेको छ । तर आज राजावादीहरूले देखाएको हिंसात्मक र फासिष्ट प्रकारको प्रदर्शनबाट गणतन्त्र र धर्मनिरपेक्षता पक्षधर सबै शक्तिहरूले शिक्षा लिनुपर्ने र आफ्नो बिचको ऐक्यवद्धतालाई मजबुत पारेर प्रतिगमनका विरुद्धको सङ्घर्षमा एकतावद्ध भएर अगाडि बढ्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

यो कुराप्रति हाम्रो पूरा ध्यान छ कि आज देशमा भएको व्यवस्थाका कारणले जनताका समस्याहरू समाधान हुन नसकेको मात्र होइन, अरू कुशासन र भ्रष्टाचार पनि बढ्दै गएको छ । तर त्यसको समाधान प्रतिगमन होइन, अग्रगमन हो । देश र जनताका समस्याहरूको समाधान विश्वभरको इतिहासले गलत सावित गरेर ृयाँकिसकेको राजतन्त्रतर्फ गएर होइन, अरू उच्च र उन्नत प्रकारको लोकतान्त्रिक व्यवस्थामा गएर नै हुन सक्दछ । त्यसकारण उच्च र उन्नत प्रकारको लोकतन्त्रको लागि सङ्घर्षलाई तिव्र पार्दै प्रतिगमनका दिशामा फर्कने सबै प्रकारका प्रयत्नहरूका विरुद्ध हामीले कडा सङ्घर्ष गर्नुपर्ने आवश्यकता छ । त्यसका साथै गणतन्त्र पक्षधर शक्तिहरूका बिचमा सङ्घीयताको प्रश्नमा भएको मतभेदप्रति पनि हाम्रो ध्यान छ । सङ्घीयताले देशलाई विनासतर्फ नै लैजानेछ । त्यसकारण त्यसका विरुद्धको सङ्घर्षलाई अरू अगाडि बढाउनुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ । तर गणतन्त्र पक्षधरहरूका बिचमा सङ्घीयताको प्रश्नमा मतभेद भएपनि प्रतिगमनको विरोध तथा गणतन्त्र र धर्मनिरपेक्षताको पक्षमा हाम्रा बिचमा जुन एकता छ, त्यसलाई मजबुत धरातलमा स्थापित गर्दै देशलाई प्रतिगमनतिर लैजाने सबै प्रयत्नका विरुद्धको सङ्घर्षलाई देशव्यापी रूपमा अगाडि बढाउन हामी कटिबद्ध हुनुपर्ने आवश्यकतामा ने.क.पा. (मसाल) ले जोड दिन्छ ।

२०८१ चैत्र १५ गते ।

----

## ■ वक्तव्य

हिजो २०८१ साल चैत १२ गते उपलब्ध पीवीएम समेतको केन्द्रीय कार्यालयको बैठकले गरेका निम्न लिखित निर्णयको जानकारी दिन यो वक्तव्य जारी गरिएको छ ।

१. हाम्रो पार्टीले पहिलेदेखि नै गणतन्त्र र राष्ट्रियताको रक्षा गरौं, सङ्घीयता खारेज गरौं भन्ने नाराका साथ सङ्घर्ष गर्दै आएको छ । तर हामीले यही महिनाको चैत्र २४ गते देखि ३० गतेसम्म सङ्घीयता विरुद्धको राजधानी केन्द्रित आन्दोलनको मुख्य नारा सङ्घीयताको खारेजीलाई नै गराएका थियौं ।

२. अब हाम्रो पार्टीले पहिलेदेखि नै प्रतिगमनको बढ्दै गइरहेको खतरामाथि ध्यान दिँदै त्यसका विरुद्ध सशक्त सङ्घर्ष गर्नुपर्ने आवश्यकतामा जोड दिँदै आएको थियो । अहिले देशमा राजतन्त्रको पुनर्स्थापनाका पक्षमा र धर्मनिरपेक्षताका विरुद्ध राजावादीहरूको सक्रियता बढेर गएको छ । भारतको उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगीसँगको भेटघाटपछि नै पूर्व राजाको फागुन ०७ गतेको वक्तव्य आएको, राजावादीहरूको गतिविधि समेत बढेको तथा उनीहरूले आफ्नो प्रदर्शनमा आदित्यनाथ योगीको फोटो समेत प्रदर्शन गरेको कुराबाट भारतका कट्टर हिन्दुवादी शासकवर्गको आडमा नै राजावादीहरूको गतिविधि बढेको कुरामा कुनै शङ्का रहन्न । त्यसबाट नेपालमा भारतीय साम्राज्यवादको खतरा पनि बढेर जाने देखिन्छ । त्यसैले अहिले गणतन्त्रका साथै राष्ट्रियताका लागि पनि सङ्घर्ष बढाएर लैजाने आवश्यकता पैदा भएको छ ।

३. नेपालको राजनीतिक इतिहासमा प्रतिगमनका विरुद्ध बारम्बार गठबन्धन हुँदै आएको छ र त्यसका महत्त्वपूर्ण ऐतिहासिक उपलब्धिहरू पनि रहने गरेका छन् । तर अहिले त्यस प्रकारको सम्भावना कम देखिन्छ । गतकालमा विभिन्न राजनीतिक शक्तिहरूका अवसरवादी नीतिहरूका कारणले प्रतिगमनका विरुद्ध बनेका कैयौं गठबन्धनहरू टुट्ने गरेका छन् । अहिले गणतन्त्रको पक्षमा भएका राजनीतिक शक्तिहरूका बिचमा पनि सङ्घीयताको प्रश्नमा मतभिन्नता रहेको छ । हाम्रो पार्टीले सुरुदेखि नै सङ्घीयताको विरोध गर्दै आएको छ भने गणतन्त्रको पक्षमा भएका अन्य सबै राजनीतिक शक्तिहरूले सङ्घीयतालाई समर्थन गर्दछन् । त्यो मतभेदका कारणले पनि प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिहरूका बिचमा गठबन्धनको सम्भावना देखिन्छ, यद्यपि गतकालमा त्यो मतभेदका बावजुद प्रतिगमनका विरुद्ध उनीहरूका बिचमा एकता हुने गरेको छ ।

४. हाम्रो पार्टीले पहिले झैं अहिले पनि सङ्घीयता वा अन्य कतिपय प्रश्नहरूमा हाम्रा बिचमा मतभेद भएपनि गणतन्त्रको पक्षमा भएका राजनीतिक शक्तिहरूका बिचमा एकता कायम गरेर प्रतिगमनका विरुद्ध सङ्घर्ष गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । अहिले यसको लागि हामीलाई खुसी लागेको छ कि प्रतिगमनका विरुद्ध उभिदै आएका विभिन्न राजनीतिक शक्तिहरूले गणतन्त्रको रक्षाका लागि आवाज उठाउन थालेका छन् । उनीहरूसित हाम्रो कार्यगत एकता हुन नसकेपनि गणतन्त्रको पक्षको उनीहरूको आवाज र सङ्घर्षलाई हामीले समर्थन गर्दै आफ्नो स्वतन्त्र पहलमा पनि गणतन्त्रको रक्षाको सङ्घर्षमा पूरा जोड दिने हाम्रो कोशिस हुनेछ । राष्ट्रिय तहमा त्यस प्रकारको कुनै गठबन्धन बन्न नसके पनि स्थानीय तहमा त्यस प्रकारको कुनै सम्भावना देखा परेमा गणतन्त्रको पक्षमा अन्य शक्तिहरूसित पनि कार्यगत एकता गरेर सङ्घर्ष गर्ने हाम्रो नीति खुला हुनेछ ।

५. उपरोक्त परिस्थितिमा हामीले चैत २४ गते देखि ३० गते सम्म सङ्घीयता विरुद्धको राजधानी केन्द्रित आन्दोलनको नारालाई यस प्रकारले परिमार्जन गर्ने निर्णय गरेका छौं : "गणतन्त्र र राष्ट्रियताको रक्षा गरौं, सङ्घीयता खारेज गरौं ।"

६. राष्ट्रिय जनमोर्चाले चैत २४ गते देखि ३० गतेसम्म सङ्घीयता विरुद्धको राजधानी केन्द्रित आन्दोलन गर्ने जुन कार्यक्रम निश्चित गरेको छ, त्यसलाई ने.क.पा. (मसाल) ले दृढतापूर्वक समर्थन गर्दै त्यसलाई सफल पार्न सम्पूर्ण जनतासित अपील गर्दछ । यो कुरा स्पष्ट छ कि देशमा सङ्घीयता कायम रहेमा त्यसले देशलाई विनासतिर नै लैजाने छ । त्यसकारण देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता तथा दिगो विकासका लागि सङ्घीयताको खारेजी राष्ट्रिय आवश्यकता भएको छ । त्यसैले त्यसका विरुद्धको आन्दोलनलाई सफल पार्नु सम्पूर्ण देश र जनताको निर्णयात्मक जिम्मेवारी हुन गएको छ ।

२०८१ चैत्र १३ गते ।

----

सरकारले कुलमान घिसिङलाई पदबाट बर्खास्त गर्ने जुन निर्णय गरेको छ, त्यसलाई ने.क.पा. (मसाल) ले गलत मान्दछ र विरोध गर्दछ ।

नेपालको विद्युतको इतिहासमा कुलमानको महत्त्वपूर्ण भूमिका रहेको छ । लोडसेडिङ हटाउन र घाटामा गएको विद्युत उद्योगलाई नाफामा लैजान समेत उनको जो महत्त्वपूर्ण भूमिका रह्यो, त्यो अवस्थामा उनलाई हटाउने सरकारको निर्णयलाई अवश्य पनि सही भन्न सकिन्न ।

अहिलेको कुलमान सम्बन्धी विवाद उनले उद्योगपति वा व्यापारीसित बाँकी रहेको राजस्व उठाउन पहल गरेपछि नै सुरु भएको हो । प्रधानमन्त्री ओलीले उनीहरूबाट राजस्व असुल गर्न रोक्ने जुन काम गरे, त्यसपछि नै अहिलेको विवाद सुरु भएको हो र त्यो क्रममा अन्तमा कुलमानलाई पदबाट बर्खास्त गर्ने निर्णय गऱ्यो । त्यसबाट वर्तमान सरकारको पूरै छवि बिग्रन गएको छ । प्रश्न कुलमानको मात्र होइन, त्यो प्रश्न सरकारको सम्पूर्ण कार्यविधिसित सम्बन्धित छ । ओलीको सरकारले जुन कार्यविधि अपनाएको छ, त्यसले देशमा सुशासन र देशको सम्पूर्ण विकासमा नै बाधा पुऱ्याउने छ र त्यसप्रति सम्पुर्ण जनताको ध्यान जानुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

२०८१ चैत्र १३ गते ।

----

११५ औं महिला दिवसको अवसरमा हामीले विश्वभरिका महिलाहरूको मुक्ति आन्दोलन र सङ्घर्षप्रति ऐक्यवद्धता प्रकट गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

आजभन्दा ११५ वर्ष अगाडिबाट सुरु भएको महिला दिवसको परम्परा विभिन्न मुक्ति र अधिकारका आन्दोलन र सङ्घर्ष सहित निरन्तर अगाडि बढिरहेको छ । ती सङ्घर्ष र आन्दोलनका परिणामस्वरूप महिला अधिकारको क्षेत्रमा व्यापक विस्तार हुनाको साथै अन्तर्राष्ट्रिय महासन्धि पनि भएका छन् । त्यो सकारात्मक कुरा भएपनि महिला अधिकारसम्बन्धी महासन्धि र कानुनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन नगर्दा महिला हिंसा, बलत्कार र हत्याका घटना विश्वव्यापी रूपमा घटिरहेका छन् । हामीले महिला अधिकार सम्बन्धी महासन्धि र कानुनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्नेमा जोड दिन चाहन्छौं ।

नेपालमा महिला अधिकारको क्षेत्रमा केही प्रगति भएको भएपनि महिला अधिकार सम्बन्धी कानुनलाई प्रभावकारी प्रकारले कार्यान्वयन नगरिएकोले वा प्रभावकारी कानुनको अभावका कारण महिलामाथि हुने हिंसा, बलत्कार र हत्याका घटना बारम्बार भइरहेका छन् । त्यस प्रकारका अपराधका अभियुक्तहरूलाई कानुनको दायरामा ल्याउन राज्य असफल भइरहेको अवस्था छ । यस सन्दर्भमा निर्मला पन्त हत्याकाण्ड उल्लेखनीय रहेको छ । उक्त हत्याकाण्डमा संलग्न अभियुक्तबारे छानवीन गरी तिनीहरूलाई कारबाहीको दायरामा ल्याउन राज्य र सरकार अहिलेसम्म सफल हुन सकिरहेका छैनन् । यो घटनाले नेपालमा महिला हिंसा, बलत्कार र हत्याको अवस्था तथा राज्यको भूमिकाबारे गम्भीर प्रश्न खडा हुने गरेको छ । हामीले महिलाविरुद्ध हुने हिंसा, बलत्कार र हत्यासम्बन्धीका कानुनलाई प्रभावकारी प्रकारले कार्यान्वयन गर्नका लागि सरकारको ध्यान आकर्षित गर्न चाहन्छौं ।

अहिले देशमा प्रतिगमनको गम्भीर समस्या उत्पन्न भएर गएको छ । प्रतिगामी शक्तिहरूले जनताको बलिदान र सङ्घर्षबाट प्राप्त भएका उपलब्धिलाई समाप्त गरेर देशमा निरङ्कुश व्यवस्थाका लागि अभियान चलाइरहेका छन् । प्रतिगमनले सामन्तवाद र निरङ्कुशतालाई मजबुद बनाउने भएकोले यदि देशमा त्यस प्रकारको स्थिति उत्पन्न भएमा जनताका मौलिक अधिकारका साथै जनताका सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि समाप्त हुने कुरा निश्चित छ । त्यो अवस्थामा महिला अधिकार पनि कुण्ठित हुनुको साथै उनीहरूको सुरक्षाको प्रश्न पनि गम्भीर बन्न पुग्ने छ । त्यसैले सम्पूर्ण नेपाली जनता तथा महिलाको आन्दोलन र सङ्घर्ष देशमा प्रतिगमनका विरुद्ध केन्द्रित हुनुपर्ने आवश्यकतामाथि हामीले जोड दिन चाहन्छौं ।

देशमा साम्राज्यवादी शक्तिहरूको चलखेल पनि बढ्दै गइरहेको छ । साम्राज्यवादी शक्तिहरूले देशमा जातिवाद, क्षेत्रीयतावाद, विखण्डन, साम्प्रादायिक भावनालाई मलजल गरिरहेका छन् । नेपालमा सङ्घीयतालाई माध्यम बनाएर उनीहरूले त्यस प्रकारका गतिविधिलाई तीब्र बनाउने काम गरेका छन् । त्यसबाट सामाजिक सद्भाव भत्किनुका साथै राष्ट्रिय एकतामा गम्भीर समस्या बढ्दै गइरहेका छन् । साम्राज्यवादी शक्तिहरूको बढ्दो प्रभावका कारण देशको

सार्वभौमिकता, राष्ट्रियता र स्वाधीनतामा गम्भीर आँच पुग्दै गएको छ । हामीले महिला दिवसको अवसरमा महिला आन्दोलन र सङ्घर्षलाई देशको राष्ट्रियता र स्वाभिमानको रक्षार्थ खडा गर्नुपर्ने आवश्यकतामाथि पनि जोड दिन चाहन्छौँ ।

अहिले विश्वमा तेस्रो विश्वयुद्धको खतरा बढ्दै गएको छ । साम्राज्यवादी स्वार्थहरूले सम्पूर्ण विश्वलाई त्यतातिर धकेल्दै लगिरहेका छन् । विगतका युद्धहरू जस्तै सम्भावित हुन सक्ने युद्धले पनि ठुलो मानव विनाश निम्त्याउने छ । यसबाट सबै भन्दा बढी प्रभावित महिला नै हुने छन् । त्यसैले तेस्रो विश्वयुद्धका लागि जुन वातावरण बन्दै गइरहेको छ, त्यसको विरोध गर्नु विश्वका सम्पूर्ण जनताको दायित्व बन्न गएको छ । महिला दिवसको अवसरमा हामीले विश्वका सम्पूर्ण महिलाको शक्ति साम्राज्यवादी युद्धका विरुद्धमा खडा हुनुपर्ने आवश्यकतामाथि जोड दिन चाहन्छौँ ।

महिला समस्या नेपालमा मात्र होइन, सम्पूर्ण विश्वमा नै गम्भीर छ । महिला अधिकार र कानुनको केही विकास भएको भएपनि महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्ने, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका अधिकारबाट बञ्चित गराउने काम कैयौँ मुलुकमा अद्यावधि कायम छ । त्यसबाट महिला हिंसा, बलत्कार र हत्याको डरलाग्दो अवस्थाको विश्वव्यापी चित्र अगाडि आउँछ । पुँजीवादी युगमा महिलाको अधिकार सुनिश्चित हुँदैन । त्यसका लागि समाजवादी व्यवस्थाको स्थापना हुनुपर्ने आवश्यकता छ । त्यस प्रकारको व्यवस्थाको लागि महिला मुक्ति आन्दोलनलाई पनि वर्गीय सङ्घर्षसित जोडेर कार्यान्वयन गर्नुपर्ने आवश्यकता हुनेछ । तर तत्काल पुँजीवादी युगमा पनि सम्भव भएसम्म विभिन्न तहका सङ्घर्ष र आन्दोलन गरेर महिला अधिकारको क्षेत्रलाई सुधार गर्दै विस्तृत बनाउन सकिन्छ । हामीले त्यसका लागि पनि जोड दिन्छौँ ।

अन्तमा, यस सन्दर्भमा हामीले प्रसन्नता व्यक्त गर्न चाहन्छौँ कि अन्तर्राष्ट्रिय सैद्धान्तिक महिला सेमिनार सन् २०२५ को सेप्टेम्बर महिनामा काठमाडौमा हुँदै छ । त्यो सेमिनारले महिला अधिकारलाई अरू सुदृढ बनाएर लैजाने छ भनेर हामीले आशा गर्दछौँ ।

२०८१ फागुन २३ गते ।

----

राष्ट्रिय जनमोर्चाले यही सालको चैत २४ गतेदेखि ३० गतेसम्म सङ्घीयताका विरुद्ध राजधानी केन्द्रित आन्दोलन गर्दैछ । त्यो आन्दोलनलाई ने.क.पा. (मसाल)ले दृढतापूर्वक समर्थन गर्नुका साथै त्यससित ऐक्यबद्धता प्रकट गर्दछ । त्यो आन्दोलनलाई राजनीतिक, नैतिक र आर्थिक रूपले सहयोग गर्नका लागि हाम्रो पार्टीले सम्पूर्ण न्यायप्रेमी जनतासित अपिल गर्दछ ।

फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा पूर्व राजा ज्ञानेन्द्र शाहले दिएको अभिव्यक्तिपछि राजावादीले राजतन्त्रको पुनर्स्थापनाको बढी हल्ला गर्न थालेका छन् । त्यस सन्दर्भमा उनीहरूले देशका कतिपय भागमा कार्यक्रम राखेका छन् । यही फागुन २५ गते पोखराबाट काठमाडौँ आउँदा पूर्व राजाको भव्य स्वागत गर्ने बताएका छन् । त्यसैले उनीहरूले नेपालमा राजतन्त्रको पुनर्स्थापना र धर्मनिरपेक्षताका विरुद्ध सङ्गठित रूपले अभियान चलाउने प्रयत्न गरिरहेका छन् ।

हामीले देशमा प्रतिगमनको खतरा गम्भीर भएको वास्तविकताको उल्लेख गर्दै त्यसका विरुद्ध गणतन्त्र र धर्मनिरपेक्षता पक्षधरताका बिचमा बलियो कार्यगत एकता वा गठबन्धन हुनुपर्ने कुरामा जोड दिँदै आएका छौँ । प्रतिगमनका विरुद्ध त्यस प्रकारको गठबन्धनको २०४६ साल वा २०६२-६३ को गौरवमय परम्परा रहेको छ । राजावादीका साथै केपी शर्मा ओलीले अपनाएका प्रतिगामी नीतिका कारणले पनि देश प्रतिगमन र अधिनायकवादतिर जाने खतरा बढेको बेलामा पनि पाँच दलीय गठबन्धन बनेको थियो । त्यो गठबन्धनका कारणले ओलीको प्रतिगमनलाई पराजित गर्नु सम्भव भएको थियो तर पदलोलुप र अवसरवादी नीतिका कारणले त्यस प्रकारको गठबन्धन कायम रहन नसकेको कुरा आम रूपमा थाहा भएको कुरा हो । प्रचण्डको त्यस प्रकारको क्रियाकलापका कारणले प्रतिगमनका विरुद्ध बनेको गठबन्धन टुट्न गएको छ र त्यसबाट पनि राजावादीलाई बल पुगेको छ । देशमा प्रतिगमनको खतरा बढेको बेलामा गणतन्त्र र धर्मनिरपेक्षता पक्षधर शक्तिको कार्यगत एकता वा गठबन्धनको आवश्यकताप्रति हामीले अहिले पनि जोड दिन्छौँ ।

सरकारले अपनाएका गलत नीति, कुशासन वा भ्रष्टाचारका कारणले जनतामा पैदा भएको असन्तोष र

स्वयं गणतन्त्रप्रति बढ्दै गएको वितृष्णाका कारणले पनि पुनरूत्थानवादी शक्तिलाई धेरै बल पुगेको छ तर नेपाली जनताले करिब १०० वर्षसम्म सङ्घर्ष तथा त्याग र बलिदान गरेर प्राप्त गरेको गणतन्त्र र धर्मनिरपेक्षताको रक्षा गर्नु अहिले नेपालको राष्ट्रिय र ऐतिहासिक आवश्यकता बनेको छ । त्यसका लागि हामीले सम्पूर्ण जनताको ध्यान आकर्षित गर्न चाहन्छौँ अन्यथा देश निरङ्कुश राजतन्त्र वा पञ्चायती तानाशाही व्यवस्था जस्तो प्रतिगामी राजनीतिक व्यवस्थामा जानेछ । त्यसरी नेपाली जनतालाई ठुलो क्षति पुग्नेछ ।

राजावादीले नेपालको राष्ट्रियतामाथि विदेशी हस्तक्षेप बढ्दै गएको, भ्रष्टाचार, कुशासन बढेको वा महिलामाथि बलात्कार र हत्या समेत बढ्दै गएका कुरा बताएर ती समस्याको समाधानका लागि राजतन्त्रको पुनर्स्थापना हुनु आवश्यक भएको बताइरहेका छन् तर यो कुनै लुकेको कुरा होइन कि निरङ्कुश राजतन्त्र, पञ्चायती तानाशाही व्यवस्थाअन्तर्गत त्यस प्रकारका कार्य धेरै नै बढेर गएको वास्तविकता आम रूपमा थाहा भएको कुरा हो ।

राजतन्त्र आएपछि देशको राष्ट्रियताको सुरक्षा हुन सक्दछ भन्ने राजावादीको दाबीमा पनि कुनै सत्यता नभएको कुरा तथ्यबाट नै थाहा हुन्छ । राजा त्रिभुवनले नेपाललाई भारतमा मिलाउनका लागि नेहरूसित अनुरोध गरेको कुरा सञ्चार माध्यमले बारम्बार प्रकाशमा ल्याउने गरेका छन् । नेपालमा राजाको शासन भएका बेलामा नै भारतले कालापानीमा कब्जा गरेको थियो र त्यसका विरुद्ध तत्कालीन राजाहरूले कहिल्यै पनि आवाज उठाएका थिएनन् । अहिले पूर्व राजाले पनि नेपालमा राजतन्त्र पुनर्स्थापना वा धर्मनिरपेक्षतालाई समाप्त गर्नका लागि भारतका कट्टर हिन्दुवादी शासकवर्गको समर्थन प्राप्त गर्ने प्रयत्न गरिरहेको आम रूपमा थाहा भएको कुरा हो । त्यो अवस्थामा राजाको शासन कायम भएपछि देशको राष्ट्रियता वा अखण्डताको कति रक्षा हुनेछ ? त्यो कुराको कसैले पनि अनुमान गर्न सक्दछ ।

निश्चय नै अहिले देशमा भ्रष्टाचार, कुशासन भएको वा सरकारले साम्राज्यवादी शक्तिप्रति सम्झौतापरस्त नीति अपनाएको र त्यसबाट नेपालको राष्ट्रियता वा राष्ट्रिय हितमा धेरै नै आँच पुगेको कुरा सत्य हो तर त्यसको समाधान देशलाई प्रतिगमनतिर लगेर वा राजाको शासन कायम गरेर होइन, देशलाई अग्रगमनको दिशामा लगेर नै हुन सक्दछ । त्यसकारण राजावादीद्वारा फैलाइएका सबै भ्रमबाट मुक्त भएर देशलाई अग्रगमनको दिशामा लैजानका लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकताप्रति नै ने.क.पा. (मसाल)ले विशेष जोड दिन्छ ।

राजावादीले देशमा शान्ति र स्थिरताका लागि राजतन्त्र आवश्यक भएको कुरा बताउने गरेका छन् तर नेपालमा शाहवंशीय शासनअन्तर्गत कोतपर्व जस्ता दर्जनौँ काण्ड भएको र पछि पनि नारायणहिटी काण्ड भएका तथ्यबाट राजतन्त्रअन्तर्गत शान्ति र स्थिरता नहुने कुरा प्रस्ट छ ।

अमेरिकामा अवैध रूपले बसेका नेपालीलाई अमेरिकाले नेपालमा फिर्ता पठाएको छ । त्यस सन्दर्भमा उनीहरूलाई नेल र हत्कडी लगाएर पठाएको कार्यप्रति हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ । कुनै पनि देशमा अवैध रूपले प्रवेश गरेका वा बसोवास गरेका मानिसलाई फिर्ता गर्ने कार्यलाई हामीले गलत मान्दैनौँ तर थाहा भएअनुसार उनीहरूलाई अल्बानियासम्म नेल र हत्कडी दुबै लगाएर पठाइएको थियो, अल्बानियामा उनीहरूका नेल हटाइएका थिए भने काठमाडौँ आएपछि नै उनीहरूलाई लगाइएका हत्कडी हटाइएका थिए । त्यो अन्तर्राष्ट्रिय कानुनका विरुद्ध र मध्ययुगीन प्रकारको कारबाहीहो । मानवअधिकार र लोकतन्त्रको ठुलाठुला कुरा गर्ने अमेरिकाको त्यस प्रकारको व्यवहारप्रति हाम्रो पार्टीले घोर निन्दा र भर्त्सना गर्दछ । नेपालीप्रति अमेरिकाद्वारा गरिएको त्यस प्रकारको अमानवीय व्यवहारको विरोध गर्नुपर्ने आवश्यकताप्रति हामीले सरकारको पनि ध्यान आकर्षित गर्न चाहन्छौँ । त्यस प्रकारको अमानवीय कारबाहीका विरुद्ध आवाज उठाउनका लागि सम्पूर्ण न्यायप्रेमी जनताको ध्यान आकर्षित गर्न चाहन्छौँ । त्यस सन्दर्भमा नेपालीलाई लाखौँ रूपैयाँ लिएर मानव तस्करी गरेर अमेरिका पठाउने जुन कार्य गरियो, त्यसका विरुद्ध पनि ठोस कारबाही गर्नका लागि हामीले सरकारसित माग गर्दछौँ ।

खालि अमेरिका मात्र होइन, संसारका अरू पनि कैयौँ देशमा ठुलो सङ्ख्यामा नेपाली वा महिलालाई पनि तस्करी गरेर पठाउने गरेका धेरै समाचार बाहिर आउने गरेका छन् । त्यसो गर्दा बाटोमा कैयौँ मानिस गिरफ्तार हुने वा मृत्यु हुने समेत समाचार आउने गरेका छन् । त्यस प्रकारको मानवतस्करीको धन्दाप्रति छानबिन गर्न र कारबाही गर्नका लागि हामीले सरकारको गम्भीर ध्यान आकर्षित गर्न चाहन्छौँ ।

कुलमानको विषयमा अहिले देशमा धेरै नै चर्चा भइरहेको छ । खास गरेर नेपालका उद्योगपति वा व्यापारीसित विद्युत्को अर्बौं रूपैयाँ राजस्व उठ्न बाँकी रहेको र कुलमानले त्यो राजस्व नबुझाउने उद्योगपति वा व्यापारीको बिजुली लाइन काट्न खोजेको र ओली सरकारले त्यसरी काट्न नदिएको सम्बन्धी विवाद चर्को रूपले बाहिर आएको छ । हाम्रो यो निश्चित मत छ कि त्यसरी राजस्व नतिर्ने व्यापारी वा उद्योगपतिको लाइन काट्ने कुलमानको नीतिलाई गलत भन्न सकिन्न र त्यस प्रकारको कारबाहीमा बाधा हाल्ने ओली सरकार वा ऊर्जामन्त्रीको नीति गलत भएको कुरा प्रस्ट छ । त्यही कारणले कुलमानलाई बर्खास्त गर्नका लागि सरकारले गरिरहेको षड्यन्त्रमूलक कारबाहीलाई पनि हामीले गलत मान्दछौं ।

थाहा भएअनुसार, उद्योगपति र व्यापारीसित विद्युत्को राजस्व ओली सरकारमा आउनुभन्दा पहिलेको अर्बौं राजस्व पनि बाँकी रहेको थियो तर त्यो बेला त्यो राजस्व उठाउनु वा विद्युत्को लाइन काट्न कुनै प्रयत्न गरिएको थिएन । ओली सरकारमा आएपछि नै त्यसरी बिजुलीको लाइन काट्न प्रयत्न गरिएको थियो । यहाँ यो प्रश्न पनि नउठाइकन रहन सकिन्न, पहिले त्यसरी राजस्व उठाउन वा राजस्व नतिर्ने उद्योगपति वा व्यापारीको लाइन काट्ने कार्य किन गरिएन र ओली सरकारमा आएपछि नै कुलमानले किन त्यसका लागि पहलकदमी गरे ।त यसबारे उनले स्पष्टीकरण दिनुपर्ने आवश्यकता छ तर त्यसका पछाडि जुनसुकै कारणले काम गरेको भएपनि विद्युत्को राजस्व नतिरेको कारणले लाइन काट्न कुलमानले जुन प्रयत्न गरेका छन्, त्यसलाई कुनै पनि अवस्थामा गलत भन्न सकिन्न र त्यो कार्यले उनलाई हटाउन भइरहेको षड्यन्त्रमूलक कारबाहीलाई हामीले गलत मान्दछौं र त्यसको विरोध गर्दछौं ।

२०८१ फागुन २३ गते ।

----

युक्रेनको युद्धबाट विश्व साम्राज्यवादको चरित्रबारे धेरै कुरा छर्लङरग भएको छ । युक्रेनको युद्धबाट त्यहाँ जनधनको ठुलो क्षति भएको छ । युद्ध रोकिएपछि पनि त्यहाँको उद्धारका लागि ठुलो धनराशी र दशाब्दिऔंको लामो समय लाग्ने छ । त्यहाँको युद्धको लागि रूसी साम्राज्यवाद र पश्चिमी साम्राज्यवाद दुवै जिम्मेवार छन् ।

युक्रेनको युद्धबाट यो कुरा प्रस्ट हुन्छ कि कुनै साम्राज्यवादी शक्तिले आफ्ना साम्राज्यवादी स्वार्थका लागि कुनै देशलाई कहाँसम्म बरबाद गर्न सक्दा रहेछन् । कुनै देशमाथि गर्ने आक्रमण मात्र होइन, युद्धको बेलामा दिने सहायता पनि उनीहरूको साम्राज्यवादी स्वार्थद्वारा नै निर्देशित हुने कुरा पनि युक्रेनको युद्धबाट छर्लङ्ग भएको छ । युक्रेनको युद्धमा सबैभन्दा धेरै मद्दत अमेरिकाले नै गरेको छ । तर अब अमेरिकाका राष्ट्रपति ट्रम्पको भनाइबाट प्रस्ट भएको छ कि त्यहाँ अमेरिकाले जे-जति मद्दत गरेको थियो, त्यसको एकएक पैसाको हिसाब गरेको थियो । युक्रेन दुर्लभ खनिज पदार्थहरूले भरिएको एउटा धेरै नै धनी देश हो । अमेरिकाले युद्धमा पैसा वा हतियारले मद्दत गर्नुको पछाडि मुख्य उद्देश्य त्यहाँका दुर्लभ खनिज पदार्थहरूमाथि कब्जा गर्नु नै थियो भन्ने कुरामा अब कुनै शङ्का रहेको छैन ।

नाटोका देशहरूले सुरुदेखि नै युक्रेनलाई मद्दत गरेका थिए र अहिले पनि उनीहरूले रूसका विरुद्ध पूरै मद्दत गर्ने कुरा गरिरहेका छन् । प्रथम त त्यो युद्धको प्रारम्भ नै पश्चिमी समाजवादी देशहरूको साम्राज्यवादी स्वार्थ पूरा गर्न भएको थियो । उनीहरूले जेलेन्स्की जस्तो साम्राज्यवादको दलाललाई युक्रेनको राष्ट्रपति बनाए र युक्रेनलाई नाटोको सदस्य बन्नका लागि पहलकदमी गर्न लगाए । त्यसका पछाडिको उद्देश्य रूसी साम्राज्यवादसित उनीहरूको अन्तर्विरोध र रूसको सीमासम्म आफ्नो सीमा फैलाउनु थियो । त्यही कारणले नै रूसले युक्रेनमाथि आक्रमण गऱ्यो र त्यो युद्ध सुरु भयो । रूसको ध्यान पनि युक्रेनको दुर्लभ खनिज पदार्थहरूमाथि थियो र त्यस प्रकारका खनिज पदार्थहरूको प्रचुरता भएको भागमा नै उसले कब्जा गरेको तथ्यबाट त्यो कुरामा कुनै शङ्का रहन्न ।

अमेरिकाले रूस र युक्रेनका बिचमा शान्ति सम्झौताका लागि पहल गरिरहेको छ । तर त्यस प्रकारको पहलका पछाडि उसको मुख्य ध्यान युक्रेनका दुर्लभ खनिज पदार्थमाथि नै भएको कुरा अब छर्लङ्ग भएको छ । युरोपियन देशहरूले त्यो युद्धलाई कायम राख्न जेलेन्स्कीमाथि दबाब दिइरहेका छन् । त्यसका पछाडि उनीहरूको उद्देश्य पनि युक्रेनका खनिज पदार्थहरूलाई कब्जा गर्नु नै भएको कुरा बुझ्न गाह्रो पर्दैन । त्यसका साथै त्यो युद्ध लम्बिएमा आफ्ना हतियारहरूको ठुलो व्यापार गरेर

नाफा कमाउने उनीहरूको उद्देश्यले पनि काम गरेको कुरा अनुमान गर्न सकिन्छ । त्यही उद्देश्य पूरा गर्न उनीहरूले त्यहाँ जेलेन्स्कीलाई सत्तारूढ गराएका थिए र अब पनि उसलाई पूरै युद्धमा लगाउन चाहन्छन् ।

माथि जुन कुरा लेखियो, त्यसबाट के प्रष्ट हुन्छ भने जुनसुकै देशको साम्राज्यवाद होस् त्यसको मुख्य उद्देश्य कुनै देशको हित गर्नु होइन, बढीभन्दा बढी नाफा कमाउनु नै हुन्छ । उनीहरूका शान्ति, मानवता वा लोकतन्त्रको प्रचारका पछाडि मुख्य उद्देश्य त्यही नै हुन्छ । कुनै देशसितको मित्रता वा शत्रुता दुवै अवस्थामा उनीहरूको मुख्य उद्देश्य त्यही नै हुन्छ । त्यसरी त्यो कुरामा कुनै शङ्का छैन कि साम्राज्यवाद संसारका सबै उत्पीडित राष्ट्र र जनताको दुश्मन शक्ति हो । अहिलेको युक्रेन युद्धले मात्र होइन, साम्राज्यवादको उत्थानदेखि उनीहरूले अपनाउँदै आएका सबै नीति र क्रियाकलापहरूबाट त्यो कुरामा कुनै शङ्का रहन्न ।

अमेरिकन र युरोपियन साम्राज्यवादी देशहरूका क्रियाकलापहरूबाट युक्रेन एक प्रकारले पूरै ध्वस्त भएको छ । जेलेन्स्की खाली साम्राज्यवादी शक्तिहरूका गोटी मात्र भए र उनले आफ्ना देश र जनताको हितमाथि ध्यान दिएर भन्दा साम्राज्यवादीहरूका लागि नै लडाई लड्ने काम गरे र उनको त्यस प्रकारको साम्राज्यवादपरस्त नीतिबाट युक्रेनका जनतालाई धेरै नै क्षति पुग्यो ।

युक्रेनको अनुभवबाट नेपालले धेरै कुरा सिक्न सक्दछ र सिक्नु पनि पर्दछ । युक्रेन खनिज पदार्थहरूका दृष्टिकोणले धेरै सम्पन्न राष्ट्र हो र त्यसको त्यो प्राकृतिक सम्पन्नता नै त्यसका लागि अभिषाप बन्न पुग्यो । अफ्रिकाको पनि त्यही प्रकारको अनुभव हाम्रा अगाडि छ । अहिले ग्रिनल्याण्डमाथि कब्जा जमाउन अमेरिकाले जुन प्रयत्न गर्न थालेको छ, त्यसका पछाडि पनि ग्रिनल्याण्डमा प्रचुर मात्रामा दुर्लभ प्राकृतिक सम्पदा हुनु नै हो र त्यो कुरा प्रष्ट भएको छ । नेपाल पनि प्राकृतिक दृष्टिकोणले धेरै सम्पन्न राष्ट्र हो । नदी, बनजङ्गल, पहाड र हिमालय समेतका दृष्टिकोणले नेपाल धेरै नै सम्पन्न छ । नेपालमा ठूलो मात्रामा युरेनियम भएको पनि पत्ता लागेको छ । अब नेपालमा पेट्रोल र ग्याँस समेतको सम्भावना भएको कुरा थाहा हुँदै छ । संसारभरको, युक्रेन र अफ्रिका समेतको अनुभवबाट हामीले के बुझ्नु पर्दछ भने त्यस प्रकारको प्राकृतिक सम्पदा नै नेपालको लागि अभिषाप बन्न सक्दछ । त्यो प्राकृतिक सम्पदाबाट नेपालको विकासमा मद्दत पुग्नु भन्दा त्यसमाथिकब्जा जमाउन विभिन्न साम्राज्यवादीहरूको ध्यान जान सक्दछ वा त्यसका लागि उनीहरूका बिचमा युद्धको स्थिति उत्पन्न हुन सक्दछ । त्यसरी नेपाल युद्धको भूमि पनि बन्न सक्दछ । युक्रेनमा जलेनेस्की जस्तै नेपालका विभिन्न साम्राज्यवादपरस्त राजनीतिक पार्टी वा तत्वहरूले साम्राज्यवादीहरू त्यस प्रकारका उद्देश्यहरू पूरा गर्न उनीहरूको सेवा पनि गर्न सक्दछ । यो सम्पूर्ण देश र नेपाली जनताका लागि गम्भीर चिन्ताको कुरा हो । भविष्यमा त्यसका दुरगामी परिणामहरू हुन सक्दछन् । त्यसकारण त्यस प्रकारको सबै सम्भावनाका विरुद्ध नेपाली जनताको उच्च प्रकारको राजनीतिक चेतना हुनु पर्दछ । त्यसका लागि दुईवटा कुराप्रति हाम्रो विशेष ध्यान जानुपर्ने आवश्यकता छ : प्रथम, आफ्ना क्षुद्र फाइदाहरूका लागि विभिन्न साम्राज्यवादी शक्तिहरूको सेवा गर्ने भन्दा त्यसका विरुद्ध स्पष्ट र सचेत सङ्घर्षको नीति । द्वितीय, आफ्ना क्षुद्र फाइदाहरूका लागि एक वा अर्को प्रकारले साम्राज्यवादपरस्त नीति अपनाउने राजनीतिक पार्टी वा एनजीओ र आइएनजीओहरूप्रति स्पष्ट दृष्टिकोण । तर त्यो निकै नै दु:ख र दुर्भाग्यको कुरा हो कि नेपालमा राजनीतिक वा समाजका विभिन्न क्षेत्रहरूमा एक वा अर्को रूपमा साम्राज्यवादपरस्त सोचाइहरू बढ्दै गइरहेका छन् र तिनीहरूका विरुद्ध नेपाली जनतामा समयमा नै उच्च चेतनाको विकास हुन नसकेमा त्यसले नेपाललाई गम्भीर दुर्भाग्य वा सङ्कटको मुखमा लैजाने कुरा निश्चित छ । तर हामीले आशा र विश्वास गर्नुपर्दछ र उच्च प्रकारको शतर्कतापूर्वक देशलाई त्यस प्रकारको कुनै पनि दुर्घटनामा लैजाने प्रयत्नहरूका विरुद्ध दृढतापूर्वक सङ्घर्ष गरिरहनु पर्दछ । त्यसरी नै हामीले देशलाई सम्भावित कुनै पनि प्रकारको दुर्घटनाबाट बचाउन सक्नेछौं र बचाउनु पनि पर्नेछ ।

२०८१ फागुन २० गते ।

----

अमेरिकी राष्ट्रपति ट्रम्पले गाजापट्टीबाट प्यालिस्टाइनीहरूलाई निष्कासित गरेर त्यहाँ अमेरिकाको नियन्त्रण कायम गर्ने जुन अभिव्यक्ति दिएका छन्, त्यसप्रति ने.क.पा. (मसाल)ले गम्भीर आपत्ति र विरोध प्रकट गर्दछ ।

अमेरिकाको समर्थनमा प्यालिस्टाइनीहरूलाई उनीहरूको मातृभूमिबाट निष्कासित गरेर त्यहाँ इजरायली राज्यको स्थापना गरिएको थियो । त्यो बेलादेखि नै इजरायलले खाडीका देशहरूमा अमेरिकी साम्राज्यवादको नाङ्गो प्रकारले समर्थन गर्दै आएको छ र अमेरिकाको समर्थनमा नै त्यो राज्य अहिलेसम्म टिकेको छ । हामीले विकसित परिस्थितिमा इजरायल राष्ट्रको सम्पूर्ण रूपले अन्त्य हुनुपर्दछ भन्ने विचार राख्दैनौं र त्यसको अस्तित्वलाई पनि स्वीकार गर्दछौं तर त्यसको अर्थ प्यालेस्टाइनीहरूको स्वतन्त्र र सार्वभौम राष्ट्रको स्थापनालाई पनि समर्थन गर्दछौं र त्यसको अस्तित्वलाई समाप्त गर्ने कुनै पनि कारवाहीको हामीले सँधै विरोध गर्दै आएका छौं र अहिले पनि गर्दछौँ । त्यही क्रममा अमेरिकी साम्राज्यवादले गाजापट्टिबाट प्यालिस्टाइनीहरूलाई सम्पूर्ण रूपले हटाउन जुन योजना अगाडि ल्याएको छ, त्यसको पनि हामीले कडा शब्दमा भ्रत्सना गर्दछौं ।

प्यालेस्टाइनीहरूलाई आफ्नो मातृभूमिबाट हटाउने जुन कार्य गरिएको थियो, मानवजातिको इतिहासको नै अत्यन्त गम्भीर प्रकारको क्रुर कारवाही थियो । त्यो बेलादेखि उनीहरू खाडीका विभिन्न देशहरूमा शरणार्थीको रूपमा बस्दै र साढे सात दशकदेखि आफ्नो मातृभूमिको मुक्तिको लागि सङ्घर्ष गर्दै आएका छन् । स्वयं संयुक्त राष्ट्रसङ्घको निर्णय अनुसार उनीहरू गाजापट्टीमा बस्दै आएका थिए र उनीहरूको त्यहाँ स्वायत्त सरकार पनि थियो । अब अमेरिकाले उनीहरूलाई त्यहाँबाट पनि हटाएर मिश्र र जोर्डनमा बसोबास गराउने योजना बनाएको छ । गाजापट्टीमा प्यालिस्टाइनीहरूलाई पूरै ध्वस्त गर्नको लागि इजरायलले त्यहाँ भारी वम वर्षा गराएको थियो । गत सालको ७ अक्टुबरको हमासको कारवाही अवश्य पनि गलत र आतङ्कवादी प्रकारको थियो । हामीले संसारमा कहीं पनि निरपराध वा निशस्त्र जनतामाथि गरिने सशत्र कारवाहीको विरोध गर्दै र त्यस्ता कारवाहीलाई आतङ्कवादी घोषित गर्दै आएका छौं । त्यस सन्दर्भमा यो पनि आम रूपमा थाहा भएको कुरा हो कि हामीले नेपालमा माओवादी वा सत्तापक्षद्वारा निरपराध वा निशस्त्र जनतामाथि गरिएका सशस्त्र हमला वा हत्याहरूको विरोध गर्दै आएका छौं र त्यस प्रकारका अपराधजन्य कारवाहीहरूका लागि जिम्मेवार व्यक्तिहरूबारे निष्पक्ष र उच्च छानविन गरेर अपराध अनुसार कारवाही गर्नुपर्ने आवश्यकतामा जोड दिँदै आएका छौँ । हाम्रो त्यही मान्यता अनुसार ७ अक्टुबरको हमासको कारवाहीलाई पनि हामीले गलत मानेका छौं र त्यसको विरोध गरेका छौँ । अवश्य पनि उनीहरूको त्यस प्रकारको कारवाही इजरायलद्वारा सातदशक भन्दा बढी समयदेखि नै इजरायलले उनीहरूमाथि गर्दै आएका अन्यायपूर्ण आतङ्कवादी कारवाहीहरूको प्रतिशोधमा नै गरिएको थियो । त्यही पनि त्यो गलत नै थियो । त्यही ७ अक्टुबरको कारवाहीलाई बहाना बनाएर इजरायलले गाजापट्टीमा बसोबास गरेका सम्पूर्ण प्यालेस्टाइनीहरूलाई उन्मुलन गर्नको लागि आक्रमण गरेको थियो र त्यो क्रममा पुग नपुग पचास हजार मानिसहरूको हत्या गरिएको थियो, जसमा ठूलो सङ्ख्यामा महिला र बालबालिकाहरू पनि थिए । त्यो नरसंहारको लागि अन्तर्राष्ट्रिय अदालतले इजरायलको प्रधानमन्त्री नेतान्याहुलाई मानवताको अपराधी घोषित गरेर त्यसका नाममा पक्राउ पुर्जी समेत जारी गरेको छ । इजरायल सरकारको त्यो हमलाका कारणले त्यहाँबाट लाखौं प्यालिस्टाइनीहरू भागेर दक्षिणतिर गएका थिए । हालै भएको युद्धविरामपछि उनीहरू आफ्नो भूमिमा फर्किएर आउन थालेका छन् । इजरायलका प्रधानमन्त्रीसितको भेटघाटपछि ट्रम्पले प्यालिस्टाइनीहरूलाई त्यहाँबाट पूरै विस्थापित गर्ने विचार प्रकट गरेका छन् । बताइरहनुपर्ने आवश्यकता छैन कि उनको त्यस प्रकारको सोचाइ पूरै नै साम्राज्यवादी र फासिस्ट हुनुका साथै त्यो अन्तर्राष्ट्रिय कानुन र स्वयं संयुक्त राष्ट्रसङ्घको निर्णयका विरुद्ध पनि छ । यो कुराको अनुमान गर्न सकिन्छ कि, गाजापट्टीमा धेरै नै खनिज पदार्थहरू रहेको हुनाले अमेरिकाले त्यहाँ आफ्नो नियन्त्रण कायम गर्ने उद्देश्य बनाएको छ । यो कुरा ठिक त्यस्तै हो, जस्तो कि ग्रिनल्याण्डमा धेरै खनिज पदार्थ भएको हुनाले अमेरिकाले त्यहाँ कब्जा गर्ने घोषणा गरेको छ ।

ट्रम्पको त्यस प्रकारको सोचाइको अन्तर्राष्ट्रिय स्तरमा नै ठुलो विरोध भइरहेको छ । मिश्र र जोर्डनले आफ्नो देशमा प्यालिस्टाइनीहरूलाई बसोबास गराउने ट्रम्पको घोषणाको विरोध गरेका छन् । अरब देशहरूबाट पनि त्यो सोचाइको ठुलो विरोध भइरहेको छ । संयुक्त राष्ट्रसङ्घले पनि ट्रम्पको त्यो सोचाइको विरोध गरेको छ । युरोपका कतिपय देशहरूका साथै अन्य कतिपय देशहरूबाट पनि त्यो

कुराको विरोध भइरहेको छ । त्यस प्रकारको पृष्ठभूमिमा नेपाल सरकारले ट्रम्पको त्यस प्रकारको घोषणाप्रति कुन प्रकारको नीति अपनाउँछ त्यो चासोको विषय बनेको छ ।

पहिले संयुक्त राष्ट्रसङ्घमा युक्रेनको युद्धबारे छलफल हुँदा नेपाल सरकारले त्यो युद्धको लागि रूसको नै गल्ति भएको ठहराउने प्रस्तावलाई समर्थन गरेको थियो । निश्चय नै, युक्रेनमा आक्रमणको लागि रूस पनि जिम्मेवार छ र त्यसको त्यस प्रकारको साम्राज्यवादी नीतिको भर्त्सना गर्नु पर्दछ तर त्यो युद्धको लागि अमेरिका र नाटो पनि जिम्मेवार छन् । उनीहरूले पहिले सोभियत सङ्घका विरुद्ध मोर्चाबन्दीको लागि नाटोको गठन गरेका थिए । त्यो सैनिक गठबन्धन थियो र त्यो सोभियत सङ्घका विरुद्ध नै केन्द्रित थियो । उनीहरूले रूसका विरुद्ध सैनिक मोर्चाबन्दीका लागि नै त्यहाँ जेलेस्कीको आफ्नो कठपुतली सरकार बनाएर रूससित सिमा जोडिएको युक्रेनलाई पनि नाटोमा सामेल गराउन खोजेका थिए । त्यही कारणले नै युक्रेनमा युद्धको स्थिति उत्पन्न भएको थियो । त्यसकारण त्यहाँको युद्धको लागि अमेरिका र नाटो समेत जिम्मेवार छन् र, त्यसैले, उनीहरूको पनि आलोचना गरिनु पर्दछ । तर नेपाल सरकारले एकतर्फीय रूपमा रूसको आलोचना गर्ने प्रस्तावलाई समर्थन गरेर अमेरिकापरस्त नीति अपनाएको थियो र त्यसैले हाम्रो पार्टीले सरकारको त्यो नीतिलाई गलत बताएको थियो ।

पछि संयुक्त राष्ट्रसङ्घमा गाजापट्टीबारे युद्धविरामको प्रस्तावमाथि छलफल गर्दा नेपाल तटस्थ बसेको थियो । त्यो बेला भारत पनि त्यो प्रस्ताव पारित गर्दा तटस्थ बसेको थियो र, त्यसैले, भारतको अनुकरण गर्दै नेपाल पनि तटस्थ बसेको थियो । निश्चय नै नेपाल सरकारको त्यो नीति भारतपरस्त नीति थियो । अहिले गाजापट्टीबाट प्यालेस्टाइनीहरूलाई हटाएर त्यहाँ अमेरिकाको नियन्त्रण कायम गर्ने ट्रम्पले जुन घोषणा गरेका छन्, त्यसपछि नेपाल सरकारले कुन प्रकारको नीति अपनाउने छ त्यो पनि गम्भीर चासोको विषय बनेको छ । त्यो प्रश्नमा नेपाल सरकारले अमेरिकाको नीतिको समर्थन गरे पनि वा तटस्थ रहेपनि त्यो अमेरिका परस्त नीति नै हुनेछ । त्यसकारण हाम्रो जोड यो कुरामा हुनपर्दछ कि ट्रम्पको गाजापट्टी सम्बन्धी त्यस प्रकारको नीतिको कडा विरोध गरिनु पर्दछ ।

२०८१ माघ २५ गते ।

----

ट्रम्प विधिवत् प्रकारले नै अमेरिकाको राष्ट्रपति बनिसकेका छन् । राष्ट्रपतिको पदभार ग्रहण गरेको लगत्तै उनले कैयौं घोषणा गरेका छन् र कार्वाहीहरू गर्न थालेका छन् । त्यसबाट उनको शासन कालमा उनले अरू जोडदार प्रकारले साम्राज्यवादी र फासीवादी नीतिहरू अपनाउँदै जाने र विश्वमा अरू तनाव र युद्धको स्थिति तयार हुँदै जाने सम्भावना देखा पर्दै गइरहेको छ । त्यो अवस्थामा उनका त्यस प्रकारका नीतिहरूका विरुद्ध शान्ति र लोकतन्त्रको रक्षा तथा युद्धका विरुद्ध विश्वस्तरमा नै आवाज उठाउनुपर्ने आवश्यकता पहिलेभन्दा कैयौं गुणा बढेर गएको छ । यो सोच्नका लागि आधार छ कि उनका साम्राज्यवादी र फासिवादी नीतिहरूका कारणले विश्वमा त्यस प्रकारको विरोधको स्थिति तयार हुँदै जानेछ र त्यसको परिणामस्वरूप अन्त्यमा उनको पराजय नै हुनेछ ।

यो कुनै लुकेको कुरा होइन कि उनले अहिले जुन प्रकारका नीतिहरू अगाडि बढाउन खोजिरहेका छन्, ती कुनै अकस्मात अगाडि आएका कुराहरू होइनन् र चुनावको बेलादेखि नै उनले त्यस प्रकारका विचारहरू अगाडि ल्याउने गरेका थिए । तैपनि अमेरिकी जनताद्वारा उनलाई ठुलो समर्थन प्राप्त भयो र उनले भारी मतले चुनाव जिते । उनको पद ग्रहणको बेलामा पनि उनले त्यस प्रकारका विचारहरू प्रकट गरेका थिए र तालीको ठुलो गड्गडाहडका साथ उनका त्यस प्रकारका विचारहरूलाई स्वागत गरिएको थियो । त्यसबाट अमेरिकाको जनमत नै ठुलो पैमानामा उनका साम्राज्यवादी र फासिष्ट विचारहरूद्वारा प्रभावित भएको देखिन्छ । यो कुरा ठिक त्यस्तै हो, जस्तो कि हिटलरका जातिवादी र फासिष्ट विचारहरूलाई जर्मनीका जनताले अन्धानुकरण गरेका थिए र त्यसको परिणामस्वरूप पूरै विश्व मात्र होइन, स्वयं जर्मनीका जनताले पनि ठुलो क्षति उठाउनु परेको थियो । पछि स्वयम् जर्मनीका जनता उनका नीति र कारबाहीहरूका विरुद्ध वीरतापूर्ण प्रतिरोधमा उत्रेका थिए । वास्तवमा ट्रम्पले जुन प्रकारका विचारहरू अगाडि ल्याएका छन्, ती विचारहरूले अमेरिकी जनता होइन, त्यहाँका ठुला पुँजीपतिहरूका विचारहरूको नै प्रतिनिधित्व गर्दछन् । त्यसैले त्यस प्रकारका नीतिहरूका विरुद्ध अमेरिकी जनताको विरोध वा आन्दोलन एउटा अपरिहार्य आवश्यकता हो ।

ट्रम्पको मुख्य नारा अमेरिका प्रथम भन्ने नै रहेको छ । जसरी कि हिटलरले जर्मन जाति संसारको नै श्रेष्ठ जाति हो भन्ने नारा दिएर जर्मनीका जनतालाई आकर्षित गर्ने प्रयत्न गरेका थिए, त्यही प्रकारले ट्रम्पले 'अमेरिका प्रथम'को नारा दिएर सम्पूर्ण अमेरिकी जनताको समर्थन प्राप्त गरेर आफ्ना साम्राज्यवादी र फासिवादी नीतिहरूलाई सफल पार्ने प्रयत्न गरेका छन् ।

अमेरिकालाई प्रथम बनाउनका लागि उनले भौगोलिक, राजनीतिक, सामरिक र आर्थिक दृष्टिकोणले समेत कैयौँ योजनाहरूको घोषणा गरेका छन् । प्रथम त, उनले क्यानडालाई, जो एउटा स्वतन्त्र र सार्वभौम राष्ट्र हुनुका साथै संयुक्त राष्ट्र अमेरिकाभन्दा भौगोलिक रूपले धेरै ठुलो छ, लाई अमेरिकामा मिलाउने घोषणा गरेका छन् । त्यसका साथै उनले ग्रिनल्याण्ड, जो संसारको सबैभन्दा ठुलो र धेरै नै खनिज पदार्थहरूले सम्पन्न टापू हो,लाई कब्जा गर्ने र पनामा नहरमाथि पनि कब्जा गर्ने घोषणा गरेका छन् । उनले मेक्सिको खाडीको नाम पनि अमेरिकाको खाडी राख्ने बताएका छन् । उनका त्यस प्रकारका नीतिहरूबाट अमेरिकाको भौगोलिक क्षेत्रफलको अहिलेभन्दा धेरै नै विस्तार हुने छ । त्यसरी अमेरिकालाई महान् बनाउने योजनाबाट अमेरिकी जनता दङ्गदास छन् र उनीहरूले ट्रम्पलाई जोडदार प्रकारले समर्थन गरेका छन् । तर उनको त्यस प्रकारको नीतिबाट विश्वभरमा ट्रम्प र अमेरिका समेतका विरुद्ध व्यापक असन्तोष उत्पन्न हुनेछ र त्यसबाट प्रकारान्तरले अमेरिकालाई अरू धेरै क्षति पुग्नेछ भन्ने कुराप्रति ट्रम्प वा उनलाई समर्थन गर्ने जनताको कमै ध्यान गएको पाइन्छ ।

ट्रम्पले तुरून्तै अवैध आप्रवासीहरूलाई अमेरिकाबाट निष्काशित गर्न वा उनीहरूलाई अमेरिकामा प्रवेश गर्न रोक्ने घोषणा गरेका छन् । अमेरिकामा बसोवास गर्ने त्यस प्रकारका आप्रवासहरूको सङ्ख्या एक करोड भन्दा धेरै बढी भएको अनुमान गरिन्छ । त्यस सिलसिलामा विदेशी आप्रवासीहरूलाई ठुलो पैमानामा धरपकड गर्ने र देश निकाला गर्ने काम समेत सुरु भएको छ । उनको त्यस प्रकारको नीति अमेरिकामा बढ्दै गएको आर्थिक सङ्कट र बेरोजगारीको परिणाम हो । अमेरिकामा बढ्दै गएको आर्थिक सङ्कट र बेरोजगारीका कारणले आप्रवासीहरूलाई त्यहाँबाट हटाएर ट्रम्पले त्यहाँको बेरोजगारीको समस्यालाई समाधान गर्न चाहन्छन् ।

अमेरिका सहित विकसित पुँजीवादी देशहरूमा पिछडिएका वा विकासोन्मुख देशहरूबाट ठुलो सङ्ख्यामा मानिसहरू रोजगारीको लागि त्यहाँ जाने गर्दछन् । तर अनुभवले यो बताइरहेको छ कि उनीहरूले स्थायी रूपले त्यसरी आफ्नो समस्याको समाधान गर्न सक्ने छैनन् । अहिले अमेरिकाबाट उनीहरू जसरी निष्कासित हुनु परिरहेको छ, त्यसरी नै उनीहरू अन्य विदेशी देशहरूबाट पनि निष्काशित हुँदै जानुपर्ने छ । पहिले मानिसहरू त्यति सजिलैसित युरोपका देशहरूमा जाने गर्दथे, अब यसरी जान पाउँदैनन् । युरोपका विभिन्न देशहरूमा पनि बढ्दो आर्थिक सङ्कट र बेरोजगारीका कारणले विदेशी आप्रवासीका विरुद्ध आवाज उठिरहेको छ । भारतमा पनि नेपालीहरूले पहिले त्यहाँ जति सजिलैसित काम पाउँथे अब पाउन छाडेका छन् । अरबका खाडीहरूमा पनि त्यहाँको मध्ययुगिन र निरङ्कुश शासन प्रणालीका कारणले त्यहाँ जाने नेपालीहरूले कैयौँ प्रकारका अन्याय र प्रतिबन्धको सामना गर्नुपर्दछ । त्यसले त्यहाँ रोजगारी झन् पछि झन् कठिन हुदै गइरहेको छ । संसारका विभिन्न भागहरूमा बढ्दै गएको युद्धको स्थितिले पनि ती देशहरूबाट आप्रवासीहरू लगातार पलायन गर्ने स्थितिको सिर्जना हुँदै गइरहेको छ ।

वास्तवमा अहिले अमेरिकामा आप्रवासीहरूले जुन समस्याको सामना गर्नु परिरहेको छ, त्यो एउटा विश्वव्यापी समस्या हो । त्यसरी त्यो समस्याको स्थायी समाधान आफ्ना-आफ्ना देशहरूमा नै दीगो विकासका लागि प्रयत्न गर्नु नै हो । निश्चय नै त्यो कार्य सजिलो छैन । विभिन्न देशहरूमा भएका विद्यमान अन्यायपूर्ण व्यवस्था वा गैरजिम्मेवार र जनविरोधी सरकारहरूका विरुद्ध सङ्घर्ष गरेर नै त्यो समस्याको समाधान हुन सक्दछ । त्यसैले सबै देशमा रोजगारीका लागि गएका आप्रवासीहरूले दीर्घकालीन रूपमा त्यो ऐतिहासिक आवश्यकताप्रति ध्यान दिनुपर्ने आवश्यकता छ । विश्वभरमा फैलिएका नेपालीहरूको पनि यो कुरामा ध्यान जानुपर्ने आवश्यकता छ कि अन्त्यमा काम लाग्ने आफ्नै देश हो र देशको दिगो विकासबाट नै उनीहरूका समस्याहरूको समाधान हुन सक्दछ ।

ट्रम्पले अमेरिकामा बसोवास गर्ने आप्रवासीहरूले अहिलेसम्म प्राप्त गर्दै आएको जन्मसिद्ध नागरिकताको अधिकारलाई पनि समाप्त गर्ने घोषणा गरेका छन् । तर त्यो अमेरिकाको संविधानद्वारा प्रदत्त अधिकार हो । त्यसका विरुद्ध अमेरिकाको सर्वोच्च अदालतमा मुद्दा परेको छ र अदालतले ट्रम्पको त्यो घोषणाका विरुद्ध स्टे अर्डर दिएको छ । अन्त्यमा त्यसबाट के फैसला हुनेछ ? त्यो कुरा केही दिनपछि मात्र थाहा हुनेछ ।

ट्रम्पले आफ्नो चुनाव प्रचारको दौरानमा बारम्बार यो घोषणा गरेका थिए, उनी युद्धका विरुद्ध र शान्तिका पक्षमा छन् । उनले राष्ट्रपति बनेको २४ घन्टाभित्र नै युक्रेनको युद्ध समाप्त गर्ने छन् । तर अब व्यवहारमा उनको त्यो घोषणा चुनावको प्रचारवाजी थियो भन्ने कुरा छर्लङ्ग हुँदै गएको छ । उनले क्यानडा, ग्रीनल्याण्ड वा पनामा नहरबारे प्रकट गरेका विचारहरूबाट पूरै उत्तरी अमेरिकी महाद्वीपमा नै तनाव, अशान्ति र युद्धको स्थिति पैदा हुने सम्भावना बढ्दै गइरहेको छ । निश्चय नै उनका त्यस प्रकारका घोषणाहरूबाट पैदा भएको तनाव वा युद्धको स्थिति त्यहींसम्म मात्र सीमित रहने छैन र त्यो संसारका अन्य भागहरूमा पनि फैलिँदै जानेछ ।

उनले अहिले चीनप्रति पूरै आक्रामक नीति अपनाएको देखिन्छ । त्यसले गर्दा पनामा नहर दक्षिण चीन सागर, ताइवान र व्यापार समेतका पक्षमा चीनसित तत्काल नै अमेरिकाको चीनसित भिडन्त हुने सम्भावना बढ्दै गइरहेको छ । उनको नीतिका कारणले एमसीसी वा दलाई लामाको प्रश्नमा समेत तिब्बतप्रतिको अमेरिकाको नीति कुन प्रकारले अगाडि आउने हो ? त्यो जान्न हामीले सायद अझै केही समय पर्खनुपर्ने छ । ट्रम्पले तत्काल नै क्वाडको बैठक बोलाउने निर्णय गरेका छन् । स्पष्ट छ कि त्यो बैठकको मुख्य उद्देश्य चीनका विरुद्ध घेराबन्दी गर्नु नै हो । त्यसले विश्वको राजनीतिलाई अवश्य पनि अरू अशान्त र युद्ध उन्मुख बनाउँदै लैजाने कुराको अनुमान गर्न सकिन्छ । आफू राष्ट्रपति बनेको २४ घन्टाभित्र युक्रेनको युद्ध समाप्त गर्ने घोषणा गरेका ट्रम्पले अब युद्धविराम गर्नको लागि रूसलाई धम्की दिन र त्यसका विरुद्ध सेन्सर लगाउने कुरा गर्न थालेका छन् । ट्रम्पको त्यो नीतिबाट युक्रेनको युद्ध छिट्टै समाप्त हुने कम, तर त्यो युद्धको नाटोका देशहरूमा समेत विस्तार हुने नै बढी सम्भावना देखिन्छ । त्यसरी उनले व्यवहारमा बाइडेनको युक्रेनको युद्धलाई निरन्तरता दिने तथा त्यसलाई पूरै युरोपी महाद्वीपमा विस्तारित गर्ने नीतिलाई नै अनुकरण गर्न खोजेको देखिन्छ । उनले नाटोमा पनि आफ्नो सुरक्षा सम्बन्धी खर्च राष्ट्रिय आयको दुई प्रतिशतबाट ५ प्रतिशत बनाउने कुरामा जोडदिइरहेका छन् र अन्यथा अमेरिका नाटोबाट नै अलग हुने कुरा गरिरहेका छन् । उनको त्यो नीतिबाट अमेरिका र नाटोका बिचमा पनि तनाव बढ्दै जाने सम्भावना देखिन्छ ।

अमेरिकाले इजरायल राज्यको स्थापना गरेर तथा त्यसलाई शक्तिशाली बनाएर सम्पूर्ण मध्यएसियामा आफ्नो नियन्त्रण गर्न चाहन्छ । प्रथमतः इजरायल राज्यको स्थापना प्यालेस्टाइनी जनताको दमनमाथि आधारित छ । त्यसले गर्दा मध्यएसियामा प्यालेस्टाइन मुक्ति आन्दोलन जस्तो एउटा दीर्घकालीन समस्या पैदा भएको छ, जसलाई पराजित गर्नु अमेरिकाको लागि कहिल्यै पनि सम्भव हुने छैन । अमेरिकाको इजरायल र प्यालेस्टाइन सम्बन्धी नीतिबाट पूरै मध्यएसियामा अमेरिका विरुद्ध व्यापक रोष र असन्तोष उत्पन्न भएको छ । अहिले इरानसित पनि अमेरिकाको गम्भीर प्रकारको अन्तरविरोध पैदा भएको छ । त्यस प्रकारको पृष्ठभूमिमा मध्यएसियामा अमेरिकाको स्थिति बलियो हुँदै जानु भन्दा झन् पछि झन् कमजोर हुँदै जाने कुरा नै स्पष्ट छ ।

ट्रम्प अमेरिकाका ठुला पुँजीपति वा एकाधिकार पुँजीवादका प्रतिनिधि हुन् । त्यसैले उनले प्रधान रूपले अमेरिकाका ठुला पुँजीपतिहरूको स्वार्थको नै प्रतिनिधित्व गर्दछन् । अहिले उनको सबैभन्दा बढी ध्यान यो कुरामा छ कि अमेरिका गम्भीर प्रकारको आर्थिकको स्थितिमा पुगिरहेको छ र अन्तर्राष्ट्रिय स्तरमा अमेरिकाको व्यापार वा डलर तथा अमेरिकाको प्रतिष्ठा समेतको अवमूल्यन हुँदै गइरहेको छ । उनको अमेरिका 'प्रथम'को नाराका पछाडि मुख्य रूपले अमेरिकी एकाधिकार पुँजीवाद 'प्रथम' नै हो । अर्को शब्दमा उनको मुख्य ध्यान अमेरिकी एकाधिकार पुँजीवादको संरक्षण र विश्वमा त्यसको प्रभुत्व कायम गर्नु नै हो । त्यसका लागि उनले सर्वप्रथमतः अमेरिकामा आउने विदेशी उत्पादनलाई कम गर्ने कुरामा जोड दिएका छन् र विदेशबाट अमेरिकामा आउने सामानहरूमा बढी कर लगाउने घोषणा गरेका छन् ।

उनको त्यो नीतिबाट संसारका विभिन्न देशहरूसित उनको एक प्रकारले व्यापारिक शीतयुद्ध नै सुरु हुने छ ।

यो कुरा स्पष्ट छ कि ट्रम्पको नीतिबाट अमेरिका र विश्वमा पनि धेरै असर पर्ने छ । त्यस सन्दर्भमा बुझ्नुपर्ने कुरा के छ भने अन्तत्वगत्वा उनका नीति वा उनको भूमिका नै निर्णयात्मक हुने छैन । उनका विरुद्ध संसारमा कैयौँ शक्तिहरू अगाडि आउने छन् र उनीहरूसित अमेरिकाले कडा प्रतिसपर्धा गर्नुपर्नेछ । स्वयं अमेरिकामा पनि उनका विरुद्ध स्वरहरू उठ्न थाल्नेछन् वा आन्दोलनहरू हुन थाल्नेछन् । अहिले संसदका तल्लो र उपल्लो दुवै सदनमा उनको बहुमत छ । तर त्यो बहुमत सधैँ रहने छैन वा त्यहाँबाट पनि उनका अध्यादेशहरूको विरुद्ध आवाज उठ्न थाल्नेछ । उनका विरुद्ध अमेरिकाको न्यायपालिकामा पनि कैयौँ याचिकाहरू दाखिल हुन थाल्नेछन् र न्यायपालिकाले उनका फासिवादी कदमहरूमा नियन्त्रण गर्न थाल्ने छ । उनको विजयपछि प्रारम्भमा उनका पक्षमा जनलहरको जति लहर उठेपनि उनका फासिवादी नीतिहरूका कारणले स्वयं अमेरिकामा पनि उनका विरुद्ध जनमत तयार हुन थाल्नेछ ।

ट्रम्पले त्यहाँका ठुला पुँजीपतिहरूको स्वार्थका लागि, एकातिर, अमेरिकाका मेहनतकस जनताको शोषणलाई बढाएर लैजान र, अर्कातिर, विश्वव्यापी रूपमा नै आफ्नो प्रभुत्व कायम गर्न चाहान्छन् । त्यसको त्यस प्रकारको नीतिबाट नै अमेरिकी साम्राज्यवादको विश्वका उत्पीडित राष्ट्रहरू र जनतासितको त्यसको अन्तरविरोध बढ्दै जानेछ र बढ्दै पनि गइरहेको छ । त्यसको परिणाम अन्तमा साम्राज्यवादको पराजय तथा शान्ति र लोकतन्त्रको विजय नै हुनेछ ।

ट्रम्प राष्ट्रपति बनेपछि उनले अपनाएका नीतिहरू र त्यसबाट विश्वमा पर्न सक्ने परिणामबारे माथि जे उल्लेख गरिएको छ, ती निश्चित रूपले प्रारम्भिक कुराहरू नै हुन् । यो कुराको अनुमान गर्न सकिन्छ उनका साम्राज्यवादी र फासीवादी नीतिहरू गम्भीर रूपमा देखा पर्दै जाने छन् र त्यसको सम्पूर्ण विश्वमा र स्वयं अमेरिकामा पनि कैयौँ गम्भीर परिणाम हुँदै जाने छन् । त्यसरी यो कुरामा कुनै शङ्का छैन कि उनको शासनकाल सम्पूर्ण विश्व र स्वयं अमेरिकाका लागि पनि अत्यन्त दुर्भाग्यपूर्ण हुनेछ । उनले जुन अमेरिका प्रथमको नारा दिएका छन्, त्यसको उद्देश्य खालि अमेरिकाका ठुला पुँजीपतिहरूको सेवा गर्ने नै हो तर स्वयं उनीहरूलाई पनि ट्रम्पका नीतिहरूले फाइदा पुग्न सक्ने छैन । किनभने पुँजीवादको विनासको मूल कारण स्वयं उनीहरूको नै चरित्रमाथि अन्तर्निहित हुन्छ र त्यो कारण पुँजीवादी उत्पादन प्रणालीको चरित्रमा निहित हुन्छ । त्यसको परिणाम यो हुनेछ कि ट्रम्पले ठुला पुँजीपतिहरूको सेवाका लागि जुन कदम उठाउँदै जाने छन्, त्यसको परिणामस्वरूप विश्वमा र अमेरिकामा पनि अमेरिकी साम्राज्यवादप्रतिको असन्तोष र विरोध अरू बढ्दै जाने छ र त्यसको स्थिति अरू कमजोर हुँदै जानु अवश्यमभावी छ ।

२०८१ माघ १३ गते ।

----

### स्पष्टीकरण

"हिजो २०८१ साल माघ ४ गते संसद्मा भएका प्रतिपक्षका पार्टी वा सङ्गठनको संयुक्त बैठकमा जारी भएको वक्तव्यबारे सामाजिक सञ्जालमा उठाइएका कतिपय प्रश्न वा टीकाटिप्पणीबारे विचार गर्नका लागि आज बिहान नेकपा (मसाल) को पी.बी. को अनलाइन बैठक बसेको थियो । त्यो बैठकको निष्कर्षबारे जानकारी गराउनका लागि यो स्पष्टीकरण जारी गरिएको छ ।

१. त्यो संयुक्त वक्तव्य मुख्य रूपमा सरकारले जारी गरेका अध्यादेश, थ्रेसहोल्ड, सरकारका गलत नीति र क्रियाकलाप, अधिनायकवादी शासन प्रणाली, भ्रष्टाचार आदि सम्बन्धी पार्टीले प्रकट गर्दै आएका विचार वा नीतिअनुसार नै छ, यद्यपि त्यसमा भएका कतिपय कमजोरीहरू बारे पनि हामीले केही प्रकाश हाल्न चाहन्छौं । त्यो संयुक्त बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षको नाम नै उल्लेख गरेर उनी प्रति अन्याय भएको भन्ने कुरा पनि राख्ने प्रस्ताव आएको थियो । तर राष्ट्रिय जनमोर्चाका प्रतिनिधि तथा अन्य कतिपय पक्षहरूद्वारा पनि त्यो कुराको विरोध गरेपछि त्यो भनाईलाई वक्तव्यमा सामेल नगर्ने सहमति भएको थियो । तैपनि त्यो वक्तव्यमा समावेश गरिएको यो भनाइ प्रति हाम्रो ध्यान आकर्षित भएको छ : महान्यायाधिवक्ताको कार्यालयमार्फत् "सहकारी ठगीमा आफू निकटलाई जोगाउने र विपक्षीहरूमाथि प्रतिशोधपूर्ण र पूर्वाग्रही तवरले अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाइएको छ" उक्त वाक्यमा "विपक्षीहरूमाथि प्रतिशोधपूर्ण र पूर्वाग्रही तवरले

अनुसन्धान र अभियोजन प्रक्रिया अघि बढाइएको छ” भन्ने भनाई संयुक्त बैठकमा भएको छलफल र सहमति अनुसार नभएको कुरा हामीले स्पष्ट गर्न चाहन्छौं । संयुक्त बैठकमा जुन कुरालाई हटाउने भन्ने सहमति भएको थियो, घुमाउरो प्रकारले त्यसलाई सामेल गरिएको छ र त्यो वाक्यांशप्रति हामीले आपत्ति प्रकट गर्दछौं । हाम्रो त्यो आपत्तिका बाबजुद समग्र रूपमा त्यो संयुक्त वक्तव्य सही छ र हामीले त्यसलाई समर्थन नै गर्दछौं ।

२. त्यो संयुक्त वक्तव्यमा राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी समेतको हस्ताक्षर भएकोमा ती सङ्गठनसित हाम्रो पार्टीको कार्यगत एकता नगर्ने नीति भएको हुनाले उनीहरू समेतसित मिलेर संयुक्त वक्तव्य दिनु पार्टीको घोषित नीतिका विरुद्ध ता भएको छैन ? त्यो प्रश्न पनि उठ्ने गरेको छ तर हामीले के प्रष्ट गर्न चाहान्छौं भने त्यो बैठक संसद्मा प्रतिपक्षमा भएका राजनीतिक दल वा सङ्गठनको नै बैठक हो । संसद्मा भएका विभिन्न पार्टी वा दलको आवश्यकताअनुसार संसद्भित्र वा बाहिर पनि भेटघाट वा बैठक बस्ने प्रचलन रहँदै आएको छ । त्यसैले त्यो संयुक्त वक्तव्यमा सँगै हस्ताक्षर गरेको हुनाले हामीले उनीहरूसित कुनै कार्यगत एकता गरेको वा उनीहरूसित कुनै कार्यगत एकता नगर्ने हाम्रो नीतिको उल्लैन भएको निष्कर्ष निकाल्नु सही होइन ।

३. राप्रपा वा ‘रास्वपा’ सित कुनै कार्यगत एकता नगर्ने पार्टीको नीति कायम नै छ । हिजोको संयुक्त वक्तव्यमा पनि सरकारका विरुद्ध भएका हाम्रा नीतिको नै उल्लेख गरिएको छ । त्यो वक्तव्यमा कुनै प्रकारको संयुक्त आन्दोलन गर्ने, संयुक्त सैर्ष समिति बनाउने आदि जस्ता कुनै कार्यक्रम घोषणा गरिएको छैन । यदि त्यो वक्तव्यमा प्रकट गरिएका विचार वा स्वीकृत गरिएका नीतिका आधारमा कुनै संयुक्त सैर्ष समिति बनाउनुपर्ने वा संयुक्त आन्दोलन सञ्चालन गर्नुपर्ने अवस्था आएमा त्यसबारे पार्टीले बेग्लै छलफल गर्ने छ र आवश्यक निर्णय पनि गर्ने छ । यो स्पष्ट छ कि ती दुबै सङ्गठनठनसित कुनै कार्यगत एकता नगर्ने हाम्रो नीति भएको हुनाले उनीहरूसित मिलेर कुनै संयुक्त सङ्घर्ष समिति बनाउने वा संयुक्त सैर्ष कार्यक्रम बनाउनेजस्ता कुनै विषयमा हाम्रो सहमति नरहने कुरा निश्चित छ ।

४. हाम्रो पार्टीको संयुक्त मोर्चासम्बन्धी नीतिबारे केही स्पष्टताको आवश्यकता छ । कसैसँग विभिन्न स्तरमा हाम्रो गम्भीर प्रकारका मतभेद वा सैर्ष चल्ने गरेको भए पनि देशको राजनीतिक आवश्यकताअनुसार हामीले त्यस्ता कैयौँ पार्टी वा सङ्गठनसित पनि कार्यगत एकता गर्ने गरेका हुन्छौं । गत कालमा नेका मात्र होइन, माओवादी वा एमालेसित पनि हाम्रा गम्भीर प्रकारका मतभेद वा सैर्ष चल्ने गरेको कुरा आम रूपमा थाहा भएको कुरा हो तैपनि देशको विभिन्न प्रकारको राजनीतिक स्थितिमा हामीले उनीहरूसित कार्यगत एकता वा सहकार्य गर्ने गरेका छौँ । अन्तर्राष्ट्रिय स्तरमा पनि कैयौँ मार्क्सवादी-लेनिनवादी पार्टीले राजनीतिक आवश्यकताअनुसार साम्राज्यवादी वा घोषित दुस्मन शक्तिसित पनि संयुक्त मोर्चा वा कार्यगत एकता गरेका कैयौँ उदाहरण पाइन्छन् । गत कालमा त्यस प्रकारका कैयौँ राजनीतिक पार्टी वा सङ्गठनसित हामीले बेग्लाबेग्लै समयमा कार्यगत एकताको नीति अपनाउने गरेका कैयौँ उदाहरण छन् । एउटै पार्टीसित पनि एउटा समयमा कार्यगत एकता गरेका वा अर्को समयमा नगरेका पनि कैयौँ उदाहरण छन् । हाम्रो त्यो नीति संयुक्त मोर्चा सम्बन्धी मार्क्सवादी-लेनिनवादी द्वन्द्वात्मक सिद्धान्तअनुरूप नै छ तर कतिपय अधिभूतवादी चिन्तन भएका व्यक्ति वा सङ्गठनले संयुक्त मोर्चासम्बन्धी त्यो द्वन्द्वात्मक नीतिलाई बुझ्दैनन् र हाम्रो संयुक्त मोर्चा नीतिको एकोहोरो प्रकारले विरोध गर्ने गर्दछन् । कतिपय पक्षले कुनै एक वा अर्को प्रतिक्रियावादी शक्तिप्रतिको सम्झौतापरस्त दृष्टिकोणका कारणले पनि त्यस्तो गर्ने गरेका हुन्छन् तर जहाँसम्म हाम्रो पार्टीको प्रश्न छ, देशको राजनीतिक आवश्यकता र संयुक्त मोर्चासम्बन्धी द्वन्द्वात्मक नीतिअनुसार नै आफ्नो संयुक्त मोर्चा वा कार्यगत एकतासम्बन्धी नीतिलाई अगाडि बढाउँदै आएको छ र त्यसकारण त्यो सही पनि छ ।

५. हिजो राष्ट्रिय जनमोर्चाले हस्ताक्षर गरेको संयुक्त वक्तव्य देशको अहिलेको राजनीतिक आवश्यकताअनुसार छ र त्यसकारण मूल रूपमा त्यो सही नै छ र हामीले त्यसप्रति आफ्नो प्रतिबद्धता प्रकट गर्दछौं । हाम्रो पार्टीको नीतिअनुसार सम्भव भएमा अन्य पक्षसित संयुक्त भएर पनि वा एक्लै पनि ती नीतिका पक्षमा आन्दोलनलाई अगाडि बढाउने हाम्रो प्रयत्न हुने छ । त्यसका लागि हामीले देशका सबै न्यायप्रेमी

जनतासित पनि सरकारका गलत नीतिका विरुद्ध आवाज उठाउन वा सैर्ष गर्नका लागि अपिल गर्दछौं ।”

मिति २०८१ माघ ५ गते ।

----

अमेरिकाको क्यालिफोर्निया राज्यको लस एन्जलस सहरमा भीषण आगलागी भएको छ । त्यो सहर अमेरिकाको नै अत्यन्त सम्पन्न र ठुला अभिनेता र अभिनेत्रीहरू बस्ने सहर हो । त्यो सहरमा लागेको आगलागीबाट करिब १२ हजार घर नष्ट भएको, ठुलो सङ्ख्यामा मानिसहरूको मृत्यु भएको वा करिब डेढ लाख मानिसहरू घर छोडेर जानु परेको कुरा थाहा भएको छ । त्यो आगलागीबाट रूख, वृक्ष, जङ्गली पशुपन्क्षी र जीवजन्तुको कति धेरै क्षति भए होला ? त्यसको कुनै सीमा नै छैन ।

लस एन्जलसको आगलागी त्यो सहर वा अमेरिकाको मात्र होइन, विश्वको नै गम्भीर समस्या हो । विश्वमा भइरहेको जलवायु परिवर्तन र तापक्रममा भइरहेको बृद्धिका कारणले नै त्यो आगलागी भएको हो । विश्वमा भइरहेको जलवायु परिवर्तनका कारणले संसारभरि नै आगलागीका साथै अतिवृष्टि, अनावृष्टि, चक्रवाथ, सुख्खा, हिमपात, बाढी आदि बढ्दै गइरहेका छन् । हिमालयको हिउँ पग्लिदै गइरहेको छ र समुद्रको पानीमा बृद्धि हुने र तटवर्ती कतिपय सहरहरू डुब्ने समेत खतरा बढ्दै गइरहेको छ । विश्वव्यापी रूपमा देखापरेको त्यस प्रकारको जलवायु परिवर्तनको एउटा परिणाम क्यालिफोर्नियाको आगलागी पनि हो । विश्वमा जलवायुको समस्या त्यसरी गम्भीर बन्दै गइरहेको अवस्थामा अमेरिकामा एउटा यस्तो व्यक्ति राष्ट्रपतिमा चुनिएका छन्, जसले जलवायुको समस्या कुनै समस्या नै नभएको विचार राख्दछन् ।

अमेरिकाको आगलागी कुनै आकस्मिक प्रकारको घटना होइन । जलवायुमा हुँदै गएको परिवर्तनको नै स्वभाविक परिणाम हो । त्यस सन्दर्भमा यो उल्लेखनीय छ कि नासाको एकजना वैज्ञानिकले जलवायु परिवर्तनका कारणले प्राकृतिक वातावरणमा भइरहेको परिवर्तनको वैज्ञानिक अध्ययन गरेर त्यहाँ आगलागीको भीषण सम्भावना भएको कुराको अनुमान गरेका थिए र दुईवर्ष पहिले नै सन फ्रान्सिस्को छाडेर गएका थिए । वास्तवमा उनको त्यो चेतावनी सत्य सावित भयो । जलवायु परिवर्तनका कारणले संसारभरि नै तापक्रम बढ्दै गइरहेको छ र अब अमेरिकामा मात्र होइन सारा संसारमा नै आगलागीका घटनाहरू बढ्दै जाने सम्भावना छ । त्यो अवस्थामा जलवायु वरिवर्तनबाट उत्पन्न आगलागी वा बाढी जस्ता समस्याहरूको समाधान गर्न विश्वस्तरमा नै प्रभावशाली कदम उठाउनुपर्ने आवश्यकता छ । अन्यथा त्यसबाट सम्पूर्ण मानव जातिलाई नै ठुलो खतरा पुग्ने कुरा निश्चित छ ।

अमेरिकामा यही जनवरीको २० तारिखमा ट्रम्पले राष्ट्रपतिको पदभार ग्रहण गर्दैछन् । उनले पदभार ग्रहण गर्नुभन्दा पहिले नै उनले प्रकट गरेका विचारहरूबाट संसारभरि नै हलचल मच्चिएको छ । उनले अमेरिकालाई बलियो बनाउने मुख्य नारा लिएर चुनाव जितेका थिए । त्यो उनको चरम प्रकारको फासिवादी र साम्राज्यवादी नारा हो । सर्वप्रथम ता राष्ट्रपति बन्ने बित्तिकै ठुलो सङ्ख्यामा अमेरिकामा बसोवास गर्ने प्रवासीहरूलाई देशबाट निष्कासित गर्ने घोषणा गरेका छन् । पनामा एउटा स्वतन्त्र र सार्वभौम सम्पन्न देश हो । उनले त्यसलाई अमेरिकामा मिलाएर अमेरिकाको एकाउन्नौ राज्य बनाउने कुरा गरिरहेका छन् । ग्रीनल्याण्ड संसारको सबैभन्दा ठुलो द्वीप हो र त्यो डेनमार्कको मातहतमा छ । उनले डेनमार्कबाट त्यसलाई किन्नको लागि दबाब दिइरहेका छन् । त्यो द्वीप पूरैजसो बरफले ढाकिएको छ । तर यहाँ ठुलो मात्रामा अमूल्य खनिज पदार्थ भएको कुरा पत्ता लागेको छ । त्यसैले अमेरिकाले त्यसमाथि कब्जा गर्न चाहन्छ । त्यो द्वीपको ठुलो सामरिक महत्त्व पनि छ । त्यसैले उनले त्यसमाथि कब्जा गर्न चाहन्छन् । त्यसरी ट्रम्प राष्ट्रपति बन्ने बित्तिकै अमेरिकालाई महान् बनाउने नाममा उनले चरम प्रकारको फासिष्ट साम्राज्यवादी नीति अपनाउने कुरा प्रस्ट छ ।

ट्रम्पले उनी सत्तामा आएको २४ घन्टाभित्र युक्रेनको युद्ध समाप्त गरिदिने घोषणा गरेका छन् । तर ट्रम्पको त्यस प्रकारको नीतिलाई व्यवहारिक रूप लिन नदिन अमेरिकाका वर्तमान राष्ट्रपति वाइडेनले त्यो युद्धलाई चर्काउन योजनावद्ध प्रकारले काम गरिरहेका छन् । युक्रेनको युद्ध सम्बन्धी वाइडेन र ट्रम्पका नीतिहरूका बिचको त्यस प्रकारको अन्तर्द्वन्द्वको परिणाम के हुने छ ? त्यो कुरा थाहा पाउन सायद धेरै दिन पर्खनुपर्ने छैन । त्यही प्रकारले वाइडेनको नीतिबाट रूस र नाटोको बिचको द्वन्द्व पनि चर्कँदै गइरहेको छ । खास गरेर हालै ब्रिटेनले युक्रेनसित एकसय वर्षे

सम्झौता गरेर युक्रेनको युद्धलाई लगातार चर्काउने प्रकारको सम्झौता गर्न थालेपछि रूस र नाटोको बिचमा युद्धको स्थिति उत्पन्न हुने ता होइन ? त्यो प्रश्न पनि उठ्ने गरेको छ । ट्रम्पले बारम्बार नाटोसितको आफ्नो सम्बन्धलाई कम गर्ने कुरा पनि गरिरहेका छन् । उनको त्यो नीतिको युरोपमा के असर पर्ने छ ? त्यो पनि उत्सुकताको विषय बनेको छ ।

ट्रम्पले युक्रेनको युद्ध तुरून्त बन्द गराउने कुरा गरे पनि इरानमाथि पूरै हमला गर्ने कुरा गरिरहेका छन् । उनले इरानमाथि हमला गर्न इजरायललाई लगातार उक्साइरहेका छन् । त्यो अवस्थामा उनी सत्तामा आएपछि मध्य एसियाको स्थिति र प्यालेष्टाइनको मुक्ति युद्धको स्थिति कस्तो हुने छ ? त्यो पनि गम्भीर चिन्ताको विषय भएको छ ।

हालै हमास र इजरायलका बिचमा युद्धविरामका लागि एउटा तीन चरणको शान्ति सम्झौता सम्पन्न भएको छ । प्रथमत: त्यो शान्ति सम्झौता प्यालेष्टाइनको ठुलो विजय हो । इजरायलले हमासलाई पूरै समाप्त नगर्दासम्म युद्ध नरोक्ने कुरा गरेको थियो । स्वयं अमेरिकाले पनि संयुक्त राष्ट्रसङ्घमा युद्धविराम सम्बन्धी सबै प्रस्तावहरूलाई लगातार भीटो लगाएर असफल बनाउने गरेको थियो । त्यस प्रकारको पृष्ठभूमिमा अहिले अमेरिका र इजरायलले समेत हमासलाई समकक्षमा राखेर सम्झौता गर्नुपरेको छ । त्यसैले त्यो प्यालेष्टाइनी जनताको विजय हो । तर गाजापट्टिमा इजरायलद्वारा त्यति ठुलो हमला र नरसंहारपछि पनि प्यालेष्टाइनी जनताले आत्मसमर्पण नगर्नु सामान्य कुरा होइन । यो कुरालाई हामीले उपेक्षा गर्न मिल्दैन कि प्यालेष्टाइनी जनताले साढे सात दशकदेखि आफ्नो मातृभूमिको मुक्तिका लागि युद्ध गरिरहेका छन् र अहिलेको शान्ति सम्झौताले उनीहरूको मुक्ति आन्दोलन नरोकिने कुरा प्रस्ट छ । यो पनि कम महत्त्वपूर्ण र आश्चर्यजनक कुरा होइन कि गाजापट्टिमा त्यति ठुलो हमला र त्यसलाई पूरै ध्वस्त पार्दा पनि उनीहरूले बन्धकहरूलाई कहाँ राखेका थिए ? इजरायल र त्यसको खुफिया विभाग त्यो कुरा पत्ता लगाउनका लागि पूरै असफल भएको थियो । त्यसले हमासको दृढ र उच्च प्रकारको रणनीतिक कुशलतालाई नै बताउँछ ।

अहिले खास गरेर कतार र इजिप्टको मध्यस्थतामा त्यो शान्ति सम्झौता भएको छ । तर इजरायलका कट्टरपन्थीहरूले त्यो सम्झौतालाई सफल हुन नदिन जोडदार प्रकारले आवाज उठाइरहेका छन् । त्यसकारण त्यो शान्ति सम्झौताको अन्तिम परिणाम के हुने छ ? त्यो कुरा अहिले नै निश्चित रूपले भन्न गाह्रो छ । त्यो शान्ति सम्झौतापछि पनि इजरायलद्वारा गाजापट्टिमा लगातार बम बर्साउने काम भइरहेको छ र त्यसबाट करिब ८० जनाजति प्यासिस्टाइनी जनताको हत्या भएको छ ।

त्यो सम्झौतापछि हमासद्वारा उनीहरूले बन्धक बनाएका व्यक्तिहरूलाई र इजरायलले प्यालिस्टाइनहरूलाई क्रमश: मुक्त गर्दै जाने समझदारी भएको छ । तर त्यस प्रकारको समझदारीमा विपिन जोशीबारे के हुँदै छ ? त्यसबारे कुनै जानकारी प्राप्त भएको छैन । त्यो प्रश्नप्रति हाम्रो पार्टीले गम्भीर चिन्ता प्रकट गर्दछ र उनको शीघ्र रिहाइमा जोड दिन्छ ।

अमेरिकाले शान्ति, लोकतन्त्र र मानवअधिकारको निकै नै कुरा गर्दछ । तर ट्रम्प सत्तामा आएपछि अमेरिकाको नीतिबाट विश्वमा फासिवाद, साम्राज्यवाद र युद्धलाई नै बल पुग्नेबढी सम्भावना देखिन्छ । त्यो अवस्थामा साम्राज्यवाद र फासिवाद तथा युद्धका विरुद्ध विश्वव्यापी रूपमा नै आवाज उठाउनुपर्ने आवश्यकता पहिलेभन्दा कैयौँ गुणा बढेर गएको छ ।

हाम्रो देशभित्रको राजनीतिक स्थितिमाथि विचार गर्दा देशमा निरङ्कुश र अधिनायकवादी प्रकारको शासन कायम गर्न योजनावद्ध प्रकारले प्रयत्न भइरहेको देखिन्छ । ओलीको पहिलेदेखि नै संसदीय प्रणालीप्रति विरोध थियो र त्यसैले उनले दुईदुईपल्ट संसदको विघटन गराएका थिए र संसदको पुनर्स्थापनापछि पनि त्यसलाई अवरूद्ध गर्न लगातार प्रयत्न गरेका थिए । त्यसकारण उनको नेतृत्वमा संसदीय प्रणालीप्रति नै पूरै खतरा भएको कुराको अनुमान गर्न गाह्रो पर्दैन । खास गरेर अहिले उनले निर्धारित समयमा संसदलाई नबोलाएर जसरी अध्यादेशहरूद्वारा शासन चलाउने काम गर्दैछन्, त्यसबाट उनले देशलाई अधिनायकवादतिर लैजान थालेको कुरामा कुनै शङ्का रहन्न ।

देशमा सहकारिताबारे ठुलो विवाद चलिरहेको छ ।

सहकारिताको रकम अपचलन सम्बन्धी मुद्दाहरूमा विभिन्न अदालतहरूमा कारवाहीको प्रक्रिया अगाडि बढिरहेको छ । त्यस सन्दर्भमा त्यस प्रकारको आरोपितहरूमध्ये कसलाई पुर्पक्षका लागि थुनामा राख्ने वा धरौटिमा छाड्नेबारे व्यापक छलफल चलिरहेको छ । तर त्यस सन्दर्भमा त्योभन्दा महत्त्वपूर्ण कुरा पीडितहरूको पैसा फिर्ता गर्ने प्रश्न हो । त्यो सम्पूर्ण छलफल र विवादका सन्दर्भमा सहकारी रकमको अपचलनद्वारा पीडित बचतकर्ताहरूको फिर्ता गर्ने प्रश्न उपेक्षित हुन गएको छ । हाम्रो पार्टीले सहकारी सम्बन्धी रकमको अपचलन सम्बन्धी कारवाहीको सन्दर्भमा पीडितहरूको रकम फिर्ता गर्नुपर्ने आवश्यकतामा मुख्य जोड दिन्छ । हामीले यो मत पनि प्रकट गर्दै आएका छौँ कि जुन व्यक्तिहरूले सहकारी रकमको अपचलन गरेका छन्, उनीहरूको जायजेथा वा उनीहरूले किर्ते प्रकारको लेखापढीद्वारा खरिद बिक्री गरेको जग्गा जमीन समेत जफत गरेर सहकारी पीडितहरूको अपचलन भएको रकम फिर्ता गरिनु पर्दछ ।

अहिले देशमा संविधानमा संशोधनको कुरा पनि उठिरहेको छ । वर्तमान गठबन्धन सरकारको निर्माणको एउटा मुख्य सहमति पनि त्यही विषयमा नै भएको थियो र अहिले ओलीले संविधानमा संशोधन ०८७ मा मात्र गर्ने भनेपछि त्यसबारे सत्ता पक्षहरूका बिचमा नै विवाद उठिरहेको छ । जेहोस्, हामीले पनि संविधानमा संशोधन आवश्यक भएको कुरामा जोड दिँदै आएका छौँ । खास गरेर सङ्घीयता वा त्यसको प्रादेशिक संरचनालाई खारेज गर्नुपर्ने र स्थानीय निकायहरूलाई संविधानको मौलिक अधिकारको सूचीमा समावेश गरेर तिनीहरूलाई अरूअधिकारसम्पन्न बनाउनका लागि हामीले संविधानमा संशोधनको माग गर्दै आएका छौँ । त्यसका साथै महिला र दलितहरूका लागि केही बेग्लै निर्वाचन क्षेत्रहरू छुट्याएर उनीहरूको बढी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने आवश्यकतामा पनि हाम्रो पार्टीले जोड दिँदै आएको छ । तर, देशमा कतिपय पक्षहरूले गणतन्त्र र धर्मनिरपेक्षतालाई खारेज गरेर राजतन्त्र र हिन्दू राष्ट्रको पुनर्स्थापना गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीको व्यवस्था गर्नुपर्ने, समानुपातिक चुनावलाई पूरै खारेज गरेर प्रत्यक्ष चुनावको मात्र व्यवस्था गर्नुपर्ने, प्रत्यक्ष चुनावलाई पूरै खारेज गरेर समानुपातिक चुनावको मात्र व्यवस्था गर्नुपर्ने, जातीय आधारमा प्रदेशहरूको गठन गर्नुपर्ने, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्रहरूको निर्माण गर्नुपर्ने आदि मागहरू पनि उठाइरहेका छन् । कतिपय पक्षहरूले संविधानलाई सम्पूर्ण रूपले खारेज गर्नुपर्ने र त्यसरी संसदीय प्रणालीलाई नै समाप्त गर्नुपर्ने कुरा पनि उठाइरहेका छन् । हाम्रो पार्टीले संविधान सम्बन्धी त्यस प्रकारको सबै मागहरूलाई गलत ठान्दछ र विरोध गर्दछ ।

२०८१ माघ ०४ गते । •

---

क्रमश: ६४ पेजबाट...

प्यूठान जिल्ला स्वर्गद्वारी नगरपालिका-१ निवासी कामरेड गिरबहादुर पुन (का. तिलक)को २०८१ माघ १० गते भएको मृत्युप्रति हामीले गहिरो दु:ख व्यक्त गर्दै सन्तप्त परिवारजनप्रति हार्दिक समवेदन प्रकट गर्दछौँ ।

का. गिरबहादुर हाम्रो पार्टीको पुरानो सदस्य हुनुहुन्थ्यो । उहाँले प्रवास र स्वदेशमा विभिन्न सामाजिक सङ्गठनका साथै विभिन्न जनवर्गीय मोर्चा र हाम्रो पार्टीका विभिन्न तहमा रहेर काम गर्नु भएको थियो । जीवनपर्यन्त पार्टीको विचार र उद्देश्यप्रति प्रतिवद्ध रही जिम्मेवारी निर्वाह गर्नुभएका का. गिरबहादुर हाम्रो पार्टीको अनुशासित, जुझारू र कर्तव्यनिष्ठ सदस्य हुनुहुन्थ्यो । उहाँको मृत्युबाट हाम्रो पार्टीको आन्दोलनमा गम्भीर क्षति भएको छ । अन्तमा हामीले उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

२०८१ माघ १३ गते ।

----

राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य कामरेड राजेन्द्र ढुङ्गानाकी ममतामयी आमा पार्वती ढुङ्गानाको २०८१ पौष २९ गते भएको निधनप्रति हामीले गहिरो दु:ख व्यक्त गर्दछौँ । का. राजेन्द्र ढुङ्गाना सहित सन्तप्त सम्पूर्ण परिवारजनप्रति हार्दिक सहानुभूति र समवेदना व्यक्त गर्दछौँ । समाज, देश र जनताप्रति समर्पित भएर राजनीतिक बाटोमा हिड्न आफ्ना सन्तानलाई प्रेरित गर्ने आमाको मृत्युबाट हामीले गहिरो रिक्तता महसुस गरेका छौँ ।

अन्तमा हामीले आमा पार्वती ढुङ्गानाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

२०८१ माघ ०२ गते । •

# नेपाल कम्युनिस्ट पार्टी (मसाल)का प्रवक्ता का. रामप्रकाश पुरीद्वारा जारी वक्तव्यहरू

आईसीओआर (आईकोर)को स्तालिन सम्बन्धी अन्तर्राष्ट्रिय सेमिनार हालै युरोपमा सम्पन्न भएको छ । त्यो सेमिनारमा ३६ भन्दा बढी मुलुकका आईकोर सम्बन्धित सङ्गठनका प्रतिनिधिहरूले भाग लिएको जानकारी प्राप्त भएको छ । उक्त सेमिनारमा भाग लिएर नेपाल कम्युनिस्ट पार्टी(मसाल)का महामन्त्री कामरेड मोहनविक्रम सिंह हिजो स्वदेश फर्कनुभएको छ । सेमिनारमा उहाँले स्तालिन सम्बन्धी एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र नेपाल कम्युनिस्ट पार्टी (मसाल)को वेभसाइट लअऊबकजबि।यचन मा प्रकाशित भएको छ । त्यो कार्यपत्रलाई नेपालीमा पनि अनुवाद गरेर छिट्टै प्रकाशित गरिने छ ।

२०८१ चैत्र १३ गते ।

----

कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका मधुवन निवासी कामरेड यसोदा जि.सी(का. भीमा) को २०८१ चैत्र ०३ गते ६७ वर्षको उमेरमा मृत्यु भएको छ । हामीले उहाँको मृत्युप्रति गहिरो दुःख व्यक्त गर्दै सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

का. यसोधा हाम्रो पार्टीको सदस्य हुनुहुन्थ्यो । उहाँले विभिन्न जनवर्गीय मोर्चा र हाम्रो पार्टीका विभिन्न तहमा रहेर काम गर्नु भएको थियो । का. यसोदाले जीवनपर्यन्त पार्टीको विचार र उद्देश्यप्रति प्रतिवद्ध रही जिम्मेवारी निर्वाह गर्नुभएको थियो । उहाँ हाम्रो पार्टीको अनुशासित, जुझारू र कर्तव्यनिष्ठ सदस्य हुनुहुन्थ्यो । उहाँको मृत्युबाट हाम्रो पार्टीको आन्दोलनमा गम्भीर क्षति भएको छ ।

अन्तमा हामीले उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

२०८१ चैत्र ११ गते ।

----

सिराहा जिल्लाको औरही गाउँपालिका-५ मा मा जग्गे गर्ने माटो छोइन्छ भनेर घर समेत भत्काएर एक दलित परिवार (दीपक मरिकको परिवार) माथि भएको मध्ययुगिन र बर्बर अत्याचारको राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा प्रतिनिधि सभाका सांसद कामरेड चित्रबहादुर के.सी र राष्ट्रिय सभामा राष्ट्रिय जनमोर्चाका सांसद कामरेड तुलप्रसाद विश्वकर्मा लगायत अन्य विभिन्न सांसदहरूले समेत संसदको बैठकमा जोडदार आवाज उठाउनुको साथै उक्त घटनाको विरोध गर्नुभएकोमा त्यसलाई हामीले स्वागत गर्नका साथै त्यसप्रति ऐक्यवद्धता प्रकट गर्दछौँ । जातीय भेदभाव गरी मानवता विरुद्ध गरिएको उक्त जघन्य अपराधिक घटनाको हाम्रो पार्टीले कडा विरोध र भ्रर्त्सना गर्दछ । उक्त घटनाको आवश्यक छानवीन गरी संलग्न सबै दोषीहरूलाई कडा कारबाही गर्नका लागि हामीले सरकारसित माग गर्दै घर भत्काइएपछि बासस्थानविहीन बन्न गएको उक्त परिवारलाई आवश्यक राहत सहित तुरून्त बसोबासको व्यवस्था मिलाउनका लागि पनि हामीले सरकारको ध्यान आकर्षित गर्दछौँ । आगामी दिनमा त्यस प्रकारका मानवताविरोधी र कलङ्कित घटना हुन नदिन सरकारले समयमा नै ध्यान पुर्‍याउनुपर्दछ र त्यसका लागि जातीय भेदभाव विरुद्धका ऐन कानुनलाई प्रभावकारी प्रकारले कार्यान्वयन गर्नुपर्ने आवश्यकतामाथि हाम्रो पार्टीले सरकारको ध्यान गम्भीर रूपमा आकर्षित गर्दछ ।

२०८१ चैत्र ०९ गते ।

----

दाङ जिल्ला गढवा गाउँपालिका-४ निवासी कामरेड शिवप्रसाद पोखेलको ५९ वर्षको उमेरमा २०८१ फागुन २९ गते मृत्यु भएको छ । हामीले उहाँको मृत्युप्रति गहिरो दुःख व्यक्त गर्दै सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

का. शिवप्रसाद हाम्रो पार्टीको पुरानो सदस्य हुनुहुन्थ्यो । उहाँले प्रवास र स्वदेशमा विभिन्न सामाजिक सङ्गठनका साथै विभिन्न जनवर्गीय मोर्चा र हाम्रो पार्टीका विभिन्न तहमा रहेर काम गर्नु भएको थियो । जीवनपर्यन्त पार्टीको विचार र उद्देश्यप्रति प्रतिवद्ध रही जिम्मेवारी निर्वाह गर्नुभएका का. शिवप्रसाद पार्टीको अनुशासित, जुझारू

र कर्तव्यनिष्ठ सदस्य हुनुहुन्थ्यो । उहाँको मृत्युबाट हाम्रो पार्टीको आन्दोलनमा गम्भीर क्षति भएको छ । अन्तमा हामीले उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

२०८१ चैत्र ०६ गते ।

----

प्यूठान जिल्ला झिम्रुक-६ रोटेपानी निवासी कामरेड बालाराम भट्टराईको (का. डिलाराम) २०८१ माघ २१ गते मृत्यु भएको छ । हामीले उहाँको मृत्युप्रति गहिरो दु:ख व्यक्त गर्दै सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

का. बालाराम हाम्रो पार्टीको सदस्य हुनुहुन्थ्यो । उहाँले प्रवास र स्वदेशमा विभिन्न सामाजिक सङ्गठनका साथै विभिन्न जनवर्गीय मोर्चा र हाम्रो पार्टीका विभिन्न तहमा रहेर काम गर्नु भएको थियो । जीवनपर्यन्त पार्टीको विचार र उद्देश्यप्रति प्रतिवद्ध रही जिम्मेवारी निर्वाह गर्नुभएका का. बालराम भट्टराई हाम्रो पार्टीको अनुशासित, जुझारू र कर्तव्यनिष्ठ सदस्य हुनुहुन्थ्यो । उहाँको मृत्युबाट हाम्रो पार्टीको आन्दोलनमा गम्भीर क्षति भएको छ ।

अन्तमा हामीले उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

२०८१ फागुन ०१ गते ।

----

सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रति हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ । हाम्रो स्पष्ट धारणा छ कि सामाजिक सञ्जालको दुरूपयोग गरेर व्यक्तिको चरित्र हत्या गर्ने, गालीगलौज गर्ने, व्यक्तिगत गोपनीयतालाई भङ्ग गरिदिने, छाडा र अश्लिल क्रियाकलाप सम्प्रेषण गर्ने जस्ता क्रियाकलापमाथि नियन्त्रण र नियमन गरिनुपर्ने आवश्यकता छ । तर त्यसलाई नियन्त्रण र नियमन गर्ने भन्दा पनि प्रेस स्वतन्त्रतामाथि नै प्रतिबन्ध लगाउने प्रकारका कैयौँ विषय यस विधेयकमा समावेश रहेका छन् । विधेयकले 'वर्ग' लगायत कतिपय सामाजिक र राजनीतिक विसङ्गतिको विरुद्ध विरोध गर्न पाउने प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजेको र कतिपय द्विअर्थी लाग्ने प्रावधानले राज्यशक्तिको दुरूपयोगतालाई बढाएर लैजाने स्पष्ट छ । यस प्रकारको अवस्थामा हाम्रो पार्टीले त्यस प्रकारको विधेयकको विरोध गर्दछ र प्रेस स्वतन्त्रता एवं जनताको मौलिक अधिकारको सुरक्षा हुने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिन्छ ।

पाथीभरामा केबुल सञ्चालन सम्बन्धी भइरहेको विवादप्रति पनि हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ । विकास कार्यलाई वृद्धि गरेर लैजानुपर्ने कुरालाई हामीले सही मान्दछौँ र त्यस प्रकारको कार्यलाई पर्यटन विशेष स्थलमा पनि सुदृढ गरेर लैजानुपर्दछ । संसारभरि महत्त्वपूर्ण स्थान, धार्मिक वा पर्यटकीय स्थलमा केबुलकार वा सडक सुविधाको व्यवस्था गर्ने प्रचलन रहँदै आएको छ । त्यसैले पाथीभरामा केबुलकार सञ्चालनमा ल्याउने कार्यलाई हामीले गलत मान्दैनौँ । तर त्यसका साथै अर्को पक्षतर्फ पनि हाम्रो ध्यान छ कि त्यहाँका जनताको संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासको पक्षलाई पनि राज्यले गम्भीर रूपले सम्बोधन गर्नुपर्दछ । त्यसरी त्यहाँ विकासको कार्य र जनताको संस्कृति तथा सभ्यताको संरक्षणको बिचमा सही र उपयुक्त योजना बनाउनुपर्नेमा राज्यको गम्भीर ध्यान जानुपर्दछ भन्ने हाम्रो दृढ मत रहेको छ । यसका साथै पाथीभरामा केबुलकारको स्टेशन धार्मिक स्थलभन्दा केही दूरीमा टाढा हुनु अनिवार्य छ र त्यो कति दूरीमा हुने भन्ने कुरा त्यहाँका जनता र केबुलकार सञ्चालकहरूको आपसी सहमति र सल्लाहबाट निश्चित गरिनुपर्नेमा हामीले जोड दिन्छौँ ।

२०८१ माघ २१ गते ।

----

पहिले बाँके र बर्दिया जिल्लालाई लुम्बिनी प्रदेशमा सामेल गरिएकोप्रति हाम्रो पार्टीले गम्भीर असहमति प्रकट गर्दै आएको छ । भौगोलिकता, परम्परा, पारस्परिक सम्बन्धको आधार र सबै दृष्टिकोणबाट ती जिल्लालाई कर्णाली प्रदेशमा नै सामेल गर्नुपर्छ भन्नेमा हामीले दृढतापूर्वक मत प्रकट गर्दै आएका छौँ र अहिले पनि हाम्रो त्यो मत कायम रहेको छ । अहिले ती जिल्लालाई कर्णाली प्रदेशमा सामेल गर्नुपर्छ भनेर त्यहाँका जनताको आवाज उठ्नुको साथै माग पनि बढ्दै गइरहेको छ । हामीले जनताको उक्त आवाज र मागलाई न्यायपूर्ण ठान्दछौँ र त्यसलाई हामीले दृढतापूर्वक समर्थन गर्दछौँ ।

२०८१ माघ १५ गते ।

----

बाँकी ६२ पेजमा